ICTJ Justice Truth Dignity

Nagarik Aawaz FOR PEACE

CVWN

GLOBAL SURVIVORS FUND
A GLOBAL FUND FOR SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

# नेपाल द्वन्द्वसँग सम्बन्धित यौनजन्य हिंसाका पीडित तथा उत्तरजीवीहरूका लागि परिपूरणको अवसरसम्बन्धी अध्ययन

*हामी द्वन्द्वका घाउ र पीडा कहिले पनि बिर्सने छैनौँ*



नेपाल



ICTJ Justice Truth Dignity

Nagarik Aawaz FOR PEACE

CVWN

GLOBAL SURVIVORS FUND
A GLOBAL FUND FOR SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

# नेपाल
# द्वन्द्वसँग सम्बन्धित यौनजन्य हिंसाका पीडित तथा उत्तरजीवीहरूका लागि परिपूरणको अवसरसम्बन्धी अध्ययन

*हामी द्वन्द्वका घाउ र पीडा कहिले पनि बिर्सने छैनौँ*

एलेना नटन र डा सुसन रिसाल

नेपाल

# विषयवस्तु


कार्यकारी सारांश ५

सङ्क्षिप्त शब्दावली ९

क. पृष्ठभूमि तथा विधि १०
- १. परियोजना बारे, साझेदार संस्थाबारे, लेखकहरू बारे र आभार १०
  - १.१. परियोजना बारे १०
  - १.२. साझेदार संस्थाबारे ११
  - १.३. लेखकहरू बारे १२
  - १.४. आभार १२
- २. विधि १३

ख. परिचय १६

ग. पृष्ठभूमि २०

घ. नेपालमा महिला र बालिकाको अवस्था २४
- १. सुधारका लागि नेपालले गरेको प्रयास २६
- २. विद्यमान लैंगिक हिंसा तथा विभेद २८

ङ. नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको श्रेणी, दायरा तथा प्रकृति ३४

च. अध्ययनले समेटेका द्वन्द्वकालीन यौनहिंसाका पीडितहरूको विस्तृत परिचय ३९
- १. द्वन्द्वसँग सम्बन्धित यौनहिंसा तथा अन्य ज्यादतीका स्वरूपहरू ४१
- २. द्वन्द्वसँग सम्बन्धित यौनहिंसामा महिलाहरूलाई लक्षित बनाउने कारक तत्त्वहरू ४२
- ३. द्वन्द्वसँग सम्बन्धित यौनहिंसा भएका प्रमुख स्थान, अवस्था वा परिस्थिति ४३

छ. पीडकहरूको विवरण ४६
- १. दुवै पक्षद्वारा यौन हिंसालाई युद्धको हतियार बनाइएको ४६
- २. द्वन्द्वकालमा भएका उल्लङ्घनहरूमा विद्यमान दण्डहीनता ४७

ज. द्वन्द्वले गरेका क्षतिहरू ५१
- १. तत्कालीन र हालसम्म कायम गम्भीर शारीरिक चोटपटक ५२
- २. मनोवैज्ञानिक आघात र आघातपछिको पीडा ५३
- ३. आर्थिक असर ५४
- ४. शिक्षामा क्षति ५६
- ५. सामाजिक बदनामी र मान प्रतिष्ठा तथा हैसियतमा क्षति ५७
- ६. सशस्त्र समूहहरूसँग आबद्ध पीडितहरू ६०

झ. आर्थिक सहायता वा अन्तरिम राहतमा पहुँचको अभाव ६४
- १. सन् २००७ को अन्तरिम राहत कार्यक्रम ६४
- २. द्वन्द्वकालीन यौन हिंसाका पीडितहरूको लागि नागरिक समाज संस्था का कार्यक्रमहरू ६७
- ३. अन्तर्राष्ट्रिय प्रतिक्रिया ६८

ञ. वर्तमान आवश्यकता ७१
१. स्वास्थ्य उपचार र मनोवैज्ञानिक सहायता ७२
२. आर्थिक सहयोग तथा रोजगारी ७४
३. पीडकलाई सजाय ७५
४. पहिचान र स्वीकारोक्ति (क्षमादान र पीडित परिचय पत्र) ७७
५. सामुदायको बुझाइ तथा सचेतना अभिवृद्धि ७८
६. पीडितले आफ्नो कथा राख्न सक्ने सुरक्षित स्थान सिर्जना ८०
७. पुनः नदोहरिने/पुनरावृत्ति नहुने प्रत्याभूति र सुरक्षा ८१
८. "सत्य" बारे ज्ञान ८२

ट. परिपूरणका मार्गहरू ८४
१. अन्तर्राष्ट्रिय र राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्था व्यवस्थाअन्तर्गत दायित्व र प्रतिबद्धताहरू ८४
२. द्वन्द्वकालीन यौन हिंसाका लागि उचित उपचारमाथिको पहुँच ८८
३. परिपूरण र सत्य निरूपण तथा मेलमिलाप आयोग ९०
३.१. उजुरी दर्ता र सत्य निरूपण तथा मेलमिलाप आयोगको अनुसन्धान ९१
३.१.१. परिपूरण सिफारिस ९३

ठ. पीडितहरूको धारणा तथा कर्तव्य ९७
१. परिपूरणसम्बन्धी अवधारणाको ज्ञान/बुझाइ ९७
२. हानि परिपूर्ति गर्न को जिम्मेवार छ ? ९९
३. परिपूरणसम्बन्धी पीडितको धारणा तथा महत्त्व ९९
४. द्वन्द्वकालीन यौन हिंसाका पीडितलाई सशक्तीकरण गर्न योगदान दिने तत्त्वहरू १००

ड. पीडितको धारणा र परिपूरणको प्राथमिकता १०३
१. द्वन्द्वकालीन यौनजन्य हिंसा पीडितले पहिचान गरेका परिपूरणका विशेषता तथा ढाँचा १०३
२. परिपूरण कार्यान्वयनका चुनौती र जोखिमहरू १०८
३. चुनौती र जोखिमलाई कम गर्नेबारेमा ११०

ढ. परिपूरणसम्बन्धी विषय अगाडि बढाउने बारेमा ११३

ण. परिपूरणसम्बन्धी सिफारिसहरू ११५

त. निष्कर्ष १२५

अनुसूचीहरू १२६

सन्दर्भ सूची १३१



होलेरी, रोल्पा जहाँ माओवादीले रोल्पामा पहिलो आक्रमण सुरु गरेका थिए।

© नागरिक आवाज

# कार्यकारी सारांश

“म प्रत्येक दिन मरें ।” नेपालमा दश वर्षसम्म भएको द्वन्द्वका दौरान २३ महिना सेनाको हिरासतमा बिताएकी द्वन्द्वसँग सम्बन्धित यौनहिंसा पीडित अभिलाषा (छद्‌मनाम) यी शब्दहरू उच्चारण गर्दै उक्त समयमा भोगेको त्रासदीलाई सम्झिन्छिन् । लामो समय हिरासतमा रहँदा अभिलाषालाई बारम्बार बलात्कार गरिएको थियो र निरन्तर निगरानीमा राखिएको थियो । उनी भागेर नजाऊन् भनी उनका “हात र गोडा बाँधिएको थियो” । उनलाई बारम्बार ज्यान मारिदिने धम्की दिइन्थ्यो र महिनौंसम्म नुहाउन र सफा कपडा लगाउन दिइँदैन थियो । उनी कुपोषणको शिकार भएकी थिइन् र उनलाई पशु जस्तो गरी लट्ठीले घोच्ने गरिन्थ्यो । उनी सेनाको हिरासतबाट प्रहरीको हिरासतमा सारिँदा मान्छे भन्दा पनि “भूत” जस्तो देखिन्थिन् ।

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका द्वन्द्वसँग सम्बन्धित यौनहिंसाका ३१ जना पीडित महिलाका कथाहरू अभिलाषाकै जस्तो प्रकृतिका छन् । ग्लोबल रिपारेसन्स स्टडी, द ग्लोबल सर्भाइभर्स फन्ड मल्टी कन्ट्री स्टडी अन अपर्च्युनिटीज फर रेपरेसनज् फर सर्भाइभर्स अफ सीआरएसभीको एक अंशका रूपमा नेपालमा इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस् र नागरिक आवाजले यो अध्ययन गरेका हुन् । अध्ययनमा द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालको सहयोग पनि लिइएको छ । अध्ययनमा सहभागी महिलाहरूले नेपालका सातै प्रदेशको प्रतिनिधित्व गर्छन् र उनीहरू विविध जातीय तथा आर्थिक पृष्ठभूमि, उमेर, जात र शैक्षिक स्तरको प्रतिनिधित्व गर्छन् । नेपालका दुर्गम भेगमा बस्ने सीमान्तीकृत व्यक्तिहरू पनि यसमा समावेश गरिएका छन् । द्वन्द्वमा संलग्न दुवै पक्षका तर्फबाट भएका घटनाका पीडितहरूसँग अन्तर्वार्ता लिइएको थियो ।

उनीहरूको कथामा यौन आक्रमण, पाशविक व्यवहार, मानसिक तथा शारीरिक यातना तथा परिवार र समुदायबाट गरिएको बहिष्करणका व्यथाहरू अटाएका छन् । कतिपय पीडितलाई उनीहरूका बालबालिका सहित घरबाट निकालेर अनिश्चित भविष्यको अन्धकारतर्फ धकेलिएको थियो । यी गहिरो गरी जमेर बसेको दण्डहीनताका पनि कथाहरू हुन् । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका कुनै पनि महिलाले आफूले भोगेको अपराधमा कुनै पनि किसिमको न्याय नपाएको बताएका छन् । कतिपय महिलाले पीडकलाई चिनेका छन् र उसको नाम समेत भन्न सक्छन् अनि आफूमाथि भएको अपराधका विषयमा अधिकारीहरूसमक्ष उनीहरूले उजुरी पनि दिएका छन् । आजको मितिमा केही आरोपितहरू नेपाल सरकार वा सुरक्षा निकायका शक्तिशाली पद ओगटेर बसेका छन् ।

विधिवत रूपमा युद्ध अन्त्य भएको १५ वर्ष बितिसकेको भए पनि त्यसको असर अहिलेसम्म पनि अभिलाषा तथा यौनहिंसाका अन्य पीडितको जीवनमा परिरहेको यस प्रतिवेदनले उजागर गर्छ । त्यस्ता पीडितको संख्या ३०० देखि २,००० को बीचमा रहेको अनुमान गरिन्छ । युद्धको बेलामा यौन तथा लैंगिक हिंसाका पीडित महिलामाथि के भयो, उनीहरूको परिपूरण आवश्यकता तथा प्राथमिकता के हुन्, उनीहरूले अहिले सामना गरिरहेका चुनौतीहरू के कस्ता छन् र सुदूर भविष्यमा उनीहरूले कस्तो चुनौती सामना गर्नुपर्ने हुनसक्छ भन्ने विषयमा यो अध्ययन केन्द्रित छ । युद्धको समयमा लैंगिक हिंसाको सामान्यीकरणका लागि वातावरण बनाउन योगदान गर्ने कैयौं हानिकारक सामाजिक परम्पराहरू अहिले पनि विद्यमान छन् । महिलाहरू पुरुषको अधिनमा हुन्छन् र हुनुपर्छ, महिलाको यौनिक पवित्रतामा परिवारको मानसम्मानमा निहित हुन्छ र महिला, बालबालिका तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई भौतिक सजाय दिएर अनुशासनमा राख्ने अधिकार पुरुषसँग हुन्छ भन्ने सामाजिक सोच हालसम्म कायम छ ।

अपराधको प्रकृति, पीडितले बेहोरेको गम्भीर घाउचोट तथा परिवारका सदस्य, साथीभाइ, समुदाय र अधिकारीहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई नबुझेर पीडित महिलामाथि गर्ने क्रूरताका कारण यो प्रतिवेदनका कतिपय अंश पढ्न नै पाठकलाई सकस पर्न सक्छ । नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूको परिस्थिति गम्भीर छ र यसमा तत्काल कारबाही गर्नु जरुरी छ । यी अपराधहरू वर्षौं पहिले गरिएका भए पनि पीडितहरू गम्भीर शारीरिक तथा मानसिक असरका साथ दिनदिनै संघर्ष गर्न बाध्य छन् । केही पीडितहरू शारीरिक चोटपटक वा अशक्तताका कारण सीमित काम गर्न मात्र सक्छन् । धेरैलाई अझैसम्म पनि पुरानो ज्यादतीको यादले

तर्साउँछ। अपराध भएको बेलामा कतिपय पीडित सानो उमेरका बालिका थिए र घटनापछि उनीहरू विद्यालय जान समेत छाडे। अध्ययनका क्रममा अन्तर्वार्ता लिइएकी एक पीडित घटना हुँदा जम्मा नौ वर्षकी थिइन्। त्यस्ता अधिकांश पीडितहरू कम ज्याला आउने साताितना काम गर्न बाध्य छन्। त्यस्ता काममा कठोर शारीरिक श्रम आवश्यक हुन्छ। सबै पीडितहरू खाद्यान्न अभाव र कम उमेरमै हुने मृत्युको जोखिममा छन्।

तर यस्ता कठिनाइका बाबजूद अधिकांश पीडितहरू सहायता लिन सकिरहेका छैनन् किनकि उनीहरू आफ्नो कथाव्यथा सुनाउँदा सुरक्षित अनुभव गर्दैनन्। मनोवैज्ञानिक परामर्श वा स्वास्थ्य उपचारका लागि समेत उनीहरू आफ्नो पीडा बताउँदैनन् किनकि त्यसो गर्दा उनीहरूमाथि नै दोष थुपारिने वा उनीहरूलाई जीवनयापनका लागि कुनै सहायता उपलब्ध नगराइकन घरबाट निकालिने डर हुन्छ।

माथि उल्लिखित तथा पीडितका अन्य आवश्यकताहरूको सम्बोधनका लागि सहयोग गर्न र भविष्यमा नीति निर्माताहरूलाई निर्णय गर्नका लागि जानकारी उपलब्ध गराउन यस प्रतिवेदनले विगतमा वितरण गरिएका आर्थिक राहत तथा सहयोगको असफलतालाई केलाएको छ। साथै, सत्य निरूपण तथा मेलमिलाप आयोगको सहयोग लिनका लागि पीडितहरूले बेहोर्नुपरेको समस्यालाई पनि प्रतिवेदनमा चर्चा गरिएको छ। पीडितहरूको उजुरीमा अनुसन्धान गर्ने र परिपूरणका लागि सिफारिस गर्ने कार्यादेश उक्त आयोगलाई दिइएको छ। परिपूरण पाउनका लागि सम्भावित उपाय तथा त्यसमा आउने अवरोधको मूल्यांकन गर्ने उद्देश्यका लागि यस प्रतिवेदनले सान्दर्भिक कानूनी संरचनाको समेत विश्लेषण गरेको छ। संविधानका सान्दर्भिक व्यवस्था, हदम्यादका प्रावधान, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र विस्तृत शान्ति सम्झौताको समीक्षा पनि यस विश्लेषणमा समावेश गरिएको छ। शान्ति सम्झौतामा "दण्डहीनतालाई अन्त्य गर्ने" तथा "द्वन्द्वपीडित, यातनापीडित र बेपत्ता पारिएका व्यक्तिको परिवार" लाई "राहत" उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरिएको थियो।

नेपालका राजनीतिक दल र नेतृत्वहरूले शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने भन्ने गरे पनि तथा द्वन्द्वपीडितका आवश्यकताका विषयमा ओठेभक्ति देखाए पनि नेपालमा मानवअधिकार उल्लंघनका कैयौं पीडितहरूको हितमा वास्तविक प्रगति एकदमै कम भएको विश्लेषणले देखाउँछ। मानवअधिकार उल्लंघनमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका साथै गैरन्यायिक हत्या, यातना र जबर्जस्ती बेपत्ता लगायतका ज्यादतीका पीडित पनि पर्छन्।

पीडित तथा पीडित समूहले गरेको उल्लेख्य पैरवीका बाबजूद आजको मितिसम्म पीडितहरूको मागलाई बेवास्ता गरिँदै आएको छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा यातनाका अपराधलाई स्वीकार सम्म पनि गरिएको छैन र ती अपराधका कारण पीडितलाई पुगेको क्षतिको क्षतिपूर्ति समेत दिइएको छैन। द्वन्द्वसँग सम्बन्धित अन्य अपराधका केही पीडितले सीमित रूपमा अन्तरिम राहत प्राप्त गरेको भए पनि द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र यातनाका उत्तरजीवीहरूले यस्तो राहत पाएका छैनन् जबकि ती हिंसाका असरहरूबाट पीडितहरू अहिले पनि प्रभावित छन्। २०७८ पुसमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबाहेकका केही पीडितलाई अलिकति क्षतिपूर्ति दिइएको थियो र यो प्रतिवेदन तयार पारिँदासम्म पीडितहरू परिपूरणका अन्य उपायका विषयमा निर्णय कुरिरहेका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगले वर्षौंसम्म अकर्मण्यता देखाएको सन्दर्भमा क्षतिपूर्ति दिने निर्णयहरू कुनै सार्थक विश्लेषण बिना नै लिइएका थिए। दुर्भाग्यवश, यस प्रतिवेदनमा चर्चा गरिएबमोजिम यी निर्णयहरू युद्धकालीन अपराधमा जवाफदेहिता स्थापित गर्नबाट रोक्नका लागि तथा पीडितहरूलाई अपर्याप्त, अनुपयुक्त र अप्रभावकारी परिपूरण लिन बाध्य पार्नका लागि हुकुमी शैलीमा लिइएका हुन्। यस अर्थमा यो प्रतिवेदन नेपालमा संक्रमणकालीन न्यायको महत्त्वपूर्ण क्षणमा प्रकाशित भएको छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा अन्य द्वन्द्वपीडितले सार्थक परिपूरण पाउने सुनिश्चितताका लागि तत्कालै कदमहरू चाल्नुपर्छ।

यस अध्ययनले व्याख्या गरेबमोजिम परिपूरण नीति तर्जुमा तथा कार्यान्वयन गर्न सहज हुने छैन। यसका चुनौतीहरू अवश्यम्भावी छन्। ती चुनौतीबाट पार पाउन पीडित, पीडित समूह, सरकारी कर्मचारी, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायहरू सँगै बसेर यस विषयको प्रगतिलाई सुस्त बनाउने व्यावहारिक समस्याको सुझबुझपूर्ण समाधान खोज्नुपर्छ। भविष्यमा ल्याइने परिपूरण नीति तथा कार्यान्वयन कार्यक्रममा पीडितहरूको आवाज र अवधारणा प्रतिबिम्बित गर्ने सुनिश्चितताका लागि यस अध्ययनका क्रममा लिइएका अन्तर्वार्ता तथा यस प्रतिवेदनले परिपूरणका विषयमा पीडितहरूको दृष्टिकोण र विचारको विस्तृत विश्लेषण गरेका

छन् । भविष्यको परिपूरण कार्यक्रमका अवसर, सम्भावित जोखिम र चुनौतीका विषयमा पीडितहरूको दृष्टिकोण पनि यसमा समेटिएको छ । अन्तर्वार्ताका क्रममा पीडितहरूले अनेकौं सम्भावित चुनौतीहरूको पहिचान गरेका छन्, जसमा देहायका कुरा पनि पर्छन् :

- समुदायमा पीडितहरूको पारिवारिक तथा सामाजिक हैसियत र मान प्रतिष्ठालाई आघात नहुने गरी भविष्यमा परिपूरण कार्यक्रम ल्याउने सरकारको क्षमताका विषयमा पीडितहरूको विश्वास जगाउने,
- पीडितहरूको पहिचान संरक्षण गर्नका लागि गोपनीयताको बलियो प्रत्याभूति तथा प्रोटोकल परिभाषित गर्ने,
- सत्य निरूपण तथा मेलमिलाप आयोगले बनाएको द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको उजुरीको डेटाबेसमा रहेका सबै कमीकमजोरीलाई समाधान गर्दै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका सबै योग्य उत्तरजीवीहरू संक्रमणकालीन न्याय प्रक्रियामा सहभागी हुने तथा तिनलाई लाभ दिने कुराको सुनिश्चितता गर्ने,
- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूका लागि प्रशासनिक परिपूरण कार्यक्रमको प्रभावकारिता निर्धारण गर्न उपयुक्त मापदण्ड स्थापना गर्ने,
- परिपूरण कार्यक्रममा पीडितहरूको पहुँच तथा सार्थक सहभागिता सुनिश्चित गर्नका लागि पीडितहरूको आघातलाई सम्बोधन गर्ने तथा पीडित, पीडित समूह, नागरिक समाज र सरकारी कर्मचारीबीच विश्वासको वातावरण बनाउने, र
- परिपूरण कार्यान्वयनका क्रममा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई थप पीडा र बदनामी गर्न सकिने सम्भावनालाई न्यूनीकरण गर्नका लागि नागरिक समाज तथा पीडित समूहहरूको सहकार्यमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा समुदायको बुझाइलाई प्रवर्धन गर्ने ।

यस प्रतिवेदनले यी र अन्य चुनौतीलाई केलाएको छ र वर्तमान तथा भविष्यमा नेपाल सरकार, पीडित समूह, अन्तर्राष्ट्रिय समुदाय र नागरिक समाजले के गर्न सक्छन् र के गर्नुपर्छ भन्ने विषयमा विस्तृत सिफारिस गरेको छ ।

नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको संख्या सानो (३०० देखि २,००० उत्तरजीवी रहेको अनुमान छ) भएकाले उनीहरूलाई पर्याप्त र प्रभावकारी परिपूरण दिने लक्ष्य पूरा गर्न सकिन्छ । प्रतिवेदनले परिपूरणको प्रारम्भिक प्याकेज तत्कालै उपलब्ध गराउनका लागि सिफारिस गरेको छ । पीडितहरूलाई अल्पकालीन राहतभन्दा पनि दिगो र दीर्घकालीन जीवनयापन तथा सुस्वास्थ्यका लागि आवश्यक विषयहरू समावेश गरिएको व्यक्तिगत र सामूहिक उपायसहितको परिपूरण प्याकेज तत्कालै उपलब्ध गराउन सिफारिस गरिएको छ ।

यस्तो प्याकेजले भौतिक लाभ दिने मात्र नभई पीडितले बेहोर्नुपरेको नैतिक क्षतिलाई सम्बोधन गर्ने नैतिक तथा प्रतीकात्मक परिपूरणलाई पनि समेट्छ । समुदायले पीडितहरूलाई राम्रोसँग बुझ्ने र स्वीकार गर्ने अवस्था बनाउनका लागि सहयोग गर्ने काम पनि यही प्याकेजअन्तर्गत पर्छ । अध्ययनले देखाएअनुसार, धेरै उत्तरजीवीहरूले आफूलाई समाजमा सम्मानपूर्वक पुनःस्थापना गर्नका लागि द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई अपराधका रूपमा तथा यसका पीडितलाई व्यक्तिगत रूपमा भए पनि औपचारिक परिपूरणको हकदार द्वन्द्वपीडितका रूपमा औपचारिक मान्यता दिनुपर्छ भन्ने स्पष्ट विचार र माग राख्ने गरेका छन् । त्यसका लागि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा बहस तथा सचेतना अभिवृद्धि कार्यक्रमलाई पहिलो कदम बनाउन प्रस्ताव गरिएको छ ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको न्यून आर्थिक अवस्थाका कारण तत्कालै दिइने परिपूरणमा पनि आर्थिक परिपूरणलाई प्राथमिकता दिनुपर्छ । प्रत्येक पीडितको आवश्यकतालाई सम्बोधन गर्ने तथा तत्कालका लागि सम्भव हुने परिपूरणलाई प्राथमिकता दिन प्रतिवेदनले सिफारिस गरेको छ । त्यसमा (उत्तरजीवी र/वा तिनका छोराछोरी वा नाति-नातिनाका लागि) निःशुल्क स्वास्थ्य सेवा तथा शैक्षिक सहयोग पर्छ । त्यसबाहेक एकै पटकमा दिइने नगद सहायता तथा मासिक रूपमा दिइने नगद सहयोग, तिरोतारो, करछुट, सेवाशुल्कमा छुट तथा आयआर्जनका अवसर सिर्जना गर्ने कुराहरू परिपूरण कार्यक्रमका महत्त्वपूर्ण तत्त्व हुन् ।

त्यसलाई सम्भव तुल्याउनका लागि नेपाल सरकारले पीडित, पीडित समूह, नागरिक समाज संगठन तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँगको समन्वयमा परिपूरण वितरणलाई कार्यान्वयन गर्नका लागि चाल्नुपर्ने शृंखलाबद्ध कदमहरू यस

प्रतिवेदनले सिफारिस गर्छ । यस क्रममा पीडितहरूको गोपनीयतालाई पनि विचार गर्नुपर्छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई अघि सर्नका लागि अनुकूल वातावरण बनाउने, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितसँग काम गरेको लामो अनुभव भएका र मानवअधिकारका मूल्यमान्यता तथा पीडितका आवश्यकता र प्राथमकिताको गहिरो ज्ञान राख्ने पीडित समूह तथा नागरिक समाज संगठनसँग सहकार्य गर्ने अनि नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको यकिन संख्या सुनिश्चित गर्ने गरी विद्यमान डेटाबेसहरूलाई अद्यावधिक गर्ने काम ती कदमहरू अन्तर्गत पर्छन् ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा द्वन्द्वकालीन अन्य अपराधका पीडितप्रति नेपाल सरकारले पूरा गर्नुपर्ने दायित्व सम्बन्धी प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन अहिलेको आवश्यकता हो । ती पीडितहरू लामो समयदेखि न्यायको आशा गरेर बसिरहेका छन् र उनीहरू नेपाली समाजका सबैभन्दा जोखिममा परेका सदस्यमध्येमा पर्छन् । उनीहरूलाई दिइने परिपूरणमा अब कदापि ढिलाइ गर्नुहुँदैन ।

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| **क्याट** | यातना र अन्य क्रूर, अमानवीय वा अपमान-जनक व्यवहार वा सजायविरुद्धको महासन्धि |
| **सिसिपिआर** | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समिति |
| **सिडिओ** | प्रमुख जिल्ला अधिकारी |
| **सिआइइडिपि** | बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग |
| **सिपिए** | विस्तृत शान्ति सम्झौता |
| **सिपिएन-एम** | नेपाल कम्युस्टि पार्टी-माओवादी |
| **सिआरएसभि** | द्वन्द्वसँग सम्बन्धित यौन हिंसा |
| **सिएसओ** | नागरिक समाज सङ्गठन |
| **सिभिडब्लुएन** | द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल |
| **एफआइआर** | जाहेरी दर्खास्त |
| **एफपिटिपि** | पहिलो हुनेले जित्ने प्रणाली |
| **जिबिभि** | लिङ्गमा आधारित हिंसा |
| **जिएसएफ** | ग्लोबल सभाइभर्स फन्ड |
| **एचआरडब्लु** | ह्युमन राइट्स् वाच |
| **आइसिजे** | इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स् |
| **आइसिटिजे** | इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस् |
| **आइडिइए** | इन्टरनेसनल इन्स्टिच्युट फर डिमोक्रेसी एण्ड इलेक्टोरल असिस्टेन्स् |
| **आइडिआइ** | इन्डेप्थ इन्टरभिउ |
| **आइडिएमसि** | आन्तरिक विस्थापन अनुगमन केन्द्र |
| **आइओएम** | इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन-नेपाल |
| **इन्सेक** | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| **आइआरपी** | अन्तरिम राहत कार्यक्रम |
| **एकओएचए** | गृह मन्त्रालय |
| **एमओपिआर** | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| **एमओडब्लुसिएससि** | महिला, बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रालय |
| **एनए** | नागरिक आवाज |
| **न्याप** | राष्ट्रिय कार्य योजना |
| **एनएचआरसि** | राष्ट्रिय मानवअधिकार आयोग |
| **एनआरसि** | नर्वेजियन रेफ्युजी काउन्सिल |
| **एनडब्लुसि** | राष्ट्रिय महिला आयोग |
| **एनडब्लुसिएससि** | नेपाल महिला सामुदायिक सेवा केन्द्र |
| | पिएलए जनमुक्ति सेना |
| **एसजिबिभि** | यौनिक तथा लैङ्गिक हिंसा |
| **टिजेआरए** | सङ्क्रमणकालीन न्याय सन्दर्भसामग्री भण्डार |
| **टिआरसि** | सत्यनिरूपण तथा मेलमिलाप आयोग |
| **टिएसके** | द स्टोरी किचेन |
| **टिडब्लुसि** | थारू महिला उत्थान केन्द्र |
| **ओएचसिएचआर** | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय |
| **युएनडिपि** | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| **युएनएफपिए** | संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष |
| **युएनजिए** | संयुक्त राष्ट्रसङ्घको महासभा |
| **युनिसेफ** | संयुक्त राष्ट्रसङ्घीय बाल कोष |
| **अनमिन** | नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन |
| **युएनपिएफएन** | नेपालका लागि संयुक्त राष्ट्रसङ्घ शान्ति कोष |
| **युएनएसजि** | संयुक्त राष्ट्रसङ्घका महासचिव |
| **डब्लुएचओ** | विश्व स्वास्थ्य सङ्गठन |

# क. पृष्ठभूमि तथा विधि

## १. परियोजना बारे, साझेदार संस्थाबारे, लेखक बारे र आभार

### *१.१ परियोजना बारे*

नेपालमा यौन हिंसा तथा लैंगिक हिंसा सुरक्षाबल तथा तत्कालीन नेकपा माओवादीबीच दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको पीडादायी र खासै स्वीकार नगरिएको विरासतका रूपमा रहेको छ । युद्धका क्रममा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका एकाध घटनाको मात्र जाहेरी प्रहरीमा गरिएको थियो किनकि पीडितहरूलाई प्रतिशोधको र यस्ता अपराधसँग जोडिने अपमानको डर थियो । त्यस उप्रान्त अपराधको अभिलेखीकरण गर्न तथा पीडकको जवाफदेहिता स्थापित गर्न अन्तर्राष्ट्रिय र राष्ट्रिय संघ संगठनले व्यापक काम गरेको भए पनि अहिलेसम्म एकजनालाई पनि न्यायको दायरामा ल्याइएको छैन र दण्डहीनता कायम छ ।

नेपालमा २०६३ सालमा शान्ति सम्झौतामा हस्ताक्षर गरिएको यतिका वर्ष बितिसक्दा पनि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूलाई बेवास्ता गरिरहेको छ । युद्धका दौरान पीडितहरूले कठोर तथा भयानक शारीरिक, सामाजिक, सांस्कृतिक र मानसिक आघात सहनुपरेको तथ्यका बारेमा जानकारी भए पनि सरकार निरिह रहिआएको छ । द्वन्द्वका अन्य पीडितलाई सीमित लाभ दिने गरी २०६५ सालमा ल्याइएको अन्तरिम राहत कार्यक्रमबाट द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई बाहिरै राखिएकोमा त्यससम्बन्धी कानून वा नियमावलीहरूमा कुनै संशोधन गरिएको छैन । लगभग ३०० जना पीडितले सत्य निरूपण तथा मेलमिलाप आयोगसमक्ष उजुरी दिएको भए पनि अन्य धेरैले उजुरी समेत दिन सकेनन् । यो प्रतिवेदन तयार पारिँदासम्म आयोगले आफ्नो कार्यादेश पूरा गर्न सकेको छैन । कानून कार्यान्वयन तथा पालन गराउने प्रहरी र सेना जस्ता अधिकारीहरूले गरेको अपराधको “प्रमाण” उपलब्ध नरहेको भन्दै धेरैजसो पीडितहरूलाई रित्तै हात फर्काइएको थियो । यही अवधिमा कैयौं पीडितहरूलाई उनीहरूका परिवार तथा समुदायले बहिष्कार गरेका छन् र पीडितहरू आफ्नो जोहो आफैं गर्नुपर्ने स्थितिमा छन् । कतिपय अवस्थामा पीडितका बालबालिकाले कम ज्याला आउने काम गरेर जीवन धान्नुपरेको छ । क्षतिपूर्ति नदिइएका पीडितहरूमध्ये कमैले मात्र आवश्यक स्वास्थ्य उपचार पाएका छन् । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबाट स्वास्थ्यमा पुगेको क्षतिको उपचार कमैले मात्र गराउन सकेका छन् । धेरैजनाका लागि खाद्यान्नको अभाव जीवनको तीतो सत्य बनेको छ । लगभग सबै पीडितले आशा गुमाइसकेका छन् ।

परिपूरणसम्बन्धी विश्वव्यापी अध्ययनको एक अंशका रूपमा इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस र नागरिक आवाजले ग्लोबल सर्भाइभर्स फन्डको सहकार्यमा नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूको परिपूरण आवश्यकता तथा न्यायिक र प्रशासनिक प्रक्रियाका माध्यमले परिपूरण प्रदान गर्नका लागि अवसर पहिचान गर्न एक अध्ययन सम्पन्न गरेका छन् । यस अध्ययनले परिपूरणका विषयमा उत्तरजीवीहरूको दृष्टिकोण र अपेक्षालाई प्रस्तुत गर्दै विश्लेषण गरेको छ । साथै यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका नीति निर्माता र अन्य सरोकारवालालाई नेपालमा उत्तरजीवी केन्द्रित परिपूरणको प्रारूप तथा कार्यान्वयनको जानकारी दिनका लागि व्यावहारिक, ठोस र सान्दर्भिक सिफारिसहरू पनि दिएको छ । यस अध्ययनले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूले कुनै किसिमको सहायता प्राप्त गरिसकेका छन् र/वा सरकारी कार्यक्रम वा नागरिक समाजको पहलमार्फत परिपूरण पाइसकेका छन् भन्ने कुरालाई पनि स्थापना गर्न खोजेको छ । उनीहरूले यो सहायता वा परिपूरण पाइसकेका हुन् भने ती अनुभवबाट कस्तो पाठ पढ्न सकिन्छ ? त्यसले भविष्यमा विस्तृत परिपूरणको प्रारूप निर्माण तथा कार्यान्वयनका विषयमा जानकारी दिनेछ । ग्लोबल सर्भाइभर्स फन्डले उपलब्ध गराउने अन्तरिम परिपूरण उपायहरूको सम्भावित कार्यान्वयन पनि त्यसअन्तर्गत पर्छ । नेपालमा गरिएको यस अध्ययनले परिपूरणमा उत्तरजीवीहरूको अधिकारसम्बन्धी बुझाइ र सचेतता अभिवृद्धि गर्ने तथा नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूलाई सार्थक उत्तरजीवी-केन्द्रित परिपूरणको कार्यान्वयनमा थप गति दिने लक्ष्य पनि लिएको छ ।

ग्लोबल सर्भाइभर्स फन्डले सन् २०२० मा शुरू गरेको परिपूरणसम्बन्धी विश्वव्यापी अध्ययन (द ग्लोबल रेपरेसन्स

स्टडी) को एक अंशका रूपमा नेपालमा अध्ययन गरिएको हो। ग्लोबल रेपरेसन्स स्टडीले २० भन्दा बढी मुलुकमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूका लागि परिपूरणको अवस्था तथा अवसरमा जोड दिएको छ। ग्लोबल रेपरेसन्स स्टडी उत्तरजीवीहरूको सञ्जाल तथा समूह लगायत ४० भन्दा बढी स्थानीय र अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सहकार्यमा ग्लोबल सर्भाइभर्स फन्डले नेतृत्व गरेको बहुपक्षीय प्रयास हो। यसले उत्तरजीवीहरूका आवश्यकता तथा माघका आधारमा थप कार्य गर्नका लागि सिफारिस गर्छ। महत्त्वपूर्ण सरोकारवालाहरूमाझ सम्भावित सहयोग तथा संसारभरीका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूको परिपूरणमा पहुँच बढाउनका लागि ठोस कार्यको पहिचान गर्नका लागि पनि यसले सिफारिस गर्छ।

### *१.२ साझेदार संस्थाबारे*

ICTJ Justice Truth Dignity

**आइसीटीजे**ले व्यापक मानवअधिकार उल्लंघनका कारणलाई चुनौती दिन तथा तिनको असरलाई सम्बोधन गर्नका लागि विभिन्न समाज तथा मुलुकहरूमा काम गर्ने गरेको छ। दमनकारी शासन वा सशस्त्र द्वन्द्वबाट भर्खरै मुक्ति पाएका समाजमा तथा ऐतिहासिक अन्याय वा व्यवस्थागत ज्यादतीका समस्याको समाधान नभएका लोकतन्त्रहरूमा पीडितहरूको गरिमालाई स्थापित गर्न, दण्डहीनताविरुद्ध लड्न र जवाफदेही संस्थाहरू निर्माण गर्न हामी सदैव तत्पर छौं। समाजहरूले व्यापक मानवअधिकार उल्लंघनको चक्रलाई भत्काएको तथा शान्ति, न्याय र समावेशिताका आधारशिलाहरू राखेको संसारको परिकल्पना आइसीटीजेले गरेको छ। थप जानकारीका लागि www.ictj.org.

Nagarik Aawaz FOR PEACE

**नागरिक आवाज** गैरसरकारी संस्था ऐनअन्तर्गत नेपालमा दर्ता गरिएको सामाजिक संस्था हो। द्वन्द्व चरम अवस्थामा रहेको बेलामा द्वन्द्व पीडित महिला तथा युवालाई सुरक्षित आश्रय दिने र सुरक्षा सहायता उपलब्ध गराउने उद्देश्यका साथ २०५८ सालमा यसको स्थापना गरिएको थियो। नागरिक आवाजले कथा वृत्तहरूको आयोजना गर्ने गरेको छ। त्यसमा सहभागीहरूले आफ्ना पीडा र आघातका कथा सुनाउने अवसर पाउँछन्। संस्थाले द्वन्द्व रूपान्तरण तथा शान्ति निर्माणसम्बन्धी प्रशिक्षण र विभिन्न कला पहलमार्फत द्वन्द्व पीडित महिला र युवालाई शान्ति संयोजक बन्नका लागि शक्ति दिएको छ। आफ्नो पहुँच विस्तार तथा सन्दर्भविशेष दृष्टिकोणको सुनिश्चितताका लागि नागरिक आवाजले शान्ति सञ्जाल (सहकार्य शान्तिको) को एक अंगका रूपमा नेपालभरीका स्थानीय संस्थाहरूसँग शान्ति तथा सहायता गतिविधिहरू गर्ने गरेको छ। थप जानकारीका लागि http://nagarikaawaz.org.np/.

GLOBAL SURVIVORS FUND
A GLOBAL FUND FOR SURVIVORS OF CONFLICT-RELATED SEXUAL VIOLENCE

**जीएसएफ** डा डेनिस मुकवेगे र नोबेल शान्ति पुरस्कार विजेता नादिया मुरादले असोज २०७६ मा आरम्भ गरेका हुन्। संसारभरिका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूलाई परिपूरणमा पहुँच बढाउने यसको लक्ष्य हो। यसरी उत्तरजीवीहरूले धेरै अघिदेखि पहिचान गरेको कमीलाई यस संस्थाले पूरा गर्न खोजेको छ। राज्य वा अन्य पक्षले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको वा नचाहेको परिस्थितिमा अन्तरिम परिपूरण उपलब्ध गराउन जीएसएफले काम गर्छ। परिपूरणका कार्यक्रमहरू बनाउनका लागि अधिकारीहरू र अन्तर्राष्ट्रिय समुदायसामु जीएसएफले पैरवी गर्छ र परिपूरण कार्यक्रमको प्रारूप तयार पार्नका लागि राज्य तथा नागरिक समाजलाई विज्ञताका साथै प्राविधिक सहयोग पनि उपलब्ध गराउँछ। जीएसएफको उत्तरजीवीकेन्द्रित दृष्टिकोण नै संस्थाको कामको महत्त्वपूर्ण अंग हो। थप जानकारीका लागि www.globalsurvivorsfund.org.

CVWN

**सिभिडब्लुएन** द्वन्द्व पीडित महिलाहरूको गठबन्धन हो र सन् २०२० मा द्वन्द्व पीडित महिलाहरूको विविध वर्गद्वारा स्थापना गरिएको हो। नेपालको सङ्क्रमणकालीन न्याय र शान्ति निर्माण प्रक्रियामा पहिले नसुनेकाहरूको आवाज र मुद्दा उठाउन यसको स्थापना भएको हो। सिभिडब्लुएनले नेपालमा न्यायको लडाइमा लैङ्गिक संवेदनशील र महिला केन्द्रित दृष्टिकोण सुनिश्चित गर्न काम गर्दछ। थप जानकारीका लागि www.facebook.com/cvwnn.

## १.३ लेखकहरू बारे

**इलेना नटन** आईसीटीजेमा आबद्ध वरिष्ठ विज्ञ हुन् । उनी परिपूरण, सत्य तथा स्मरण, लैङ्गिक र फौजदारी न्यायमा केन्द्रित छिन् । उनी संक्रमणकालीन न्यायको क्षेत्रमा काम गरिरहेका पीडितहरूको संस्था र नागरिक समाज समूहलाई सल्लाह र प्राविधिक सहायता उपलब्ध गराउँछिन् । उनले परिपूरण, पीडित सहभागिता, फौजदारी जवाफदेहितासम्बन्धी प्रशिक्षण कार्यक्रमको नेतृत्व गर्नुका साथै नेपाल, लेबनान, युगान्डा र सिरिया लगायतका मुलुकमा सरकारहरूसँग समन्वय समेत गरेकी छन् । उनले मिश्रित न्यायाधिकरण, लिंग तथा स्मरण र नागरिक अभिलेखीकरण जस्ता विविध विषयमा विस्तृत अनुसन्धान गरेकी छन् । उनले न्युयोर्क युनिभर्सिटी स्कूल अफ लमा जेडी र एलएलएम गरेकी छन् ।

**सुसन रिसाल** नेपालकी शान्ति अभियन्ता हुन् । द्वन्द्व पीडित युवा र महिलासँग मिलेर शान्ति निर्माणको काम गर्ने नागरिक आवाज संस्थाकी उनी प्रमुख कार्यकारी अधिकृत हुन् । त्यस भूमिकामा उनले नागरिक समाज ललितपुरको अध्ययन टोलीको नेतृत्व गरेकी थिइन् । सेन्टर फर पीस स्टडीज् र कम्बोडियामा रहेको पन्नासत्र विश्वविद्यालयको संयुक्त कार्यक्रमको एक अंगका रूपमा अप्लाइड कन्फिलक्ट ट्रान्सफर्मेसन स्टडीज्मा उनले विद्यावारिधि गरेकी छन् । विद्यावारिधिमा उनको अनुसन्धान विषय “डिफाइनिङ जस्टिस् एन्ड डिग्निटी थ्रु जेन्डर्ड लेन्स : ए केस स्टडी एनालाइसिस अफ जेन्डर-बेस्ड भायलेन्स ड्युरिङ कन्फ्लिक्ट एरा इन नेपाल” हो ।

## १.४ आभार

युद्धको समयमा भएको घटनाको सत्य तथ्य बताउन हामीलाई विश्वास गर्ने तथा घटना भएपछि प्रत्येक दिन अनुभव गरेको गहिरो पीडा र वेदना हामीसँग साझा गर्ने द्वन्द्वसँग सम्बन्धित यौन हिंसा, यातना तथा नेपालमा भएका मानवअधिकारका अन्य उल्लंघनबाट पीडित भएका साहसी पीडितहरूलाई आईसीटीजे, नागरिक आवाज र जीएसएफ धन्यवाद दिन चाहन्छन् । के गर्नुपर्ने हो र तपाईं तथा तपाईंका परिवारले बेहोरेका विभिन्न क्षतिहरूमा कसरी सम्बोधन गर्नुपर्ने हो भन्ने विषयमा तपाईंहरूले सुनाउनुभएका कथा र अवधारणाहरू नेपालमा नीति निर्माण तथा कार्यान्वयनको जिम्मेवारी पाएका जोकोहीले अवश्य पढ्नुपर्छ । युद्ध अन्त्य भइसकेको छ, शान्ति बहाल भएको छ, अब अघि बढ्ने समय हो भन्नेहरूले विगतमा भएको घटनाको सत्य तथ्यलाई जानाजान बिर्सनुभएको छ र विस्तृत शान्ति सम्झौतामा “दण्डहीनतालाई नसहने सुनिश्चितता गर्ने” तथा “राहत पाउने” पीडितहरूको “अधिकार” सुनिश्चित गर्ने भनी द्वन्द्व पीडितलाई गरिएको प्रतिज्ञालाई तोडिरहनुभएको छ । यी प्रतिज्ञाहरू पूरा गर्ने समय घर्किसकेको छ ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई नेपाल सरकार र नेपाली जनताले नबिर्सून् तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लंघनका पीडितहरूले पाउनुपर्ने परिपूरण प्राप्त गरून् भन्ने कुरा सुनिश्चित गर्ने महत्त्वपूर्ण कामलाई विश्वव्यापी कोभिड-१९ महामारी सन् २०२१ का बाबजूद एकजुट भएर अघि बढाउने विभिन्न व्यक्तिहरूको प्रयास यस प्रतिवेदनमा प्रतिबिम्बित भएको छ । नागरिक आवाजकी वरिष्ठ कार्यक्रम अधिकृत शिखा भट्टराईले यस अध्ययनका लागि गरेको योगदानप्रति लेखकहरू आभारी छन् । भट्टराईले सुसन रिसालसँग मिलेर पीडितहरूसँग अन्तर्वार्ता लिने, त्यसलाई लिपिबद्ध गर्ने, अन्तर्वार्तालाई अंग्रेजीमा अनुवाद गर्ने तथा परिणामहरूको विश्लेषण गर्ने काम गरेकी हुन् । प्रत्येक अन्तर्वार्तापछि आवश्यक मनोसामाजिक सहायता सत्रहरू उपलब्ध गराउने तथा अध्ययन अवधिभर पीडितहरूसँग उचित सम्मान र करुणाभावका साथ व्यवहार गर्ने नागरिक आवाजका परामर्शदाता अन्तिना रञ्जित र लक्ष्मी ढकाललाई विशेष धन्यवाद । डेटा इन्ट्री तथा अध्ययनको निष्कर्षको संख्यात्मक र विषयगत विश्लेषणमा सहायता गर्ने प्रशिक्षार्थी आकांक्षा अर्याललाई पनि धन्यवाद । विभिन्न चुनौतीका बाबजूद उनीहरूको प्रयास, अन्तर्दृष्टि र अथक लगावले गर्दा नै यो प्रतिवेदन तयार पार्न सकिएको हो ।

आईसीटीजेका कर्मचारीहरू सिब्ली हकिन्स, भर्जिनी लाडिश र केलेन मेरेगालीले प्रतिवेदनमा सुझाव सल्लाह दिएका थिए अनि यस महत्त्वाकांक्षी बहुदेशीय परियोजनामा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वयमा सहायता गर्न साना ठूला सबै किसिममा सहयोग गरेका थिए । नागरिक आवाजका साझेदार संस्था नेपाल महिला समुदाय सेवा केन्द्र दाङ र थारू महिला उत्थान केन्द्र बर्दियाप्रति पनि नागरिक आवाज हार्दिक आभार प्रकट गर्छ । द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालकी सृजना श्रेष्ठ (अध्यक्ष), गीता रसाइली (उपाध्यक्ष), मैना कार्की (उपाध्यक्ष) र सुशीला चौधरी (महासचिव) ले अत्यावश्यक

बन्दोबस्ती सहायता उपलब्ध गराउनुभएको थियो र कतिपय अवसरमा विचार आदानप्रदान तथा बहुमूल्य सल्लाह सुझाव पनि दिनुभएको थियो। उहाँहरूलाई हार्दिक धन्यवाद छ। विज्ञ समीक्षा दिनुहुने गालुह वन्दितालाई पनि धन्यवाद। प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्नुहुने विन्देश दहाल र रूक्मणी महर्जनलाई पनि धन्यवाद दिन चाहन्छौं।

## २. विधि

नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको अत्यन्त संवेदनशील र जटिल प्रकृति तथा यो अध्ययन गरिएको समयमा कोभिड-१९ को संक्रमण फैलिरहेका कारण आइसीटीजे र नागरिक आवाजले पीडितहरूसँग प्रत्यक्ष अन्तर्वार्ता वा लक्षित समूह छलफल आयोजना नगर्ने निर्णय लिएका थिए। त्यसको साटो नागरिक आवाजले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूसँगको लामो सम्बन्धका आधारमा तथा विद्यमान साक्षी प्रमाणका साथै २१ सदस्यीय पीडितहरूको समितिका रूपमा रहेको द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल[१] को सहायता लिएर भिडियोकल (२५.८ प्रतिशत) मार्फत वा फोन (७४.२ प्रतिशत) मार्फत अन्तर्वार्ता लिइने प्रत्येक उत्तरजीवीको प्रतिनिधिमूलक नमूना पहिचान गरेका थिए।[२]

नागरिक आवाज र द्वन्द्व पीडित महिला सञ्जालको निकट सहकार्यमा आइसीटीजेले गहन अन्तर्वार्ताको विस्तृत खाका तयार पारेको थियो। पीडितलाई सूचना दिएर उनीहरूको सहमति लिएको विवरण भएको फारम तथा अन्तर्वार्ताकारलाई दिशानिर्देश गर्ने विस्तृत प्रश्नावली उक्त प्याकेजमा थियो। काममा एकरूपता सुनिश्चित गर्नका लागि नागरिक आवाजले अन्तर्वार्ताअघि अनुसन्धान टोलीका लागि अभिमुखीकरण सत्रहरू चलाएको थियो। पीडितहरूको बाहिरी तथा भित्री संसारको सुक्ष्म, आग्रहरहित र वास्तविक अभिलेख प्राप्त गर्नका लागि गहन अन्तर्वार्ताहरूले पीडितहरूलाई प्रत्यक्ष संवादमा संलग्न हुने अवसर दिएका थिए। कोभिड-१९ का कारण लगाइएको बन्दाबन्दीका बाबजूद बलियो अनुसन्धान गर्नका लागि यो तरिका सफल रह्यो र यसले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको संवेदनशील विषयमा सांगोपांगो तथा गहन अनुसन्धानको अवसर दियो।

उक्त विधि अवलम्बन गर्दै नागरिक आवाजका दुईवटा टोलीले २०७७ सालको वैशाख र जेठ महिनामा[३] ३१ वटा अन्तर्वार्ता गरेका थिए। सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गराएका भनिएका ३०८ जना द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको लगभग १० प्रतिशत प्रतिनिधित्व यसबाट भएको छ। हानि नगर्ने सिद्धान्त (डु नो हार्म) अनुकूल हुने गरी प्रत्येक अन्तर्वार्ताको आरम्भमा अनुसन्धाताहरूले पीडितको सुरक्षा र स्वास्थ्यको विषयमा जानकारी लिए र अन्तर्वार्ता चलिरहेको समयमा कुनै पनि बेलामा बीचैमा छोडेर जान सक्ने विकल्प पीडितहरूसँग रहेको बताए। अनुसन्धान टोलीका सदस्यबाहेक अरू कसैलाई पनि पीडितहरूको पहिचान वा पहिचान खुल्ने कुनै सूचना सार्वजनिक नगरिने विषयमा आश्वस्त पारियो। सहभागीहरूको नाम अज्ञात रहोस् भन्ने सुनिश्चित गर्नका लागि अक्षर र संख्या भएको गोप्य नाम उनीहरूलाई दिइयो। त्यसैले यस प्रतिवेदनमा उल्लेख गरिएका सबै उत्तरजीवीका नाम छद्मनाम हुन् (हेर्नुहोस् सहभागी गोप्यसंकेत, छद्मनाम, स्थान र अन्तर्वार्ता मिति परिशिष्ट २ मा)। कुराकानीलाई रेकर्ड गर्नका लागि पहिले नै मौखिक सहमति लिइएको थियो।

परियोजना टोलीमा नागरिक आवाजका तालिम प्राप्त दुईजना मनोसामाजिक परामर्शदाताहरूलाई सहभागी गराइयो र उनीहरूलाई आफ्नो भूमिका तथा लक्ष्यका विषयमा पहिले नै जानकारी दिइयो। प्रत्येक अन्तर्वार्ताको अन्त्यमा आत्मसहयोग

१ "संक्रमणकालीन न्यायमा महिला-केन्द्रित दृष्टिकोण प्रस्तुत गर्न, महिलाहरूको एजेन्डालाई बलियो बनाउन तथा सामूहिक आवाजका साथ न्यायका लागि लड्न" माघ २०७७ मा द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल स्थापना गरिएको थियो। यो अध्ययन चल्दै गर्दा द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल सरकारी कार्यालयमा कानूनी रूपमा दर्ता गरिएको छ।

२ विद्यमान सम्पर्क तथा सम्बन्धले राम्रो काम गरेको थियो। तर शुरूमा पहिचान गरिएका केही पीडितहरूलाई अध्ययनमा सहभागी गराउन सकिएन किनकि उनीहरूसँग सम्पर्क गर्न सकिएन वा उनीहरू कोभिड संक्रमित थिए।

३ खासमा ३० वटा अन्तर्वार्ता लिनुपर्ने थियो। एकजना पीडितलाई कोभिड लागेर सहभागी हुन नसक्ने स्थिति थियो तर उनी निको भएपछि उनको पनि अन्तर्वार्ता लिइयो र ३१ वटा अन्तर्वार्ता भयो। उनी नागरिक आवाजको सम्पर्कमा आएपछि उनको अन्तर्वार्ता लिइयो। थप अन्तर्वार्ताका लागि लागेको खर्च नागरिक आवाजले बेहोरेको हो।




**यस अध्ययनको लागि नेपालमा सीआरएसभीका पीडितहरूसँग अन्तर्वार्ता लिइएको थियो।**

सत्र राखियो। त्यसमा मांसपेशी खुकुलो बनाउँदै लग्ने अभ्यास, गहिरो श्वासप्रश्वास लिने अभ्यास तथा बडी स्क्यानिङ र गाइडेड इमेजरी जस्ता आरामदायक अभ्यासहरू पर्दछन्। धेरैजसो उत्तरजीवीहरूले यी सत्र अत्यन्तै उपयोगी रहेको बताए।

अन्तर्वार्तामा सशक्तीकरणका अवयव पनि समावेश गरिएको थियो र त्यो परिपूरणको अवधारणामा केन्द्रित थियो। परिपूरण भन्ने शब्द धेरैजसो उत्तरजीवीका लागि नौलो थियो। उत्तरजीवीहरूले आफ्नो अधिकारका विषयमा आधारभूत जानकारी पाऊन् तथा यी अधिकारहरूलाई भविष्यमा आफैं वा अन्य पीडित वा पीडित समूहको सहायतामा अघि बढाऊन् भन्ने सुनिश्चित गर्नका लागि अन्तर्वार्ताका क्रममा परिपूरणका विषयमा संक्षिप्त व्याख्या गरिएको थियो।

अध्ययनका क्रममा संकलन गरिएको गुणात्मक तथा संख्यात्मक सूचनालाई नागरिक आवाजले एसपीएसएस र एनभिभो सफ्टवेयर उपयोग गरी तथा अनुसन्धाता स्वयंले समेत विषयगत विश्लेषण गरेका थिए। पहिले मौखिक तथ्याङ्कलाई लिपिबद्ध गरियो। दोस्रो चरणमा अन्तर्वार्ताहरू नेपाली भाषामा लिइएको हुनाले अंग्रेजीमा अनुवाद गरियो। अन्तर्वार्ताको सारतत्त्व समेट्ने गरी भावानुवाद तथा शाब्दिक स्तरमा शब्दानुवाद समेत गरियो। मूल भाषासँग अवधारणात्मक समता प्राप्त हुने किसिमले अनुवाद गर्न विशेष ध्यान दिइयो। तेस्रो चरणमा तथ्याङ्कलाई अध्ययन र पुनः अध्ययन गरियो तथा आरम्भिक विषयगत अवधारणाको टिपोट गरियो। त्यसपछि आरम्भिक कोडहरू सिर्जना गरियो र तथ्याङ्कलाई सार्थक समूहमा छुट्ट्याएर राखियो। चौथो, तथ्याङ्कलाई महत्त्वपूर्ण विषयका आधारमा कोडिङ गरियो। बुझाइ पक्का होस् भन्नका लागि अध्ययनमा सहभागी भएकाहरूको प्रत्यक्ष उद्धरण लिइयो। पहिचान खुल्ने सबै सूचना मेटाइसकिएको छ।

## अध्ययनका सीमा

यो अध्ययन गरिएको बेलामा नेपालमा कोभिड-१९ संक्रमण बढिरहेको थियो। त्यसैले पीडितहरूलाई प्रत्यक्ष भेट्नका लागि अनुसन्धान टोली प्रदेशहरूमा जान सम्भव थिएन। त्यसैले अनुसन्धान टोलीले सहभागीहरूको भावभंगी तथा शारीरिक हाउभाउको अन्दाज गर्न पाएनन्।

कोभिड-१९ महामारी तथा त्यसलाई रोक्न लगाइएको बन्दाबन्दीका कारण ज्यालादारी काम पाउन लगभग असम्भव रहेको र यसले आफूहरूको कमजोर आर्थिक स्थितिलाई थप बिगारेको अनि यसबाट आफ्नो जीवनमा नकारात्मक असर परेको लगभग सबै पीडितहरूले विशेष रूपमा उल्लेख गरेका थिए। एकजना पीडितले बन्दाबन्दीको समयमा आफूमाथि श्रीमानले शारीरिक र मानसिक दुर्व्यवहार गरेको बताइन्। उनी नौ वर्षकी बालिका हुँदा उनीमाथि द्वन्द्वसँग सम्बन्धित यौन हिंसा भएको कुरालाई बन्दाबन्दीको बेलामा पतिले उल्लेख गरेको उनले बताइन्।[४] अर्की पीडित २०७२ सालको भूकम्पले गरेको क्षतिबाट अझै पनि निस्कन सकेकी छैनन् र "जस्तापाताले बनेको अस्थायी टहरो" मा बसिरहेकी छन्।[५] उनको आर्थिक परिस्थितिलाई कोभिड-१९ ले थप कमजोर बनाएको छ र अन्य धेरैजना जस्तै उनी पनि जेनतेन बाँचिरहेकी छन्। यसको परिणामस्वरूप, धेरैजसो पीडितहरूका लागि बन्दाबन्दी र उनीहरूको स्वास्थ्यमा आइलागेको जोखिमले मानसिक तनाव दिइरहेको अन्तर्वार्ताका क्रममा देख्न सकिन्थ्यो। यसले गर्दा केहीले उच्च तहको निराशा, मृत्युको डर तथा आशाको कमीको अभिव्यक्ति दिएका थिए। धेरैजसो पीडितका लागि यी अन्तर्वार्ताहरू आपतको समयमा सहायता सञ्जालसँग पुनः जोडिने सुअवसर पनि बनेको थियो।

प्रत्यक्ष भेटघाट असम्भव भएकाले नागरिक आवाज र द्वन्द्व पीडित महिला सञ्जालसँग बेग्लाबेग्लै वा संयुक्त रूपमा जोडिएर विश्वासको सम्बन्ध बनाइसकेका व्यक्तिहरूसँग मात्र अन्तर्वार्ता गर्ने निर्णय लिइएको थियो। पीडितहरूलाई हुन सक्ने

---

[४] नागरिक आवाज, रीता (एज१७) सँगको अन्तर्वार्ता (लुम्बिनी प्रदेश, २०७८ जेठ ३०)। कोभिड महामारीको समयमा महिला तथा बालिकाविरुद्धको हिंसाको घटना बढेको छ, उदाहरणका लागि हेर्नुहोस्, मीनाक्षी दाहाल तथा अन्य, (२०७७) १६(८४) ग्लोबलाइजेसन यान्ड हेल्थ।

[५] नागरिक आवाज, देवकी (एम४) सँगको अन्तर्वार्ता (बागमती प्रदेश, २०७८ जेठ ३०)।

पुनः आघात तथा गोपनीयता भंग हुने जोखिम घटाउनलाई यो निर्णय लिइएको हो । अन्तर्वार्ता लिइएका सबै व्यक्तिले आफूलाई जन्मको आधारमा महिलाका रूपमा चिनाए । पुरुष पीडित, लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको विशिष्ट अनुभव तथा द्वन्द्वको समयमा उनीहरूले बेहोरेको मानवअधिकार उल्लंघन[६] तथा उनीहरूको वर्तमान आवश्यकता, परिपूरणमा प्राथमिकता तथा नेपालको शक्ति संरचनासँग उनीहरूले गरिरहेको अन्तर्क्रियाका विषयमा विस्तृत अनुसन्धान गर्न जरुरी छ ।[७]

यी सीमितताका बाबजूद अध्ययनका क्रममा गरिएका ३१ वटा अन्तर्वार्ताले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित महिलाको आवश्यकता, अपेक्षा र सामाजिक जीवनको पूर्ण चित्र प्रस्तुत गरेका छन् । पीडितहरूको जीवनको कठोर वास्तविकता तथा यौनिकता र यौन हिंसासम्बन्धी सामाजिक र पितृसत्तात्मक मान्यताले युद्धको समयमा र अहिलेसम्म पनि पीडितहरूलाई यौन हिंसाले वास्तविक रूपमा कस्तो प्रभाव पारेको थियो भन्ने विषयमा समाजले पूर्ण रूपमा बुझ्नबाट रोकिरहेको छ । यी मान्यता र परिवार तथा विवाहपछि बनेको सम्बन्धमा पीडितहरूको निर्भरताले उनीहरूलाई आर्थिक, सांस्कृतिक र सामाजिक रूपमा स्थापित गर्न कसरी रोकिरहेको छ भन्ने विषयलाई यस अध्ययनले खोतलेको छ । यी बन्देजहरूलाई दृष्टिगत गर्दै यस प्रतिवेदनले निष्कर्षहरूका आधारमा पीडितहरूको आवश्यकता सम्बोधनका लागि तत्कालीन र दीर्घकालीन दुवैथरी उपाय अपनाउन प्रस्ताव गरेको छ ।[८]

यसमा गरिएका सिफारिस अहिलेका लागि अत्यन्त महत्त्वपूर्ण छन् । युद्ध अन्त्य भएको १५ वर्षभन्दा बढी समय बितिसक्दा नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको जीवनमा खासै परिवर्तन आएको छैन । उनीहरू युद्धपछि सबैले बिर्सिएका पीडित हुन् र उनीहरूलाई धेरैले बेवास्ता अनि त्यसभन्दा पनि आपत्तिजनक रूपमा दोषारोपण गर्ने गरेका छन् । उनीहरूका कथालाई आवाज दिएर तथा यो अध्ययन पूरा गर्नका लागि काँधमा काँध मिलाई काम गरेका नेपाली संस्था र कसैले पनि सहायता नगरेको अवस्थामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई सहयोग गर्ने अन्य संस्थाबीचको सहकार्य र घनिष्ठतालाई सबल बनाएर यस अध्ययनले उक्त सोचलाई परिवर्तन गर्ने लक्ष्य लिएको छ ।

६ द्वन्द्वको समयमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरूले बेहोरेको मानवअधिकार उल्लंघनको प्रकृति तथा श्रेणीको सूचना सीमित छ । ह्युमन राइट्स वाचले द्वन्द्व अन्त्य हुने बेलामा प्रतिवेदनहरूको शृंखला जारी गरेको थियो । लैंगिक तथा यौनिक अल्पसंख्यकहरू विरुद्धको लैंगिक तथा यौनजन्य हिंसाका विषयमा पनि केही अध्ययनहरू भएका छन् । तर यी अध्ययनले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको पूर्ण विश्लेषण गर्दैनन् ।

७ पवित्रा न्यौपाने, अनलाइनखबर । (“देशको कुल जनसंख्याको ४.१९ प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यकहरू रहेको २०७० सलामा गरिएको सर्वेक्षणले देखाएको छ । उनीहरूमध्ये अधिकांशलाई प्रहरीले सताउने, पैसा धुत्ने, पक्राउ गर्ने र स्वेच्छाचारी थुनामा राख्ने काम गर्छ । उनीहरूलाई अस्पतालमा नियन्त्रणमा राखिन्छ र उनीहरूको इच्छाबिना उपचार लिन लगाइन्छ । उनीहरूमाथि यौन सुधार उपचार, विपरीतलिंगीसँग जबर्जस्ती विवाह, बलात्कार, यौन हिंसा, मानव तस्करी, जबर्जस्ती वेश्यावृत्ति, आत्महत्या, हत्या र घरेलु हिंसा लगायतका हिंसा हुने गरेका छन् ।

८ आईसीटीजेको प्रतिवेदन २०७१ । पीडित, उनीहरूको आवश्यकता तथा परिपूरणका विषयमा दृष्टिकोण नेपालमा यसअघि गरिएका अध्ययनको निष्कर्ष अनुरूप नै हाम्रो निष्कर्ष छ ।

# ख. परिचय

"जीवन आफ्नै तरिकाले चलिरहेको थियो ।" यी शब्दहरूका साथ श्यामा[१] ले युद्धको समयमा आफ्नो जिन्दगी सधैंका लागि बदल्नका लागि अचानक आइलागेको त्रासदीको सारसंक्षेप खिँचेकी छन् । मध्यपश्चिम नेपालमा सेनाको क्याम्प नजिक पतिसँग मिलेर सानो पसल चलाइरहेकी श्यामालाई पहिला सेनाले धम्क्यायो र शारीरिक दुर्व्यवहार गऱ्यो, पछि उनलाई माओवादी कार्यकर्ताले अपहरण गरे र उनीमाथि यौन दुर्व्यवहार गरियो । यो सबै हुँदै गर्दा उनका पति मारिए । शृंखलाबद्ध रूपमा यी खतरनाक अपराधहरू उनीमाथि हुँदै गर्दा उनलाई परिवार र समुदायले सहयोग गर्नुको साटो अपमान गऱ्यो अनि उनले नै गल्ती गरेको आरोप लगायो ।

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका ३१ महिलाहरूले सुनाएका कथा यस्तै किसिमका छन् । उनीहरूको कथामा यौन आक्रमण, पशुलाई गरिएसरहको व्यवहार, मानसिक र शारीरिक यातना र परिवारबाट भएको बहिष्करणका व्यथा भेटिन्छन् । कतिपय पीडितलाई बालबालिका सहित घरबाट बाहिर निकालेर अनिश्चित भविष्यको अँध्यारोमा धकेलिएको थियो । यो गहिरो गरी जमेर बसेको दण्डहीनताको पनि कथा हो । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका कुनै पनि महिलाले आफूले भोगेको अपराधमा कुनै किसिमको न्याय नपाएको बताएका छन् । कतिपय महिलाले पीडकलाई चिनेका छन् र त्यसको नाम समेत भन्न सक्छन् अनि आफूमाथि भएको अपराधका विषयमा अधिकारीहरूसमक्ष उजुरी पनि दिएका छन्

निकै कठिन परिस्थितिका बाबजूद केही पीडितले जिन्दगी चलाउन सकेका छन् । श्यामा अन्य द्वन्द्व पीडित महिलालाई सहायता गर्नका लागि आफ्ना सीपहरूको उपयोग गर्छिन् । त्यसैगरी प्राप्तिले औपचारिक शिक्षा नलिएको भए पनि उनी द्वन्द्वका अन्य उत्तरजीवीहरूलाई सहयोग गर्ने सञ्जालमा जोडिएकी छन् र एउटा सानो खेतमार्फत आफ्नो जीवन धानिरहेकी छन् । उनी "गुप्तचर" भएको आशंका गर्दै सशस्त्र बलका सदस्यहरूले उनलाई सानो उमेरमै सामूहिक बलात्कार गरेका थिए । तर वास्तवमा उनी गुप्तचर नभई पानी परेको दिन जंगलको छेउमा भैंसी चराइरहेकी थिइन् ।

तर यी कथाहरू अपवाद मात्र हुन् । तिनीहरूले आशाको एउटा दियो बालेको भए पनि नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले भोगिरहेको कठोर यथार्थलाई यिनले ढाकछोप गर्छन् । यद्यपि पीडितहरूले दुःखजिलो गरी जिन्दगी चलाउन सकिरहेका छन् । औपचारिक रूपमा द्वन्द्व पीडित नभनिने तर उनीहरूले भोग्नुपरेको अपराधको प्रकृतिका कारण समाजले बहिष्कार गरेकाले अधिकांश पीडितहरू युद्ध अन्त्य भएको १५ वर्षभन्दा बढी समय बितिसक्दा पनि खाना, नाना, छाना र बालबालिकाको विद्यालय खर्च जस्ता दैनिक आवश्यकता समेत पूरा गर्न सकिरहेका छैनन् । आफ्नो परिवार वा समुदायलाई आफूमाथि भएको अपराधको खुलासा नगरेकाहरूको हैसियत पनि अरूले "घटना" को बारेमा थाहा नपाउन्जेलसम्म मात्र सुरक्षित रहन्छ । अधिकांश पीडितहरू डराएका र एक्लो अनुभव गरिरहेका छन् । अन्तर्वार्ताका क्रममा अभिव्यक्त भएका साझा भाव डर र एक्लोपन नै थिए ।

> अधिकांश यस प्रतिवेदनमा उत्तरजीवी भन्दा पनि "पीडित" शब्द प्रयोग गरिएको छ किनकि नेपालमा पीडितहरूको समूहले यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका महिलाहरूले प्रायः यही शब्द प्रयोग गर्ने गरेका छन् । सरकारले लामो समयसम्म पनि अपराध पहिचान नगरेको अवस्थामा पीडित शब्दले उनीहरूको कानूनी हैसियतलाई पुष्टि गर्छ र उनीहरूले भोग्नुपरेको ज्यादतीमा क्षतिपूर्ति र परिपूरणको अधिकार पनि स्थापित गर्छ ।

कतिपय पीडितहरू जबर्जस्ती बेपत्ता, स्वेच्छाचारी थुना, जबर्जस्ती विस्थापन र/वा बालसेना भर्ती वा सैन्य काममा उपयोग जस्ता मानवअधिकार उल्लंघनको पनि शिकार बनेका थिए । त्यसरी दोहोरो अपराधको शिकार भएकाले केही पीडितहरूले युद्धको समयमा मारिएका वा बेपत्ता बनाइएका व्यक्तिको परिवारका सदस्यलाई राहत दिने सरकारको कार्यक्रमअन्तर्गत अन्तरिम राहत पाएका छन् । उदाहरणका लागि, गंगाले उनका पति र छोराको हत्या गरिएकोमा क्षतिपूर्ति पाएकी छन् तर सामूहिक बलात्कारको शिकार बनेकी उनी र

[१] यस प्रतिवेदनमा प्रयोग गरिएका सबै नाम पीडितको गोपनीयता कायम गर्नका लागि परिवर्तन गरिएको छ ।




**अध्ययनका लागि अन्तर्वार्ता लिइएका पीडितहरूको वास्तविक स्थान**




उनकी छोरीले उक्त अपराधका लागि कुनै राहत क्षतिपूर्ति पाएका छैनन्।

नेपालमा युद्धको समयमा यौन हिंसा र लैंगिक हिंसाका पीडितहरूमाथि के भएको थियो, अहिले उनीहरू के चाहन्छन् र खोज्छन् तथा उनीहरूले बेहोर्नुपरेका अनेकौं चुनौती के हुन् यी सबै प्रश्नलाई यस अध्ययनले खोतलेको छ। यो प्रतिवेदन द्वन्द्वको पृष्ठभूमिको छोटो चर्चाका साथ शुरू हुन्छ (अध्याय ३) र नेपालमा महिला तथा बालिकाको अवस्थाको चर्चा गर्छ (अध्याय ४)। त्यसपछि यसमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको श्रेणी र दायराको चर्चा गरिएको छ (अध्याय ५)। युद्ध अन्त्य भएपछिका वर्षमा पीडित समूह, नागरिक समाज र अन्तर्राष्ट्रिय संघसंस्थाहरूले तयार पारेको द्वन्द्वसम्बन्धी प्रतिवेदनहरूको विशाल पुस्तकालयबाट सामग्रीहरू लिइएको छ। अध्याय ६ र ७ ले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको संक्षिप्त विवरण उपलब्ध गराउँछन्। यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका पीडित र अपराधका पीडकहरूको पनि त्यसमा चर्चा गरिएको छ। अध्याय ८ र ९ मा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूमाथि अपराधको

असर निरन्तर परिरहेको विषयमा विस्तृत परिचर्चा गरिएको छ र त्यससँगै यी क्षतिहरूको सम्बोधन गर्नका लागि विगतमा दिइएका राहत र सहायताहरूको विफलताको चर्चा पनि गरिएको छ। उक्त कमी पूरा गर्नका लागि नागरिक समाज र मानवीय संघ संगठनहरूले प्रस्ताव गरेका कार्यक्रमको सूची पनि उपलब्ध गराइएको छ। दशौं अध्यायले २०७८ सालको वैशाख र जेठमा संकलन गरिएका बयानहरूका आधारमा पीडितहरूको वर्तमान दृष्टिकोण, आवश्यकता, प्राथमिकता र जोखिमको चर्चा गरेको छ।

अध्याय ११ र १२ मा परिपूरणका विषयमा कानूनी संरचना, पीडितहरूको दृष्टिकोण र विचारको विश्लेषणका साथै भविष्यमा कार्यान्वयन गर्नुपर्ने परिपूरण कार्यक्रमका अवसर साथै सम्भावित जोखिम र चुनौतीको विश्लेषण गरिएको छ। अन्तिमका अध्याय १४ र १५ मा परिपूरण कार्यान्वयनको चरणमा पुग्नका लागि ठोस कदमको सिफारिस र प्रस्ताव गरिएको छ र त्यसलाई साकार बनाउनका लागि जिम्मेवार निकायहरूको पहिचान गरिएको छ।

महिला सञ्जालसँग २०७७ असोजमा एउटा बेग्लै प्रमाणीकरण सत्र आयोजना गरिएको थियो।

कोभिड-१९ को संक्रमण रोक्नका लागि लगाइएका बन्दाबन्दीहरूका कारण सहभागीहरूसँग प्रत्यक्ष वार्ता गर्न नसकिएको र अन्तर्वार्ताको भौगोलिक दायरालाई सीमित बनाएको भए पनि एक दशक लामो युद्धका दौरान द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका महिला पीडितहरूको विविधतायुक्त नमूनाको प्रतिनिधित्व ३१ जना सहभागीले गरेका छन्। यसमा नेपालका सातै प्रदेशका पीडितहरू समावेश गरिएका छन् र ७७ जिल्लामध्ये १० वटा जिल्लाको प्रतिनिधित्व भएको छ।[10] लगभग आधाजस्तो सहभागीहरू लुम्बिनी प्रदेशका तीन जिल्ला (बाँके, दाङ र रोल्पा) का निवासी हुन्। ती जिल्लाहरूमा सशस्त्र द्वन्द्व शुरू भएपछि माओवादीहरूले पहिलो आक्रमण गरेका थिए र त्यहाँ नै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका घटनाहरू धेरै भएको बताइन्छ। अन्य १६ प्रतिशत सुदूरपश्चिम प्रदेशमा बस्छन् भने लगभग १३ प्रतिशत कर्णाली प्रदेशका छन्।

### अन्तर्वार्ता गरिएका पीडितहरूको जातीय प्रतिनिधित्व



| ३ | ७ | ६ | १ |
|---|---|---|---|
| दलित | थारू | मगर | लामा |

विद्यमान असर, वर्तमान आवश्यकता तथा परिपूरणका विषयमा पीडितहरूको प्राथमिकतामाथि यस अध्ययनले गरेको मूल्यांकनलाई द्वन्द्व पीडित महिला सञ्जालसँगको अनुगमन बैठकका क्रममा र आईसीटीजेले २०७१ सालमा जारी गरेको एक प्रतिवेदन सहित पीडितहरूका बारेमा यसअघि गरिएका अध्ययनको तुलनात्मक समीक्षामार्फत पुष्टि गरिएको थियो। प्रस्ताव गरिएका परिपूरणहरूको समीक्षाका लागि द्वन्द्व पीडित

नेपालका पहाड र तराई दुवै क्षेत्रका पीडितहरूको प्रतिनिधित्व भएको छ।

नेपालका दुर्गम क्षेत्रमा बस्ने जोखिमयुक्त र सीमान्तीकृतका साथै काठमाडौं जस्ता शहरी केन्द्रको समेत पीडितहरूले प्रतिनिधित्व गरेका छन्। विभिन्न जातीय पृष्ठभूमिको प्रतिनिधित्व भएको छ जसमा जात (ब्राह्मण, क्षेत्री, चौधरी र दलित) तथा गैरजातीय

[10] अन्तर्वार्ता लिइएका सातजना थारू पीडितमध्ये एकजनालाई मात्र अनुवाद सेवा आवश्यक परेको थियो। अरू सबैले नेपालीमै संवाद गर्न सकेका थिए।

जनजातिहरूको प्रतिनिधित्व छ ।[११] नेपाली वर्ण व्यवस्थाको सबभन्दा तल्लो तहमा रहेका दलितहरू[१२] तीनजना (९.६८ प्रतिशत), सात थारू, छ मगर र एक लामा सहित जनजातिहरू १४ जना (४५.१६ प्रतिशत) सँग अन्तर्वार्ता लिइएको छ ।[१३]

सुरक्षाकर्मी र माओवादी लडाकु दुवै पक्षबाट पीडित बनाइएकाहरूसँग अन्तर्वार्ता लिइएको थियो । द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा अन्य उल्लंघनका पीडितलाई समेटिएको छ । अध्ययनमा विभिन्न आर्थिक पृष्ठभूमि, उमेर र शैक्षिक स्तर सहितका सहभागीहरूको प्रतिनिधित्व भएको छ ।

अन्तर्वार्ताका सहभागीहरूको सामाजिक-जनसांख्यिक विवरणको पूर्ण जानकारीका लागि तल अध्याय ६ र परिशिष्ट क हेर्नुहोस् ।

[११] कृष्ण ब. भट्टचन, २०७७ चैत ५ । २०६८ सालको जनगणनामा" १२५ जात र जातिगत समूहलाई सूचीबद्ध गरिएको छ जसमा ६३ जनजाति, ५९ जात जसमा १५ वटा दलित जात छन् भने मुसलमान सहित तीनवटा धार्मिक समूह पर्छन् । जनजाति भन्नाले आफ्नै मातृभाषा तथा परम्परागत भेषभूषा, सांस्कृतिक पहिचान, सामाजिक संरचना र लिखित वा मौखिक इतिहास भएका मानिस वा समुदाय भनी व्याख्या गरिन्छ ।

[१२] दुईजना पहाडी र एकजना तराई क्षेत्रका थिए ।

[१३] थारूहरूमध्ये अधिकांश (७ मध्ये ५) उच्च चौधरी जातका छन् ।

# ग. पृष्ठभूमि

२०६३ मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताले २०५२ सालमा शुरू गरिएको एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गरेको थियो।[१४] माओवादीहरूले उक्त द्वन्द्वलाई "जनयुद्ध" को संज्ञा दिएका थिए। उनीहरू राजतन्त्रको अन्त्यका साथै जात, वर्ग, जातीयता, अल्पसंख्यकको अधिकार र लिंग समेतका आधारमा नेपाली समाजमा विद्यमान संरचनागत असन्तुलनलाई सुधार्नका लागि सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन जस्ता बृहत्तर एजेन्डालाई पनि समर्थन गर्थे।

युद्धको अन्त्य हुँदासम्म द्वन्द्वसँग सम्बन्धित १३,००० हत्याहरू गरिएका थिए। दुईवटा जिल्लाबाहेक अन्य सबै जिल्लामा हत्या भएका थिए। जबर्जस्ती बेपत्ता तथा अपहरण जस्ता ज्यादतीका कारण लगभग १,३०० मानिस हराइरहेका छन् वा जबर्जस्ती बेपत्ता बनाइएका छन्।[१५] यातना, स्वेच्छाचारी पक्राउ तथा यौन हिंसा जस्ता अपराधबाट पनि मानिसहरू पीडित भएका थिए। एक लाखदेखि दुई लाखसम्म मानिसहरू विस्थापित भएका थिए। यद्यपि केहीले त्यसभन्दा पनि बढी मानिस विस्थापित भएको बताउने गरेका छन्।[१६] लगभग ३,५०० देखि ४,५०० सम्म बालबालिकालाई माओवादीले सेनामा भर्ती गरेर काममा लगाएको विश्वास गरिन्छ। यद्यपि वास्तविक आँकडा उपलब्ध छैन।[१७]

यी अपराधबाट सबभन्दा बढी असर थारू जस्ता जनजातिहरूलाई परेको छ। उनीहरू पुस्तौंदेखि दमन र शोषणको शिकार बन्दै आएका छन् र अहिलेसम्म पनि "अनेकौं वर्ग र किसिमका विभेदको सामना" गरिरहेका छन्।[१८] द्वन्द्वमा मारिएका लगभग २१ प्रतिशत मानिस जनजाति भएको विश्वास गरिन्छ।[१९] द्वन्द्वको समयमा मध्य तथा सुदूरपश्चिममा थारूलाई माओवादी भनेर सिधै आशंका गरिन्थ्यो। गैरसरकारी संस्थाका सदस्य, विद्यालय शिक्षक र माओवादी विचारधारासँग दार्शनिक रूपमा जोडिएका भनिएका व्यक्ति तथा सरकार र माओवादीको द्वन्द्वका बीचमा फसेका सर्वसाधारणलाई पनि तारो बनाइने गरेको थियो।[२०]

माओवादी विद्रोही तथा प्रहरी, सेना र अन्य सुरक्षाबलका सदस्यहरू पीडक थिए।

शासनका आधारभूत सिद्धान्त र नेपालमा शताब्दियौंदेखिका सामाजिक संरचनाका विषयमा राष्ट्रिय चेतनालाई द्वन्द्वले जगाएको भए पनि जनआन्दोलनको प्रतिज्ञा तथा थप समतामूलक समाज बनाउने जनआन्दोलनको चाहना राजनीतिक दलहरूको शक्ति संघर्षको शिकार बनेको छ। २०६३ सालमा युद्ध अन्त्य गर्ने शान्ति सम्झौतामा गरिएका केही संक्रमणकालीन प्रतिबद्धताका सवालमा नेपाल अघि बढेको छ। नेपालले २०६३ सालमा अन्तरिम संविधान जारी गरेको थियो र २०७२ सालमा नयाँ संविधान अपनाएको थियो। तर बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, नागरिक स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता र विधिको शासनसम्बन्धी प्रतिज्ञाहरू कि त पूरा गरिएका छैनन् कि त जोखिममा छन्। लगभग पूर्ण दण्डहीनताको

[१४] नेपाल र सरकार र नेकपा (माओवादी) ले हस्ताक्षर गरेको विस्तृत शान्ति सम्झौता।

[१५] संयुक्त राष्ट्रसंघ ओएचसीएचआर, नेपाल कन्फ्लिक्ट रिपोर्ट। अन्तरिम राहत कार्यक्रमसँग जोडिएको सरकारी कार्यदलले यसभन्दा बढी संख्या देखाएको छ। त्यसले "१८,०३० जनाको मृत्यु, १,६१३ जना बेपत्ता, ८०,२२२ आन्तरिक विस्थापित, ९,८२० अपांग, ३,८ ९३ जना अपहरणमा परेको वा जबर्जस्ती लगिएको, २,०९४ जना गैरकानूनी थुनामा राखिएको, ६८९ जना अनाथ बालबालिका र १,७३५ जना घाइतेलाई स्वास्थ्य उपचार आवश्यक परेको अभिलेखीकरण" गरेको थियो।

[१६] कम्युनिटी स्टडी यान्ड वेलफेयर सेन्टरले तीन लाख ५० हजारदेखि चार लाखसम्मको संख्याको जानकारी दिएको छ।

[१७] ह्युमन राइट्स वाचको प्रतिवेदन, २०६३ माघ १८।

[१८] संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्, महिलाविरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदक दुब्राभ्का सिमोनोविचको प्रतिवेदन, ४१औं सत्र, २०७६ असार ९ देखि असार २७ सम्म।

[१९] अनौपचारिक सेवा केन्द्र (इन्सेक), मानवअधिकार वर्षपुस्तक (२०६० चैत २७), १३५।

[२०] संयुक्त राष्ट्रसंघ ओएचसीएचआर, नेपाल कन्फ्लिक्ट रिपोर्ट। ८०, ८७।

अवस्था रहेकाले प्रहरीबाट गरिने गैरन्यायिक हत्या र यातनाका घटना जारी छन् ।[२१] २०७४ सालमा स्थानीय निर्वाचनको समयमा विशेषगरी तराई क्षेत्रमा हिंसा भएका थिए । तराईमा धेरै द्वन्द्व पीडितहरू बस्छन् । बढ्दो शहरी अपराध र लैंगिक हिंसा सहितका हिंसालाई नियन्त्रण गर्न सरकारले संघर्ष गरिरहेको छ ।[२२] त्यसको चर्चा तल गरिएको छ ।

यो प्रतिवेदन तयार पारिँदाको समयमा नेपाल सरकारले स्थानीय निर्वाचनको तयारी गरिरहेको थियो । २०७६ सालको अन्त्यतिरबाट कोभिड-१९ महामारीको प्रकोप शुरू भएको थियो र त्यतिखेरबाटै राजनीतिक संकट शुरू भएर लामो समयसम्म गएको थियो । २०७७ सालमा दुईपटक संसद् विघटन गरियो : पहिलोपटक पुस २०७७ र दोस्रोपटक चैत २०७७ मा । प्रतिस्पर्धी राजनीतिक दलहरूले उठाएका संवैधानिक विषयको समाधानका लागि सर्वोच्च अदालतले पटकपटक हस्तक्षेप गर्नुपरेको थियो । सर्वोच्च अदालतले २०७८ असार २८ मा शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन आदेश दियो र तत्कालका लागि नेतृत्व विवाद समाधान गरिदियो ।

यसको परिणामस्वरूप २०७६ र २०७७ सालमा संक्रमणकालीन न्यायका दुई संयन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले सार्थक प्रगति गर्न सकेका छैनन् । द्वन्द्वसँग सम्बन्धित न्याय, सत्यको उजागर, परिपूरण र सुधारका विषयलाई सम्बोधन गर्ने अधिकार ती आयोगले पाएका छन् । यी आयोगहरूको गठनका लागि बनाइएको कानून अर्थात बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संसोधनको कार्य पनि त्यत्तिकै अड्केर बसेको छ जबकि यातना, बलात्कार र अन्य यौन हिंसाका अपराधमा क्षमादानको व्यवस्थालाई संशोधन गर्न सर्वोच्च अदालतले २०७२ सालमा आदेश दिएको थियो ।[२३] यो अव्यवस्था तथा पीडितहरूमा यसले पारेको असरलाई एक पीडितले यसरी वर्णन गरिन्,

> *"हाम्रा दल र सरकारहरू हामीप्रति जवाफदेही छैनन् । अहिले उनीहरू एकअर्कासँग लडिरहेका छन् र माओवादी आन्दोलनको लक्ष्यलाई बिर्सिरहेका छन् । उनीहरूले हाम्रो आवश्यकतालाई सम्बोधन गर्छन् भनी म कसरी अपेक्षा गरौं ?"*[२४]

२०७८ असार २१ मा सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा त्यसका आयुक्तहरूको पदावधि एक वर्ष थपेर यथास्थितिलाई कायम राख्यो ।[२५] यी आयोगहरू गठन गरिएको साढे ६ वर्षमा आयुक्तहरूको पदावधि थपिएको यो चौथो अवसर हो । तर पीडितहरूले दायर गरेको उजुरीमा अनुसन्धान तथा थप कारबाहीमा सुस्त प्रगति भइरहेको छ र त्यसले पीडितहरूलाई चरम निराश बनाएको छ । शक्तिले भने जस्तो,

> *"केही पनि भएको छैन । आयोगका सदस्यहरू बसीबसी केही नगरिकन मोटो तलब बुझिरहेका छन् । कस्तो अचम्म हो यो ?"*

आजको मितिसम्म बेपत्ता आयोगले दर्ता भएका सबै ३,१९७ वटा उजुरीमा प्रारम्भिक अनुसन्धान पूरा गरिसकेको र दर्ता भएकामध्ये २,५०६ वटा उजुरीमा आफ्नो क्षेत्राधिकार रहने निष्कर्ष निकालेको बताएको छ ।[२६] आयोगले नेपालका ६५ जिल्लाहरूमा अझै पनि अनुसन्धान गरिरहेको बताइन्छ ।[२७]

---

[२१] राष्ट्रिय मानवअधिकार आयोग, भदौ २०७७, पृष्ठ ३३ । उदाहरणका लागि, २० वर्षको अवधिमा राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई गरेको सिफारिसको ५० प्रतिशतभन्दा कम कार्यान्वयन भएको छ । ती घटनाहरूमा २८६ जनाको नाम मानवअधिकार उल्लंघनकर्ताका रूपमा उल्लेख गरिएको छ । तर ३० जना (१०.४ प्रतिशत) ले मात्र कारबाहीको सामना गरेका छन् भने बाँकी २५६ जनाविरुद्ध कुनै कारवाही गरिएको छैन ।

[२२] एसिया फाउन्डेसनको प्रतिवेदन, २०७४ ।

[२३] सुमन अधिकारी तथा अन्य विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सर्वोच्च अदालतले दिएको फैसला (२०७१ फागुन १४) । २०७७ वैशाख १४ मा सर्वोचच अदालतले २०७१ सालको फैसलालाई सदर गर्दै फैसला उल्ट्याउनका लागि सरकारले दिएको पुनरावोलकन निवेदन खारेज गरिदिएको थियो ।

[२४] नागरिक आवाज, ममतासँगको अन्तर्वार्ता (आई३३) (प्रदेश १, नेपाल, २०७८ असार १३) ।

[२५] विनोद घिमिरे, द *काठमाडौं पोस्ट*, २०७८ साउन १ ।

[२६] राष्ट्रिय मानवअधिकार आयोग, वार्षिक प्रतिवेदन, २०७६–७७ (फागुन २०७८), पृष्ठ २२ ।

[२७] संयुक्त राष्ट्रसंघ ओएचसीएचआर ।

हराइरहेका केही व्यक्तिका परिवारका सदस्यलाई आयोगले बेपत्ता पारिएका परिवारको परिचयपत्र पनि वितरण गरेको छ।

उता सत्य निरूपण तथा मेलमिलाप आयोगले दायर गरिएका ६३,७१८ उजुरीमध्ये लगभग ५,००० उजुरीमा प्रारम्भिक अनुसन्धान गरिसकेको बताएको छ। आयोगले परिपूरणसम्बन्धी निर्देशिका पनि ग्रहण गरिसकेको छ।[२८] २०७८ पुससम्म आयोगले २९ वटा घटनाको अनुसन्धान टुंग्याएको छ र परिपूरणको सिफारिस समेत गरेको छ। ती सिफारिसहरूको आधारमा मन्त्रिपरिषद्ले "२९ वटा उजुरीमा अधिकतम पाँच लाख रूपैयाँको दरले २०,३२,००० रूपैयाँ दिने निर्णय लिएको" छ। ब्याजरहित ऋण, सीप विकास तालिम र शैक्षिक छात्रवृत्ति लगायतका थप परिपूरणका विषयमा निर्णय लिन बाँकी छ।[२९]

दुःखको कुरा, परिपूरणको सिफारिसका लागि यी निर्णयहरू लिन सात वर्ष लाग्यो र यिनलाई तदर्थवादी शैलीमा कुनै व्याख्या नगरिकन जारी गरियो। निर्णयको पूर्ण पाठ प्रकाशन गरिएन अनि अन्य पीडितको उजुरीमा परिपूरणसम्बन्धी सिफारिस गरिनेछ कि छैन भनी समयावधि समेत तोकिएन। विस्तृत अन्तिम प्रतिवेदन तयार पार्ने, पीडकहरूलाई जवाफदेही बनाउने, सशस्त्र द्वन्द्वको मूल कारणका सम्बन्धमा सत्यतथ्य स्थापित गर्ने, अपराधको पुनरावृत्ति रोक्नका लागि आवश्यक व्यावहारिक सुधारका लागि सिफारिस गर्ने, मेलमिलापको प्रयास गर्ने र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यादेशका अन्य विषय टुंग्याउने सन्दर्भमा कुनै व्याख्या गरिएन। वर्षौंसम्मको अकर्मण्यतापछि लिइएका यी निर्णयहरूले अलिकति भए पनि प्रगति भएको देखाए पनि कुन आधारमा परिपूरणका यी सिफारिसहरू गरिएका हुन् भन्ने विषयमा कुनै पारदर्शिता देखिएको छैन। यद्यपि भन्नका लागि सरकारले "बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप नियमावली र घटनाको गम्भीरताका आधारमा क्षतिपूर्ति दिइएको" बताएको छ।

यसका साथै २९ वटा उजुरीलाई "बन्द गरिएको र तिनमा अभियोजन आवश्यक नरहेको" भनी समाचारहरू आएका छन्। त्यसले पीडितहरूमा चरम निराशा ल्याएको छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितले गरेको उजुरीलाई अन्तिम टुंगो लगाइएका उजुरीहरूको सूचीमा पारिएको छैन र ती उजुरीहरूको स्थितिको बारेमा यो प्रतिवेदन तयार पारिँदासम्म कुनै स्पष्टता छैन। क्षतिपूर्ति दिइएका २९ जनामध्ये केही यातनापीडितहरू छन् तर उनीहरूले यातनाको क्षतिपूर्ति पाएका हैनन्। यसबाहेक तदर्थवादी शैलीमा सानातिना निर्णय लिएर सत्य निरूपण तथा मेलमिलाप आयोगले (सत्य पत्ता लगाउने र त्यसको अभिलेखीकरण गर्ने, मेलमिलापको वातावरण बनाउने, पीडकहरूका विरुद्ध कारबाही चलाउनका लागि सिफारिस गर्ने जस्ता) आफ्नो कार्यादेशका अन्य आवश्यक पक्षहरूमा अकर्मण्यता देखाएको छ।

यस्तो अवस्था रहेकाले द्वन्द्व अन्त्य भएको १५ वर्षभन्दा बढी समय बितिसक्दा समेत मानवअधिकारको गम्भीर उल्लंघनमा कसैलाई पनि जवाफदेही बनाइएको छैन। युद्धको समयमा बेहोरेको कठोर शारीरिक र मानसिक चोटको पीडा सहेर बस्न पीडितहरू बाध्य छन्। द्वन्द्वका दौरान हत्या गरिएका र बेपत्ता पारिएका व्यक्तिको परिवार सहित केही पीडितहरूले सीमित अन्तरिम राहत पाएको भए पनि तथा क्षतिपूर्तिसम्बन्धी हालै सार्वजनिक गरिएका निर्णयमा यातनाका केही पीडितहरू समावेश गरिएको भए पनि थुप्रै अन्य पीडितले कुनै पनि किसिमको क्षतिपूर्ति पाएका छैनन्। द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा दण्डहीनता कायम रहेकाले नेपालमा यौन हिंसा तथा अन्य अपराधका पीडकहरूका लागि दण्डहीनताको वर्तमान परिस्थितिलाई योगदान पुगिरहेको छ। यसैको परिणामस्वरूप नेपालमा महिला, बालिका र यौनिक अल्पसंख्यकहरूका विरुद्ध हिंसा जारी छ। उनीहरू शारीरिक तथा मनोवैज्ञानिक यातना, बलात्कार, मानव बेचबिखन र घरेलु हिंसाको शिकार बनिरहेका छन्।

द्वन्द्वका दौरान गरिएका मानवअधिकार उल्लंघनलाई स्वीकार गरेर तथा यस अध्ययनको केन्द्रमा रहेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित सहित सबै अपराधका पीडित, तिनका परिवार र समुदायलाई क्षतिपूर्ति दिएर संक्रमणकालीन न्यायका लक्ष्यलाई हासिल गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न नेपालको नेतृत्वले निकै ढिलाइ गरिसकेको छ।

[२८] उही।

[२९] विनोद घिमिरे, *द काठमाडौं पोस्ट*, २०७८ पुस १०।



दोधारा चाँदनी झोलुङ्गे पुलमा हिँड्दै महिला

© एलेना नोघटन

# घ. नेपालमा महिला र बालिकाहरूको अवस्था

नेपालमा अझै पनि वर्गीय तथा पितृसत्तात्मक समाज छ। कागजी रूपमा नेपालले हिंसारहित रूपमा बाँच्ने, विद्यालय जाने, निर्णायक प्रक्रियामा सहभागिता जनाउने तथा समान श्रमको समान पारिश्रमिक पाउने अधिकार हुने बताए पनि व्यावहारिक रूपमा यी अधिकारहरू कार्यान्वयन गरिएका छैनन्। एकदमै कम महिलालाई मात्र व्यवस्थापनको उच्च र मध्यम तहको पद दिइएको छ जबकि लगभग ६० प्रतिशत महिलाहरू कृषिकर्मी छन्।[३०] कानूनले प्रतिबन्ध लगाएको भए पनि रोजगारीमा विभेद कायम छ।[३१] लुम्बिनी प्रदेशको पहाडी जिल्लामा बस्ने रीता बताउँछिन्,

> *"महिलाले यहाँ काम पाउँदैनन्। पुरुषहरूले मात्र घर बनाउने वा अन्य मजदूरीका काम पाउँछन्।"*

महिलाको साक्षरता दर पनि न्यून छ। पन्ध्र वर्ष वा त्यसभन्दा माथिका ६७.९ प्रतिशतले मात्र लेखपढ गर्न सक्छन्। विश्वको साक्षरता दर ८६.३ प्रतिशतको तुलनामा यो निकै कम हो। विद्यालयमा बिताइने औसत समय लिंगको आधारमा फरक छ : महिलाको ४.३ वर्ष छ भने पुरुषको ५.८ वर्ष छ।[३२] यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका महिलामध्ये धेरैजसो सीमान्तीकृत समुदायका छन् र तीमध्ये एकतिहाइले विद्यालय शिक्षा लिएका छैनन्।

यस्तो वातावरण रहेकोमा महिला र बालिकाहरूसँग धेरै छनोटको अवसर हुँदैन। महिला र बालिका मानव तस्करीको शिकार बनिरहेका छन्। उनीहरूलाई काठमाडौं वा विदेशमा राम्रो तलब पाउने जागिरको झूटो आश्वासन दिएर गाउँ छोड्न प्रलोभनमा पारिन्छ वा बाध्य बनाइन्छ।[३३] केही ठाउँमा कमलरी प्रथा अझै कायम छ। यस प्रथामा थारू समुदायका बालिकालाई जमिनदारको घरमा दासी बन्नका लागि पठाइने गरिन्थ्यो। त्यहाँ उनीहरूको स्वतन्त्रता खोसिन्थ्यो र शिक्षाबाट वञ्चित गरिन्थ्यो। २०७० सालमा यस प्रथालाई आधिकारिक रूपमा गैरकानूनी घोषित गरिएको भए पनि[३४] नेपालमा धेरै युवतीहरू अझै पनि त्यस प्रथाका कारण परेको असर सहेर बसिरहेका छन्।[३५] यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका केही महिला पनि त्यसमा पर्छन्। शिरीषले यसको व्याख्या गर्दै भनिन्,

> *"म थारू परिवारको सदस्य भएकाले कमलरी बन्नका लागि बाध्य थिएँ। निकै सानो उमेरदेखि मैले अर्काको घरमा काम गरें। म विद्यालय जान पाइनँ। जमिनदारहरूले हामीलाई बँधुवा मजदूरका रूपमा राखेर घरको काम गर्न लगाए अनि निकै कम पारिश्रमिक दिए। हामीले यसभन्दा राम्रो काम गरेको अनि जीवनमा अघि बढेको उनीहरूलाई चित्त बुझ्दैन थियो। हामीलाई उनीहरूले जहिले पनि दासको रूपमा व्यवहार गरे।"*

देशका विभिन्न भागमा प्रतिबन्धका बाबजूद छाउपडी (महिनावारीको समयमा महिलाहरू प्रसवोत्तर अवधिहरू भर

---

३० यूएनडीपी, मानव विकास प्रतिवेदन २०७७।

३१ श्रम ऐन, २०७४, विश्व बैंक २०७७।

३२ यूएनडीपी, मानव विकास प्रतिवेदन २०७७।

३३ नेपालले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी गरेको तथा विशेषगरी महिला र बालबालिका सहितका व्यक्तिको बेचबिखनलाई रोकथाम, दमन र सजाय दिनका लागि संयुक्त राष्ट्रसंघको आलेखमा हस्ताक्षर गरेको छ। तर नेपालभित्र र बाहिर मानव ओसारपसार जारी छ।

३४ जनजातिहरूलाई आफ्नो भूमिबाट विस्थापित गरेपछि विकसित प्रणालीलाई वैशाख २०७० मा अन्त्य गरिएको थियो। त्यसअघि २०५९ सालमा सशस्त्र द्वन्द्व चलिरहेको बेलामा समेत गरी यस अभ्यासलाई रोक्न विभिन्न प्रयासहरू भएका थिए। २०७० सालमा १२ वर्षीया कमलरी बालिकाको हत्यामा जवाफदेहिताको माग गर्दै तथा बँधुवा मजदूर राख्ने प्रणालीविरुद्ध भएको कमलरी अभियन्ताहरूको शान्तिपूर्ण प्रदर्शनलाई प्रहरीले हिंस्रक तरिकाले तितरबितर बनाउँदा केही प्रदर्शनकारीहरू गम्भीर घाइते भएका थिए। हेर्नुहोस् संयुक्त राष्ट्रसंघ ओएचसीएचआर, विशेष सञ्चार, संयुक्त पत्र, (२०७० जेठ ३०)।

३५ मुलुकी अपराध संहिता ऐन, २०७४, दफा ३६ एस १६८ (अपमानजनक वा अमानवीय व्यवहार), मेनुका ढुंगाना, द *काठमाडौं पोस्ट*, २०७८ पुस १४, दीपेन्द्र बहादुर केसी, नेपालमा देउकी प्रथा, २०७७, त्रिभुवन विश्वविद्यालय जर्नल ८९।

आफ्नो घरबाट निर्वासन भइ एकान्त झुपडीमा जाने परम्परा), देउकी (मन्दिरमा एक वयस्क केटीको प्रस्ताव गर्ने परम्परा) र बोक्सी (बोक्सी विद्याको ज्ञान) जस्ता अन्य परम्परागत खराब अभ्यासहरू अझै कायम छन् ।[३६] त्यससँगै फौजदारी अपराध बनाइएको भए पनि[३७] लिंगको आधारमा भ्रूणहत्या गर्ने अभ्यास अझै भइरहेको आँकडा पाइन्छ ।

कानून संशोधन गरिएको र बालबालिका, बाल तथा जबर्जस्ती विवाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को ऐतिहासिक प्रस्तावलाई नेपालले सहप्रायोजन गरेको भए पनि बालविवाहका घटनाहरू अहिले पनि हुने गरेका छन् ।[३८] विवाहका लागि कानूनले तोकेको न्यूनतम उमेर २० वर्ष भए पनि तथा बालविवाहलाई २०१९ सालमा गैरकानूनी घोषणा गरिएको भए पनि[३९] "१८ वर्षमुनिका लगभग ४० प्रतिशत बालिकाहरू विवाहित छन्" ।[४०] तराई क्षेत्रमा यो समस्या बढी देखिएको छ । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका धेरैजसो पीडितहरू तराईमै बस्छन् ।[४१]

नेपालमा बहुविवाहमाथि प्रतिबन्ध लगाइएको भए पनि यो अझै प्रचलनमा छ तथा यसले महिलालाई सामाजिक र कानूनी चुनौती तेर्स्याएको छ । यस अध्ययनले समेटेका कम्तीमा तीनजना पीडित बहुविवाह सम्बन्धमा छन् । चाँदनीका पतिले उनीमाथि युद्धको बेलामा भएको "घटना" बारे थाहा पाएपछि अर्की पत्नी भित्र्याए ।[४२]

> *"पति र सौता दुवैले मलाई यातना दिए । मैले १० वर्ष त्यसरी बिताएँ ।"*

चाँदनीले पतिसँग पारपाचुके लिइन् र सानो टुक्रा जमीन पाइन् जुन उनको नाममा नभई छोराको नाममा दर्ता गरिएको छ । भूमिहीन रहेकी उनले ऐलानी जग्गामा पिताको सहायता लिएर घर बनाएकी छन् । उनले पछि अर्को विवाह गरिन् तर पहिलो पतिबाट खासै सहयोग पाउँदिनन् । छोरीको शिक्षा खर्च पनि पतिले दिने गरेका छैनन् ।

युद्धको समयमा माओवादीहरूले समानता तथा महिला सशक्तीकरणको वकालत गरेका थिए र केही महिलाले जनमुक्ति सेनाको कमान्ड पनि सम्हालेका थिए । तर माओवादी कार्यकर्ताहरूले पनि महिलाको छनोटलाई सीमित बनाउने काम गरेका थिए जसको परिणाम अहिलेसम्म पनि देखिएको छ । उदाहरणका लागि, माओवादीहरूले अन्तर्जातीय विवाहमा जोड दिएका थिए र जनवादी विवाहहरू गराएका थिए ।[४३] देशमा संकटकाल लगाइएको बेलामा ममताले सामूहिक जनवादी विवाह गरेकी थिइन् । सौभाग्यवश, उनका पतिले उनलाई भरथेग गरिरहेका छन् । तर सबैजना उनी जस्तो भाग्यमानी छैनन् । माओवादी पार्टीमा लागेपछि ब्राह्मण जातकी शारदाले दलित पुरुषसँग विवाह गरेकी थिइन् । उनलाई अहिले पनि "माइतीमा आउन दिइएको छैन" । उनका मातापिताले उनको पीडा बुझे पनि परम्परावादी समुदायको कठोर प्रतिक्रिया आउने उनीहरूको डर छ ।

यसका साथै माओवादीहरूले पैतृक सम्पत्तिमा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गरेको भए पनि कानूनमा सुधारका बाबजूद जग्गा जमीनको स्वामित्व र लालपुर्जा पाउने

---

[३६] लैंगिक समानता कायम राख्नका लागि केही नेपाल ऐनहरूलाई संशोधन गर्न बनेको ऐन २०६३ ।

[३७] उदाहरणका लागि, २०६८ सालको जनगणना भन्दा पाँच वर्षअघि २२,५४० बालिका जन्मको बेलामा हराएको अनुमान गरिन्थ्यो अर्थात् भ्रूणहत्या हुन्थ्यो । बालक र बालिकाको अनुपात ११०:१०० थियो । मेलानी डन च्यानन तथा अन्य, २०७८, बीएमजे ओपन ।

[३८] मानवअधिकार परिषद्, प्रस्ताव २४/२३, २०७० असोज २३ ।

[३९] मुलुकी ऐन, २०७७ ।

[४०] मार्टी लोगन र श्रद्धा श्री महर्जन, *नेपाली टाइम्स*, २०७७ पुस ५ ।

[४१] २०७८ मंसिर ५ मा लुम्बिनी प्रदेश सरकारले संघीय सरकारको कानून र महिला मन्त्रालयसँग मिलेर बालविवाह रोक्नका लागि एक रणनीति सार्वजनिक गरेको थियो । उक्त १० वर्षे रणनीति यूएनएफपीएको सहयोगमा विकसित गरिएको थियो र त्यसले बालबालिका तथा तिनका मातापितालाई बालविवाह रोक्नुको महत्त्वका विषयमा शिक्षित, सचेत र सशक्तीकृत गर्नका लागि सीपमूलक तालिम र समुदायगत सचेतना अभियान चलाउने योजना बनाएको थियो ।

[४२] युद्धको समयमा आफूमाथि भएको यौन हिंसालाई धेरै उत्तरजीवीहरूले "घटना" भनी चिनाउने गरेकाले यस प्रतिवेदनमा त्यही शब्द प्रयोग गरिएको छ ।

[४३] नेपालमा जातीय छुवाछुतमा प्रतिबन्ध लगाइएको छ । तर अन्तर्जातीय सम्बन्धका विरोधीहरूले २०७७ सालमा पाँचजनाको हत्या गरेपछि यस्तो विभेद अझै पनि कायम रहेको देखाएको छ । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका कैयौं उत्तरजीवीहरूको अनुभवले पनि त्यसलाई पुष्टि गर्छ ।

विषयमा महिलाहरूमाथि अझै पनि विभेद गरिने गरेको छ।[४४] प्राप्ति आफूले सामना गर्नुपरेको चुनौतीहरूका बारेमा बताउँछिन्,

> *"मेरो जग्गा सासूको नाममा छ। पहिला उनले मलाई त्यहाँ कुखुरा फार्म चलाउन दिइनन्। तर मैले उनका विरुद्ध मुद्दा हालें। डेढ वर्षअघि मैले मुद्दा जितें। तैपनि त्यो जग्गा मलाई नामसारी गरिएको छैन।"*

ऋण लिने विषय लगायत अन्य अत्यावश्यक कारोबार महिलाले गर्न खोज्दा अन्य विभिन्न बाधाहरू आउने गरेका छन्। अभिभावक नभएका महिलाले विशेष किसिमका कठिनाइ बेहोर्ने गरेका छन्।[४५]

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका पीडितहरू पहिला माओवादीसँग जोडिएको भए पनि नेपाली समाजमा लैंगिक विभेद र असमानतालाई सम्बोधन गर्ने प्रतिज्ञा पूरा नगरेकोमा माओवादी नेतृत्वप्रति उनीहरूमा कडा आक्रोश छ। यस दृष्टिकोणलाई अध्याय १३-६ (द्वन्द्वका हानि) मा थप चर्चा गरिएको छ।

## १. सुधारका लागि नेपालले गरेको प्रयास

युद्ध अन्त्य भएपछि २०६३ सालमा नेपालले अन्तरिम संविधान जारी गरेको थियो। त्यसपछि २०७२ सालमा नयाँ संविधान जारी गरियो। महिला, बालबालिका र यौनिक अल्पसंख्यकहरूको संरक्षणका लागि नेपालले विभिन्न कानूनी सुधार गरेको छ। तीमध्ये केही देहायबमोजिम छन्:

**समानताको हक (धारा १८)**
यसले सबै नागरिकलाई कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति दिएको छ। यस प्रावधानले "उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा" भेदभाव गर्न प्रतिबन्ध लगाएको छ। त्यस्तै "समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव" गर्न पनि प्रतिबन्ध लगाएको छ।

**शोषण विरुद्धको हक (धारा २९)**
यस प्रावधान अन्तर्गत कसैलाई पनि "बेचबिखन गर्न", "दास वा बाँधा बनाउन", "निजको इच्छा विरुद्ध काममा लगाउन" वा "धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि प्रकारले शोषण गर्न" पाइँदैन।

**महिलाको हक (धारा ३८)**
यसले अन्य कुराका अलावा लैंगिक भेदभाव बिना समान वंशीय हक, "सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक", "राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक", "शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक" र "सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक" सुनिश्चित गर्छ। यसले "महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण" माथि प्रतिबन्ध लगाएको छ।

[४४] उदाहरणका लागि, सशस्त्र द्वन्द्व शुरू हुनुअघि माघ २०५२ मा बाबुराम भट्टराईले पेश गरेको ४० बुँदे स्मरणपत्रमा देहायको कुरा उल्लेख थियो: "पितृसत्तात्मक शोषण तथा महिलाविरुद्धको विभेद अन्त्य गरिनुपर्छ। छोरीहरूलाई पैतृक सम्पत्तिमा पहुँच दिनुपर्छ।"

[४५] नागरिक आवाज, प्राप्तिसँगको अन्तर्वार्ता (वाई२७) (सुदूरपश्चिम प्रदेश, नेपाल, २०७८ जेठ १६। प्राप्तिले भनिन्, "मैले सहकारीबाट ऋण लिएँ। हाम्रो अभिभावक नभएकाले बैंकहरू हामीलाई विश्वास गर्दैनन्। मैले यस ऋणको १६ प्रतिशत ब्याज तिर्ने गरेकी छु। यसरी म बाँचिरहेकी छु।"

**बालबालिकाको हक (धारा ३९)**
अन्य कुराका अतिरिक्त यस प्रावधानले बालविवाह, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग तथा कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन प्रतिबन्ध लगाएको छ।

**सरकारी निकायमा प्रतिनिधित्व (धारा ८४, ८६, २१५, २१६, २२०, २२२, २२३)**
राजनीतिक दलले आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्नेछ। राष्ट्रिय सभामा निर्वाचित हुने कुल ५६ सदस्यमध्ये कम्तीमा २१ सदस्य (सात प्रदेशबाट तीन-तीनजनाको दरले) महिला हुनुपर्नेछ। त्यस्तै स्थानीय गाउँपालिका, नगरपालिका र जिल्ला तहमा लगभग ४० प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्नेछ।

**अपराध पीडित संरक्षण ऐन २०७५**
जबर्जस्ती करणी, हाडनाता करणी, मानव बेचबिखन र यौन दुर्व्यवहारका कसूरको "अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारवाही" को सिलसिलामा पीडितलाई गोपनीयताको हक यसले सुनिश्चित गराएको छ। त्यस्तै अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीसम्बन्धी सूचनाको अधिकार; कानून व्यवसायी राख्न पाउने तथा अदालतको सुनुवाइसम्बन्धी कारबाहीमा सहभागी हुन पाउने अधिकार; "जबर्जस्ती करणीको कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव" तथा "जबर्जस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणका लागि लाग्ने खर्च" कसूरदारबाट क्षतिपूर्ति भराइदिन यस ऐनले व्यवस्था गरेको छ।[४६]

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६**
घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था यस ऐनले गरेको छ। पीडितले अनुरोध गरेमा उजुरीसम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्नेछ र सुरक्षा उपायहरू पनि अपनाउनुपर्नेछ।[४७]

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४**
मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई यस ऐनले प्रतिबन्ध लगाएको छ र यसका कसूरदारलाई कठोर सजाय र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ।[४८]

**सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार ऐन २०७५**
यस ऐनले प्रत्येक महिला र किशोरीलाई "यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार" दिएको छ। त्यसमा प्रसूति सेवा र सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा केही शर्तसहित सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने व्यवस्था छ।[४९]

[४६] अपराध पीडित संरक्षण ऐन, २०७५।
[४७] घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६।
[४८] मानव बेचबिखन तथा ओसारपसरा (नियन्त्रण) ऐन, २०६४।
[४९] सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५।

**वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५**
यस ऐनले कुनै पनि व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैंगिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारित्व, पुरुषत्व, नपुंसकत्व वा शारीरिक रोग जस्ता विषयको गोपनीयता कायम राख्ने अधिकार दिएको छ।[५०]

**कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१**
यस ऐनले कार्यस्थलमा हुने यौन दुर्व्यवहारमा प्रतिबन्ध लगाएको छ र सुरक्षित, स्वच्छ र मर्यादित वातावरणमा काम गर्न पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सुनिश्चित गरेको छ।[५१]

यी तथा अन्य सुधारको परिणामस्वरूप नेपाल सरकारले महिलाको अधिकारलाई अघि बढाउने दिशामा प्रगति गरेको छ। सरकारी पदमा महिलाको सहभागिता सुनिश्चित गर्ने काम पनि त्यसअन्तर्गत पर्छ। बहालवाला राष्ट्रपति विद्यादेवी भण्डारी नेपालकी प्रथम महिला राष्ट्रपति हुन्। संसद्मा ३३.५ प्रतिशत महिला सहभागिता छ जुन दक्षिण एसियामै सबभन्दा उच्च दर हो। त्यस्तै स्थानीय तहमा ४१ प्रतिशत महिला सहभागिता छ।[५२]

यी प्रतिशतहरूले थप समावेशी र प्रतिनिधिमूलक सरकार बनाउनका लागि प्रगति भएको संकेत दिए पनि यिनबाट सम्पूर्ण चित्र देखापर्दैन। राजनीतिक दलहरूले महिलाहरूलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न नदिई समानुपातिक प्रतिनिधित्व हुने गरी कोटाका आधारमा सांसद बनाउने गरेका छन्। उदाहरणका लागि, २०७४ सालको चुनावी वर्षमा प्रतिनिधिसभामा प्रत्यक्षतर्फ प्रतिस्पर्धा गरेका महिलामध्ये ३.६४ प्रतिशत निर्वाचित भएका थिए भने प्रदेश सभामा ५.१५ प्रतिशत महिला मात्र छानिएका थिए।[५३] दृष्टिकोणको उक्त भिन्नताले महिला अधिकारीहरूलाई आफ्नो भूमिका र उपलब्धिको स्तरका विषयमा धारणा बनाउन योगदान गर्छ :

> *"प्रत्यक्ष निर्वाचन जितेकाहरू आफूले धेरै मेहनत गरेको र सीप, पैसा तथा ज्ञानको राम्रो लगानी गरेको सोच राख्छन्। तर समानुपातिक प्रतिनिधित्व गर्ने सांसदहरूलाई राजनीतिक दलहरूले मनोनित गरेको हुनाले उनीहरू आफूलाई प्रत्यक्ष निर्वाचन जितेकाहरूको तुलनामा हीन अनुभव गर्छन्।"*[५४]

सेनाका विभिन्न दर्जामा पनि महिलाहरूको सहभागिता बढेको छ। अहिले ६,२२८ महिला सकल दर्जामा कार्यरत छन् भने त्यसबाहेक ६८८ महिला एक महिला अधिकृतको नेतृत्वमा बेग्लै निकायमा सेवारत छन्।[५५]

यी प्रगतिहरूका बाबजूद नेपालले महिला र बालिकाहरूको अधिकार तथा सुरक्षा सुनिश्चित गर्नका लागि अझै थुप्रै काम गर्न बाँकी छ। युद्धपछि महिला, द्वन्द्व पीडित तथा जोखिममा रहेका अन्य व्यक्तिलाई २०७२ सालको संविधान तथा अपराध संहिता सहित अन्य कानूनअन्तर्गत दिइएको आधारभूत अधिकार तथा युद्धसँग सम्बन्धित यौन हिंसाका पीडितका सन्दर्भमा तिनको महत्त्वको थप विश्लेषण अध्याय ११ मा विस्तारका साथ गरिनेछ (परिपूरणका सम्भावनाहरू)।

## २. हाल हुने गरेको लैंगिक हिंसा र विभेद

युद्ध अन्त्य भएपछि नेपाल सरकारले लैंगिक समानता तथा महिला सशक्तीकरणलाई सुनिश्चित गर्नका लागि विभिन्न कदम चालेको भए पनि यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका

---

[५०] गोपनीयता ऐन, २०७५।

[५१] कार्यस्थलमा हुने यौन दुर्व्यवहार (रोकथाम) ऐन, २०७१ तथा त्यसका विभिन्न संशोधन।

[५२] यूएनडीपी, मानव विकास प्रतिवेदन २०७७ (एन३०)।

[५३] सीड महासन्धिको छैठौं आवधिक प्रतिवेदनका लागि नागरिक समाजको छायाँ प्रतिवेदन, असोज २०७५, धारा ७।

[५४] सिसिलिया बाइलेस्जो, रुम्बिदजाई ए कन्दावास्विका-न्हुन्दु र सीटना लारसेरुद, इन्टरनेसनल इन्स्टिच्युट फर डेमोक्रेसी यान्ड इलेक्टोरल असिस्टेन्स, २०६७ जेठ ११।

[५५] यूएन ओएचसीएचआर। मानवअधिकार प्रवर्धन तथा संरक्षणमा नेपाल सरकारको जवाफ (एन २७) २।

अधिकांश युद्धसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको जीवनमा खासै परिवर्तन आएको छैन । उल्टो, युद्धको बेलामा उनीहरूले बेहोरेको भोगाइ अहिले पनि उनीहरूको जीवनमा कायम छ : हिंसा, लिंग, जात र वर्गका आधारमा गरिने विभेद, अवसरको कमी, गरीबी र पीडितहरूले सहनुपरेको अपराधमा जवाफदेहिता, उल्लंघनको पहिचान तथा अपराधका कारण पुगेको क्षति र त्यसको परिणामको क्षतिपूर्तिप्रति राजनीतिक नेताहरूले देखाएको उदासीनता उनीहरूको जीवनको अंग बनेको छ ।

यौनजन्य तथा अन्य प्रकारका हिंसा विशेषगरी सीमान्तीकृत समूहमा "नियमित रूपमा" हुने गरेको छ । महिलाविरुद्धको हिंसासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकले नेपाल भ्रमणपछि २०७६ सालमा यसको कारण तथा परिणामको विषयमा लेखेकी थिइन्, "पितृसत्तात्मक सामाजिक मूल्य मान्यताका साथै विभेदकारी हानिकारक अभ्यास र हिंसा तथा सामाजिक बदनामीको सामान्यीकरण...समाजका सबै तप्कामा फैलिएका छन् । यसले महिला र बालिकालाई बढी असर पारिरहेको छ । विशेषगरी सीमान्तकृत समूहका महिला र बालिकाले बहुआयामिक तथा विविध किसिमका विभेद सहनुपरेको छ ।"[५६] पन्ध्र वर्षभन्दा माथिका लगभग एक चौथाइ महिलाले प्रेमी वा पतिबाट हिंसाको अनुभव गरेका छन्[५७] र १२ प्रतिशतले जीवनमा कम्तीमा एकपटक यौन हिंसा भोगेका छन् ।[५८] हिंसाको घटना भएपछि जम्मा ३ प्रतिशत महिलाले स्वास्थ्यकर्मीको सहायता लिएका छन् ।[५९]

२०७४ सालमा नेपालको स्वास्थ्य मन्त्रालयले जारी गरेको प्रतिवेदनमा उल्लेख भएअनुसार १५ देखि ४९ वर्ष उमेरका २६ प्रतिशत विवाहित महिलाले पतिबाट शारीरिक, यौनजन्य वा भावनात्मक हिंसाको अनुभव गरेका छन् । सात प्रतिशतले पतिबाट यौन हिंसा भएको बताएका छन् । १५ देखि ४९ वर्षसम्मका महिलाले (पति वा अन्यबाट) यौन हिंसाको अनुभव गरेका छन् भने त्यही उमेर समूहका ७ प्रतिशत महिलाले पति वा प्रेमी वा अन्य व्यक्तिबाट गरिएको यौन हिंसा भोगेका छन्[६०] तर यो संख्या पनि निकै घटाएर प्रस्तुत गरिएको विश्वास गरिन्छ ।[६१]

द रेकर्ड नेपालका अनुसार, २०६४ सालमा ३१७ वटा बलात्कारका घटनाको जाहेरी दिइएकोमा त्यो संख्या २५६ प्रतिशतले बढेर २०७४ सालमा १,१३१ पुगेको छ ।[६२] यो संख्या माथि जाने क्रम बढ्दो छ । आर्थिक वर्ष २०७६/७७ मा प्रहरीको अभिलेखमा बलात्कारका २,१४४ घटना तथा बलात्कारको उद्योगका ६८७ वटा घटना दर्ता भएका थिए जुन अघिल्लो वर्षको तुलनामा बढेको हो । त्यतिखेर बलात्कारका १,४८० वटा घटना र बलात्कारको उद्योगका ७२७ घटना भएका थिए ।[६३] यस्ता घटना बढ्न थालेपछि विभिन्न विरोध प्रदर्शनहरू गरिएका छन् र महिला सांसदहरूले कसूरदारका लागि कठोर सजायको माग गरेका छन् ।[६४]

द्वन्द्वको समयमा गाउँले र सीमान्तीकृत समुदायका महिला तथा बालिकाहरू विशेषगरी यौन तथा लैंगिक हिंसाको उच्च जोखिममा थिए र अहिले पनि छन् । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका आधाभन्दा बढी ५४.८ प्रतिशत (३१ मा १७) पीडित कि जनजाति कि दलित समुदायका हुन् र ती नेपालमा अतिसीमान्तीकृतमध्ये पर्छन् । तीमध्ये अधिकांश तराईका हुन् । तराईमा द्वन्द्वकालमा मात्र नभई २०७२ सालको संविधान जारी हुने बेलामा समेत हिंसा भएको थियो । त्यहाँ उच्च जातका महिला समेत नेपालको कठोर पितृसत्तात्मक समाजको आक्रमणको जोखिममा छन् । पुरुषहरूले लगभग पूर्ण दण्डहीनताका साथ महिला तथा अल्पसंख्यकलाई दुर्व्यवहार गर्ने, दबाउने र विभेद गर्ने गरेका छन् ।

[५६] संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्, महिलाविरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, अनुच्छेद ८ ।

[५७] यूएनडीपी, मानव विकास प्रतिवेदन ।

[५८] नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, वैशाख २०७३ ।

[५९] उही ।

[६०] नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, जानसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७३, ३३७–३४० ।

[६१] सुप्रिया मानन्धर, द *रेकर्ड*, २०७४ चैत १४ ।

[६२] उही ।

[६३] वंशरी कामदार, द *डिप्लोम्याट*, २०७७ मंसिर ३ ।

[६४] विनोद घिमिरे, द *काठमाडौं पोस्ट*, २०७७ असोज १९ ।

सीमान्तीकृत समुदायका मानिस "शक्तिको राजनीति, सामाजिक मूल्यमान्यता तथा परम्परागत प्रतिबन्धका कारण हिंसाको उजुरी गर्न र कानूनी कारबाही चलाउन" खासै इच्छा गर्दैनन्।[६५] महिला र लैंगिक तथा यौनिक अल्पसंख्यकलाई परिवार तथा समुदायको "इज्जत" का रूपमा लिने पितृसत्तात्मक समाज भएकाले उनीहरू उजुरी गर्न मान्दैनन्। शान्ति सम्झौताका दुवै पक्षहरूले युद्धको समयमा महिला तथा बालिकाविरुद्ध "यौन शोषण र दुर्व्यवहार सहितको" हिंसा भएको स्वीकार गरेको भए पनि त्यसबाट भएको क्षतिलाई सम्बोधन गर्न वा उत्तरजीवीलाई मानवअधिकार उल्लंघनका पीडितको हैसियत पहिचान गर्नुको साटो दोष लगाउने सामाजिक दृष्टिकोणलाई स्वीकार गर्नका लागि खासै केही काम गरेका छैनन्। द्वन्द्वमा मारिएका र बेपत्ता बनाइएका व्यक्तिको परिवारलाई क्षतिपूर्ति तथा अन्य सुविधा उपलब्ध गराउनका लागि लागू गरिएको अन्तरिम राहत कार्यक्रमले – जसको बारेमा तल अध्याय ९ मा चर्चा गरिएको छ – यस्तो स्वीकार गर्ने राम्रो अवसर थियो। तर द्वन्द्वसँग सम्बन्धित यौन हिंसा र यातनाका पीडितलाई त्यसबाट वञ्चित गरेर सरकारले उक्त अवसर गुमायो। युद्धभन्दा अगाडिदेखि नै चलि आएका महिला तथा यौनिक अल्पसंख्यकहरूलाई दबाउने संरचनागत असमानता र अभ्यास अहिले पनि नेपाली जीवनको एक अंगका रूपमा रहिरहेका छन्।

२०६८ सालको जनगणनामा "लैंगिक तथा यौनिक अल्पसंख्यक" शीर्षकको वर्ग समावेश गर्ने विश्वको पहिलो मुलुक नेपाल बनेको भए पनि[६६] कानून कार्यान्वयन अधिकारीहरूले लैंगिक तथा यौनिक अल्पसंख्यकहरूमाथि गर्ने शारीरिक दुर्व्यवहार सामान्य अभ्यासका रूपमा रहेको छ[६७] र उनीहरूको परिवार र समुदायमा विभेद, बदनामी तथा नकारात्मक छवि कायम छ। यसले उनीहरूलाई अरू कुराको अतिरिक्त परिवार, स्वास्थ्य, शिक्षा, रोजगारी, खानापिना तथा अन्य सामाजिक सुविधा उपभोग गर्ने अधिकार साँघुरो बनाइदिएको छ।[६८] यसबाहेक यौनिक अल्पसंख्यकहरूको अधिकारका लागि कार्यरत मानवअधिकार रक्षकहरू पक्राउ पर्ने तथा संगठन र त्यसका कर्मचारीमाथि धाकधम्की तथा थिचोमिचो हुने अनि प्रहरीले उनीहरूको कार्यालयमा खानतलाश गर्ने समस्या कायम छ।[६९] नेपालमा सबै समाज कल्याण संस्थाहरू दर्ता गर्नु अनिवार्य रहेकोमा केही संस्थाले दर्ता प्रक्रियामा अनावश्यक ढिलाइ गरिएको र यसले गर्दा उनीहरू अस्थायी रूपमा कामकारबाही बन्द गर्न बाध्य भएको बताउँछन्।[७०]

त्यसैगरी अपांगता भएका व्यक्ति पनि अतिरिक्त जोखिममा परेका छन्। भवानीकी छोरीमा अपांगता छ र उनी हिँडडुल गर्न सक्दिनन्। उनी केही समयअघि बलात्कृत भइन् र गर्भवती बनिन्। उनले पछि गर्भपतन गराइन्।

अन्तर्वार्ता लिइएका पीडितहरूलाई पनि नेपालमा भइरहेको लैंगिक हिंसाको राम्रो ज्ञान छ। वास्तवमा केही पीडितहरूका लागि उक्त हिंसा अत्यन्तै व्यक्तिगत छ। यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका ३१ मध्ये कम्तीमा पाँच महिलाले घरमा पतिबाट शारीरिक हिंसा सहने गरेका छन्। सुनमाया जस्ता पीडितको मनमा यो भारी बनेर बसेको छ। उनी भन्छिन्,

> *"म आजकल बलात्कारको घटना सुन्दा आफूमाथि भएको घटना सम्झिन्छु। कसैले पनि यस्तो यातनाको सामना गर्न नपरोस् भनी कामना गर्छु। तर अहिले पनि यस्ता घटनाको बारेमा सुनिन्छ। साना बालिकालाई समेत बलात्कार गर्ने गरिएको छ। सरकारले के गरिरहेको छ, मलाई थाहा छैन। सरकारले यस्ता बलात्कारीहरूलाई सजाय दिनुपर्छ।"*

यस्ता किसिमका घटना बढेपछि २०७४ कार्तिकदेखि राष्ट्रिय महिला आयोगले लैंगिक हिंसाका पीडितहरूको सहायताका

---

[६५] नागरिक समाजको छायाँ प्रतिवेदन।

[६६] यूएनडीपी र विलियम्स इन्स्टिच्युट। तेस्रो लिंगी नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरूलाई बुझाउने बृहत् शब्दावली हो। यौनिकता र लैंगिक पहिचानलाई अभिव्यक्त गर्नका लागि अन्य शब्दहरू पनि प्रयोग गरिन्छन्।

[६७] उही। २०७० सालमा गरिएको सर्वेक्षणमा सहभागी १,१७८ जनामध्ये २३ प्रतिशतले यस्तो दुर्व्यवहार भएको बताए।

[६८] नीलहीरा समाज, सीडसमक्ष पेश गरिएको छायाँ प्रतिवेदन, पुस २०७४।

[६९] २०६९ सालमा एक्स भानी चिनाइएकी घरेलु हिंसाकी एक पीडितको घटनामा विशेष प्रतिवेदकहरूले संयुक्त पत्र जारी गरेका थिए। उक्त घटनामा एक्सले आफूलाई समलिंगी भनी चिनाएपछि उनीमाथि थिचोमिचो र धाकधम्की दिइएको थियो। उनका साथै ओरेक नेपाल र मितिनी नेपाल नामक संस्थाका सदस्यहरूलाई पनि धम्की दिइएको थियो। हेर्नुहोस् यूएन ओएचसीएचआर, संयुक्त पत्र, २०६९ भदौ १९।

[७०] हेर्नुहोस् यूएन ओएचसीएचआर, संयुक्त पत्र, २०६९ चैत १५।

लागि राष्ट्रिय स्तरको २४ घन्टे निःशुल्क टेलिफोन हेल्पलाइन शुरू गरेको थियो। कार्तिक २०७४ देखि भदौ २०७८ सम्म हटलाइनमा ५,५१५ उजुरी दर्ता गरिए र दर्ता गर्नेमध्ये ९८ प्रतिशत महिला थिए। हिंसामा भावनात्मक हिंसा (४० प्रतिशत), आर्थिक हिंसा (३० प्रतिशत), शारीरिक हिंसा (२४ प्रतिशत) र यौन हिंसा (६ प्रतिशत) थिए।[७१]

यस प्रतिवेदनले भविष्यमा चाल्नुपर्ने कदमको चर्चा गरेको छ। शुरूमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूका लागि व्यक्तिगत तथा समूहगत परिपूर्ण उपलब्ध गराउनुपर्छ। नेपालमा लैंगिक हिंसा सहन सकिँदैन र सहिने छैन भन्ने तथ्य स्थापित गर्नका लागि यो महत्त्वपूर्ण पहिलो पाइला हो। युद्धको समयमा यस्तो ज्यादती सहने महिलाहरूलाई "उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा" विभेद नहुने अधिकार छ भन्ने कुरालाई पनि यसले स्थापित गर्छ।[७२]

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित, महिला तथा बालिका र अन्य सीमान्तीकृत समुदायप्रति नेपालको दायित्व पालन गर्नका लागि विद्यमान कानून तथा तिनमा गरिएका प्रतिबद्धतालाई कार्यान्वयन गर्न थप कदम चाल्नुपर्नेछ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजनालाई अन्तिम रूप दिने काम तथा त्यहाँ गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन त्यसअन्तर्गत पर्दछन्। त्यससँगै लैंगिक समानता, महिला, बालिका र यौनिक अल्पसंख्यकहरूको सशक्तीकरण तथा निजी वा सार्वजनिक जीवनमा उनीहरूविरुद्धको हिंसा रोकथामलाई सुनिश्चित गर्ने नेपालका अन्य कार्य योजना पनि त्यसमा पर्दछन्।

२०६८ सालमा नेपालले राष्ट्रसंघको सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० सम्बन्धी पहिलो राष्ट्रिय कार्य योजना ल्याएको थियो। त्यसक्रममा उसले देशभरीका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित, महिला संगठन, सुरक्षा क्षेत्रका प्रतिनिधि र सरकारी अधिकारी लगायतका ३,००० भन्दा बढी महिलासँग शृंखलबाद्ध रूपमा परामर्श गरेको थियो। कार्य योजनाको संरचना पाँचवटा खम्बा (सहभागिता, संरक्षण तथा रोकथाम, राहत तथा पुनर्लाभ, स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्यांकन)[७३] का आधारमा खडा गरिएको थियो। यसले महिला तथा बालिकाहरूमा "सशस्त्र द्वन्द्व तथा त्यसपछिको संक्रमणबाट सबभन्दा बढी असर परेको" कुरालाई स्वीकार गरेको थियो।[७४] निर्णायक भूमिकामा महिलाहरूको सहभागिता वृद्धि, महिला तथा बालिकाहरूलाई यौनजन्य र लैंगिक हिंसाबाट संरक्षण तथा दण्डहीनताको अन्त्यलाई कार्य योजनाको उच्च प्राथमिकतामा राखिएको थियो। तर द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको जीवनमा कुनै सार्थक परिवर्तन नल्याइकन कार्ययोजना २०७३ सालमा अन्त्य गरियो।

सरकारले दोस्रो कार्य योजना ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र त्यसको आरम्भिक मस्यौदा गृह मन्त्रालयको वेबसाइटमा राखेको छ।[७५] तर यो प्रतिवेदन पारित गर्दाको समयसम्म थप प्रगति रोकिएको छ। नेपाल सरकारले महिलाविरुद्धको हिंसा, समानता तथा विभेदरहिततासँग सम्बन्धित अन्य कार्य योजनाहरू पनि विगतका केही वर्षमा जारी गरेको छ। तीमध्येका केही यसप्रकार छन् :

**"लैंगिक हिंसाविरुद्धको वर्ष २०६७"[७६] राष्ट्रिय कार्य योजना**

यस कार्य योजनाका लागि विभिन्न मन्त्रालयका लैंगिक फोकल पोइन्ट, संविधानसभामा महिला ककसका सदस्य, महिला अभियन्ता तथा नागरिक समाज सहित अन्यसँगको परामर्शपछि सात सदस्यीय अन्तर्मन्त्रालय समितिले तयार पारेको थियो। यो एक वर्षे योजना १) लैंगिक हिंसाका उत्तरजीवीलाई न्यायमा थप पहुँच दिलाउन, २) लैंगिक हिंसाका उत्तरजीवीको सुरक्षाका

[७१] राष्ट्रिय महिला आयोग, हेल्पलाइन ११४५, फ्याक्टशीट, २०७४ मंसिर ५–२०७८ असोज १४।

[७२] *नेपालको संविधान* २०७२।

[७३] नेपाल सरकार, संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० को कार्यान्वयनका लागि राष्ट्रिय कार्य योजना। (२०६७ माघ १८)

[७४] उही।

[७५] नेपाल सरकार, गृह मन्त्रालय, दोस्रो राष्ट्रिय कार्य योजना आरम्भिक मस्यौदा।

[७६] नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, "लैंगिक हिंसाविरुद्धको वर्ष २०६७" का लागि राष्ट्रिय कार्य योजना (२०६६ मंसिर १०)।

लागि समुदायगत तथा आउटरीच सेवालाई बलियो बनाउन, ३) लैंगिक हिंसामा स्वास्थ्य क्षेत्रले उपचारका लागि गर्ने पहललाई बलियो बनाउन, विभिन्न स्तरमा मानिसहरूको सचेतना बढाउन तथा "शून्य सहनशीलता" लाई प्रवर्धन गर्न, तथा ४) लैंगिक हिंसाको जोखिममा रहेका महिला तथा बालिकाहरूलाई आर्थिक सहयोग उपलब्ध गराउन बनाइएको थियो। यस एक वर्षे योजनाको कार्यान्वयनबाट सिकेर राष्ट्रसंघको सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२०[७७] सम्बन्धी पहिलो राष्ट्रिय कार्य योजना विकास तथा कार्यान्वयन गर्ने विशेष गतिविधि यस कार्यक्रमअन्तर्गत थियो।

**यौनजन्य तथा श्रम शोषणका लागि बालिका र महिलाको बेचबिखनविरुद्ध राष्ट्रिय कार्य योजना (२०५५, २०५८, २०६५)**

यस कार्य योजनाले "बेचबिखन रोक्नका लागि हस्तक्षेपका आठवटा रणनीतिक क्षेत्र" को पहिचान गरेको थियो।[७८] तत्कालीन महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई यसको कार्यान्वयनको जिम्मेवारी दिइएको थियो। २०६४ सालमा नेपालले मानव बेचबिखन (नियन्त्रण) ऐन २०६४ (माथिको छलफल हेर्नुहोस्) जारी गरेको थियो[७९] र २०७७ सालमा मानव बेचबिखन रोकथाम, दमन तथा सजायसम्बन्धी संयुक्त राष्ट्रसंघको आलेख नेपालमा लागू गरिएको थियो।

**बालबालिकाका लागि राष्ट्रिय कार्य योजना (२०६१/६२–२०७१/७२)**

यो कार्य योजना चैत २०६० मा जारी गरिएको थियो जुन बेलामा सशस्त्र द्वन्द्व चलिरहेकै थियो। निजी क्षेत्र, ट्रेड युनियन, व्यावसायिक संघसंस्था, नगरपालिकाहरू तथा पीडित बालबालिका (सडक बालबालिका, अपांगता भएका बालबालिका र बाल श्रम, यौन शोषण तथा द्वन्द्वमा परेमा बालबालिका) को प्रतिनिधित्व गर्ने संस्थाहरूको सहभागितामा ६ वटा क्षेत्रीय परामर्श गोष्ठी आयोजना गरिएको थियो। राष्ट्रिय कार्य योजनाले "सबै बालबालिकाको अधिकार प्रवर्धन गर्ने तथा बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषण, दुर्व्यवहार र विभेदलाई निर्मूल गर्ने" लक्ष्य लिएको थियो।[८०] कार्यान्वयनका लागि पहिचान गरिएका प्रमुख नीतिमा "व्यापक रूपमा फैलिएको लैंगिक तथा जातीय विभेद" घटाउने काम र "द्वन्द्वप्रभावित तथा कठिन परिस्थितिमा रहेका बालबालिका"[८१] को पुनर्वास गराउने काम पर्दथे।[८२] क्षतिपूर्ति तथा मनोसामाजिक परामर्शको व्यवस्थाका साथ उक्त कार्यान्वयन गर्ने लक्ष्य थियो।[८३] २०७३ सालमा तयार पारिएको अन्तिम मूल्यांकनमा योजनाको आउटपुटका रूपमा रहेको अनुगमन तथा मूल्यांकन योजना विकसित नै नगरेको पाइयो।

**बेइजिङ प्ल्याटफर्म फर एक्सन राष्ट्रिय कार्य योजना (२०५७)**

नेपालले पेश गरेको यस कार्य योजनामा पाँचवटा प्राथमिकताको पहिचान गरिएको थियो जसमा समानता तथा विभेदरहितता, न्यायमा पहुँच, गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अभिवृद्धि, सार्वजनिक जीवनमा सार्थक सहभागिता तथा प्रतिनिधित्व, महिला र बालिकाविरुद्धको हिंसा उन्मूलन र स्वास्थ्य सेवा तथा प्रजनन् स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि समावेश गरिएका थिए।[८४]

[७७] उही।

[७८] यूएन वीमेन, ग्लोबल डेटाबेस अन भायलेन्स अगेन्स्क वीमेन। नेपालले पहिलोपटक २०५५ मा अनि पुनः २०५९ मा बालबालिका तथा महिलालाई यौन र श्रम शोषणका लागि गरिने ओसारपसार विरुद्धको राष्ट्रिय कार्य योजना जारी गरेको थियो।

[७९] मानवबेचबिखन तथा ओसारपसरा (नियन्त्रण) ऐन, २०६४।

[८०] नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, बालबालिकाका लागि राष्ट्रिय कार्य योजना, फागुन २०६०, १४।

[८१] उही १६।

[८२] उही ७८–८०।

[८३] यूनीसेफ, बालबालिकाका लागि राष्ट्रिय कार्य योजनाको अन्तिम मूल्यांकन (२०६०–२०७१)।

[८४] नेपाल सरकार, समीक्षा प्रतिवेदन, २०७६ असार १३।

यी अन्य योजनामध्ये बालबालिकाका लागि राष्ट्रिय कार्य योजनाले विशेषगरी द्वन्द्वसँग सम्बन्धित क्षतिलाई सम्बोधन गरेको छ। तर २०६८ सालको राष्ट्रिय कार्य योजना तथा छिट्टै जारी गरिने आशा गरिएको संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का प्रस्ताव १३२५ र १८२० सम्बन्धी दोस्रो राष्ट्रिय कार्य योजनासँग यी सबै योजनाका नीति उद्देश्य र लक्ष्य धेरै कुरामा समान छन्। यी सबैको कार्यान्वयन गरिने हो भने यिनले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवी, महिला तथा बालिका र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका सदस्यको अधिकार कार्यान्वयनमा सहयोग पुऱ्याउने सम्भाव्यता बोकेका छन्।

# ङ. नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको दायरा र प्रकृति

दश वर्षे द्वन्द्वका दौरान भएको द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको संख्या वास्तविक भन्दा कम आकलन गरिएको छ ।[८५] यसका पछाडि विभिन्न कारण छन् । समाजबाट बहिष्कार भइने डरले धेरैजसो पीडितले आफूमाथि भएको अपराधका बारेमा परिवारका सदस्यलाई समेत बताएका छैनन् । अपराधका पीडकहरूबाट प्रतिशोध लिइने डर पनि कतिपयलाई छ ।[८६] अनि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको पीडित भनेर नचिनिनका लागि केही पीडितले यातना वा अपहरण जस्ता ज्यादतीको मात्र पनि उजुरी गरेका छन् ।[८७] दुर्भाग्यवश, यौन हिंसाका कतिपय पीडितले अपराधको उजुरी गर्नअघि नै अपराधीहरूले उनीहरूको हत्या गरे ।

अपराधको उजुरी नगर्नमा आघातको पनि उल्लेख्य भूमिका रहन्छ ।[८८]

पूर्णमाया (छद्मनाम) ले संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिसमक्ष उजुरी दिएकी छन् । उनले अपराध भएको निकै समय बितिसक्दा पनि उजुरी दिन पाएकी थिइनन् । किनकि,

> *“उनको कानूनी प्रतिनिधित्व गर्ने कोही थिएन र यातनाका कारण उनले गम्भीर मानसिक आघात र शारीरिक बिरामी भोग्नुपरेको थियो ।”*[८९]

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका धेरै पीडितको पनि यस्तै किसिमको व्यथा छ ।

अन्य थुप्रै किसिमका “व्यक्तिगत बाधाअवरोध” ले पनि पीडितहरूको विकल्पलाई साँघुरो बनाएको छ । त्यसमा “लाज र दोषी भाव, न्यायिक प्रणाली र प्रहरीप्रतिको अविश्वास, प्रतिशोधको भय तथा गोपनीयता वा बदनामीको चिन्ता” का साथै “निरक्षरता र गरीबीसँगैका थप सांस्कृतिक बाधाअवरोध सबैले गर्दा बलात्कारको उजुरी दिन अत्यन्तै कठिन बनाएको छ ।”[९०] रसिलाले यसको व्याख्या गरिन्,

---

[८५] प्रायः भनिने गरेको १० वर्षे अवधिले समावेश गरिनुपर्ने ज्यादतीलाई लिने गरेको छैन । सरकारले कार्तिक २०५२ मा अपरेसन रोमियो आरम्भ गरेको थियो । २०५२ फागुन १ मा जनयुद्धको आधिकारिक रूपमा घोषणा गर्नुभन्दा ठीक अघि ल्याइएको अपरेसन रोमियोका कारण स्वेच्छाचारी पक्राउ, थुना र हिरासतमा सम्भावित ज्यादती भएको थियो । एम्नेस्टी इन्टरनेसनल, माओवादी जनयुद्धको सन्दर्भमा मानवअधिकार उल्लंघन (२०५३ फागुन २७) । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरपछि पनि यही स्थिति कायम छ ।

[८६] मानवअधिकार समिति, २०७४ असार ९ ।

[८७] तारासँगको अन्तर्वार्ता (एट) (लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ १४) (“मेरो समुदायलाई म अपहरणमा परेको मात्र थाहा थियो । म सामुदायिक कार्यक्रममा जाँदा यातनापीडित मात्र हुँ भन्छु । कस्तो किसिमको यातना बेहोर्नुभएको थियो भनी मलाई अरूले सोध्दा मलाई नराम्रो लाग्छ । म उनीहरूलाई यातनाको व्याख्या गर्न सक्दिनँ ।”)

[८८] ११२औं सत्र (२०७१ असोज २१ देखि कार्तिक १४ सम्म) मा मानवअधिकार समितिले ग्रहण गरेको निर्णय (२०७१ पुस २४) । (“त्यही राति बर्दीमा लगाएका सैनिकहरू आरआरको घर पनि गए । ती सुभद्राकी नजिकैकी साथी थिइन् र त्यही गाउँमा केही परको अर्को घरमा बस्थिन् । उनीहरूले उनलाई घरबाट लगे, केरकार गरे र गोली हानेर मार्नुअघि शायद बलात्कार गरे ।”)

[८९] मानवअधिकार समितिले ग्रहण गरेको निर्णय, अनुच्छेद २.९ ।

[९०] उही, अनुच्छेद ३.६ ।

"मैले बलात्कृत भएको कुरा कसैलाई पनि सुनाएको छैन । म अपहरणमा परेको कुरा मात्र आमाबुवालाई थाहा छ । आमाबुवाले यो कुरा थाहा नपाउनुहोस् भन्ने मेरो चाहना छ । म उहाँहरूलाई तनाव दिन चाहन्नँ । त्यसैले मेरो समुदायमा कसैलाई पनि यसबारेमा थाहा छैन । म अपहरणमा परेको थिएँ भन्ने कुरा मात्र मेरा पतिलाई थाहा छ । मैले उनलाई यसबारेमा बताउन धेरैपटक कोशिश गरेको थिएँ, तर हिम्मत आएन । मैले पतिलाई यो कुरा बताएँ भने उनले मलाई घरबाट निकालिदिनेछन् भन्ने डर मलाई लाग्छ ।"

कानूनको जानकारी नभएकाले वा कसरी वा कहाँ जाने भन्ने कुरा थाहा नपाएर धेरैले औपचारिक उजुरी गरेनन् ।[९१] विशेषगरी अपराधमा प्रहरी नै प्रायः मतियार हुने गरेकाले पनि पीडितलाई न्यायका लागि कहाँ जाने थाहा भएन ।[९२] बलात्कारपछिको शारीरिक स्वास्थ्य जाँचका लागि "आवश्यक सुविधा" सरकारी अस्पतालमा पनि उपलब्ध थिएन । वर्षौंपछि एड्भोकेसी फोरम जस्ता नागरिक समाज संगठनहरूको प्रेरणामा न्यायका लागि अघि बढेका पीडितहरू समेतले जाहेरी दर्ता गराउने क्रममा कानूनी प्रक्रियागत तथा प्रशासनिक चुनौतीको सामना गर्नुपरेको छ । प्रहरीले उजुरी लिन ठाडै अस्वीकार गर्नेदेखि[९३] कानून वा प्रक्रियामा लगाइएका "कठिन कानूनी र प्रशासकीय सीमाहरू अन्य बाधाका रूपमा रहेका छन् ।[९४] प्रहरीले उजुरी लिँदा गर्ने असंवेदनशील तथा दुर्व्यवहारपूर्ण अभ्यास पनि यसअन्तर्गत पर्दछ र यसलाई सर्वोच्च अदालतले यसप्रकार वर्णन गरेको छ :

> *"जाहेरीले पीडितहरूलाई प्रहरी कार्यालय र अदालतमा सार्वजनिक गरिदिन्छ, पीडित बयान दिनका लागि तथा स्वास्थ्य र गुप्तांग जाँचका लागि अदालत र प्रहरीमा उपस्थित हुनुपर्छ ।"*[९५]

युद्धको समयमा स्थानीय अधिकारीहरूले कानूनव्यवसायीको सहायता नलिइकन मुद्दा दायर गर्नका लागि प्रयास गर्ने महिलाहरूलाई मजाक गर्ने गर्थे । प्राप्ति (छद्मनाम) लाई यसै गरिएको थियो :

"म जिल्ला अदालतमा मुद्दा दर्ता गराउन गएकी थिएँ । त्यहाँ मैले प्रहरी नायब उपरीक्षकलाई भेटें । उनका पिता न्यायाधीश थिए । उनीहरूले मेरो मुद्दा दर्ता गरेनन् अनि युद्धको समयमा यस्तो घटना त भइहाल्छ नि भने । त्यसपछि म प्रमुख जिल्ला अधिकारीलाई भेट्न जिल्ला प्रशासन कार्यालय गएँ । त्यहाँ मैले मेरो मजाक उडाउने त्यही प्रहरी नायब उपरीक्षकलाई देखें । अहिले ट्रायल इन्टरनेसनलको सहायता लिएर मैले उच्च अदालतमा मुद्दा दर्ता गरेकी छु ।"

पीडितलाई सरकारी माध्यमबाट न्याय दिनबाट रोक्ने र सताउने अभ्यास अहिले पनि जारी छ । प्रहरीले अहिले पनि "बलात्कारका धेरै घटनामा" जाहेरी दर्ता गर्न "अनिच्छा" देखाइरहेको छ र दर्ता गरेपछि पनि पीडितहरूलाई "अदालतबाहिरै मिलापत्र गराउन दबाब दिइरहेको छ । विशेषगरी शक्तिशाली पदमा रहेका व्यक्ति वा उनीहरूको संरक्षणमा रहेका व्यक्ति त्यस्ता घटनामा संलग्न रहेको मुद्दामा प्रहरीको यस्तो उदासीनता देखिने गरेको छ ।[९६] समुदाय स्तरमा गरिने मेलमिलाप प्रक्रिया प्रायःजसो "नगद वा जिन्सीको लेनदेन वा पीडकले पीडितलाई विवाह गर्ने" गरी टुंगिने गरेको छ ।[९७]

---

[९१] आन्तरिक विस्थापन निगरानी केन्द्र र नर्वेली शरणार्थी परिषद्को प्रतिवेदन, २०६६ माघ १५ । यसमा युद्धको समयमा आन्तरिक रूपमा विस्थापित भएका र काठमाडौं जस्ता शहरी केन्द्रमा सरेपछि उनीहरूले बेहोरेको यौन हिंसालाई समावेश गर्छ ।

[९२] ओरेक र आईसीस-डब्ल्यूसीसीईको प्रतिवेदन, २०६८ चैत ७, १७ ।

[९३] सीसीपीआर, निवेदन नं २२४५/२०१३ का विषयमा मानवअधिकार समितिले गरेको निर्णय (एन८६) ४ ।

[९४] यूएनएसजी, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा : संयुक्त राष्ट्रसंघका महासचिवको प्रतिवेदन (२०७७ जेठ २१) ।

[९५] २०६५ असार २५ मा सर्वोच्च अदालतले नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, मन्त्रिपरिषद्को सचिवालय, प्रतिनिधिसभा, राष्ट्रिय परिषद्लाई दिएको परमादेश ।

[९६] लक्ष्मी पोखरेल र बोराम जङ, 'नेपालमा बलात्कारको अपराधमा दण्डहीनताको चक्र तोड' नामक प्रतिवेदन, आईसीजे, २०७७ चैत १७ ।

[९७] ओरेक र आईसीस-डब्ल्यूसीसीईको प्रतिवेदन ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई त्यतिखेर रहेको ३५ दिने हदम्यादले पनि न्याय प्राप्तिमा अवरोध गरेको छ।[९८] बलात्कार तथा अन्य यौन हिंसासँग सम्बन्धित विद्यमान कानूनको अवस्थाका विषयमा तल अध्याय ११ मा थप विस्तारमा चर्चा गरिनेछ।

यी सबै चुनौतीहरू रहेको भए पनि अन्य संस्थाका अतिरिक्त पीडित समूह तथा नागरिक समाज, संयुक्त राष्ट्रसंघ र नेपालको राष्ट्रिय मानवअधिकार आयोगले नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको संख्या अभिलेखीकरण गर्नका लागि उल्लेख्य प्रयास गरेका छन्। उदाहरणका लागि, "द्वन्द्वको समयमा गरिएका गम्भीर उल्लंघनमा न्याय" सुनिश्चित गर्नका लागि २०६९ सालमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले विस्तृत नेपाल द्वन्द्व प्रतिवेदन र त्यससँगै ट्रान्जिसनल जस्टिस रिफरेन्स अर्काइभ जारी गरेको थियो।[९९] उक्त प्रतिवेदनमा ओएचसीएचआरले द्वन्द्वका दश वर्षमा १०० भन्दा बढी यौन हिंसाका घटनाको अभिलेख राखेको थियो। त्यसमध्ये सबैभन्दा बढी अपराध सशस्त्र प्रहरी, नेपाल प्रहरी र शाही नेपाली सेनाले गरेका थिए। पुरुषहरू यौन हिंसाको शिकार बनेको कुनै घटना पाइँदैन अनि यौन हिंसा पीडित महिलाहरूले गरेको उजुरीमध्ये १२ वटा मात्र माओवादीहरूले गराएको भनी आरोप लगाइएको छ।[१००]

त्यही समयतिर संयुक्त राष्ट्रसंघको जनसंख्यासम्बन्धी निकाय (यूएनएफपीए) र संयुक्त राष्ट्रसंघको बालबालिकासम्बन्धी निकाय (यूनीसेफ) ले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका ८२१ वटा घटनाको अभिलेखीकरण गरेका थिए जसले "द्वन्द्व र द्वन्द्वोत्तर दुवै अवधिलाई समेटेको थियो र त्यस अवधिमा भएका ७० वटा घटनालाई संक्रमणकालीन न्याय प्रक्रियाका लागि योग्य हुन सक्ने भनी पहिचान गरेको थियो।" तर पीडितहरूले त्यस समयमा कानूनी परामर्श पाएको भए पनि केही पीडितले "पुनः पीडित बनिने, परिवारमा विग्रह आउने र गरीबीको डरले" गर्दा औपचारिक उजुरी नगर्ने निर्णय लिएका थिए।[१०१]

त्यसको एक वर्षपछि एड्भोकेसी फोरम नेपालले २०६८ सालमा "यौनजन्य तथा लैंगिक हिंसाका पीडितले क्षतिपूर्ति पाउनका लागि चुनौती" शीर्षकमा जारी गरेको जानकारी पत्रमा संस्थाले काम गर्ने जिल्लाहरूमा यौन हिंसाका १२८ वटा घटनाको उल्लेख गरेको थियो। अधिकांश घटना (७३ प्रतिशत) सरकारी निकायका मानिसले गरेका थिए भने आधाभन्दा बढी घटना (५६ प्रतिशत) मा एकभन्दा बढी पीडक संलग्न थिए।[१०२]

उक्त समयदेखि अहिलेसम्म आइपुग्दा थप पीडितहरू उजुरी दिन इच्छुक भएका छन्। द्वन्द्वमा भएका यौन हिंसासम्बन्धी महासचिवका विशेष प्रतिनिधिको कार्यालयले बनाएको प्रतिवेदनमा उल्लेख गरिएअनुसार, "(सत्य निरूपण तथा मेलमिलाप आयोगमा) दर्ता गरिएका ६३,००० उजुरीमध्ये ३०८ वटा द्वन्द्वको समयमा सरकारी सुरक्षाकर्मी तथा माओवादी विद्रोही दुवैले गरेको द्वन्द्वसँग सम्बन्धित यौन हिंसा थिए।"[१०३] तर यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका ३१ पीडितहरूमध्ये १६ जनाले मात्र सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दिएको बताए। अर्थात्, उजुरीको संख्या वास्तविकताभन्दा निकै कम हुन सक्छ।

यस अध्ययनका क्रममा अन्तर्वार्ता लिइएकी एक पीडित प्रदेश १ को सरकारी कार्यालयमा काम गर्छिन् र उनले पनि यस्तै कुरा बताइन्। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको संख्या १,५०० देखि २,००० सम्म हुन सक्ने सम्भावना रहेको उनी बताउँछिन्:

---

[९८] मुलुकी ऐन, २०२०, अध्याय १४, अनुच्छेद ११।

[९९] यूएनओएचसीएचआर (एन१५)। त्यस प्रतिवेदनले पूर्ण "अनुसन्धान"को परिणाम उपलब्ध गराएन बरू "अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लंघन भएको आशंकाका लागि जायज आधारसहितको विश्वसनीय आरोपको पहिचान गर्न आरम्भिक प्रयास" गरिएको बतायो।

[१००] उही १५८, एन ५१८।

[१०१] यूएनडीपी (मल्टी पार्टनर ट्रस्ट फन्डड अफिस), मूल्यांकन प्रतिवेदन, २०६९ मंसिर ११। उक्त परियोजनाले ३६,४७१ बालिका तथा महिलालाई प्रजनन स्वास्थ्य र सम्बन्धित सेवा तथा ३,५५१ जना महिलालाई मनोसामाजिक र एक हजारजना महिलालाई कानूनी परामर्श उपलब्ध गराएको थियो।

[१०२] एड्भोकेसी फोरमको प्रतिवेदन (फागुन २०६९)।

[१०३] यूएनएसजी, द्वन्द्वसँग सम्बन्धित यौन हिंसा : संयुक्त राष्ट्रसंघका महासचिवको प्रतिवेदन (२०७७ जेठ २१)।

*"यातना र यौन हिंसा भोगेका महिलाको संख्या सानै छ जस्तो लाग्छ । गन्ने हो भने त्यस्तै १,५०० देखि २,००० होला ।"*

सरकारले राजनीतिक इच्छाशक्ति देखाउने हो भने पीडितलाई न्यायिक उपचार उपलब्ध गराउन सक्नेतर्फ उनको इशारा थियो ।

अहिलेको समयमा नेपालमा यौन हिंसा नियमित रूपमा हुने गरेको छ । तर यसमा पीडकहरू खासै दण्डित भएका छैनन् र यसको खासै उजुरी पनि पर्ने गरेको छैन । २०७७ सालमा मात्र अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले बलात्कारका ६४८ वटा घटना, बलात्कारको कोशिशका १५२ वटा घटना र यौन दुर्व्यवहारका ६२ वटा घटनाको अभिलेखीकरण गरेको थियो।[१०४] "नेपाल प्रहरीका अनुसार, आर्थिक वर्ष २०७६/७७ मा बलात्कारका २,१४४ घटना र बलात्कारको प्रयासका ६८७ वटा घटनाको उजुरी परेको थियो । तर उल्लेख्य संख्यामा उत्तरजीवीहरूले प्रहरीसमक्ष यस्ता घटनाको उजुरी नगर्ने भएकाले वास्तविक संख्या झन् बढी हुन सक्छ ।"[१०५]

## उनले यसलाई यसरी टुंग्याइन्, "राज्यका लागि यो ठूलो संख्या हैन" ।[१०६]

युद्धको समयमा जस्तै अहिले पनि बलात्कारका घटनामा कम उजुरी पर्नुमा यौन हिंसाको बदनामी तथा वर्जना पनि एक कारण हुन सक्छ । त्यसका साथै न्याय प्रणालीमा विश्वासको अभाव र स्वास्थ्य, कानूनी तथा मनोवैज्ञानिक सेवामा पहुँचको अभावले पनि यसमा योगदान गरेको हुन सक्छ । पीडितले उजुरी दिने निर्णय लिँदा पनि प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गर्ने वा प्रमाणलाई राम्रोसँग व्यवस्थापन नगर्ने काम गर्छन् । उजुरी दर्ता भइसकेपछि अभियोजनहरू दुर्लभै मात्र सफल हुन्छन् । यसका पछाडि अनेकौं कारण छन् : उदाहरणका लागि, अनुसन्धानकर्मी, अभियोजनकर्ता तथा न्यायाधीशहरूले प्रमाणको अभाव भन्दै प्रायः मुद्दालाई खारेज गर्ने गरेका छन् । पीडकको हैसियतका कारण वा पीडितको बदनामी हुने डर देखाएर प्रहरीले पीडितका परिवारलाई दबाब दिने घटनाहरू पनि छन् । त्यस्तो प्रवृत्ति परिवर्तन नभएसम्म थप सही संख्या प्राप्त गर्न सकिँदैन । प्रहरीले लैंगिक हिंसाका उजुरीलाई कसरी लिने गरेको छ भन्ने विषयमा थप चर्चा तल अध्याय ११ मा गरिनेछ ।

---

[१०४] इन्सेक, नेपाल : मानवअधिकार वर्ष पुस्तिका २०७८ : प्रतिबद्धताको जवाफदेहिता, परिशिष्ट २.१ ।

[१०५] सम्पादकीय, द *काठमाडौं पोस्ट*, २०७७ माघ २८ ।

[१०६] नागरिक आवाज, गौरी (ए११) सँगको अन्तर्वार्ता, प्रदेश १, नेपाल, २०७८ असार ६ ।



*रोल्पाको लिवाङमा महिला शान्ति सहजकर्ताहरुको साझा सत्रमा शान्ति दियो बाल्दै।*

*© नागरिक आवाज*

# च. अध्ययनले समेटेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको विवरण

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका पीडितहरू देशका सबै प्रदेशको प्रतिनिधित्व गर्छन् र यिनमा सरकार तथा माओवादी दुवै पक्षबाट पीडित भएका मानिस समेटिएका छन्। उनीहरू २८ देखि ६८ वर्ष उमेरका छन् र उनीहरूको भिन्न भिन्न किसिमको शैक्षिक योग्यता छ।[१०७] पटक्कै विद्यालय नगएकादेखि माध्यमिक तह उत्तीर्ण गरेकासम्मलाई समेटिएको छ। धर्मको सवालमा यो नेपालको जनसंख्या अनुरूप नै छ। लगभग सबैले (८४ प्रतिशत) आफूलाई हिन्दू भनी चिनाए। अधिकांश पीडितहरू अपराध हुँदाको समयमा बालबालिका नै रहेकाले सहभागीहरूमध्ये सबभन्दा ठूलो संख्या ३५ देखि ३९ वर्ष उमेरका छन् यद्यपि नौजनाको उमेर ४५ वर्षभन्दा बढी छ।

यी सबै पीडितले जीवनको कुनै एक विन्दुमा विवाह गरेका छन्। यद्यपि अहिले धेरैजना एकल महिला (विधवा), पारपाचुके लिएका, पतिले त्यागेका वा पतिसँग छुट्टिएका छन्। तीनजनाबाहेक सबैको सन्तान छन् र अधिकांशको दुईदेखि चार छोराछोरी छन्। एक महिलाका ६ वटा सन्तान छन्। कुनै सन्तान बलात्कारका कारण जन्मेको हो हैन स्पष्ट छैन। बलात्कृत भएपछि गर्भवती बनेको कुरा एक महिलाले मात्र बताइन्। तर उनले गर्भपतन गराउने निर्णय लिएकी थिइन्।

अन्तर्वार्ता लिइएका लगभग आधा (४५.१ प्रतिशत) महिला जनजाति हुन्। उच्च जात (ब्राह्मण, क्षेत्री, चौधरी) र तल्लो जात (दलित) दुवै थरिको प्रतिनिधित्व भएको छ।[१०८] अधिकांश निम्नवर्गीय र सीमान्तकृत समुदायका हुन्। पीडितमध्ये ब्राह्मण परिवारका १२ जना गरीबीको रेखामा छन् भने १४ जना जनजाति समुदाय (थारू, राई, पुन, लामा, थापा, घर्ती मगर) छन् र तीनजना दलित छन्।[१०९]

यी महिलाहरू विभिन्न किसिमका रोजगारी गर्छन् र आयआर्जनका विभिन्न गतिविधिमा संलग्न छन्। अहिलेको समयमा अधिकांश पीडितहरू जीवीकोपार्जनका लागि कृषि, पशुपालन (बाख्रा तथा कुखुरापालन), तरकारी खेती र/वा मजदूरी गरिरहेका छन्। ३१ सहभागीमध्ये ११ जना कृषि, कुखुरापालन र पशुपालन, १० जना ज्यालादारी मजदूरी (अर्काको घरमा काम गर्ने), चारजना सानो व्यापार (तीनजना सिलाइबुनाइ, एकजना अगरबत्ती बेच्ने) गरेर जीवन चलाइरहेका छन्। एकजना एउटा स्थानीय सरकारमा उपप्रमुख छिन्, दुईजनाका पति सरकारी कार्यालयमा कार्यालय सहयोगी छन् भने दुईजनाका पतिहरू सवारीचालक छन्। यो प्रतिवेदन तयार पार्दाको समयमा कोभिड-१९ का कारण लगाइएको बन्देजले पीडितहरूलाई पैसा कमाउन निकै कठिन बनाएको थियो। विशेषगरी दैनिक ज्याला मजदूरी गर्ने, घरको सरसफाइ गर्ने र गाडी चलाउने पीडितहरूलाई गाह्रो परेको थियो।

पीडितहरूको पृष्ठभूमि र द्वन्द्वसँग सम्बन्धित यौन हिंसाले उनीहरूलाई कस्तो असर पारेको छ भन्ने विषयको थप विवरण र विश्लेषण तल दिइएको छ। आधारभूत जनसांख्यिक सूचनाको संख्यात्मक विवरण अनुसूची क मा दिइएको छ।

[१०७] यूएनडीपी, मानव विकास प्रतिवेदन २०७७ (एन३०)। ३२ प्रतिशतभन्दा केही बढीले कम्तीमा माध्यमिक शिक्षा पूरा गरेका छन् जुन नेपालका महिलाको राष्ट्रिय औसत २९.३ प्रतिशत अनुकूल हो।

[१०८] नेपाल सरकार, परराष्ट्र मन्त्रालयको वेबसाइट। (२०६८ को जनगणनामा १२६ जात/जातिको उल्लेख छ। क्षेत्रीको संख्या सबभन्दा धेरै (१६.६ प्रतिशत) छ भने त्यसपछि पहाडे ब्राह्मण (१२.२ प्रतिशत), मगर (७.१ प्रतिशत), थारू (६.६ प्रतिशत), तामाङ (५.८ प्रतिशत), नेवार (५ प्रतिशत), कामी (४.८ प्रतिशत), मुसलमान (४.४ प्रतिशत), यादव (४.४ प्रतिशत) र राई (२.३ प्रतिशत)।

[१०९] जातीय भेदभाव नेपालको वास्तविकता हो, यद्यपि यसमा सुधारका केही कोशिश भएका छन्। उदाहारणका लागि, तीनजना उत्तरजीवीलाई घरपरिवारले स्वीकार गरेको छैन र माइतमा प्रवेश गर्न अनुमति दिएको छैन किनकि उनीहरूले माओवादी आन्दोलनमा लागेको बेलामा अर्को जातको पुरुषसँग विवाह गरेका थिए। एकजनाले दलितसँग अनि अन्य दुईले क्षेत्रीसँग विवाह गरेका थिए। नागरिक आवाज, शारदा (आई१) सँगको अन्तर्वार्ता, प्रदेश १, नेपाल, २०७८ असार ६। शारदाले बताइन्, "मेरा मातापिताले मलाई समर्थन गरे पनि म उहाँहरूकोमा जाँदा गाउँलेहरूले उहाँहरूलाई मानसिक यातना दिन्छन् किनकि मैले दलितसँग विवाह गरेकी छु। हाम्रो समुदायले अझै पनि छुवाछुतमा विश्वास गर्छ र उनीहरू दलित समुदायलाई अपमान गर्छन्। मैले हाम्रो पार्टीका दलित पुरुषसँग २०६२ सालमा विवाह गरेकी हुँ।"

### अन्तर्वार्ता गरिएका पीडितहरूको जात/जातीय अवस्था




### अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूले भोगेका सीआरएसभीको प्रकार




### अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूले भोगेका उल्लङ्घनहरूको प्रकार




### अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूका आफन्तहरूले भोगेका उल्लङ्घनहरूको प्रकार



## १. द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा अन्य ज्यादतीका प्रकार

हामीले अन्तर्वार्ता लिएका पीडितहरूमा बलात्कार, सामूहिक बलात्कार, जबर्जस्ती विवाह, नग्न रहनका लागि दबाब, यौन यातना, यातना, स्वेच्छाचारी पक्राउ, अपहरण, थुना, जबर्जस्ती बेपत्ता, उत्पीडन, युद्धमा जबर्जस्ती भर्ती तथा प्रयोग र सम्पत्तिको लुटपाट/विनाश लगायतका अपराध भएका छन् ।[११०]

यौन हिंसाका कसूरको सवालमा अधिकांश पीडितहरूमाथि सामूहिक बलात्कार, बलात्कार र/वा यौन यातना भएका छन् । तीमध्ये आठजना बलात्कृत भएका छन्, १८ जनालाई सामूहिक बलात्कार गरिएको छ, १६ जनामाथि यौन यातना भएको छ, दुईजनालाई जबर्जस्ती विवाह गर्न लगाइएको छ र दुईजनालाई नांगो भएर बस्न बाध्य बनाइएको छ ।[१११]

महिलाको यौनिकतालाई अपमान गर्ने अश्लील शब्द सुन्न धेरै पीडितहरू बाध्य भएका थिए र त्यसले उनीहरूलाई लज्जान्वित बनाएको छ । सबभन्दा नराम्रो कुरा त, उल्लेख्य संख्यामा पीडितहरूले बारम्बार हिंसा सहनुपरेको छ । उदाहरणका लागि, अभिलाषालाई सेनाले लगभग दुई वर्ष थुनामा राखेको थियो र लगभग दिनदिनै बलात्कार गरेको थियो । रसिलालाई माओवादीहरूले अपहरण गरेर अनेकौंपटक बलात्कार गरेका थिए । उनीहरू "उनलाई यातना दिएर उनीमाथि हाँस्थे" । विद्यालय जाने उमेरका उनका दुई साथीहरूले पनि यस्तै किसिमका यातना भोगेका थिए । बलात्कारका कारण गर्भवती भएकी एक उत्तरजीवीले गर्भपतन गराउने निर्णय लिइन् । बदनामीबाट बच्नका लागि उनले एक आफन्तलाई आफूसँग विवाह गर्न लगाइन् । त्यतिखेरसम्म उनी विधवा भइसकेकी थिइन् । विवाहलगत्तै उनले गर्भपतन गराइन्[११२] अनि त्यो गर्भ पतिबाटै बसेको दाबी गरिन् ।[११३]

लगभग सबै पीडितले एकभन्दा बढी प्रकारका ज्यादती भोग्नुपरेको थियो । ३१ सहभागीमध्ये १४ जनाले यौन हिंसाका अलावा अर्को ज्यादती पनि भोगेका थिए ।[११४] अन्य किसिमका हिंसा तथा यातना उनीहरूले सहनुपरेको थियो । केही पीडितको घरमा लुटपाट गरेर आगजनी गरिएकाले जबर्जस्ती विस्थापित हुनुपरेको थियो । युद्धको समयमा अन्य पीडित भाग्न बाध्य भएका थिए । तीमध्ये केहीले "द्वन्द्वरत पक्षबाट हत्या, यातना, अपहरण वा पक्राउ परिने डर" का कारण पलायन हुनुपरेको थियो ।[११५]

हामीले अन्तर्वार्ता लिएका महिलामध्ये स्नेहा (छद्मनाम) र हेमा (छद्मनाम) लाई माओवादीहरूले भर्ती र प्रयोग गरेको पाइयो । त्यस समयमा एकजना १२ वर्षकी थिइन् र कक्षा ३ मा पढिरहेकी थिइन् । अर्कीको उमेर १६ वर्ष थियो र उनी ८ कक्षामा थिइन् । हेमाले उक्त घटनाको सम्झना गरिन् :

---

[११०] एकजना पीडितले प्रहरीको हिरासतमा रहँदा आफूले पाएको यातनाको विस्तृत विवरण साझा गर्न मानिनन्, त्यसैले उनीमाथि भएको विशिष्ट यातनालाई टेबलमा समावेश गरिएको छैन ।

[१११] कम्तीमा तीनजनालाई यौन दासी बनाएर राखिएको संकेत पाइन्छ । उनीहरूलाई लामो समय हिरासतमा राखेर दिनहुँ बलात्कार गरिएको थियो । तर पीडितहरूले यौन दासताको अपराधको कुरा गरेनन् र यस्तो आरोप लगाउने परिस्थिति थिए कि थिएनन् भन्ने स्पष्ट छैन । त्यसैले त्यस अपराधलाई यहाँ समावेश गरिएको छैन ।

[११२] मुलुकी ऐन, २०२०, महल १०, दफा २८ख, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५, ज्युरिस्ट, २०७८ भदौ १४, वान जु–वु तथा अन्य । (पहिलो त्रैमासिकमा गर्भपतन गराउने कामलाई मुलुकी ऐनको संशोधनमार्फत २०५९ सालमा वैध बनाइएको थियो । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५ ले सुरक्षित गर्भपतनको अधिकार पहिचान गरेको थियो तर गर्भाधान भएको २८ हप्तापछि आमाको जीवन बचाउन आवश्यक परेबाहेक गर्भपतन गराउन नपाइने भनेको थियो । हालै विश्वव्यापी आवधिक समीक्षा प्रक्रियाअन्तर्गत नेपाल सरकारले गर्भपतनलाई थप फौजदारी अपराध नबनाउन र महिला तथा बालिकाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्न सहमति जनाएको थियो । यी कानून र पहलअघि "कैद गरिएका २० प्रतिशत महिलालाई गर्भपतनसम्बन्धी अपराधका लागि कसूरदार ठहर गरिने गरिन्थ्यो ।"

[११३] नागरिक आवाज, मीना (आई११) सँगको अन्तर्वार्ता, उदयपुर जिल्ला, प्रदेश १, नेपाल, २०७८ असार ६ ।

[११४] नागरिक आवाज, भवानी (आई१९) सँगको अन्तर्वार्ता, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ २२ । ("माओवादीहरूले मेरो जग्गाजमीन र श्रीसम्पत्ति सबै लगे अनि मलाई जम्मा सात हजार रुपैयाँ दिए । मलाई ठूलो घाटा लाग्यो । अहिले मसँग केही पनि छैन । म अहिले भाइसँग बस्छु । ऊ मलाई भाडा देऊ भन्छ तर मैले भाडाका लागि कहाँबाट पैसा ल्याउनु ?"

[११५] कविता शुक्लाको प्रतिवेदन, रिफ्युजीज् इन्टरनेसनल, २०६० चैत १० ।

"माओवादीहरूको एक समूह मेरो कक्षाकोठामा आयो र मसहित पाँचजना विद्यार्थीलाई जबर्जस्ती भर्तीमा लियो। उनीहरूले हामीलाई ३२/३३ दिन जति राखे। दुईतीन दिनमा उनीहरूले हामीलाई घर फर्काउने भनेका थिए। तर उनीहरू हामीलाई क्रान्तिमा भर्ती गराउन चाहन्थे। मैले यसको विरोध गर्दा उनीहरूले आमाबुबा र मलाई मार्ने धम्की दिए। उनीहरूले मलाई जबर्जस्ती भर्ती गरे र ग्रिनेड बोक्न दिए।"

अन्य कतिपय पीडित हत्या, बेपत्ता र यातनाका पनि पीडित छन् किनकि उनीहरूको परिवारका सदस्यमाथि ज्यादती गरिएको थियो। केही पीडितका आफन्त (पति, छोरा, आमा र सासूससुरा) को हत्या गरिएको थियो वा बेपत्ता वा अपहरण (दाइ र भाउजू) गरिएको थियो।

## २. द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका लागि महिलालाई निशाना बनाउने कारणहरू

नेपालमा यौनजन्य तथा लैंगिक हिंसा बालबालिका, महिला, जनजाति, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्यलाई जात र वर्गका आधारमा गरिने विभेदका विभिन्न प्रकारसँग नजिकैसँग जोडिएको छ। सामान्य समयमा नेपालमा गरीबी तथा बेरोजगारी, प्रभावकारी कानून कार्यान्वयनको अभाव, महिला शिक्षाको अभाव, हानिकारक परम्परागत अभ्यास, समलिंगी महिला तथा पारलिंगी महिला/मेटीविरुद्धको पूर्वाग्रह तथा महिला र बालिकालाई अवमूल्यन गर्ने पितृसत्तात्मक संरचना महिला तथा यौनिक अल्पसंख्यकहरू विरुद्ध हुने अपराध र हिंसाका प्रमुख कारण हुन्।

युद्धको समयमा यी सबै कारणहरूले भूमिका खेलेका थिए र यीसँगै द्वन्द्वका विशेष कारणहरू पनि जोडिएका थिए। उदाहरणका लागि, शक्तिशाली पदमा रहेकाहरूले गरीबीको रेखानजिक रहेका तथा सीमान्तकृत समुदायका महिलालाई अर्को पक्षसँग जोडिएको आरोप लगाउँदै यौन हिंसाका लागि तारो बनाउने गरेका थिए। माओवादीसँग सम्पर्क राखेको आरोपमा सुरक्षाकर्मीहरूले धेरै पीडितलाई आक्रमण गरेका थिए। नेपालमा यौनजन्य तथा लैंगिक हिंसाका पीडितलाई क्षतिपूर्तिमा समस्या शीर्षकको एड्भोकेसी फोरमको प्रतिवेदनमा उल्लेख भएअनुसार, "यौन हिंसाको उजुरी गर्ने अधिकांश महिला तथा बालिका नेकपा माओवादीको पकड रहेको भनिएको क्षेत्र वा सेनाको ब्यारेक नजिक बस्ने गरेको पाइएको छ।"[११६] उदाहरणका लागि, श्यामा त्यस्तै किसिमकी पीडित हुन्। उनको परिवार सेनाको शिविर नजिक बस्ने गर्थ्यो र दुवै पक्षले परिवारलाई सताउने गर्थ्यो।

पीडितहरू माओवादीसँग नजोडिएको भए पनि उनीहरूका विरुद्ध आशंकाको भरमा मात्र पनि आक्रमण हुने गर्थ्यो। शारदा विद्यालय जाने गरेको र अन्य महिलासँग छात्रावासमा बस्ने गरेकोले माओवादी हुन् भनी आशंका गरिएको थियो।

"म निर्दोष देखिए पनि वास्तवमा अतिवादी माओवादी हुँ भनी सैनिकहरूले भन्ने गर्थे। म छात्रावासमा बस्ने गरेकाले उनीहरूले मलाई माओवादी आन्दोलनमा लागेको आशंकामा पक्राउ गरेका थिए।"

ज्योति (छद्मनाम) की दिदी "भूमिगत माओवादी आन्दोलन" मा सहभागी थिइन्। त्यसैले "दिदीको बारेमा जानकारी पाउनका लागि" सेना उनको घरमा पुग्ने गर्थ्यो। त्यतिखेर उनी १५ वर्षकी विद्यार्थी थिइन्।

*"सैनिकहरू हाम्रो घर आउने गर्थे। त्यो दिन मेरो परिवारका सबै मानिस घरैमा थिए। उनीहरूले मेरी आमा र दिदीबहिनी लगायत सबैलाई कुटपिट गरे। मेरो ठूलो जिउडाल देखेपछि उनीहरूले मलाई (फलानो) ब्यारेक लगे। मेरी दिदी भूमिगत भएकै कारणले मात्र उनीहरूले मलाई यातना दिए। पहिलोपटक मैले यौन हिंसाको शिकार हुनुपरेको थियो। त्यसपछि मलाई सशस्त्र प्रहरी बल लगियो। त्यहाँ पनि मैले यौन हिंसा भोग्नुपरेको थियो।"*

प्रेमा (छद्मनाम) ले सरकारी सेना तथा माओवादी लडाकुको दोहोरो मारमा परेका परिवारको दुविधालाई यसरी व्याख्या गरिन् :

[११६] एड्भोकेसी फोरमको प्रतिवेदन, फागुन २०६९।

"घटना मेरो घरमा भएको थियो । त्यतिखेर घरमा पति थिएनन् । उनी राति अन्तै काम गर्न गएका थिए । म (छोराछोरीसँग) सुतिरहेकी थिएँ । सेनाको एक समूह आयो । उनीहरूले सेनाको पोशाक लगाएका थिए र बन्दूक बोकेका थिए । त्यसअघि एकदुई पटक माओवादीहरू आएर हाम्रो घरमा खाना खाएका थिए । उनीहरूले मलाई खाना पकाउन लगाए । हामीले माओवादीलाई खाना नदिएमा मारिदिन्थे । खाना दिएमा सेनाले हामीलाई यातना दिन्थ्यो । के गर्नु ? त्यो कठिन समय थियो । मेरा पति माओवादी थिएनन् ।"

केही पीडित तथा तिनका परिवार माओवादीप्रति सहानुभूति राख्थे तर उनीहरूले हतियार उठाएका थिएनन् । अरू चाहिँ युद्धमा सक्रिय रूपमा सहभागी थिए । शक्ति (छद्मनाम) लाई माओवादी सदस्य भनी पक्राउ गरिएको थियो यद्यपि उनी "माओवादी गतिविधिमा संलग्न" थिइनन् । हेमा जस्ता अन्य पीडितलाई माओवादीहरूले जबर्जस्ती भर्ती गरेका थिए ।[११७] उनलाई सेनाले पक्राउ गरी बलात्कार गरेको थियो ।

थुनामुक्त भएपछि केही पीडितलाई अधिकारीहरूले सताएका थिए । कतिपय अवस्थामा पीडकहरू आफैंले पनि पीडितलाई दुःख दिएका थिए । केही पीडितहरूले नियमित रूपमा प्रहरी चौकी जानुपरेकाले ठूलै मानसिक तनाव बेहोर्नुपरेको थियो र उनीहरूलाई सुरक्षाको अनुभूति कहिले पनि हुन पाएन । माओवादीको पकडक्षेत्र मानिएको ठाउँमा बस्ने भएकाले पक्राउ परेकी नीता (छद्मनाम) ले यसलाई यसरी वर्णन गरिन्,

"त्यस समयमा हाम्रो सम्पूर्ण समुदाय, माटो र ढुंगा समेत, लाई माओवादी भनिन्थ्यो ।"

यसको परिणामस्वरूप उनका भाइलाई बेपत्ता बनाइयो र उनलाई कैयौंपटक पक्राउ गरियो, थुनामा राखियो र बारम्बार बलात्कार गरियो । थुनामुक्त भएपछि उनलाई "हरेक हप्ता सेनाको शिविरमा उपस्थित हुन लगाइयो जबकि उनी त्यहाँबाट अलि पर गएर बस्न थालेकी थिइन् ।" स्नेहामाथि पनि त्यस्तै किसिमका बन्देजहरू लगाइएको थियो । उनलाई पनि माओवादी भएको आरोपमा पक्राउ गरी बलात्कार गरिएको थियो र थुनामुक्त भएपछि पनि नियमित रूपमा प्रहरी चौकीमा उपस्थित हुन बाध्य बनाइएको थियो :

*"नब्बे दिन राखेर मलाई उनीहरूले छोडिदिए । मलाई उनीहरूले किन छोडेका हुन् र कसले मलाई थुनाबाट निस्कन सहयोग गरेको हो थाहा छैन । उनीहरूले म दिनदिनै प्रहरी चौकीमा उपस्थित हुने बेहोराको कागजमा हस्ताक्षर गर्न लगाएका थिए । पाँच/छ महिनासम्म मैले त्यसै गरें ।"*

## ३. द्वन्द्वसँग सम्बन्धित यौन हिंसा भएका प्रमुख स्थान वा परिस्थिति

यसअघि गरिएका अध्ययनहरूको निष्कर्ष अनुरूप नै यस अध्ययनमा अभिलेखीकरण गरिएका अधिकांश (५१.६ प्रतिशत) ज्यादतीहरू थुनामा भएका हुन्, चाहे त्यो सुरक्षाकर्मीको थुना होस् चाहे माओवादीको । अन्य (२५.८ प्रतिशत) उत्तरजीवीहरूमाथि घरैमा दुर्व्यवहार गरिएको थियो वा बन्दूकको नाल तेर्स्याएर सार्वजनिक स्थानमा वा एकान्त तर खुला ठाउँमा त्यस्तो दुर्व्यवहार गरिएको थियो ।

**बाँचेकाहरू कहाँ दुर्व्यवहार भए?**

**५१.६% सुरक्षा वा माओवादी हिरासतमा**

**२५.८% तिनीहरूको घरमा**

**२२.६% बाहिर सार्वजनिक स्थान वा एक सुनसान तर खुला सेटिंग भित्र बन्दुक पोइन्टमा**

[११७] नागरिक आवाज, शक्ति (ए२) सँगको अन्तर्वार्ता, मधेश प्रदेश, नेपाल, २०७८ जेठ २८ । ("म माओवादी सङ्गठनको सदस्य हुँ भनी मेरो समुदाय र सेनाले कसरी थाहा पायो कुन्नि ? सेना हाम्रो घरमा आयो, मलाई तानेर बाहिर निकाल्यो र मेरो पूरा परिवारको सामुन्ने मलाई पक्राउ गऱ्यो । त्यसपछि उनीहरूले मलाई एउटा ब्यारेकमा लगे । मेरो आँखामा पट्टी बाँधिएको थियो र मेरो हात बाँधिएको थियो । उनीहरूले मलाई त्यहाँ महिनौंसम्म राखे । उनीहरू मलाई निकै कुटपिट गर्थे, यातना दिन्थे र मैले यौन हिंसा पनि बेहोर्नुपरेको थियो । त्यहाँ धेरै मानिस थिए । कतिजनाले ममाथि यौन हिंसा गरे मैले थाहा पाइनँ ।")

सुरक्षाकर्मीहरू संलग्न भएको घटनामा पीडितलाई प्रायः पक्राउ गरिन्थ्यो, सेनाको ब्यारेक वा शिविरमा लगिन्थ्यो र त्यहाँ बलात्कार गरिन्थ्यो। यस्तै किसिमका ज्यादती प्रहरीले कारागार वा अन्य थुनाकेन्द्रहरूमा गर्थे। उदाहरणका लागि, मीना (छद्मनाम) लाई प्रहरीले महिनौंसम्म थुनामा राखेको थियो र उनको आँखामा "कपडाको पट्टी बाँधिएको थियो अनि हातमा हत्कडी लगाइएको थियो।" उनलाई "गोठ जस्तो एकदमै अँध्यारो कोठामा राखिएको थियो" र दिनदिनै बलात्कार गरिएको थियो।

महिला लडाकुमाथि सरकारी सुरक्षाकर्मीहरू बढी क्रूरता देखाउँथे। अभिलाषालाई पक्राउ गरिएको लगभग दुई वर्षसम्म सेनाको हिरासतमा राखिएको थियो। त्यस अवधिभर उनीमाथि बारम्बार बलात्कार गरिएको थियो, शौचालय जाँदा समेत निरन्तर निगरानीमा राखिएको थियो, लामो समयसम्म नुहाउन दिइएको थिएन र पशुलाई जस्तो गरी लट्ठीले घोचिएको थियो।

माओवादीहरू पनि त्यस्तै क्रूर थिए। राधालाई सडकबाट अपहरण गरेर दुई हप्ताभन्दा बढी समयसम्म गाईगोठमा राखी सामूहिक बलात्कार गरिएको थियो। पछि उनलाई बेहोशीको अवस्थामा उनको घरनजिक फ्याँकिएको थियो। रसिलाले पनि यस्तै किसिमको अपराधको शिकार हुनुपरेको थियो। उनी घरबाट टाढा रहेको बजार पैदल जाँदै गर्दा माओवादीहरूले अपहरण गरेका थिए।

द्वन्द्वरत दुवै पक्षले बलात्कारको धम्की र अपराध दुवैलाई हतियार बनाएका थिए। पीडितहरूलाई बन्दूक तेर्स्याएर केरकार गरिन्थ्यो र पछि बारम्बार बलात्कार गरिन्थ्यो। धेरैजसो पीडितलाई लामो समयसम्म सेनाका शिविरहरूमा यौनदासी जस्तो बनाएर राख्ने गरिन्थ्यो र दिनदिनै बलात्कार गरिन्थ्यो। द्वन्द्वरत दुवै पक्षमा गहिरो गरी जमेर बसेको पितृसत्तात्मक सोचका कारण नियोजित रूपमै तथा माथिल्लो अधिकारीको अनुमतिका साथ यौन हिंसा गरिने गरेको थियो। हेमाले यसको वर्णन गरेकी छन् :

> *"सेनाले मलाई समातेर लग्यो। मेरो आँखामा पट्टी बाँधिएको थियो र मेरा हात बाँधिएका थिए। उनीहरूले मलाई सेनाको शिविरमा लगे। दिनदिनै उनीहरू मलाई बलात्कार गर्ने धम्की दिन्थे। उनीहरू मविरुद्ध अश्लील शब्द प्रयोग गर्थे। म खराब मान्छे भएको र माओवादीले मेरो पहिले नै बलात्कार गरिसकेको उनीहरू बताउँथे। मलाई बलात्कार गरेर मात्र उनीहरूले शिविरबाट जान दिने भनेका थिए। पछि मेरो आँखामा पट्टी बाँधेकै अवस्थामा सैनिकहरूले मलाई बलात्कार गरे। मलाई खाना ल्याउने सैनिकले शुरूमा बलात्कार गरेको थियो। त्यसपछि ममाथि लगातार बलात्कार गरियो।"*

एकजना उत्तरजीवीको विचारमा यो ज्यादती "सुरक्षाकर्मीहरूको रणनीतिक चाल" थियो।[११८] माओवादी विद्रोहलाई समर्थन गरिरहेको भन्ने विश्वास गरिएका समुदायमा डरत्रास उत्पन्न गराउनका लागि बलात्कार गरिन्थ्यो।

"उनीहरूले माओवादी पुरुष फेला नपारेपछि महिला र बालिकाहरूको समूहमाथि यौन हिंसा गर्ने गर्थे। यो परिवार र समुदायमा आतंक फैलाउने उनीहरूको रणनीतिक चाल थियो।"[११९]

हालका मितिसम्म अनुसन्धानहरू नगरिएको भए पनि उपलब्ध तथ्यका आधारमा तथा त्यतिखेर हुने गरेका सामान्य अभ्यासलाई विचार गर्दा दुवै पक्षका फौजका उच्च अधिकारीहरू यौन हिंसाका बारेमा जानकार थिए वा त्यसो गर्न छुट दिन्थे भनी निष्कर्ष निकाल्न सकिन्छ। शारदाका अनुसार, माथिल्लो नेतृत्वलाई यो कुरा पक्कै थाहा थियो :

[११८] नागरिक आवाज, ममता (एन२४) सँगको अन्तर्वार्ता।

[११९] सुसन रिसालको प्रतिवेदन, २०७७, सोसल इन्क्वायरी : जर्नल अफ सोसल साइन्स रिसर्च ६६ (अध्ययनमा सहभागी पुरुषलाई उद्धृत गर्दै)।

"मलाई यातना दिँदा वरिष्ठ अधिकारीहरू पनि उपस्थित रहन्थे । उनीहरू पनि यसका लागि जिम्मेवार छन् र उनीहरूलाई पनि सजाय दिनुपर्छ । काठमाडौंबाट पनि मान्छे आएका छन् भनी मैले ब्यारेकमा सुनेकी थिएँ । त्यतिखेरका सीडीओ र अरू मान्छे पनि ब्यारेक आउने गर्थे । उनीहरूको अभिलेख राखिएको हुनुपर्छ र उनीहरूलाई सजाय हुनुपर्छ ।"



सन् २०१७ मा कञ्चनपुर जिल्लाको मैदानमा हिंड्दै महिलाहरू। (तिनीहरू मध्ये कुनै पनि यस अध्ययनमा सहभागी भएनन्)।
© एलेना नौघटन

# छ. पीडकहरूको विवरण

## १. यौन हिंसालाई दुवै पक्षले युद्धको हतियारका रूपमा गरेको उपयोग

शाही नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सहित सेना र प्रहरीका सबै इकाइले द्वन्द्वको समयमा यौन हिंसाको अपराध गरेको बताइन्छ। द्वन्द्वमा सहभागी अर्को पक्ष नेकपा माओवादी पनि यौन हिंसाका अनेकौं घटनाका लागि जिम्मेवार छ।[१२०]

द्वन्द्वको प्रारम्भिक चरणमा प्रहरीले माओवादी लडाकुहरूसँग लडाइँ गरेको थियो त्यसैले माओवादीसँगै प्रहरी पनि युद्धका प्रारम्भिक वर्षहरूमा गरिएका ज्यादतीका लागि जिम्मेवार थिए। तर समय बित्दै जाँदा युद्धको रणनीति र सुरक्षाकर्मी कमान्ड बदलियो। सरकारले २०५८ सालमा पहिलोपटक "संकटकाल"[१२१] घोषणा गरेपछि सेनालाई पनि तैनाथ गरियो। त्यसपछि सेना, प्रहरी र सशस्त्र प्रहरीले संयुक्त कमान्ड प्रणाली अपनाए।[१२२] सेनाको एकीकृत कमान्डअन्तर्गत सुरक्षाकर्मीहरूले "माओवादीसँग सम्पर्क वा सहानुभूति राख्ने आशंका गरिएका कैयौं सर्वसाधारणको गैरन्यायिक हत्या गरे। त्यसै समयमा माओवादीहरूले सरकारसँग सम्बन्ध राखेको आशंका गरिएका सर्वसाधारणको हत्या गरे।"[१२३]

धेरैजसो उत्तरजीवीलाई आक्रमणकारीहरूको आबद्धता र उनीहरूको दर्जा थाहा छ। अन्तर्वार्ता लिइएका कम्तीमा दुईजनाले केही पीडकलाई चिनेका छन्।[१२४] उदाहरणका लागि, गंगा आफू र आफ्नी छोरीको बलात्कार गर्ने पुरुषहरूको नाम थाहा पाउँछिन् र उनीहरूविरुद्ध सार्वजनिक आरोप लगाउँछिन्। "तर कसैले पनि मद्दत गर्दैन।" दुःखलाग्दो कुरा के भने, स्मृतिलाई बलात्कारीमध्येको एकजनासँग विवाह गर्न लगाइयो। ती सेनाका अधिकृत थिए।

अन्य कतिपय पीडितहरूलाई घटना हुँदा आँखामा पट्टी बाँधिएको थियो वा उनीहरू बेहोश भएका थिए।[१२५] त्यति हुँदा पनि आफूमाथि आक्रमण गर्ने व्यक्तिको आवाज चिन्ने उनीहरू बताउँछन्। ज्योति भन्छिन्,

"उनीहरूले मेरो आँखा कपडाको टालोले बाँधेका थिए र मेरो हात पनि बाँधेका थिए। तर मलाई पहिलोपटक यौन यातना दिने व्यक्तिको आवाज म चिन्छु। ऊ नेपाली सेनाको अधिकृत थियो।"

---

[१२०] माधव जोशी र सुबोधराज प्याकुरेलको लेख, एम्पिरिकल यान्ड थ्योरेटिकल रिसर्च इन इन्टरनेसनल रिलेसन्स। आबद्धता नखुलेका स्थानीय समूहहरूले पनि मानवअधिकार तथा मानवीय कानूनको उल्लंघन गरेको विश्वास गरिन्छ। त्यो कुल ज्यादतीको ३ प्रतिशत छ।

[१२१] यातना तथा अन्य किसिमका दुर्व्यवहारबाट मुक्त रहने अधिकार अहरणीय अधिकार हुन्। त्यसैले संकटकाल लागेको नाममा सुरक्षाफौजहरूले हिरासतमा लिएका पीडितमाथि गरिएको अपराधलाई जायज ठहर गर्न मिल्दैन र यसलाई नेपालको संविधान २०७२ ले पनि पुष्टि गरेको छ।

[१२२] यूएन ओएचसीएचआर (एन१५) १७–५६। युद्धको समयमा सरकारले दुईपटक संकटकाल घोषणा गरेको थियो। मंसिर २०५८ मा पहिलोपटक नौ महिनाका लागि र दोस्रोपटक माघ २०६१ मा तीन महिनाको लागि।

[१२३] निवेदन नं २२४५/२०१३ (एन८६) मा मानवअधिकार समितिले दिएको निर्णय।

[१२४] नागरिक आवाज, प्राप्ति (एन४५) सँगको अन्तर्वार्ता, स्मृति (एम३) सँगको अन्तर्वार्ता, बागमती प्रदेश, नेपाल, २०७८ जेठ २६। स्मृतिलाई आफ्नै बलात्कारीसँग विवाह गर्न बाध्य बनाइएको थियो। ("बलात्कारी (नेपाली सेनाका मेजर) ले मलाई उससँग विवाह नगरेमा माओवादीको आरोप लगाएर मारिदिने धम्की दिएको थियो। त्यसैले परिवारको सहमति लिएर मैले उसैसँग विवाह गरें। वास्तवमा मेरो लोग्नेले पहिले नै विवाह गरिसकेको कुरा ढाँटेको रहेछ। म उसको घर जाँदा ऊ विवाहित भएको र दुईवटा सन्तान पनि रहेको थाहा पाएर स्तब्ध भएँ। भोलिपल्ट मलाई शंखमूलमा भाडाको कोठामा सारियो। त्यस अवधिमा मलाई दिनदिनै यौन तथा शारीरिक हिंसा गरिने गरेको थियो।")

[१२५] नागरिक आवाज, दिलमाया (वाई७) सँगको अन्तर्वार्ता, लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ १३। दिलमायाले बेहोश भएको बताइन्।

उत्तरजीवीहरूको बयानले देखाएबमोजिम यौन हिंसालाई सशस्त्र द्वन्द्वको हतियारका रूपमा उपयोग गरिएको थियो । ३१ सहभागीमध्ये ७७ प्रतिशतभन्दा बढीले सरकारी फौजबाट भने लगभग १३ प्रतिशतले माओवादी कार्यकर्ताबाट र ६ प्रतिशतले दुवै पक्षबाट यौन हिंसा सहनुपरेको थियो । एकजनाले अज्ञात व्यक्तिबाट बलात्कार सहनुपरेको थियो । त्यो सम्भवतः मौका छोपेर गरिएको बलात्कार थियो ।

सरकार अधिकांश ज्यादतीका लागि जिम्मेवार भएकाले उत्तरजीवीहरूलाई अपराधको उजुरी प्रहरीसमक्ष गर्नका लागि असम्भव नभए पनि निकै कठिन थियो किनकि त्यतिखेर एकीकृत कमान्ड संरचना थियो ।[१२६] युद्धको समयमा शाही नेपाली सेना र अन्य सुरक्षाफौजको नेतृत्व गर्ने व्यक्तिहरूको बारेमा सबैलाई थाहा भए पनि उनीहरूलाई न्यायको कठघरामा ल्याउनका लागि कुनै प्रयास गरिएको छैन ।[१२७]

## २. द्वन्द्वको समयमा गरिएका ज्यादतीमा जारी दण्डहीनता

नेपालमा द्वन्द्वको समयमा गरिएका यौन हिंसा सहितका अपराधमा खासै जवाफदेहिता स्थापित गरिएको छैन । उल्टो, द्वन्द्व अन्त्य भएपछि दण्डहीनताको संस्कृति मौलाएको छ । गम्भीर अपराधको आरोप लागेकाहरूलाई सरकारको नेतृत्वदायी पदमा बस्न अनुमति दिइएको छ जबकि सर्वोच्च अदालतले केही मुद्दामा प्रहरीलाई जाहेरी दर्ता गर्न तथा आरोपको अनुसन्धान गर्न निर्देशन दिइसकेको छ ।[१२८] यसका साथै राष्ट्रिय मानवअधिकार आयोग तथा मानवअधिकार उल्लंघनको अनुसन्धानका लागि बनाइएका अनेकौं तदर्थवादी आयोगहरूका सिफारिश खासै कार्यान्वयन गरिएको छैन ।[१२९]

यस दण्डहीनताको जरो विस्तृत शान्ति सम्झौतामा गरिएको राजनीतिक व्यवस्थापनमा खोज्न सकिन्छ । सम्झौतामा राजनीतिक दलहरू अन्य कुराको अतिरिक्त “विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता” गर्न सहमत भएका थिए ।[१३०] त्यस प्रावधानलाई अपव्याख्या गरी हालसम्मका वर्षमा १,०५५ भन्दा बढी द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका आरोप रहेका फौजदारी मुद्दा फिर्ता लिइएको छ ।[१३१] त्यसरी मुद्दा फिर्ता लिनका लागि “राजनीतिक उद्देश्यले लगाइएको आरोपको बृहत् तथा अस्पष्ट परिभाषा” लाई आधार बनाइएको छ ।[१३२]

सार्वजनिक अधिकारी, सेना र सुरक्षाफौजलाई फौजदारी जवाफदेहिताबाट कानूनी उन्मुक्ति दिइएको छ र फौजदारी मुद्दामा जिल्ला न्यायाधिवक्ता, महान्यायाधिवक्ता वा मन्त्रिपरिषद्का सदस्यहरूले गरेको राजनीतिक हस्तक्षेपले वस्तुगत उन्मुक्तिको स्थिति सिर्जना गरेको छ ।[१३३]

---

[१२६] निवेदन नं २२४५/२०१३ (एन८६) मा मानवअधिकार समितिले दिएको निर्णय । (“द्वन्द्वको समयमा सेना र प्रहरी एकीकृत कमान्ड संरचनामा थिए । त्यसैले सेनाले गरेको अपराधको उजुरी प्रहरीकहाँ दिन पीडितहरूलाई गाह्रो पर्ने गर्थ्यो ।”)

[१२७] यूएन ओएचसीएचआर (एन१५) ५५–५६ (“द्वन्द्वको समयमा शाही नेपाली सेनाका प्रधानसेनापतिहरू धर्मपाल वरसिंह थापा, प्रज्वल शमशेर राणा, प्यारजंग थापा र रुक्मांगद कटुवाल थिए । द्वन्द्वको समयमा परमाधिपति राजा वीरेन्द्र शाह र राजा ज्ञानेन्द्र शाह थिए ।”) केहीका विरुद्ध प्रहरीमा उजुरी गरिएको थियो तर अनुसन्धान वा फौजदारी कारबाही अघि बढेको छैन ।

[१२८] मोहन गुरागाईं; *द काठमाडौं पोस्ट*, २०७६ माघ १६ । उदाहरणका लागि पुस २०७७ मा अग्नि प्रसाद सापकोटा प्रतिनिधिसभाका सभामुख बनाइए जबकि उनका विरुद्ध अपहरण तथा हत्याको आरोप छ र फागुन २०६४ मा सर्वोच्च अदालतले अधिकारीहरूलाई पीडितकी पत्नीले दायर गरेको जाहेरी दर्ता गर्न आदेश दिएका थिए ।

[१२९] राष्ट्रिय मानवअधिकार आयोग (एन२१), आईसीजेको प्रतिवेदन, २०१२ को कमिशन्स अफ इन्क्वारी इन नेपालः डिनाइंग रेमेडिज, इन्ट्रेन्चिंग इम्प्यूनिटी ।

[१३०] विस्तृत शान्ति सम्झौता (एन१४) धारा ५.२.७ । शान्ति सम्झौताले माओवादीलाई गठबन्धन सरकारमा ल्याएको थियो ।

[१३१] *रिपब्लिका*को समाचार, वैशाख २०७३ । उक्त गलत व्याख्यालाई राजनीतिक अभिजातहरूले अघि बढाएका र दोहोऱ्याएका थिए । २०७२ सालमा नेकपा एमाले र एकीकृत नेकपा माओवादीबीच भएको नौ बुँदे सहमतिमा दुवै दलले गम्भीर ज्यादतीमा क्षमादान अस्वीकार्य रहेको भनी सर्वोच्च अदालतले गरेको फैसलाको विपरीत “विद्रोहको समयमा भएका घटना र विभिन्न अवसरमा दायर गरिएका राजनीतिक उद्देश्यका मुद्दा फिर्ता लिने वा क्षमा दिने प्रक्रिया तत्कालै थाल्ने” सहमति गरेका थिए ।

[१३२] आईसीजेको प्रतिवेदन, २०१३ को अथोरिटी विदाउट एकाउन्टविलीटी ।

[१३३] उही ।

केही मुद्दाहरू नेपालका अदालत र सेनाको न्याय प्रणालीमा अघि बढेको भए पनि[१३४] लगभग कुनै पनि मुद्दामा कसूर ठहर भएको छैन र सार्थक फौजदारी सजाय दिइएको छैन । यस तथ्यलाई एड्भोकेसी फोरम र ह्युमन राइट्स वाचले जारी गरेका अनेकौं प्रतिवेदनले अभिलेखीकरण गरेका छन् । पछिल्लो प्रतिवेदन २०७७ सालमा प्रकाशित भएको छ । त्यसमा ६२ वटा मुद्दाको अवस्थाको अभिलेखीकरण गरिएको छ र त्यसले "विगतमा गरिएका गम्भीर ज्यादतीमा सार्थक अनुसन्धान तथा अभियोजन गर्न राज्यका अधिकारीहरूले लगातार बाधा गरिरहेको तथा असमर्थता देखाइरहेको" निष्कर्ष निकालेको छ ।[१३५] लगभग सबै घटनामा वर्षौंदेखि फौजदारी जवाफदेहिता हासिल गर्ने सवालमा कुनै प्रगति भएको छैन । यद्यपि यदाकदा पीडितलाई केही क्षतिपूर्ति भने दिइएको छ । यी घटनालाई सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले अनुसन्धान गर्ने बहानामा अधिकारीहरूले अकर्मण्यतालाई लुकाउने गरेका छन् । तर ती आयोगले पनि अनुसन्धान टुंगोमा पुऱ्याउन सकेका छैनन् । हालै क्षतिपूर्ति दिइएका २९ वटा द्वन्द्वकालीन मुद्दामध्ये कुनैलाई पनि अभियोजनका लागि सिफारिस गरिएको छैन ।[१३६]

उक्त प्रतिवेदनमा अभिलेखीकरण गरिएका ६२ वटा मुद्दामध्ये एउटा मात्र द्वन्द्वसँग समबन्धित यौन हिंसाको घटना हो । उक्त घटनामा रीना रसाइलीलाई बलात्कारपछि हत्या गरिएको थियो । तर बलात्कारको घटनामा ३५ दिने हदम्यादका कारण अहिलेसम्म हत्याको मुद्दा मात्र चलिरहेको छ । अन्य मुद्दा जस्तै त्यसमा पनि कसूर ठहर गरिएको छैन । त्यसमा आरोपितलाई उसको अनुपस्थितिमा अभियुक्त बनाइएको भए पनि प्रमाणको अभावमा सफाइ दिइएको थियो जबकि सेनाको कोर्टमार्सलले रीना रसाइलीको मृत्यु "अत्यधिक बलप्रयोग" का कारण भएको फैसला गरेको थियो ।[१३७]

त्यस्तै फूलमती न्याय (छद्मनाम) को मुद्दामा पनि अभियोजन गरिएको छैन । ती जनजाति महिलालाई १४ वर्षको उमेरमा बलात्कार, यातना र जबर्जस्ती श्रमको शिकार बनाइएको थियो । २०७१ सालदेखि लामो समयसम्म सर्वोच्च अदालतमा समेत गरी मुद्दा चलेको भए पनि प्रहरीले ३५ दिने हदम्यादको जिकिर लिँदै पीडितको जाहेरी दर्ता गर्न तथा फौजदारी अनुसन्धान शुरू गर्न अस्वीकार गरिरहेको छ । न्यायले संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिसमक्ष उजुरी दर्ता गरेपछि समितिले नेपालको "फौजदारी न्याय प्रणाली र सत्य निरूपण तथा मेलमिलाप आयोगमा न्यायिक उपचार अप्रभावकारी र अनुपलब्ध" रहेको निर्णय सुनायो । समितिले नेपाललाई मुद्दाको अनुसन्धान गर्न तथा निःशुल्क मनोवैज्ञानिक पुनःस्थापना र स्वास्थ्य उपचार, क्षतिपूर्ति तथा क्षमायाचना लगायत सन्तुष्टिका उपयुक्त उपाय लगायतका परिपूरण उपलब्ध गराउन नेपाल सरकारलाई आह्वान समेत गरेको छ ।[१३८] उक्त निर्णय तथा पीडितले पाउनुपर्ने परिपूरणहरू अहिलेसम्म कार्यान्वयन गरिएको छैन ।

यौन हिंसाका घटना नभए पनि दुईवटा चर्चित घटनाले नेपालमा न्यायको खोजी गर्ने व्यक्तिहरूले सामना गर्ने चुनौतीहरूलाई उजागर गरेका छन् । पहिलो घटना मैना सुनुवारको हो । २०६१ सालमा सुनुवार १५ वर्षकी हुँदा सेनाको क्रूर यातना तथा हत्याको शिकार भएकी थिइन् । उक्त घटनामा आरोपितलाई कुनै सार्थक सजाय भएको छैन । २०७४ सालमा तीनजना सेवानिवृत्त सैन्य अधिकृतहरूलाई उनीहरूको अनुपस्थितिमा हत्याको कसूरदार ठहर गरिएको थियो तर उनीहरूका विरुद्ध उपयुक्त दण्डको अभावमा उनीहरू अझै फरार छन् । चौथो प्रतिवादी सेनानी निरञ्जन बस्नेतलाई सफाइ दिइएको थियो । त्यसअघि सेनाले गरेको कोर्टमार्सलमा ती तीनैजना अधिकृतलाई "उपयुक्त विधिप्रक्रिया तथा आदेश पालन नगरेको" मा कसूरदार ठहर गरिएको थियो । तर त्यसको सजाय अहिलेसम्म पनि दिइएको

[१३४] सैनिक ऐन २०६३ (२०६३ असोज १२), एस १०५ । सैनिक ऐन २०६३ ले भ्रष्टाचार, चोरी, यातना र बलात्कारको अपराधमा विभागीय कारबाहीको व्यवस्था गरेको थियो । त्यसमा तलब र बढुवा रोक्का समेत पर्दछ । तर यी विभागीय कारबाहीहरू फौजदारी अभियोजन हैनन् र दुर्लभै मात्र सार्थक सजाय दिइने गरेका छन् । यसका अतिरिक्त, युद्धको समयमा माओवादीहरूले जनअदालत सञ्चालन गरेका थिए । तर ती अदालतले गम्भीर अपराधका मुद्दाको अनुसन्धान गरेका थिएनन् ।

[१३५] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमको प्रतिवेदन, २०७७ ।

[१३६] घिमिरे (एन२९) ।

[१३७] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम (एन१३५), ४० ।

[१३८] मानवअधिकार समिति, निवेदन नं २५५६/२०१५ मा समितिले दिएको निर्णय, २०७६ जेठ २८ ।

छैन किनकि सजाय खारेज गराइपाऊँ भनी सर्वोच्च अदालतमा उत्प्रेषणको निवेदन विचाराधीन छ।[१३९]

विश्वव्यापी क्षेत्राधिकारका आधारमा नेपाल बाहिर दायर गरिएका मुद्दा पनि सफल भएका छैनन्। कर्नेल कुमार लामाविरुद्ध बेलायतमा विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तअनुरूप मुद्दा दर्ता गरिएको भए पनि सफाइ दिइएको थियो। उनले आफ्नो कमान्डमा रहेको ब्यारेकमा दुईजना थुनुवालाई यातना दिएको आरोप सहित मुद्दा दर्ता गरिएको थियो।[१४०] बेलायती अभियोजनकर्ताले नेपालमा प्राथमिक प्रमाणमा पहुँच नपाएकाले र नेपाली अधिकारीहरूले सार्थक सहकार्य नगरेकाले उक्त फैसला आएको बताइन्छ।[१४१]

यसबाहेक युद्धको समयमा गरिएका सामूहिक हत्याको सीमित अनुसन्धानका लागि राष्ट्रिय स्तरका छानबिन आयोगहरू गठन गरिएका छन्।[१४२] बेलबारी हत्याकाण्ड संसदीय छानबिन समितिले सपनाको गुरुङको बलात्कार तथा हत्या र उनको हत्यापछि गरिएको विरोध प्रदर्शनमा ६ जना निहत्था प्रदर्शनकारीको हत्याको अनुसन्धान गरेको थियो। उक्त समितिले माघ २०६४ मा प्रतिवेदन जारी गर्दै सपना गुरुङको बलात्कार तथा हत्याका लागि जिम्मेवार तीन अधिकारी र प्रदर्शनकारीहरूको मृत्युका लागि जिम्मेवार अधिकारीहरूको अनुसन्धानको सिफारिस गरेको थियो। पीडितहरूका परिवारलाई क्षतिपूर्ति दिन पनि प्रतिवेदनले सिफारिस गरेको थियो।[१४३] सपना गुरुङकी आमालाई अन्तरिम राहतस्वरूप एक लाख रूपैयाँ दिइएको थियो।[१४४]

यस अध्ययनमा पीडितहरूले नेपालको न्याय प्रणालीका बारेमा गरेको अनुभव यी मुद्दाहरू अनुकूल छन्। केही पीडितलाई पीडकको जानकारी छ र उनीहरूले प्रहरी वा सत्य निरूपण तथा मेलमिलाप आयोगसमक्ष उजुरी गरेको भए पनि अधिकारीहरूले सार्थक कारबाही गरेका छैनन्। गंगाले यस विषयमा बताइन्,

> "मैले सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता गरेकी छु। आफूमाथि गरिएको अपराधमा मलाई न्याय आवश्यक छ। अपराधमा संलग्न प्रहरी अधिकारीहरूको नाम मैले किटेकी छु तर कसैले केही गरिरहेको छैन। उनीहरूलाई सजाय हुनुपर्छ।"

नेपालमा सुरक्षा क्षेत्रको सुधारका लागि वर्षौंदेखि प्रतिज्ञा गरिएको भए पनि अहिलेसम्म त्यसमा खासै सुधार देखिएको छैन। उदाहरणका लागि, २०४५ सालदेखि मानवअधिकार अभियानमा संलग्न संस्था अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले

**अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरू विरुद्ध संलग्न सीआरएसभी पीडकहरूको सम्बद्धता**




[१३९] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम (एन१३५) ३७–३८।

[१४०] २०६४ सालमा एकजना पीडितलाई ७५ हजार रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन आरोपितलाई यातना क्षतिपूर्ति ऐन २०५३ बमोजिम आदेश दिइएको थियो। उनलाई सैनिक ऐन २०६३ बमोजिम एक वर्ष बढुवा रोक्का गर्न पनि कपिलवस्तु जिल्ला अदालतले आदेश दिएको थियो। त्यो फौजदारी प्रकृतिको निर्णय थिएन।

[१४१] स्नेहा श्रेष्ठ, कर्नेल लामाको अनौठो मुद्दा, टीएलआई! थिंक पेपर, २०७५।

[१४२] आईसीजेको प्रतिवेदन २०१२, नेपालमा छानविन आयोगहरू (एन१२९), ३९। शान्ति सम्झौतामा हस्ताक्षर भइसकेपछि २०६६ सालमा महिला हवल्दारमाथि गरिएको सामूहिक बलात्कारको अनुसन्धानका लागि एक आयोग गठन गरिएको थियो। तर त्यसको प्रतिवेदन सार्वजनिक नै गरिएन अनि त्यसका सिफारिसहरू अझै पनि कार्यान्वयन गरिएका छैनन्।

[१४३] उही परिशिष्ट १।

[१४४] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम (एन१३५) ८०–८१।

सशस्त्र प्रहरी बल, नेपाली सेना र नेपाल प्रहरी सहितका सुरक्षाकर्मीका लागि मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी प्रशिक्षण कार्यक्रमहरू आयोजना गरेको छ।[१४५] हालैका दिनमा नेपाली सेनाका लागि लैंगिक समानता तथा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२० सम्बन्धी प्रशिक्षण कार्यक्रम गरिएको छ। अहिलेसम्म ३,३३५ जनाले प्रशिक्षण पूरा गरिसकेका छन्। सेनाको संख्या एक लाखभन्दा बढी भएको सन्दर्भमा यो निकै कम संख्या हो।[१४६] यसबाहेक अहिलेसम्म गम्भीर मानवअधिकार उल्लंघनको आरोप लागेका व्यक्तिलाई सार्वजनिक पद धारण गर्नबाट रोक्ने कुनै पीडक परीक्षण प्रणाली छैन। उल्टो, त्यस्ता व्यक्तिलाई बढुवा गर्ने अभ्यास छ।

[१४५] इन्सेक, वार्षिक प्रतिवेदन : २०६४ (२०६४ माघ ८), ३१।

[१४६] यूएन ओएचसीएचआर (एन२७) ५।

# ज. द्वन्द्वले गरेका क्षतिहरू

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको जीवनको सबै पक्षलाई उक्त अपराधले छोएको छ। विभिन्न सामाजिक जानसांख्यिक पृष्ठभूमिका पीडितहरूमाथि यस अपराधको परिणाम उल्लेख्य रूपमा समान छ। सबै पीडितलाई अपराधको तत्कालीन र कठोर शारीरिक तथा मनोवैज्ञानिक असर परेको थियो। उनीहरूको शिक्षा, सामाजिक हैसियत तथा आर्थिक सम्भावनामा परेको असर पूर्ण रूपमा अनुभव गर्न कहिलेकाहीँ बढी समय लागेको भए पनि त्यसको अन्तिम परिणाम प्रायः विनाशकारी नै हुन्थ्यो। अभिलाषाले त्यसको सारांश यसरी खिचिन्,

"त्यो घटना नभएको भए मेरो जीवन पक्कै पनि बेग्लै किसिमको हुने थियो। मैले जे गर्छु भनेर सोचेकी थिएँ त्यो गर्न सक्थें। अहिले मैले केही गर्न खोजे पनि कमजोर शरीरका कारण गर्न सक्दिनँ।"

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितसँग जीवनमा अघि बढ्नका लागि क्षमता थिएन र छैन। घटनाले पारेको असरबारे सोध्दा सबै पीडितहरूमा घटना भएको समयमा गम्भीर असर परेको थियो र उनीहरू विनाशकारी शारीरिक तथा मनोवैज्ञानिक अवस्था र आर्थिक तथा सामाजिक कठिनाइबाट अहिलेसम्म पनि प्रताडित छन्। नेपालका धेरै भागमा उपचारका विकल्पहरूको अभाव तथा नेपालको पितृसत्तात्मक र जातमा आधारित समाजमा महिलाहरूले बेहोरेको संरचनागत असमानताले उनीहरूको कठिनाइ झन् बढाएको छ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका लागि तत्कालै स्वास्थ्य वा मनोवैज्ञानिक उपचारको व्यवस्था नहुँदा समस्या चर्किएको थियो। उदाहरणका लागि, दिलमायालाई नजिकैको स्वास्थ्य केन्द्रले उपचार गर्न मानेन र उनका मातापिताले तत्कालै उनलाई भारत लगेकाले शारीरिक चोटपटकको उपचार सम्भव भयो। तर उनी अपवाद थिइन्। एकदमै कम उत्तरजीवीहरूले मात्र अपराध भएलगत्तै व्यावसायिक स्वास्थ्य उपचार पाएको बताए। युद्धको समयमा स्वास्थ्य केन्द्रहरू बन्द भएकाले पीडितहरूले उपचार नपाएको तथ्य हुँदाहुँदै पनि अरू मान्छेले यौन अपराधका बारेमा थाहा पाउलान् भनी उपचार गराउन नगएको उत्तरजीवीहरूको कथा सुन्दा थाहा पाइन्छ। जसरी भए पनि उत्तरजीवीहरूले अपराधको शारीरिक र मनोवैज्ञानिक मूल्य चुकाउनुपरेको थियो।

त्यसको शृंखलाबद्ध असर पनि धेरैले भोगेका थिए। द्वन्द्वसँग सम्बन्धित यौन हिंसापछि उत्तरजीवीहरूको जीवनमा अन्य शारीरिक, सामाजिक र आर्थिक समस्याको शृंखला आइलागेको थियो। उनीहरू शिक्षाबाट वञ्चित भएको, परिवारबाट टाढिएको, जबर्जस्ती विस्थापित हुनुपरेको र पतिबाट दुर्व्यवहार खप्नुपरेको थियो। देवकीको अनुभवले यसलाई उजागर गर्छ। शुरूमा माओवादीहरूले उनलाई जबर्जस्ती भर्ती गरे। त्यसपछि उनी सेनाको नियन्त्रणमा पुगिन् र उनलाई नौ महिनासम्म नारकीय स्थितिमा कैद गरेर राखियो। त्यहाँ उनीमाथि जघन्य बलात्कार र यातनाका घटना भए। थुनाबाट मुक्त भएपछि उनी माओवादी र सेनाको दुर्व्यवहारबाट बच्न गाउँ छोडेर शहर जान बाध्य भइन्। उनले विद्यालय तहको अध्ययन पूरा गर्न पाइनन् र अहिले उनी "उनको विगत थाहा नपाएका" पुरुषसँग विवाह गरेर बसेकी छन्। उनका सन्तान छन्। तर अहिले पनि उनी कठोर शारीरिक तथा मानसिक आघात भोगिरहेकी छन् र बाँच्नकै लागि मात्र पनि दिनदिनै संघर्ष गरिरहेकी छन्।

अपराधपछि भएका घटना र परिस्थितिले पनि उत्तरजीवीहरूको कठिनाइलाई झन् चर्काएको छ। घटना हुँदा अधिकांश पीडित कम उमेरका थिए। उनीहरूको स्वास्थ्य अहिले थप "कमजोर" बनेको छ र "गह्रुँगो काम" गर्न निकै कठिन वा असम्भव नै छ। त्यसमाथि २०७२ सालको भूकम्प र कोभिड-१९ महामारीले गर्दा उनीहरू सुरक्षित तथा मर्यादित जीवन समेत बिताउन पाइरहेका छैनन्। भूकम्पले घर भत्काएपछि देवकी अहिले अस्थायी टहरोमा बसिरहेकी छन्।

पीडितहरूले सामना गरेको वास्तविकतालाई स्वीकार गर्न तथा उनीहरूको गोपनीयता कायम गर्दै उनीहरूको दैनिक जीवनमा लाभ हुने गरी उनीहरूको आवश्यकतालाई सम्बोधन गर्ने उपायको अवलम्बन गर्न सरकार चुकेकाले पीडितहरूको व्यथा थप बढेको छ।

## १. तत्कालीन र दीर्घकालीन असर गर्ने गम्भीर शारीरिक चोटपटक

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका सबै महिलाले यौन हिंसा र यातनाका कारण गम्भीर शारीरिक चोटपटक बेहोर्नुपरेको थियो। धेरैजसो घटनामा पुरुषहरूको समूहले पीडितमाथि आक्रमण गरेका थिए। उनीहरूले पीडितलाई कैयौं दिन, हप्ता र महिनासम्म निर्घात कुटपिट तथा बलात्कार गरेका थिए। अन्तर्वार्ताका क्रममा केही उत्तरजीवीहरूले थुनामा छँदा गरिएको यौन हिंसा, यातना र दुर्व्यवहारको आरम्भिक असर (उदाहरणका लागि रक्तश्राव, ज्वरो, बेहोशी, बस्न अप्ठ्यारो, जिउ सुन्निएको, नीलडाम बसेको, कुपोषण भएको तथा कपाल झरेको) बताएका थिए। तर अन्य समस्या आजको दिनसम्म पनि कायम रहेको लगभग सबै पीडितको भनाइ छ।

सबै पीडितहरूले अहिले भोगिरहेको अवस्थामा धेरै कुरा समान छन्। उनीहरूमा बेग्लाबेग्लै किसिमका दीर्घकालीन समस्या देखिन्छन्। जस्तो, यातनाका कारण भएको शारीरिक आघात (उदाहरणका लागि, घाउ, बस्न वा उभिन अफ्ठ्यारो, गोडामा पीडा), स्त्रीरोगका लक्षण (उदाहरणका लागि, मूत्राशयमा पीडा तथा नियमित रूपमा गनाउने मूत्रत्याग), दीर्घकालीन पीडा/ढाडमा समस्या ("शरीरमा पीडा", "मेरो शरीर अहिले पनि दुख्छ"), अनेक किसिमका शारीरिक रोग (उदाहरणका लागि, "मलाई धेरै किसिमका स्वास्थ्य समस्या छन्", "म पूरा ठीक कहिले पनि भएको छैन", "जिउ सुन्निन्छ") र काम गर्न असमर्थता, विशेषगरी भारी काम।

स्नेहा जस्ता अनेकौं उत्तरजीवीहरूलाई लगातार भइरहेको पीडा घटाउन दिनदिनै औषधि खानुपर्ने बाध्यता छ।

"मेरो गर्भाशयका लागि मैले नियमित औषधि खानुपर्छ। एक दिन पनि औषधि छोडें भने म राम्ररी बस्न सक्दिनँ।"

यद्यपि, धेरैजसोलाई ती औषधिको पैसा तिर्न पनि समस्या छ। राधाले बताएअनुसार

> *"आर्थिक अभावका कारण म छोरीलाई घरैमा घ्यूले मालिस गराउन लगाउँछु।"*[१४७]

"भारी काम" गर्न असमर्थ व्यक्तिहरूका लागि विशेषगरी यो समस्या छ। उनीहरूका लागि आयआर्जनको कम विकल्पमध्ये

**अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूमा सीआरएसभीको शारीरिक/चिकित्सा प्रभाव**




[१४७] गाईको घ्यू।

भारी काम पनि एक हो । महामारी र बन्दाबन्दीले त्यस परिस्थितिलाई झनै खराब बनाएको थियो । केही पीडितले उमेर वा कोभिड-१९ का कारण शारीरिक समस्या आएको भने पनि सबैले आफ्नो स्वास्थ्य बिग्रनुमा विगतमा भएको त्यही “घटना” जिम्मेवार रहेको बताए । गौरीले अन्तर्वार्ताका क्रममा बताइन् :

> *“ममाथि क्रूर यातना गरिएकाले शरीरमा पीडा हुनु स्वाभाविक हो । म त्यो घटना सम्झन चाहन्नँ । मेरो ढाड अझै पनि दुख्छ । भारी काम गर्न सक्दिनँ । मलाई छिटो थकाइ लाग्छ । मेरो उमेरका कारण यस्तो भएको हो कि यातना र हिंसाका कारण यस्तो भएको हो मलाई थाहा छैन ।”*

शिरीष जस्ता केही पीडितहरूले युद्धका कारण लागेका घाउले परिवारका सदस्यमा परिरहेको स्वास्थ्य असरका बारेमा पनि बताएका छन् । ती घाउहरू अझै चर्किरहेका छन् :

> *“द्वन्द्वको समयमा मेरा पति माओवादीमा थिए र उनी धेरैपटक घाइते भए । उनको टाउकोमा छर्रा र छातीमा गोली अझै छन् । ती गोलीहरू अझै हटाइएका छैनन् । सशस्त्र द्वन्द्वको समयमा लागेको घाउचोटका कारण उनका हातगोडा राम्ररी चल्दैनन् ।”*

## २. मनोवैज्ञानिक आघात र आघातपश्चात्को पीडा

अधिकांश महिलाले विगतमा भोग्नुपरेको आघातका कारण दुर्बल बनाउने मनोवैज्ञानिक लक्षणहरू देखिएको बताएका छन् । धेरैजनाले घटनाको सम्झना आउने, डरलाग्दो सपना देखिने, सकस, डर, सुत्न अफठ्यारो, आत्मसम्मानको कमी, समूहमा हुँदा वा प्रहरी वा सेनाको उपस्थितिमा डर लाग्ने वा अभिज्ञानमा परेका अन्य नकारात्मक असर (उदाहरणका लागि, विस्मरण, स्मरणशक्तिको अभाव, “मेरो दिमागले काम गर्दैन”) को अनुभव गर्ने गरेका छन् ।

अन्तर्वार्ता लिइएका ३१ जनामध्ये २७ ले मनोवैज्ञानिक आघातको संकेत दिने लक्षणहरूको पहिचान गरे भने तीनजनाले यो विषय नै उठाएनन् र एक उत्तरजीवीले कुनै मनोवैज्ञानिक असर परेको कुरालाई अस्वीकार गरिन् । उनले भनिन्,

**अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूमा सीआरएसभीको मनोवैज्ञानिक प्रभाव**



> *"म सचेत रूपमा माओवादी आन्दोलनमा लागेको भएर मनोवैज्ञानिक पक्षमा आफैं दह्रो छु तर अहिले राजनीतिक परिदृश्य हेर्दा मलाई अझै पनि पीडा हुन्छ ।"*[१४८]

यसबाहेक धेरैजसो पीडित दोस्रो तहको आघात सहिरहेका छन् किनकि युद्धको समयमा उनीहरूको परिवारका सदस्यहरूले विभिन्न हानि बेहोरेका थिए । उनीहरूमध्ये धेरैका आफन्त मारिएका थिए । एकजनाको आफन्त त उनकै आँखैअगाडि मारिएका थिए ।[१४९] अन्य पीडित बेपत्ता पारिएका व्यक्तिको परिवारका सदस्य हुन् । परिवारका सदस्यहरूलाई स्वेच्छाचारी थुनामा राखिँदा केही पीडितले व्यथा र वेदना अनुभव गरेका थिए भने उनीहरू थुनामा हुँदा उनीहरूको परिवारका सदस्यले पनि त्यस्तै पीडा सहेका थिए । श्यामा जस्ता केही पीडितलाई युद्धको समयमा दुवै पक्षले प्रताडित गरेका थिए । अन्तर्वार्ता लिइएका महिला र मीनाका छोरा जस्ता पीडितका परिवारले अनुभव गरेको अन्तर्पुस्तागत आघात दुवैलाई उनीहरूको बयानहरूले पुष्टि गर्छन् :

> *"मेरा पति माओवादीमा थिए र उनलाई प्रहरीले हत्या गऱ्यो । म सासूसँग बसिरहेकी थिएँ । उनले पनि आत्महत्या गरिन् किनकि छोरा मारिएको आघात उनले सहन सकिरहेकी थिइनन् । म कान्छो छोरासँग बसिरहेकी छु । ऊ पनि बिरामी छ । ऊ रक्सी पिउने गर्छ र पिएको बेलामा झगडा गर्छ । तपाईंलाई रेखदेख गर्न सक्दिनँ भनेर ऊ मलाई सुनाइरहन्छ ।"*

दुईजना उत्तरजीवीले आफ्ना छोरीहरूमाथि गरिएको ज्यादतीको लामो वर्णन गरे । गंगा र उनकी छोरीलाई सुरक्षाकर्मीहरूले पक्राउ गरी प्रहरी चौकीको माथिल्लो तल्लामा १९ दिनसम्म राखेका थिए । त्यहाँ उनीहरूलाई बारम्बार बलात्कार गरियो । उनका पति माओवादीका डिभिजन कमान्डर थिए र छोरो पनि माओवादीमा थियो । दुवैजना युद्धमा मारिए । माथि उल्लेख भएजस्तै भवानीलाई उनकै छोरीका अगाडि बलात्कार गरियो :

"उनीहरू गइसकेपछि उनकी छोरीले देखेको सबै कुरा पितालाई बताइन् । पतिले त्यो कुरा सुनेपछि मलाई बेस्सरी कुटपिट गरे । एकातिर म बलात्कृत भएकी छु, अर्कोतिर मलाई पतिले नराम्ररी कुटपिट गरे । म तीन दिनसम्म खाटबाट उठ्न सकिनँ ।"

## ३. आर्थिक असर

३१ जना सहभागीमध्ये ११ जनाले आफूमाथि भएको घटनाबाट कुनै न कुनै किसिमको आर्थिक असर परेको बताए (उदाहरणका लागि, ग्राहो काम गर्न असमर्थ, छोराछोरीलाई पढाउन गाह्रो परेको, व्यापार वा सम्पत्तिको क्षति, पतिले छोडेर गएपछि परिवारको पेट पाल्ने जिम्मेवारी आफूमा आइलागेको) । तर अरूले आफ्नो चरम आर्थिक समस्याबारेमा कुरा गरे । त्यस समस्याले उनीहरूको स्वास्थ्यमा मात्र नभई दैनिक जीविकाको सबै पक्षलाई असर पारेको छ जसमा उनीहरूको शिक्षा पनि पर्छ । अधिकांशसँग "आयआर्जनको नियमित स्रोत छैन"[१५०] र यस वास्तविकतालाई कोभिड-१९ महामारीले झन् समस्याग्रस्त बनाएको छ ।

कतिपय पीडितहरू यौन हिंसाको अपराधका कारण परिवार र समुदायको सहायताबाट वञ्चित भएका छन् । प्रायः आफ्ना पति वा छोरामा आश्रित महिलाहरू यौन हिंसाको ज्यादतीमा परेपछि झन् कमजोर बनेका छन् ।[१५१] "पैसा कमाएर दिने कुनै आफन्त" नभएका महिलाले बढी संघर्ष गर्नुपरेको छ ।[१५२]

घटना भएलगत्तै केही पीडितका परिवारले उनीहरूलाई सहयोग गरेको भए पनि अन्य परिवारले त्यस्तो सहयोग गरेनन् । अन्तर्वार्ताका क्रममा धेरैजसो पीडितले आफूलाई परिवारले त्यागेको बताए । नेपालमा महिलालाई शिक्षा र रोजगारीमा लगाइएको बन्देजका कारण उनीहरू आर्थिक असुरक्षाको जीवन जिउन बाध्य छन् । उदाहरणका लागि, तारा युद्धको

[१४८] नागरिक आवाज, गौरी (एन१०४) सँगको अन्तर्वार्ता ।

[१४९] नागरिक आवाज, गंगा (आई१८) सँगको अन्तर्वार्ता, लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ २१ ।

[१५०] नागरिक आवाज, हेमासँगको अन्तर्वार्ता (एर२३) (कर्णाली प्रदेश, नेपाल, २०७८ जेठ २३) ।

[१५१] आमाहरूले छोरी भन्दा पनि छोरालाई सहायताका लागि बोलाउनु सांस्कृतिक रूपमा स्वीकार्य छ । हेमाले यसको व्याख्या गरिन्, "मेरा छोरीहरूले अलिकति पैसा कमाउन सक्ने हुँदा विवाह गरे । हाम्रो संस्कारमा विवाह गरेकी छोरीसँग आर्थिक सहायता माग्नुलाई राम्रो मानिँदैन ।" नागरिक आवाज, हेमा (एन१५०) सँगको अन्तर्वार्ता ।

[१५२] नागरिक आवाज, ज्योतिसँगको अन्तर्वार्ता (वाई२६) (कर्णाली प्रदेश, नेपाल, २०७८ जेठ १४) ।

समयमा बलात्कृत भएको थाहा पाएपछि उनका पतिले घरबाट निकालिदिए। उनी बच्चालाई एक्लै हुर्काउन बाध्य भइन्। उनी केही समयका लागि माइत बसिन् तर त्यो पनि उनका लागि कठिन थियो। त्यसैले अहिले "घरमा कमाउने" उनी मात्र हुन् र विद्यालय जाने बच्चालाई हेर्ने जिम्मेवारी पनि उनीमाथि नै छ। तर उनको स्वास्थ्य खराब रहन्छ र उनी "भारी काम गर्न" सक्दिनन्। उनलाई सरकारले द्वन्द्व पीडित भनी पहिचान नगरेकाले उनी नागरिक समाज संगठनका साना परियोजनामा संलग्न रहेर जीवन चलाइरहेकी छन्।

अन्य पीडितको पनि यस्तै नियति छ। चारजना उत्तरजीवीलाई घरबाट बाहिर निकालिएको थियो र त्यसले गर्दा उनीहरूलाई जीवन चलाउन एकदमै कम विकल्प मात्र उपलब्ध छ किनकि नेपालको पितृसत्तात्मक समाजमा महिलाको लैंगिक भूमिका निर्धारित छ। यसकारण प्रेरणा आफूलाई त्याग्ने पतिसँग पुनः जोडिन चाहिन्छन्। उनी युद्धको बेलामा यौन दुर्व्यवहारमा परेको थाहा पाएपछि पतिले उनलाई त्यागेका थिए। पतिसँगको सम्बन्धबाट उनले सन्तान जन्माएकी छन् र उनी बाँच्नका लागि पतिको सहयोग आवश्यक छ :

> *"कसैले मेरा पतिलाई मकहाँ ल्याइदिए मलाई राम्रो लाग्नेछ। मेरा बालबालिकाले कठिन जीवन बिताइरहेका छन्। उनीहरूले राम्रो खानपान र शिक्षा पाएमा मेरो लागि ठूलो सहयोग हुने थियो। मेरो शरीरले काम गर्दैन र मलाई मेरो भविष्यका विषयमा कुनै आशा छैन।"*

स्नेहा जस्ता केही पीडित बदनामीबाट जोगिनका लागि घर सरेर गए।

"मेरो समुदायले मलाई राम्रो आँखाले हेर्दैन। उनीहरू मेरो बारेमा झूटो कुरा बोल्छन्। मैले कुनै सहयोग पाइनँ। एकपटक म गाउँ फर्किन खोजेकी थिएँ तर गाउँलेहरूको झूटो कुरा असह्य थियो। त्यसैले मैले गाउँ छोडें। बाँच्नका लागि म (एकजना आफन्तको) गाउँ गएँ। उनले मलाई एउटा स्टोभ, एउटा कोठा र तीन किलो चामल दिइन्। त्यसैबाट मैले नयाँ जीवन शुरू गर्न प्रयास गरें।"

तर अधिकांशका लागि त्यति पनि सम्भव छैन। उनीहरू अन्य परिवारका सदस्य र योग्य ठहरिएमा सरकारले एकल महिला तथा जोखिममा परेका अन्य समुदायलाई सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्तामा निर्भर छन्। भवानीले यस्तै किसिमको भत्ता पाउँछिन् :

> *"मसँग अहिले केही पनि छैन। त्यसैले म अहिले (आफन्त) सँग बस्न बाध्य छु। ऊ मसँग भाडा माग्छ तर भाडाको पैसा मैले कहाँबाट ल्याउनु ? म उसलाई भाडा तिर्न सक्दिनँ। पैसा नहुँदा त परिवारले पनि सहयोग नगर्ने रहेछ। मैले 'एकल महिला भत्ता' को नाममा महिनाको २,००० रूपैयाँ पाउने गरेकी छु भने मेरो छोरोले अपांगता भत्ताको नाममा ४,००० रूपैयाँ पाउने गरेको छ। महिनाको ६,००० रूपैयाँले मेरो गर्जो टर्छ। कहिलेकाहीँ भेटें भने मैले दैनिक ज्याला मजदूरी गर्ने गरेकी छु।"*

युद्धको समयमा चोटपटक लागेर पति अपांग भएका महिलाले पनि संघर्ष गरिरहेका छन्। पारिजातका पतिलाई माओवादी भएको आशंकामा सेनाले यातना दिएको थियो। पतिले बेहोरेको शारीरिक क्षतिका साथै पारिजात स्वयंले बेहोरेको शारीरिक र मानसिक क्षतिका कारण दुवैजनालाई काम गर्न कठिनाइ छ। त्यसमाथि बेपत्ता पारिएका वा हत्या गरिएका व्यक्तिको परिवारलाई जस्तो अन्तरिम राहत उनीहरूलाई उपलब्ध गराइएको छैन।

बाँच्नका लागि पीडितहरूले विभिन्न किसिमका काम गर्नुपरेको छ भने केहीसँग एउटा मात्र जागिर छ। आफूले बेहोरेको चुनौतीका बारेमा शक्ति बताउँछिन्,

> *"हामी खेतीकिसानी गर्छौं तर बाँच्नका लागि त्यतिले पुग्दैन।"*

ज्यालादारी मजदूरहरूको समान नियति अनुरूप उनीहरू बाँच्नका लागि विभिन्न थरी रोजगारी गर्छन्।[१५३] एकजना उत्तरजीवीसँग सानो माछापोखरी छ। त्यहाँ उनी बेच्नका लागि माछा पाल्ने गर्छिन्। हातमुख जोर्नका लागि उनीसँग सानो

[१५३] नेपालका लगभग "२० प्रतिशत परिवार हलुका खाद्य असुरक्षित, २२ प्रतिशत सामान्य खाद्य असुरक्षित र १० प्रतिशत पूरै खाद्य असुरक्षित" छन्। संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्, विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यसमूह, ३७ औं समूह, २०७७ माघ ५–१६।

करेसाबारी छ। अनि अवसर आएमा उनी दैनिक ज्याला मजदूरी पनि गर्छिन्।

यसबाट थाहा हुन्छ, अधिकांश उत्तरजीवीहरू चरम गरीबीमा बाँचिरहेका छन्। उनीहरू जीवनका आधारभूत आवश्यकता समेत पूरा गर्न सकिरहेका छैनन्। त्यसैले कुनै पनि परिपूरण कार्यक्रममा निश्चितता तथा दिगोपन आवश्यक अवयव हुनुपर्छ र त्यसमा जीवन धान्नका लागि नियमित नगद सहयोग समेत समावेश गरिनुपर्छ।

## ४. शिक्षामा क्षति

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका कारण धेरै पीडितले शिक्षाबाट वञ्चित हुनुपरेको थियो। घटना हुँदा १४ जना उत्तरजीवी विद्यालय जाने उमेरका बालिका थिए। सबभन्दा कम उमेरकी पीडित नौ वर्षकी थिइन्।[१५४] यसको परिणामस्वरूप घटनाले पीडितहरूको विद्यालय शिक्षामा लामो अवधिसम्म अवरोध गरेको थियो वा उनीहरूको शिक्षालाई पूरै अन्त्य गरिदिएको थियो।[१५५] घटना भएको समयमा विद्यालय जाने १४ उत्तरजीवीमध्ये दुईजना बाहेक सबैको शिक्षा अवरुद्ध भएको थियो। सातजना त्यसपछि विद्यालय नै गएनन् भने पाँचजनाले लामो अन्तरालपछि पुनः शिक्षा लिन थाले।[१५६]

कारागारबाट मुक्त भएपछि उनको समुदायमा भएको गतिविधिले विद्यालय फर्किने उनको निर्णयलाई कसरी असर पारेको थियो भनी ज्योति व्याख्या गर्छिन् :

"म कारागारबाट छुटेपछि विद्यालय जान खोजें। म राम्रो विद्यार्थी थिएँ तर मप्रति समुदायको धारणा परिवर्तन भइसकेको थियो। शिक्षकहरू मलाई त्यस घटनाका बारेमा सोध्थे। कुनै पनि साथी मसँग बस्न नखोजेको देख्दा म छक्क परें। उनीहरूको व्यवहारमा मैले घृणा र अपमानको अनुभव गरें। मप्रति सबै व्यक्तिको दृष्टिकोण परिवर्तन भइसकेको पाएँ। त्यसैले म दुई वर्षसम्म विद्यालय गइनँ। पछि फेरि विद्यालय गएँ र एसएलसी पास गरें।"

अन्तर्वार्ताका क्रममा उत्तरजीवीहरूले छुटेको शिक्षालाई जिन्दगीभरिको अवसर गुमेको तथा नेपाली समाजमा महिलामाथि लगाइएको प्रतिबन्धसँग जोडे। माओवादीमा प्रवेश गरेकी देवकीले यसको सारांश खिचिन्,

> *"म एकदमै निराश अनुभव गर्छु। हामीले शिक्षा जारी राख्न सकेनौं। महिला भएकै कारण हामीले द्वन्द्वको फरक अनुभव गर्‍यौं।"*

त्यसैगरी रसिला आफ्नो जीवन कसरी फरक हुन्थ्यो भनी कल्पना गर्छिन् :

> *"घटनाका कारण मैले पढ्न पाइनँ। मैले पढिरहन पाएको भए अहिले आर्थिक रूपमा स्वतन्त्र हुन्थें होला। पढ्न पाएको भए विगतमा मैले बेहोरेको परिस्थिति र अहिले भोगिरहेको स्थिति सामना गर्नु पर्दैन थियो होला।"*

आफ्नो पढाइ पुनः शुरू गर्न सफल र त्यस पढाइले आफ्नो जीवनमा ल्याएको परिवर्तनका बारेमा एक पीडितले दिएको अभिव्यक्तिसँग यी कुरालाई तुलना गरे पुग्छ। "त्यसैले मैले पढाइलाई निरन्तरता दिएँ। अहिले सोच्दा यो मेरो सबलता हो भन्ने विश्वास छ। म जीवनमा केही गर्न चाहन्थें।"[१५७]

पीडित आफैंले विद्यालय जान नपाउनुका अतिरिक्त तीनजना पीडितका बालबालिकाले पनि द्वन्द्वका कारण पढाइ बीचमै रोक्नुपरेको थियो। मीना थुनामा परेपछि उनका छोराछोरीलाई आफन्तको घरमा राख्नुपरेको थियो :

[१५४] घटना हुँदा सबभन्दा बढी उमेरकी महिला ५५ वर्षकी थिइन्।

[१५५] नागरिक आवाज, आभासँगको अन्तर्वार्ता (आर१६) (लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ २०। नागरिक आवाज, सुनमायासँगको अन्तर्वार्ता (वाई२९) (कर्णाली प्रदेश, नेपाल, २०७८ असार १)। दशजना पीडितले कुनै पनि शिक्षा नपाएको कुरालाई बिर्सन हुँदैन। उदाहरणका लागि, अभिलाषा (आर१५) ("मैले शिक्षा हाँसिल गरेकी छैन र जिन्दगी सधैं पीडामा बिताएकी छु। मेरो सन्तानले उचित शिक्षा पाओस् भनी कामना गर्छु। मलाई सधैं त्यसको चिन्ता लाग्छ।), आभा (आर१६) ("म विद्यालय जान पाइनँ। घरको काम गरेर मेरो समय बित्छ। मेरो कम उमेरमै विवाह भयो।") र सुनमाया (वाई२९) ("मैले पटक्कै पढेकी छैन। मैले विद्यालयको मुख पनि देखेकी छैन।)

[१५६] कुनै पनि सहभागीले युद्धका कारण विद्यालय बन्द गरिएको वा विद्यालय शिक्षामा आएका अन्य अवरोधको उल्लेख गरेनन् यद्यपि यी असरहरूको राम्रो अभिलेखीकरण गरिएको छ।

[१५७] नागरिक आवाज, दिलमायासँगको अन्तर्वार्ता (एन१२५)।

"सशस्त्र द्वन्द्वका कारण मेरा सन्तानले पढ्न पाएनन् । म उनीहरूबाट टाढा हुनुपऱ्यो । म थुनामा हुँदा उनीहरू एक्लै भए । उनीहरूले नपढेको हुनाले कुनै जागिर पाएका छैनन् ।"

सशस्त्र द्वन्द्वको समयमा गंगा भूमिगत भएकी थिइन् :

*"आन्दोलनमा लागेकाले मेरो परिवार भूमिगत भएको थियो । हामी धेरै ठाउँ सरिरहनुपरेकाले बच्चाहरू पनि मसँगै जानुपऱ्यो । उनीहरूले राम्ररी पढ्न पाएनन् ।"*

पारिजातका सन्तानलाई नकारात्मक असर परेको छ किनकि घरमा कमाएर ल्याउने व्यक्ति उनका पति थिए र युद्धमा उनी नै गम्भीर घाइते भए :

*"मेरा पतिलाई सेनाले हिरासतमा कठोर यातना दिएकाले चोटपटक लागेको थियो । उहाँ राम्ररी काम गर्न सक्नुहुन्न । आर्थिक समस्याले गर्दा हामीले केटाकेटीलाई राम्रो विद्यालय पठाउन सकेनौं ।"*

## ५. सामाजिक बदनामी र मान प्रतिष्ठा तथा हैसियतको क्षति

पीडितहरूले बेहोरेको यौनजन्य तथा अन्य ज्यादतीका कारण उनीहरूको सामाजिक जीवन तथा सामुदायिक हैसियतमाअवरोध आएको छ । घटना भएको लामो समय बितिसक्दा पनि सामाजिक बदनामीको चिन्ता पूर्ण रूपमा अन्त्य भएको छैन । अधिकांश पीडितले आफूमाथि गरिएको ज्यादतीका बारेमा गोप्य रूपमा स्वास्थ्यकर्मी वा पीडित समूह र द्वन्द्व पीडितका लागि काम गर्ने नागरिक समाज संगठनको सानो समूहलाई मात्र बताएका छन् । अरूले यो कुरा थाहा पाउलान् भन्ने डरका साथ उनीहरू बाँचिरहेका छन् ।

यसको परिणामस्वरूप सामाजिक अपमानबाट सबभन्दा बढी प्रभावित पीडितहरू ती हुन् जसमाथि भएको यौन हिंसा सार्वजनिक भएको थियो । नेपालमा अज्ञात रहनु दुर्लभ कुरा हो । सार्वजनिक भइसकेपछि यौन हिंसाका अपराधलाई पीडितमाथिको मात्र नभई उनको परिवार र समुदायमाथिको लाल्छनाका रूपमा लिइन्छ । नीताले यसलाई यसरी व्याख्या गरिन् : "हाम्रो यौनिकतालाई इज्जतको विषय बनाइन्छ ।"

केही पीडितका लागि त गोपनीयताको विकल्प पनि थिएन किनकि प्रत्यक्षदर्शीहरूको उपस्थितिमा अपराध भएको थियो । बलात्कारपछि बेहोश भएकी बबिता छिमेकीहरूले पिउनका लागि पानी दिएपछि उठेकी थिइन् ।

*"मेरो शरीरमा एउटा पनि कपडा थिएन । कसैले मलाई उसको शलले छोपिदिएको थियो । मेरा दुई गोडाको बीचबाट रगत आइरहेको थियो । त्यो मेरो लागि कालो दिन थियो । म अर्काको सहायता लिएर घर पुगें । सबैजनालाई ममाथि के गरिएको थियो भन्ने थाहा भएकाले म के भन्न सक्थें र ?"*

मानिसहरूले जसरी वा जहिले थाहा पाए पनि अधिकांश पीडितका लागि परिणाम उही नै थियो । अहिलेसम्म पनि केही पीडितहरूलाई उनीहरूको परिवारले बहिष्कार गर्ने वा बेइज्जती गर्ने काम गरिरहेकै छन् । केही पीडित समाजबाट बहिष्कृत भएर बाँचिरहेका छन् । माथि उल्लेख भएजस्तै उदाहरणका लागि चारजना पीडितका पतिले उनीहरूमाथि भएको घटना थाहा पाएपछि उनीहरूलाई परित्याग गरेका थिए ।

"मैले उसलाई वास्तविक घटना बताएँ । त्यो सुन्नेबित्तिकै उसले मलाई घरबाट निकाल्यो । मैले कुनै गलत काम गरेकी थिइनँ । त्यस घटनाका कारण मेरो विवाहित जीवन छिन्नभिन्न भयो । म असल पत्नी, असल बुहारी र असल छोरी बन्न सकिनँ ।"[१५८]

ज्योति घटना भएको केही वर्षपछि पति र परिवारसँग पुनः बस्न थालिन् र उनले सफल कारोबार पनि गरिरहेकी छन् ।

*"त्यस समयमा ससानो घरेलु उद्योग शुरू गर्नका लागि सीप सिक्ने अवसर मसँग थियो । मैले त्यसमा राम्रो काम गरेपछि मलाई प्रशिक्षक बनाइयो । मैले टोलका महिलाहरूलाई*

[१५८] नागरिक आवाज, तारासँगको अन्तर्वार्ता (एन८७) ।



*सन् २०१७ मा नेपालगन्जमा कार्यशालामा सहभागी।*
*© एलान नौघटन*

*आफूले जानेको सीप सिकाएँ । बिस्तारै मैले राम्रो पैसा कमाउन थालें । मेरो कमाइबाट म बहिनीहरूलाई सहयोग गर्थें । मलाई पहिला तथानाम भन्ने पति पनि मलाई लिन घर आउनुपरेको थियो । उसले आफ्नो गल्ती अनुभव गर्‍यो होला अथवा मैले राम्रो पैसा कमाएको देख्यो होला । मेरा पतिले मलाई स्वीकार गरेको भए पनि सासूले मलाई लामै समयसम्म स्वीकार गरिनन् । त्यसैले हामी परिवारबाट छुट्टिएर बस्न थाल्यौं । तर अहिले परिवर्तन आएको छ । पतिको परिवारले पनि मलाई स्वीकारेको छ ।"*

तर त्यो सबैमा लागू हुने कुरा हैन । अधिकांश पीडितका लागि परिवार र समाजसँगको सम्बन्ध स्थायी रूपमा टुटेको छ ।

चारजना पीडितका पतिहरू उनीहरूसँगै बस्छन् र उनीहरूलाई घटनाको जानकारी छ ।[१५९] तर तीमध्ये केही पीडितले नियमित रूपमा घरेलु हिंसा सहने गरेका छन् । आफूमाथि वर्षौंअघि भएको यौन हिंसाका कारण पनि भुनीमाथि अहिले दुर्व्यवहार हुने गरेको छ :

*"मेरा पति सवारी चालकको काम गर्छन् । उनी मदिरा पिउँछन् र तास खेल्छन् । पिएपछि उनले मलाई पहिले पाएको यौन यातनाको कुरा झिकेर यातना दिने गरेका छन् । कहिलेकाहीँ यसरी सहेर बस्नुभन्दा मर्न पाए हुन्थ्यो जस्तो लाग्छ । लोग्ने छोडिदिऊँ जस्तो लाग्छ तर छोरोको मुख हेर्छु अनि भैगो भन्छु ।"*

सबिनाको पनि हालत त्यस्तै छ :

[१५९] नागरिक आवाज, शक्तिसँगको अन्तर्वार्ता (एन११७) । "मेरा पति र मेरो समुदायलाई ममाथि भएको घटनाको जानकारी थियो । मैले पतिलाई घटनाका बारेमा बताएँ । उनले मलाई घर लगेका हुन् ।"

"मेरो लोग्नेलाई घटनाको बारेमा थाहा थियो। उसले कहिले पनि यो विषय नउठाओस् भनी मैले आशा गरेकी थिएँ। तर रिसाएको बेलामा प्रत्येकपटक उसले मलाई सेनाबाट बलात्कृत भएको र म अपवित्र भएको भन्ने गरेको छ। उसको कुराले प्रत्येक पटक मेरो मुटु छियाछिया बनाउँछ। अहिले पनि मेरा लागि यही परिस्थिति छ र म दिनदिनै यसरी बाँचिरहेकी छु।"[१६०]

यस्तो अवस्था नआओस् भनी हिंसा भएलगत्तै धेरैजसो पीडितले "घटनाको जानकारी कसैलाई पनि नदिने" निर्णय लिएका थिए। परिणामस्वरूप, उनीहरू यसलाई "एक्लै सहन" बाध्य भए। यही कुरा अहिले पनि भइरहेको छ। घटनालाई गोप्य राख्न सफल भएकाहरू पनि सामाजिक बदनामीको सामना गरिरहेका छन् र त्यसले उनीहरूको सम्बन्ध तथा आत्मछविलाई बिगारिरहेको छ। घटना सार्वजनिक भइदेला भन्ने डर उनीहरूलाई लागिरहन्छ। उनीहरूलाई सुरक्षाफौजले पक्राउ गर्दा वा थुनामा राख्दा वा माओवादीले अपहरण गर्दा के भएको थियो होला भन्ने आशंका मात्रले पनि सम्बन्ध बिग्रन योगदान गरेको छ। उनीहरू यौन हिंसाको शिकार भएको पुष्टि नहुँदा पनि त्यसो भएकै हुनुपर्छ भनी अनुमान गर्ने गरिएको छ र उनीहरूलाई "चरित्रहीन" भन्ने गरिएको छ। प्राप्तिका पतिले त्यस्तो आशंकाको भरमा उनलाई घरबाट निकाले। शारदाले यस परिस्थितिलाई यसरी व्याख्या गरिन् :

> *"मेरो समुदायलाई ममाथि भएको घटनाका बारेमा जानकारी छैन। म पक्राउ परेको भन्ने मात्र उनीहरूलाई थाहा छ। माओवादीमा म संलग्न रहेको भनी मेरो समुदायले मलाई चरित्रहीन नारीका रूपमा लिने गरेको छ। माओवादीमा हुँदा मैले धेरै पुरुषहरूसँग सम्बन्ध बनाएको उनीहरू ठान्छन् तर त्यो सही हैन। अझ त्यसमाथि मैले दलित पुरुषसँग विवाह गरेकी छु। समुदायले गलत सोचेकाले मेरा आमाबुवा पनि मलाई घरमा पस्न दिँदैनन्।"*

यसरी पीडितलाई सामूहिक रूपमा अपमान र दुर्व्यवहार गरिँदा परिवार भंग, मनोवैज्ञानिक तनाव, सामाजिक बहिष्कार, विद्यालय शिक्षाबाट वञ्चित हुने तथा काम पाउन वा गर्न क्षमता घट्ने समस्या देखिन्छन्। यी कुराहरूले बेग्लाबेग्लै वा सामूहिक रूपमा पीडितको जीवनका शारीरिक/स्वास्थ्य, मनोवैज्ञानिक, आर्थिक, सामाजिक र कानूनी सबै पक्षलाई असर गर्छन्।

केही पीडितहरूलाई विवाहका लागि बाध्य बनाइएको थियो। मारिदिने धम्की दिएर बलात्कार गर्ने पुरुषहरूमध्येकै एक पुरुषसँग स्मृतिलाई विवाह गर्न बाध्य पारिएको थियो। ती पुरुष सेनाका मेजर थिए र उनले पीडितका आमाबुवाको मञ्जूरीमा विवाह गरे तर पहिले नै विवाह भएर छोराछोरी समेत रहेको उनले बताएनन्। उनी पनि घरेलु हिंसाको शिकार भएकी छन्।

अन्य पीडितहरू छिटो विवाह गर्नका लागि बाध्य भए जसमा सुरक्षा कारण पनि जिम्मेवार थियो।

> *"त्यो घटना भएपछि जिन्दगी बचाउनका लागि मैले छिट्टै विवाह गरें। त्यतिखेर सेना र माओवादी दुवैले हामी जस्ता युवतीलाई निर्बल र गरीब ठान्थे। उनीहरूले म जस्ता युवतीलाई अपहरण, यातना र बलात्कार गर्थे। धेरैलाई त लगत्तै मारिदिन्थे। सौभाग्यवश म जिउँदै छु।"*[१६१]

पीडितविरुद्धको अपमान तथा दोषारोपण पनि आत्मसात गरिएको छ। ३१ जना पीडितमध्ये दुईले आफूमाथि भएको घटनामा आफूलाई नै समाजले दोषी देखाएको र माओवादी आन्दोलनमा जोडिएकाले आफूलाई "चरित्रहीन" का रूपमा हेर्ने गरेको बताए। राधा आफ्ना छोरीहरूको सुरक्षा तथा पतिले गर्न सक्ने हिंसाका बारेमा चिन्तित छिन् :

> *"मैले उसबाट दिनदिनै हिंसा सहनुपरेको थियो। मेरो पतिले छोरीहरूलाई बलात्कार गरिदेला भनी डर लाग्छ। छोरीहरूले आफ्नो कोठाको ढोका राम्ररी बन्द गरेका छन् कि छैनन् भनी म घरिघरि हेर्न गइरहन्छु।"*

द्वन्द्वको समयमा केही महिलाहरू विधवा भएका थिए र त्यसकारण नै उनीहरूलाई अपमान गर्ने गरिएको छ। सुनमायाले यसको वर्णन गरिन् :

> *"मेरा पति मारिएपछि मानिसहरूले ममाथि नराम्रो व्यवहार देखाए। उनीहरूले म जस्ती विधवालाई देख्दा दुर्भाग्य*

[१६०] नागरिक आवाज, भुनीसँगको अन्तर्वार्ता (के१३) (लुम्बिनी प्रदेश, नेपाल, २०७८ जेठ १८)।

[१६१] नागरिक आवाज, प्राप्तिसँगको अन्तर्वार्ता (एन४५)।

*आउँछ भने। मैरै सामुन्ने पनि उनीहरूले त्यसो भने। मलाई एकदम नराम्रो लाग्यो।"*

परिवारका सदस्य र समुदायहरूले पीडितहरूमाथि गरेको कठोर व्यवहारका अतिरिक्त केही पीडितलाई नागरिक समाज संगठनहरूले ज्यादतीका बारेमा भन्न दबाब दिएर अनि उनीहरूको गोपनीयता कायम नराखेर पुनः पीडित बनाएका छन्। प्रेरणाले त्यसको सबभन्दा खराब उदाहरण दिएकी छन्। उनलाई एक संगठनले सहायता गर्ने नाममा उनको गोपनीयता सार्वजनिक गरिदिएको थियो :

*"मैले पतिलाई द्वन्द्वको बेलामा म कारागारमा बसेको कुरा बताएकी थिएँ तर यौन दुर्व्यवहार भोगेको बताएकी थिइनँ। एउटा संस्थाकी एकजना महिला मलाई भेट्न आइन् र औषधोपचार सहयोग गर्ने आश्वासन दिइन्। मैले उनलाई विश्वास गरें। उनले मलाई घरिघरि, लगभग पाँचचोटि, औषधिको बिलको फोटोकपी पठाउन भनिन्। त्यसपछि मेरा पतिले ममाथि द्वन्द्वको बेलामा दुर्व्यवहार भएको शंका गरे। अनि उनले मलाई र मेरा सन्तानलाई छोडे। मेरो पारिवारिक जीवन छिन्नभिन्न भएको छ।"*

## ६. सशस्त्र समूहहरूसँग आबद्ध पीडितहरू

अन्तर्वार्ता लिइएका महिलामध्ये आठजनाले माओवादीहरूसँग बिताएको समयका बारेमा कुरा गरेका छन्। हेमा जस्ता केहीलाई जबर्जस्ती भर्ती गरिएको थियो भने अभिलाषा जस्ता केही माओवादी पार्टीको भाष्य मन परेर स्वेच्छाले त्यसमा जोडिएका थिए :

*"उनीहरूले राम्रो कुरा गरेका थिए र हामीलाई माओवादीमा जोडिन विश्वस्त गरेका थिए। मलाई राजनीतिको बारेमा केही थाहा थिएन। केही नबुझिकनै म पार्टीमा प्रवेश गरेकी थिएँ। लगभग तीन वर्ष म भूमिगत भएँ। हामी धेरै ठाउँमा आक्रमण गर्न र लड्न गएका थियौं।"*

युद्धमा एउटा न एउटा भूमिका पाएको भनी तीनजनाले विशेष चर्चा गरे। उदाहरणका लागि, गौरीलाई

*"हाम्रा लडाकु र सेना तथा प्रहरीको संयुक्त बलबीच दोहोरो भिडन्त भइरहेको बेलामा पक्राउ गरिएको थियो।"*

कतिजना महिला माओवादीमा जोडिए वा भर्ती गरिए भन्ने स्पष्ट छैन। महिला लडाकुको संख्या कुल लडाकुको ४० देखि ५० प्रतिशत रहेको अनुमान छ।[१६२] २०६३ सालमा संयुक्त राष्ट्रसंघले नेपालमा भर्खरै हस्ताक्षर गरिएको शान्ति सम्झौताको कार्यान्वयनका लागि (अनमिन नामक) विशेष राजनीतिक मिसन स्थापना गरेको थियो। त्यसले युद्धविराम सम्झौताको निगरानीका साथै "दुवै पक्षका हतियार र सशस्त्र फौजको व्यवस्थापन" गर्ने जिम्मेवारी पाएको थियो।[१६३] द्वन्द्वका दुई पक्षले पूर्व माओवादी लडाकुहरूलाई नेपाली सेना, प्रहरी वा अन्य क्षेत्रमा समायोजन र पुनर्बहाली गर्नुपर्ने थियो।

उक्त प्रक्रियाको एक अंगका रूपमा अनमिनले माओवादी लडाकुलाई दर्ता तथा प्रमाणीकरण गर्ने एक कार्यक्रममा पनि सहायता गरेको थियो। त्यसमा सकल दर्जामा रहेका नाबालिगहरूको पहिचान गर्ने काम पनि परेको थियो। अन्ततोगत्वा, अनमिनले १९,६०२ योग्य माओवादी लडाकुमध्ये ३,८४६ जना महिला भएको प्रमाणीकरण गरेको थियो।[१६४] लगभग ३,००० उमेर नपुगेका लडाकुलाई पनि अनमिनले प्रमाणीकरण गरेको थियो।[१६५]

माओवादी सेनाको निःशस्त्रीकरण तथा विघटन प्रक्रिया ६ वर्षको अवधिमा पूरा भएको थियो। उक्त समयभरि माओवादी पार्टीको सैन्य इकाइ जनमुक्ति सेनाका सदस्यहरू क्यान्टोनमेन्टमा बसेका थिए। शारदाले पनि युद्धपछि क्यान्टोनमेन्टमा समय बिताएकी थिइन्। त्यहाँ छँदा उनलाई एक माओवादी पुरुषसँग विवाहका लागि बाध्य बनाइएको थियो। ती व्यक्तिप्रति "कुनै भावना नरहेको" उनी बताउँछिन्।

*"शान्ति सम्झौतापछि म (फलानो) क्यान्टोनमेन्टमा बसें। मेरा पति पनि (अर्को) जिल्लामा भएको क्यान्टोनमेन्टमा*

---

[१६२] आईसीटीजे र एड्भोकेसी फोरम, पुस २०६७।

[१६३] संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव १७४० (२०६३ माघ ९)।

[१६४] विस्तृत शान्ति सम्झौता (एन१४०। दर्ता गरिएका थप ४,००८ लडाकूहरूलाई अयोग्य घोषित गरिएको थियो। त्यसमा शान्ति सम्झौताको समयमा १८ वर्षभन्दा कम उमेरका २,९७३ जना पनि पर्थे।

[१६५] बाल सैनिक अन्तर्राष्ट्रिय, बाल सैनिक विश्वव्यापी प्रतिवेदन २०६५ (२०६५ जेठ ७)।

*थिए । हाम्रो केन्द्रीय कार्यालयले हामीलाई विवाहका लागि बाध्य बनायो । केन्द्रीय कार्यालयले मलाई उपचारका लागि भन्दै अर्को ठाउँमा लगेको थियो तर वास्तवमा उनीहरूले मेरो विवाहको योजना बनाएका थिए । विवाहपछि मैले धेरैपटक आत्महत्याको कोशिश गरें किनकि म विवाहका लागि तयार थिइनँ । तर पार्टीले खोजिदिएको पुरुषसँग विवाह गर्न मलाई बाध्य बनाइयो । मेरो मानसिक स्थिति त्यतिखेर स्थिर थिएन ।"*

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका अन्य पूर्व लडाकुहरू क्यान्टोनमेन्टमा बसेको जस्तो देखिँदैन । बरु उनीहरू घर फर्किएर नागरिक जीवन बिताउन थालेका थिए वा बसाइँ सरेका थिए । माओवादीले फेरि भर्ती नगरून् भनी अभिलाषाले यसै गरेकी थिइन् :

*"मैले एक वर्ष कारागारमा बिताएँ र मुक्त भएँ । त्यतिखेर मेरी आमाले म मरेको सुन्नुभएछ । सबै पत्रिकामा म मरेको खबर थियो । म घर फर्किंदा मलाई देखेर आमा बेस्सरी रुनुभयो । म घर आएको थाहा पाएपछि माओवादीहरू मलाई भेट्न आए । उनीहरूले मलाई आफूसँग हिँड्न भने र फकाउन पनि खोजे । तर म गइनँ । माओवादीसँग जोडिनुभन्दा यो ठाउँ नै छोड्न ठीक हुन्छ भन्ने सोच आयो । धेरै दबाब आएपछि म बसाइँ सरें । त्यति राम्रो कमाइ थिएन । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको केही दिनपछि म घर फर्के ।"*

युद्धपछि महिला लडाकुहरूको स्थितिका बारेमा गरिएको बेग्लै अनुसन्धानमा पाइएका निष्कर्षसँग पीडितहरूको अनुभव मेल खान्छ । अन्ततोगत्वा सानो संख्यामा मात्र महिलाहरू सुरक्षाफौजमा समायोजनका लागि योग्य ठहरिए ।[१६६] तर "ठूलो संख्यामा महिला लडाकुहरू अदृश्य भए र गहिरो अपमानका साथ निर्बल बनेर आफ्नो समुदायमा फर्किए ।"[१६७] पूर्व लडाकुहरूले सानोतिनो रकम पाउने र विद्यालय शिक्षा, व्यावसायिक तालिम तथा साना कारोबार शुरू गर्न सहायता पाउने लगायतका पुनःस्थापना सहयोग सरकार र संयुक्त राष्ट्रसंघबाट उपलब्ध हुने भनिए पनि अध्ययनमा सहभागी कुनै पनि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले त्यस्तो नगद सहायता पाएको उल्लेख गरेनन् ।

परिणामस्वरूप, यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका अधिकांश पूर्व लडाकुहरू नेपालको पितृसत्तात्मक समाजमा महिलाका लागि निर्धारित परम्परागत भूमिकामा रहन बाध्य छन् यद्यपि दुईजना अहिले स्थानीय सरकारका कर्मचारी छन् । अधिकांश पीडितहरू दैनिक आवश्यकतामा केन्द्रित छन् र माओवादी आन्दोलनका क्रममा युद्धमा सहभागी भएको असर उनीहरू अहिलेसम्म पनि अनुभव गरिरहेका छन् । माओवादीद्वारा जबर्जस्ती भर्ती गरिएकी शक्तिले उनीहरूलाई माफी दिन सकेकी छैनन् :

*"हामी स्वेच्छाले नभई जबर्जस्ती अपहरणमा परेर माओवादी आन्दोलनमा जोडिएका हौं । हाम्रो जीवन ध्वस्त भयो । म तिनीहरूलाई जिन्दगीभरि माफ गर्न सक्दिनँ ।"*

गौरी जस्ता केही पीडित सरकारले गरेको मुद्दाफिर्ताबाट लाभान्वित भएका छन् :

*"मलाई महिनौंसम्म प्रहरी चौकी र कारागारमा राखिएको थियो र विस्तृत शान्ति सम्झौतापछि थुनामुक्त गरिएको थियो । मविरुद्ध विभिन्न घटनामा आरोप लगाइएको थियो । शान्ति सम्झौतापछि सरकारले मविरुद्धका मुद्दा खारेज गरिदियो र म थुनामुक्त भएँ । मलाई कठोर निगरानीमा राखियो तर राज्यले मुद्दा फिर्ता लिएपछि म मुक्त भएँ ।"*

तर माओवादीका तर्फबाट लडेका अधिकांश पीडितले धोका पाएको अनुभव गरेका छन् अनि शान्ति सम्झौतामा हस्ताक्षर भएपछि आफूहरूलाई बिर्सिइएको गुनासो गर्ने गरेका छन् ।[१६८] देवकी भन्छिन् :

*"समान व्यवहार गरिनेछ भनी उनीहरूले हामीसँग वाचा गरेका थिए । यो कस्तो किसिमको समानता हो ? हामीमाथिको नीतिगत विभेद कायम छ । हामीले स्वास्थ्य उपचार पाएका छैनौं । द्वन्द्वका घाउ र पीडा हामी कहिले पनि भुल्ने छैनौं ।"*

---

[१६६] रोश्मी गोस्वामी, यूएन वीमेन, असोज २०७२, पृष्ठ ८ ।

[१६७] उही १० ।

[१६८] माओवादी आन्दोलनमा जोडिएका आठजना उत्तरजीवीमध्ये तीनजना जनजाति थिए । बाँकी पाँच उच्च जातका कित बाहुन कि त क्षेत्री हुन् र तीमध्ये दुईजना सरकारी सेवामा रहिसकेका वा बहालवाला छन् । विशेषगरी उच्च जातकाहरू आफ्नो योगदानको पहिचान नभएको गुनासो गर्छन् ।

युद्धका दौरान लडाकुका रूपमा समेत गरी महिलाहरूले विभिन्न भूमिका निर्वाह गरेको र उनीहरूलाई परिवर्तनको लडाइँ लड्नका लागि प्रोत्साहन गरिएको भए पनि पुनःस्थापना र समायोजनको बहसमा उनीहरूलाई पाखा लगाइयो । अझ, यी विषयहरूको व्यवस्थापन गर्नका लागि गठित सरकारी समितिमा "एकजना पनि महिला सदस्यलाई समावेश गरिएको थिएन।"[१६९] संविधानको मस्यौदा तयार पार्ने प्रक्रियामा लैंगिक सन्तुलनमा सुधार ल्याइएको थियो । संविधानसभामा निर्वाचित ६०१ सदस्यमध्ये ३२.७ प्रतिशत महिला थिए । यसबाहेक १९ राजनीतिक दलका १९७ सदस्यहरू भएको महिला ककस गठन गरिएको थियो ।[१७०]

यसरी हेर्दा कागजमा भए पनि संवैधानिक तहमा लैंगिक समानता र विभेदरहितताका सवालमा केही प्रगति देखिएको छ । तर संक्रमणकालीन न्यायको सवालमा अन्य द्वन्द्व पीडित जस्तै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई सीमान्तीकृत गर्ने काम जारी छ । माओवादी आन्दोलनमा लागेका पीडितहरू नेपालमा "व्यवस्था परिवर्तन" का लागि खेलेको भूमिका तथा दिएको योगदानलाई सरकारले अलिकति मात्र भए पनि स्वीकार गर्नुपर्छ भनी जोड दिन्छन् र परिपूरणका बारेमा अलिक फरक धारणा राख्छन् । उनीहरूका लागि परिपूरण र विशेषगरी सरकारका तर्फबाट व्यक्त गरिने कृतज्ञताबाट नेपालको परिवर्तनका लागि उनीहरूले पुऱ्याएको योगदानलाई स्वीकार गरेको ठहर्छ ।

[१६९] आईसीटीजे र एड्भोकेसी फोरम (एन१६२) ७–८ ।

[१७०] आईडीईए, नेपालको संविधान निर्माण प्रक्रिया : २०६३–२०७२ प्रगति, चुनौती र अन्तर्राष्ट्रिय समुदायको योगदान, (स्टकहोम, २०७२) । १२–१३ ।




कुम्भर अडडा बेपत्ता र सहिद स्मारक पार्कको प्रवेशद्वार, बारबर्दिया नगरपालिका, बर्दिया जिल्ला, प्रदेश नम्बर ५, २०१८।
(देखाइएको कुनै पनि व्यक्तिले यस अध्ययनमा भाग लिएनन्।)

© एलेना नौघटन

# झ. आर्थिक सहायता वा अन्तरिम राहतमा पहुँचको अभाव

## १. सन् २००८ को अन्तरिम राहत कार्यक्रम

द्वन्द्वको अन्त्यपश्चात द्वन्द्वकालीन यौन हिंसा तथा यातना पीडितहरूका लागि नेपालमा कुनै पनि सरकारी राहत वा परिपूरणको कार्यक्रम उपलब्ध भएको छैन । अन्तरिम राहत कार्यक्रम[१७१] हालको दिनसम्म, द्वन्द्व पीडितका लागि भनी ल्याइएको राष्ट्रिय स्तरको मुख्य कार्यक्रम हो जुन "द्वन्द्व पीडित" भनी परिभाषित गरिएका द्वन्द्वको क्रममा ज्यान गुमाएका तथा बेपत्ता पारिएका व्यक्तिहरूको परिवार र ८०,००० आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू[१७२] का लागि स्थापना गरिएको एक क्षतिपूर्ति सहायता कार्यक्रम हो । नेपाल सरकारको शान्ति तथा पुनःनिर्माण मन्त्रालय द्वारा[१७३] कार्यान्वयन गरिएको उक्त कार्यक्रमले यातना तथा यौन हिंसाका पीडित दुवैलाई समावेश गरेको छैन ।

कार्यान्वयनको क्रममा अन्तरिम राहत कार्यक्रमले द्वन्द्वको क्रममा ज्यान गुमाएका व्यक्तिका जम्मा १४,४१८ परिवार, बेपत्ता पारिएका व्यक्तिका १,५३० परिवार, बन्धक बनाइएका ५,६५९ व्यक्तिका परिवार तथा ७९,५७१ विस्थापित परिवारलाई विश्व बैंक तथा नेपाल सरकारको कोषबाट अन्तरिम राहत प्रदान गरेको थियो ।[१७४] शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २०१३ बाट शुरू गरी दशवटा जिल्लाहरूमा मनोवैज्ञानिक सहयोग समेत गरेको थियो । यसका साथै संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले "सरकारले द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका पीडितहरूलाई अस्थायी रूपमा थप रकम प्रदान गरेको छ । यद्यपि यी नीतिले बलात्कार तथा अन्य किसिमका यौनजन्य हिंसाका पीडितहरूलाई भने समावेश गरेको छैन"[१७५] भनी उल्लेख गरेको छ ।

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका झण्डै दश जना द्वन्द्वकालीन यौन हिंसापीडितहरू बेपत्ता पारिएका तथा ज्यान गुमाएका व्यक्तिहरूका आफन्तका रूरूपमा अन्तरिम राहत प्राप्त गर्न योग्य हुन सक्ने देखिन्छन् भने ६ जनाले अन्तरिम राहत कार्यक्रम अन्तर्गत द्वन्द्व पीडितका रूपमा अन्य घटनाका लागि राहत प्राप्त गरिसकेका छन् । जस्तै, स्थानीय कर्मचारी रहेका सुनमायाका पतिको माओवादीद्वारा विभत्सपूर्ण हत्या गरिएको थियो । यसका लागि उनले क्षतिपूर्ति स्वरूप पाँच लाख रूपैयाँ (नेपाली रूपैयाँ ५,००,०००।– वा करिब ४,५००।– अमेरिकी डलर) प्राप्त गरेकी थिइन् जुन हत्या गरिएका व्यक्तिका श्रीमतीले पाउने कुल रकमको आधा हो (उनी आफ्नो पतिको दोस्रो श्रीमती थिइन्) । महिला विकास समितिद्वारा द्वन्द्व पीडितका लागि सञ्चालन गरिएको एक कार्यक्रमबाट उनले तालिम पनि प्राप्त गरिन् र उनका छोराले दुई वर्षको शैक्षिक छात्रवृत्ति समेत पाए ।[१७६]

---

[१७१] २०१० को कानूनमा उक्त कार्यक्रमलाई "नागरिक राहत, क्षतिपूर्ति र आर्थिक सहायता कार्यविधि" भनिएको थियो । त्यस पश्चात शान्ति तथा पुनःनिर्माण मन्त्रालयको सट्टामा गृह मन्त्रालयले कार्यक्रम सञ्चालन गरेको थियो ।

[१७२] रुबेन कारान्जा, "राहत, क्षतिपूर्ति र नेपालमा द्वन्द्वको मुख्य कारणहरू" (आइसिटिजे, १ अक्टोबर २०१२) <https://www.ictj.org/publication/relief-reparations-and-root-causes-conflict-nepal> मिति २५ जनावरी २०२२ मा हेरिएको ।

[१७३] शान्ति तथा पुनःनिर्माण मन्त्रालय ३१ मार्च २००७ मा शान्ति सम्झौतामा हस्ताक्षर गर्ने मुख्य नेताहरूको सहमतिमा निर्माण गरिएको थियो । मनिष थापा, शान्ति तथा पुनःर्निमाण मन्त्रालय, नेपाल ।

[१७४] शर्मा एण्ड अदर्स (नं १५) २६–२७ । सुविधा प्राप्त गर्न सक्ने व्यक्तिको पूरा सूचीको लागि, हेर्नुहोस् द्वन्द्व पीडित साझा चौतारी, "परिपूरणको आवश्यकता, नेपालमा द्वन्द्व पीडितको अधिकार र माग" (मे २०१८) ।

[१७५] सीसीपीआर, "कम्युनिकेशन नं. २२४५/२०१३(नं. ८६) नं ७ सम्बन्धमा , स्वेच्छिक प्रोटोकलको धारा ५(४) बमोजिम समितिले व्यक्त गरेको धारणा" ।

[१७६] सुनमायाद्वारा उल्लेख गरिएको महिला विकास समिति अन्तरिम राहत सञ्चालन गर्न मद्दत गर्ने गाउँ विकास समितिको भाग भएको देखिन्छ । गा.वि.स.हरूमा योजना निर्माण तथा निर्णयमा महिलाको कम सक्रिय भूमिका रहेको मानिन्छ । यूएनडीपी, "गाउँ विकास समिति शासनको मूल्यांकन तथा अनुदानको प्रयोग" (काठमाडौंः स्थानीय विकास मन्त्रालय र संयुक्त राष्ट्र विकास कार्यक्रम, २००९) २१–२२ ।

गौरीले अपहरणका पीडितको रूपमा राहत पाइन् तर उनले भोग्नु परेको यौन हिंसा वा यातनाको लागि भने पाइनन् :

> *"मैले स्थानीय निर्वाचन अगाडि शरीर बन्धकको पीडितको रूपमा राज्यबाट रु. २५,००० पाएँ तर यातना तथा हिंसा भोग्नु परेको व्यक्तिको रूपमा भने मेरो पहिचान भएन। मलाई द्वन्द्वकालमा अपहरण भएको व्यक्तिको रूपमा पहिचान गरिएको छ।"*

यद्यपि २४ जना पीडितले कुनै पनि किसिमको सरकारबाट राहत पाएका छैनन् जसमध्ये अन्य घटनाका पीडितका रूपमा अन्तरिम राहत पाउनु पर्ने कम्तीमा चार जना पीडित समेत पर्दछन्। जस्तै, आफ्नो परिवारका सदस्यलाई बलपूर्वक बेपत्ता पारिएको भए तापनि भुमिले कुनै सहयोग वा क्षतिपूर्ति पाइनन्। उनी दलित समुदायकी सदस्य हुन् जो नेपालको सबैभन्दा सिमान्तकृत समुदाय हो र उनलाई यसको प्रक्रियाबारे ज्ञान थिएन,

"सहयोगको लागि कहाँ सोध्ने भनी हामीलाई थाहा थिएन।"

अन्तरिम राहत कार्यक्रममा अपर्याप्त रकम विनियोजन, मुख्य सरोकारवालाहरूसँग सहकार्यको कमी र निवेदन प्रक्रिया तथा योग्यता निर्धारणमा राजनीतिकरण लगायत त्रुटिपूर्ण तथ्यांक संकलन र योजना तथा कार्यान्वयनमा कमी कमजोरी भएको कुरा हेर्दा यो अवस्था आफैमा असामान्य भने होइन।[१७७]

अन्तरिम राहत कार्यक्रमसँगै यौन हिंसाका केही पीडितहरूले अन्य राहत तथा पुनर्स्थापना कार्यक्रमहरूबाट, उदाहरणका लागि आन्तरिक रूपमा विस्थापित व्यक्तिको रूपमा वा पूर्व लडाकुको रूपमा, राहत प्राप्त गरेको हुनसक्ने सम्भावना पनि छ तर अन्तर्वार्ता लिइएका कुनै पनि पीडितले यो तथ्य उल्लेख गरेनन्। उदाहरणका लागि २००७ मा तयार पारिएको आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूसम्बन्धी राष्ट्रिय नीतिमा गाँस, वास, कपास तथा आफ्नो थातथलो फर्कन, समायोजन हुन तथा पुनर्स्थापनाका लागि केही क्षतिपूर्तिको व्यवस्था गरेको थियो।[१७८] केही पीडितहरूले सरकारको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत एकल महिला भत्ता प्राप्त गरिरहेका छन् तर यसले पीडितको रूपमा मान्यता भने दिँदैन। मीनाका अनुसार :

> *"मैले सरकारबाट एकल महिला भएको कारण नौ वर्षसम्म भत्ता पाएँ। तर मेरो विवाह भएपश्चात त्यो रोकियो। मानिसहरूले मेरो विवाह भइसकेकोले मलाई कुनै सहयोग नचाहिने बताए र मलाई द्वन्द्व पीडितको रूपमा मान्यता पनि दिएनन्।"*

सरकारको राहत कार्यक्रममा एउटा साझा धारणा रहने गरेको छ : यौन हिंसाका पीडितहरू यौन हिंसाका पीडितका रूपमा राहत प्राप्त गर्न अयोग्य छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (२०१४) ले यसमा सुधार गर्न सक्दथ्यो तर यस ऐनले अन्तर्राष्ट्रिय परिभाषालाई आत्मसात् गरेको छैन।[१७९] उक्त ऐनमा "पीडित" को निम्न परिभाषा गरिएको छ,

> *"सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरूप मृत्यु भएको वा शारीरिक, मानसिक, यौन वा आर्थिक रूपमा हानि नोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानवअधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरूप मानवीय, सामाजिक वा सामुदायिक रूपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ।"*[१८०]

ऐनले "मानव अधिकारको गम्भीर उल्लङ्घन" लाई "निशस्त्र व्यक्ति वा नागरिक विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वको क्रममा भएका", "बलात्कार तथा यौन हिंसा"

[१७७] कारान्जा (नं १७२)।

[१७८] सीसीपीआर, "कम्युनिकेशन नं. २२४५/२०१३ (नं. ८६) नं ३ सम्बन्धमा , स्वेच्छिक प्रोटोकलको धारा ५(४) बमोजिम समितिले व्यक्त गरेको धारणा"। पूर्ण मायाले मानव अधिकार समितिसँगको संवाद पछि आफूले आन्तरिक रूपमा विस्थापित व्यक्तिको रूपमा अन्तरिम राहत प्राप्त गरेको बताइन्। उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारी समक्ष पीडककै उपस्थितिमा यातना र बलात्कार बारे निवेदन गरे तापनि उक्त उजुरी विरुद्ध कुनै पनि कारवाही गरिएन।

[१७९] उदाहरणका लागि, यो परिभाषा परिवारका सदस्य र आश्रित सदस्यको पीडित हैसियतबारे अस्पष्ट छ। यसमा "परिवार" शब्दलाई बन्दीसँग जोडिने गरी प्रयोग गरी सीमित गरेको देखिन्छ। जस्तै, द्वन्द्वकालीन यौन हिंसा पीडितका सन्तानले आफ्ना आमाबाबु विरुद्ध भएको अपराधका कारण उल्लेखनीय मनोवैज्ञानिक, आर्थिक तथा अन्य हानी भोगेका छन्।

[१८०] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ दफा २(ज)।

लाई समावेश गरेर परिभाषा गरेको छ ।[१८१] तर बलात्कार वा यौन हिंसा दुवैलाई बेग्लाबेग्लै परिभाषित गरिएको छैन जसका कारण कस्ता किसिमका अपराधहरू समेटिएका छन् भनी द्विविधा सिर्जना भएको छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोगको उद्देश्य "पीडित वा तिनका परिवारलाई प्रदान गर्नुपर्ने परिपूरणसम्बन्धमा सिफारिस गर्ने" रहेको छ ।[१८२] यद्यपि यौन हिंसा तथा बलात्कारका पीडिहरूको हकमा यस्ता सिफारिस कसरी गर्ने भन्ने विषयमा कानून अस्पष्ट छ ।[१८३] २०७१ साल (सन् २०१४)को ऐनबमोजिम परिपूरणसम्बन्धी सिफारिस "अनुसन्धान पूरा भए पश्चात" गर्ने प्रावधान छ । तर यौन हिंसाका धेरै पीडितहरूले सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता नगरेको र पछि उजुरी दर्ता गर्न खोज्दा उजुरी नलिएको अवस्थामा पीडितलाई सामाजिक लाञ्छनाको गम्भीर जोखिममा नराखी, भौतिक प्रमाण नरहेको तथा साक्षीको बयान प्राप्त गर्न प्राय सम्भव नहुने अवस्थामा यौन हिंसा स्थापित गर्न अधिकांश अवस्थामा असम्भव हुने पाएका छन् । बलात्कार तथा यौन हिंसाका पीडितलाई परिपूरण प्राप्त गर्नका लागि भौतिक प्रमाण बुझाउन आवश्यक छैन । बलात्कार तथा यौन हिंसाका पीडितद्वारा दिइने बयान नै पर्याप्त हुनुपर्छ ।[१८४]

त्यसैगरी, सन् २०१६ मा राजनीतिक दलहरूले फेरि नौ बुँदे सहमतिमा "द्वन्द्वकाल तथा जनआन्दोलनमा घाइते हुनेहरूलाई स्वास्थ्य उपचार, सुरक्षा र जीविकोपार्जन" को सुनिश्चितता गर्ने प्रतिबद्धता गरे । तर यस कार्यक्रमले मृतक तथा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई थप सहयोग दियो तर यसमा पनि यौन हिंसा पीडितलाई सुनियोजित रूपमा छुटाइयो ।[१८५]

वर्षौँसम्मको निष्क्रियता पश्चात् सन् २०२१ को अन्त्यमा सत्य निरूपण तथा मेलमिलाप आयोगले २९ मुद्दाहरूमा अनुसन्धान गऱ्यो र परिपूरणको लागि सिफारिस गऱ्यो । यी सिफारिसको आधारमा अधिकतम रु. ५,००,००० (करिब ४,५०० अमेरिकी डलर) आर्थिक क्षतिपूर्ति तथा अन्य किसिमको परिपूरण जस्तै ब्याजरहित ऋण, सीप विकाससम्बन्धी तालिम र शैक्षिक छात्रवृत्ति दिन सकिने प्रावधान छ । यो प्रतिवेदन तयार हुँदासम्म यौन हिंसासम्बन्धी घटनामा कुनै निर्णय भएको छैन ।

यस अध्ययनको लागि अन्तर्वार्ता लिइएका धेरै उत्तरजीवीहरू अन्तरिम राहत कार्यक्रममा समावेश नगराइएकाले दुःखी छन् :

> *"मैले सरकारबाट केही पनि पाएको छैन । धेरै जनाले द्वन्द्व पीडितले राहत सहयोग पाए । हामीसँग हिंसाको कुनै प्रमाण छैन...तर अहिले माओवादीको उच्च पदमा भएका मेरा एक जना साथीलाई म द्वन्द्व पीडित हुँ र मलाई आर्मीले पक्राऊ गरेका थिए भन्ने थाहा छ । उनीहरूलाई सबै थाहा छ । तर उनीहरूले हाम्रो लागि केही पनि गरेनन् । हामीलाई क्षतिपूर्ति*

[१८१] ऐ.ऐ. दफा २(ञ) ।

[१८२] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(१)(घ) ।

[१८३] २०१८ मा प्रस्ताव गरिएको ऐनको संशोधनले अन्तरिम राहत कार्यक्रममा भएको लामो समयदेखिको असमानतालाई यातना, बलात्कार वा यौनजन्य हिंसा भोगेका द्वन्द्व पीडितलाई "अन्तरिम राहत" र अन्य सम्भव परिपूरण प्रदान गर्ने गरी सुधार्न सक्ने थियो । तर यो संशोधन कहिले पनि कानूनको रूपमा पारित भएन । संशोधित विधेयकको दफा २३ बमोजिम "(१क) उपदफा (१) बमोजिम अन्तरिम राहतको लागि सिफारिश गर्दा, बलात्कार, अन्य यौन हिंसा वा यातना लगायत विगतमा नेपाल सरकारबाट अन्तरिम राहत, राहत वा अन्य सहयोग प्राप्त नगरेका र यस ऐन बमोजिम अन्य सम्भावित परिपूरण प्राप्त नगरेका पीडितलाई मात्र गरिनेछ ।"

[१८४] प्रशासनिक परिपूरण कार्यक्रमको सन्दर्भमा, द्वन्द्वमा यौनजन्य हिंसाको अभिलेख कायम तथा अनुसन्धान सम्बन्धी अन्तर्राष्ट्रिय प्रोटोकलमा गरिएको सिफारिश बमोजिम "यौनजन्य हिंसाको प्रमाणको दायरा बढाउनका लागि" पीडितलाई योग्यता स्थापना गर्नको लागि बढी लचकता प्रदान गरिनेछ । नेपालमा घटना भएपश्चात् व्यतीत भइसकेको समय र धेरै अवस्थामा बयानलाई पुष्टि गर्ने साक्षीको अभावलाई हेरी उत्तरजीवीको योग्यता अनुमान गर्नुपर्नेछ, जस्तै टीआरसी समक्ष दावी गरेको छ र/वा धेरै अन्तर्राष्ट्रिय र नागरिक समाज संगठनमा पहिले उजुरी गरेको छ, जसले द्वन्द्वकालीन यौनजन्य हिंसा द्वन्द्व चलिरहँदा र शान्ति सम्झौतामा हस्ताक्षर भइसकेपछि विवरण संकलन गरी राखेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालत कार्यविधि र प्रमाण सम्बन्धी नियम (२००२), नियम ६३ ("अदालतको क्षेत्राधिकार स्थापना गर्नको लागि, विशेष गरी यौनजन्य हिंसा सम्बन्धी अपराधको मुद्दामा चेम्बरले अपराध स्थापित गर्न प्रमाण पुष्टि (कोरोबोरेसन) आवश्यक हुने भन्ने कानूनी आवश्यकता लागु गर्ने छैन ।") ।

[१८५] रिपब्लिका (नं १३१) बुँदा ७.४ र ६ । ("४. पूर्व सरकारहरूद्वारा गरिएको निर्णय बमोजिम सहिद तथा बेपत्ता पारिएका परिवारका सदस्यलाई परिपूरण प्रदान गर्ने ।" "६. द्वन्द्व काल तथा जन आन्दोलनको समयमा घाइते भएका व्यक्तिलाई औषधी उपचार, सुरक्षा र जीविकोपार्जनको लागि उचित व्यवस्था गर्ने । पहिले नै श्रेणीकरण गरिएका घाइतेहरूका लागि व्यवस्थामा आवश्यक वृद्धि गर्ने ।")

*प्रदान गरेको भए हामीले पनि जीविकोपार्जनका लागि कुनै सानो व्यवसाय गर्न सक्थ्यौँ।"*[१८६]

आजको दिनसम्म पनि यी गुनासाहरूको सम्बोधन भएको छैन र उत्तरजीवीका लागि निकै नै पीडादायी हुने गरेको छ। प्राप्तिले भनिन् :

"सरकारद्वारा अन्तरिम नीति निर्माण गर्दा हामीलाई प्राथमिकता दिइएन। बेपत्ता पारिएका तथा हत्या गरिएका व्यक्तिका परिवारले कम्तीमा राहत पाए। हाम्रो दुःख र हामीले भोग्नु परेको पीडा अझै पनि सरकारले स्वीकार गरेको छैन। हामीलाई द्वन्द्व पीडितको श्रेणीबाट नै बहिष्कार गरियो। यो अन्याय हो।"

सरकारले सन् १९९६–२००६ को द्वन्द्व वा अन्य कारणले हानि पुगेका "सुरक्षाकर्मीका परिवार" लाई कस्तो व्यवहार गरेको छ भनी तुलना मात्र गरे पुग्छ। तिनीहरूलाई शारीरिक हिंसा (जस्तै लडाइको क्रममा घाइते भएका) वा गैरकानूनी शारीरिक हिंसा (जस्तै यातना) जस्तोसुकै कारणले हानि भए तापनि विद्यमान सामाजिक सुरक्षा कार्यक्रमद्वारा समेटिएको छ। तिनीहरूलाई आधुनिक सैनिक अस्पताल लगायत तुलनात्मक रूपमा आर्थिक रूपले सम्पन्न तथा उपकरणले व्यवस्थित नेपालको सुरक्षा क्षेत्रसँग सम्बन्धित सुविधाहरूसमेत प्राप्त छ।[१८७] सन् २०१९ मा नेपालले २,८०७ सुरक्षाकर्मीलाई शहिद घोषणा गर्‍यो।[१८८] अर्को तर्फ, तुलनात्मक रूपमा हेर्ने हो भने वैध वा अवैध तरिकाबाट शारीरिक हानि भोगेका नागरिक तथा पूर्व माओवादी लडाकुहरू दुवै पीडितले अल्पकालीन अन्तरिम राहत कार्यक्रमअन्तर्गत दिइएको राहत बाहेक अन्य उपचारमा पहुँच पाएका छैनन्। यातना तथा यौन हिंसाका पीडित नागरिक तथा पूर्व माओवादी लडाकुका लागि माथि उल्लेख गरिएबमोजिम कुनै पनि उपचारको व्यवस्था छैन।

## २. द्वन्द्वकालीन यौन हिंसाका पीडितहरूको लागि नागरिक समाज संस्थाका कार्यक्रमहरू

केही वर्षयता सरकारको सहयोगको अभावमा नागरिक समाजका संस्थाहरूले यौन हिंसाका उत्तरजीवीहरूलाई सहयोग गरेका छन्। कम्तीमा १३ जना उत्तरजीवीहरूले यस अध्ययनका कुनै एक साझेदार, नागरिक आवाज वा आइसीटीजे वा मानव अधिकारका लागि महिला,[१८९] दि स्टोरी किचेन, ट्रायल इन्टरनेसनल–नेपाल, एड्भोकेसी फोरम, द हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) र कोपिला नेपाल जस्ता द्वन्द्व पीडितसँग काम गर्ने संस्थाहरूबाट प्रत्यक्ष सहयोग वा क्षमता अभिवृद्धि तालिम प्राप्त गरेका छन्।

यस्ता सहयोगका किसिम, प्रकृति र क्षेत्र संस्था अनुसार फरक हुने गर्छ। लुम्बिनी प्रदेशस्थित एक गैरसरकारी संस्था, नेपाल महिला सामुदायिक सेवा केन्द्र[१९०] ले शल्यक्रिया तथा अन्य औषधी उपचारको व्यवस्था गरेको छ[१९१] भने केही महिलालाई

[१८६] (१८६) एनए, देवकीसँगको अन्तर्वार्ता (नं. ५)।

[१८७] राष्ट्रिय समाचार समिति, "नयाँ सैनिक अस्पताल भवनद्वारा सेवा शुरू", द *काठमाडौँ पोष्ट* (४ अगस्ट २०१८), https://kathmandupost.com/valley/2018/08/04/new-military-hospital-building-starts-services २५ जनवरी २०२२ मा लिइएको।

[१८८] बिजिनेस स्टेन्डर्ड, "नेपालद्वारा २,८०७ सुरक्षाकर्मीलाई सहिद घोषणाः प्रम वली" (३० जनवरी २०१९), www.business-standard.com/article/pti-stories/nepal-declares-2-807-security-personnel-as-martyrs-pm-oli-11901300 1263_1.html २५ जनवरी २०२२ मा लिइएको।

[१८९] एनए, राधासँगको अन्तर्वार्ता (इ२४) (कर्णाली प्रदेश, नेपाल, ६ जुन २०२१)। "मानव अधिकारका लागि महिला, एकल महिला समूह (डब्लुएचआर) एक गैरसरकारी संस्था हो। डब्लुएचआर १९९६ मा नेपालका एकल महिलाको सामाजिक-सांस्कृतिक, आर्थिक र राजनीतिक अधिकारको निमित्त लड्नको लागि स्थापना भएको थियो। ले "विवाहको आधारमा विभेद नहुने" न्याय र समानतामूलक समाज स्थापना गर्ने उद्देश्य राख्छ।"

[१९०] नेपाल महिला समुदाय सेवा केन्द्र वेबसाइट (१९९३), २७ जनवरी २०२२ मा लिइएको। ("नेपाल महिला समुदाय सेवा केन्द्र १९९३ मा स्थापना भएको राप्ती अञ्चलको पहिलो महिला विशेष गैरसरकारी संस्था हो। स्वयमसेवी महिलाको समर्पित समूहद्वारा संचालित नेपाल महिला समुदाय सेवा केन्द्रले दुर्गम क्षेत्रका महिलाको समानाता तथा सशक्तिकरणको उद्देश्य राख्दछ।")

[१९१] एनए, शिरिषसँगको अन्तर्वार्ता (वाइ ९) (लुम्बिनी प्रदेश, नेपाल, १३ जुन २०२१)।

मनोवैज्ञानिक परामर्श समेत प्रदान गरिरहेको छ। आफूले नेपाल महिला सामुदायिक सेवा केन्द्रबाट प्राप्त गरेको सहयोग बारे रिताले यसरी व्यक्त गरिन् :

> *"हामीलाई द्वन्द्वको समयमो कसैले पनि सहयोग गरेनन्। मेरो परिवार गरिब थियो र मेरा आमाबाबुसँग उपचारका लागि पैसा थिएन। उनीहरूले मलाई अस्पताल लगे तर मैले राम्रो उपचार पाइन। त्यो समयमा मेरा भाइहरूको पनि आम्दानी थिएन। हाल नेपाल महिला सामुदायिक सेवा केन्द्रमा संलग्न भएपछि मैले उपचार पाइरहेको छु। उनीहरूले मलाई मनोवैज्ञानिक परामर्श दिन्छन् र मलाई चिकित्सककोमा पनि लगेका थिए। उनीहरूले मलाई औषधी दिएका थिए जसले मलाई सहयोग गरेको छ। उनीहरूले मलाई सिलाईसम्बन्धी तीन महिने तालिम पनि दिए। अब म आफै आम्दानी गर्नका लागि आफ्नै सिलाई पसल खोल्न चाहन्छु।"*

एड्भोकेसी फोरम र ट्रायल इन्टरनेसनल-नेपाल[१९२] ले पुनर्स्थापना, मनोवैज्ञानिक र कानूनी सहायता[१९३] प्रदान गरेका थिए। केही महिलाले आफ्ना कथाहरू ओरेक नेपाल,[१९४] थारू महिला उत्थान केन्द्र[१९५] र/वा नेपाल महिला समुदाय सेवा केन्द्र लाई पनि भनेको बताएका थिए।

कम्तीमा १४ जना उत्तरजीवीले व्यक्तिगत मनोवैज्ञानिक परामर्श प्राप्त गरेको बताए। यद्यपि सबैजनाले परामर्शदाताको नाम खुलाएनन्। धेरैले झैं चन्दनीले पनि मनोवैज्ञानिक परामर्श सत्रहरूमा जाँदा सहज भएको बताएकी छिन् :

> *"तर अब म मनोवैज्ञानिक परामर्शदातासँग कुरा गरिरहेकी छु, त्यसैले मलाई धेरै सहयोग भएको छ।"*

धेरै जनाले नागरिक समाज संस्थाद्वारा आयोजना गरिएको सामुहिक सत्र वा कार्यशालामा सहभागी हुदाँ सहज महसुस गरेका छन्। केही व्यक्ति शान्ति सहजकर्ताको रूपमा कार्यरत पनि छन् र ताराजस्ता केही व्यक्तिले नागरिक समाज संस्थाहरूको लागि पारिश्रमिक लिई लेख लेख्ने गर्छन्।

नागरिक समाजका यी पहलहरूले औपचारिक स्वीकारोक्ति दिन नसकेपनि यस्ता पहलहरूले पीडितहरूको समूह निमार्ण गर्न सहयोग गरिरहेका छन् जहाँ आफ्नो कथा कुनै पूर्वाग्रह वा गोपनीयता भंग हुने डरबिना उत्तरजीवीले राख्न सक्छन् र जुन "सुरक्षित स्थान" हो। आभाले नेपाल महिला सामुदायिक सेवा केन्द्रसम्बन्धी आफ्नो अनुभवलाई यसरी व्याख्या गरिन् :

> *"यस संस्थामा आबद्ध भएका हामी जस्ता कयौँ महिलाहरू छन्। उनीहरूलाई मेरो कथाको बारेमा थाहा छ। उनीहरू मेरा साथी जस्तै हुन्। मैले उनीहरूलाई यसबारे बताएकी थिएँ। उनीहरू बाहेक अरू कसैलाई पनि थाहा छैन।"*

तर यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका सबै उत्तरजीवीले सहायता पाएका छैनन्। आठ जना उत्तरजीवीले कुनै सहायता नपाएको भनी जानकारी दिएका छन्।

## ३. अन्तर्राष्ट्रिय प्रतिक्रिया

सरकारको चालु कार्यक्रमहरूको अभावमा यौन हिंसा पीडितहरूलाई थप सहयोग सुनिश्चित गर्नका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय दातृ संस्थाहरूले वर्तमान पहलहरूमा भएको सहयोगलाई निरन्तरता दिन तथा स्थानीय नागरिक समाज तथा पीडित समूहले सिकेका पाठ, प्राप्त गरेका सफलताका आधारमा भविष्यमा के गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अनुसन्धान गन र विगतका झैं प्रयासहरूमा ध्यान दिन आवश्यक छ।

---

[१९२] ट्रायल इन्टरनेसनलले कानूनी सेवा प्रदान गर्नुका साथै फिजियोथेरापी र स्वास्थ्य सहायताको खर्च समेत बेहोरेको छ।

[१९३] सीसीपीआर, "कम्युनिकेशन नं. २२४५/२०१३ (नं. ८६) सम्बन्धमा स्वेच्छिक प्रोटोकलको धारा ५(४) बमोजिम समितिले व्यक्त गरेको धारणा"।

[१९४] ओरेक नेपाल वेबसाइट (१९९१), www.worecnepal.org २७ जनवरी २०२२ मा लिइएको।

[१९५] "थारू महिला उत्थान केन्द्र (१९९०), www.twucbardiya.org.np २७ जनवरी २०२२ मा लिइएको। "थारू महिला उत्थान केन्द्र बर्दिया जिल्लाका थारू महिलाद्वारा १९९० मा स्थापना भएको गैरसरकारी, गैर नाफामूलक, ग्रास रुट तहमा र सेवा मूलक तथा स्थानीय सामाजिक गैरसरकारी संस्था हो।" "यसमा ११ सक्रिय सदस्य सहित २०० साधारण सदस्यको परिवार छ, सम्पूर्ण साधारण र कार्यकारी समिति सदस्य महिलाहरू छन्। गैरसरकारी संस्थामा ४५ महिला स्वयम् सेवक, ३३ पुरुष स्वयम् सेवक र १५ तलब बुझ्ने कर्मचारी सदस्य छन्। यसले सामाजिक-आर्थिक विकास, पिछडिएका, दलित, थारू तथा अन्य समुदायको स्वास्थ्य सुधारको लागि काम गरिरहेको छ। विशेष गरी थारू समुदायका महिला, बालबालिकाको सामाजिक, आर्थिक, शैक्षिक र स्वास्थ्य अवस्था सुधार गर्नु थारू महिला उत्थान केन्द्रको मुख्य उद्देश्य हो।"

उदाहरणका लागि, अप्रिल २०१० मा युएनएफपीए र युनिसेफले "नेपालमा द्वन्द्व तथा द्वन्द्व पश्चात् महिला र बालिकाविरुद्ध भएका यौन हिंसा पहिचान गरी संक्रमणकालीन न्याय प्रक्रियामार्फत पीडितले न्यायमा पहुँच पाऊन्"[१९६] भन्ने सुनिश्चित गर्नका लागि संयुक्त राष्ट्र संघ शान्ति कोष नेपाल (यूएनएफपीएन)[१९७] द्वारा आर्थिक सहयोग गरिएको दुई वर्षीय परियोजना संयुक्त रूपमा कार्यान्वयन गरे । उक्त परियोजनाले आङ (पाठेघर) खस्ने समस्याका लागि शल्यक्रिया, मनोवैज्ञानिक परामर्श र कानूनी परामर्श लगायतका प्रजनन स्वास्थ्य सेवासम्बन्धी महत्त्वपूर्ण सेवाहरू प्रदान गरेको थियो।[१९८] यसले यौन हिंसा पीडितहरूमा हुने उपचारसम्बन्धी हिचकिचावटको विषयमा पनि निष्कर्ष निकालेको थियोः "प्रजनन् स्वास्थ्ये शिबिरबाट आङ (पाठेघर) खस्ने समस्यासम्बन्धी शल्यक्रियाको लागि ९१७ महिलालाई अस्पताल सिफारिस गरेकोमा निःशुल्क यातायात र सेवा व्यवस्था गरिएको भए तापनि केही हदसम्म लाञ्छनाको डरले केबल ७४ प्रतिशत महिला मात्र अस्पताल गए ।"[१९९]

यसका साथै युएनएफपीले २०१६ देखि केही जिल्लामा लैंगिक हिंसा रोकथाम तथा प्रतिक्रिया (बीजीभीपीआर) परियोजना कार्यान्वयन गर्दै आएको छ । यो परियोजनामा एकद्वार संकट व्यवस्थापन केन्द्र (वान स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टर) (ओसीएमसी) का कर्मचारीको तालिम समावेश गरिएको छ जसअन्तर्गत लैंगिक हिंसा उत्तरजीवीले स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श प्राप्त गर्न सक्छन् । यही परियोजनाको अभिन्न भागको रूपमा स्थानीय तहको सरकारले संरक्षण गृह निर्माण गर्न र पहिले नै निर्माण भइसकेकालाई मर्मत गर्न सहयोग गऱ्यो । उक्त परियोजनाको दोस्रो चरण (२०२०–२०२४) २०२० मा शुरू भयो र यो २०२४ सम्म चल्नेछ । यो परियोजनामा रोकथाम तथा प्रतिक्रियाको ढाँचालाई बृहत् बनाई "व्यक्ति तथा समुदायको मानसिकता र व्यवहारका साथै प्रतिक्रियासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी सुशासन कायममा अझ दिगो परिवर्तन" को लागि योजना गरिएको छ । यसले प्रहरी, स्वास्थ्य तथा मनोवैज्ञानिक सेवाकर्मी, शिक्षक तथा न्यायिक समिति र अस्पतालर एकद्वार संकट व्यवस्थापन केन्द्र जस्ता स्थानीय सरकारी संरचनाहरूसँग काम गर्दछ ।[२००]

इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन नेपाल (आईओएम) ले संयुक्त राष्ट्र संघ जनसंख्या कोषसँग एउटा संयुक्त परियोजना सञ्चालन गऱ्यो जसका कार्यक्रमहरू २०१५ मा सम्पन्न भएको थियो ।[२०१] उक्त परियोजनाको उद्देश्य "द्वन्द्व तथा लैंगिक रूपमा संवेदनशील सेवालाई वृद्धि गरी यौन हिंसाका पीडितको द्वन्द्व पश्चातका आवश्यकतालाई सम्बोधन गर्ने" थियो । प्रेरणाले आइओएमद्वारा सञ्चालन गरिएको कार्यक्रममार्फत राहत प्राप्त गरिन् । तर उक्त राहत छोटो अवधिको मात्र रह्यो :

> *"मलाई आइओएमले स्वास्थ्य सहायताको लागि छ महिनासम्म सहयोग गऱ्यो । त्यसपछि उनीहरूले रोके । मैले संस्थाहरूलाई लामो समयको लागि हामीलाई सहयोग गर्न सिफारिस गरेको थिएँ । औषधी प्राप्त भइरहेको बेलामा मलाई निकै राम्रो लागेको थियो । अहिले मलाई नागरिक आवाजले औषधीका लागि मासिक रु. २,००० दिने गर्छ जसबाट निकै मद्दत हुन्छ । मैले सरकारबाट कुनै पनि सहयोग पाएको छैन ।"*

[१९६] युनिसेफ र युएनएफपीए, "मूल्यांकन प्रतिवेदन, विवरण संकलन तथा महिला र बालिक उत्तरजीवीलाई पूर्ण सेवाको व्यवस्था मार्फत नेपालको शान्ति स्थापना प्रक्रियामा यौनजन्य हिंसा द्वन्द्वको माध्यम भएको पहिचान सुनिश्चित गर्ने" (अगस्ट २०१६) युएन Doc पीएफबीरएनपीएलरवी–४ ।

[१९७] यूएनडीपी, मल्टी पार्टनर ट्रष्ट फण्ड अफिस, संयुक्त राष्ट्र शान्ति कोष नेपाल (यूएनएफपीएन) मार्च २००७ देखि ३० जुन २०१६ सम्म सञ्चालन भएको थियो । http://mptf.undp.org/factsheet/fund/NPF00; २७ जनवरी २०२२ मा लिइएको ।

[१९८] यूएनडीपी र युएनपीएफएन, '२००७ देखि २०१६ को अवधिको लागि संयुक्त राष्ट्र शान्ति कोष नेपाल अन्तर्गत कार्यान्यवयन भएका कार्यक्रमहरूको अन्तिम प्रतिवेदन' (अगस्ट २०१६) ३६ ।

[१९९] युनिसेफ र युएनएफपीए, 'मूल्यांकन प्रतिवेदन, विवरण संकलन तथा महिला र बालिका उत्तरजीवीलाई पूर्ण सेवाको व्यवस्था मार्फत नेपालको शान्ति स्थापना प्रक्रियामा यौनजन्य हिंसा द्वन्द्वको माध्यम भएको पहिचान सुनिश्चित गर्ने" (२६ नोभेम्बर २०१२) युएन Doc पीबीएफ/एनपीएल/वी–४, ९ ।

[२००] युएनएफपीए, 'लैङ्गिक हिंसा रोकथाम तथा प्रतिक्रिया परियोजना २ : लैङ्गिक हिंसा अन्त्य गर्ने नेपालको प्रतिबद्धता अन्तर्गत नयाँ अध्यायमा प्रवेश गर्दै', https://nepal.unfpa.org/sites/default/files/pub-pdf/final_brochure-english.pdf २८ जनवरी २०२२ मा लिइएको ।

[२०१] आइओए, 'न्यायमा पहुँचको लागि आधार निर्माण तथा द्वन्द्वकालीन यौनजन्य हिंसा उत्तरजीवीका लागि परिपूरण (सीआरएसभी' माइग्रेसन हेल्थ रिसर्च पोर्टल, https://migrationhealthresearch.iom.int/proposal/building-foundation-access-justice-and-reparations-conflict-related-sexual-violence-crsv ६ मे २०२२ मा लिइएको ।

यसका साथै आइओएमले शान्ति तथा पुनःनिर्माण मन्त्रालयलाई नेपालमा यौन हिंसासम्बन्धी हाल कायम तथा नयाँ तथ्यांकलाई व्यवस्थित गर्न मार्गनिर्देशनका लागि र केन्द्रिय यौन हिंसा तथ्यांक निर्माणका लागि यौन हिंसा घटना व्यवस्थापन प्रोटोकल पनि उपलब्ध गराएको थियो। भविष्यमा हुने कार्यक्रमले यस किसिमका विद्यमान संयन्त्रहरूबाट लाभ लिनु आवश्यक छ।

भविष्यमा हुने परिपूरण कार्यक्रमले यौन हिंसा पीडितलाई स्थानीय सेवाहरूमा पहुँच सुनिश्चित गर्नको लागि यस प्रतिवेदनमा उल्लेख नभएका विद्यमान कार्यक्रमहरूको क्षेत्र तथा भौगोलिक पहुँचको मूल्यांकन लगायत लैंगिक हिंसा पीडितका लागि विगतमा भएका र हाल सञ्चालनमा रहेका कार्यक्रमहरूको पूर्ण विवरण तयार गर्न आवश्यक छ।



*एक खानी कार्य विशेषज्ञ (बायाँ) नेपालका स्थानीय सदस्यहरूलाई तालिम दिनुहुन्छ र माओवादी सेनाहरू विस्फोट नगरिएका उपकरणहरू सुरक्षित रूपमा हटाउने क्रममा, ९ जुलाई २००७।*

*© स्टीव माल्लोक / संयुक्त राष्ट्र फोटो*

# ञ. वर्तमान आवश्यकता

सन् २०१४ मा आइसीटीजेले नेपालको १० जिल्लामा ४०० भन्दा बढी द्वन्द्व पीडितको तत्कालीन र र दीर्घकालीन आवश्यकतासम्बन्धी सर्वेक्षण गरेको थियो । सो सर्वेक्षणमा अन्तरिम राहत कार्यक्रमअन्तर्गत सुविधा प्राप्त गर्न अयोग्य यातना तथा यौन हिंसाका उत्तरजीवी पनि सहभागी थिए । उक्त अध्ययनको क्रममा यातना तथा यौन हिंसाका महिला पीडितले विशेष गरी उल्लेख गरेका आवश्यकताअन्तर्गत मासिक आर्थिक भत्ता, ऋण भुक्तानी सहायता, आधारभूत जीविकोपार्जन आवश्यकता, निःशुल्क स्वास्थ्य उपचार, निःशुल्क शिक्षा र रोजगारी लगायतका आर्थिक तथा स्वास्थ्य सहायता थिए ।[२०२] तर पीडितहरूको माग “सामाजिक-आर्थिक” मा सीमित थिएन । तिनीहरूको प्रतिक्रियाले “समग्र रूपमा न्यायको अर्थ” तथा तिनीहरूको “नैतिक तथा भौतिक हानिलाई सम्बोधन गर्ने परिपूरणको अपेक्षा” प्रतिबिम्बित गरेको थियो ।[२०३] यसमा अभियोजनको माग, तिनीहरूले भोग्नु परेको गम्भीर अपराधसम्बन्धी सत्यतथ्यको खुलासा र दीर्घकालीन सुरक्षाको प्रत्याभूति लगायत भविष्यमा मानवअधिकारको उल्लङ्घनको रोकथाम समावेश थिए ।

यो विषय आज पनि उत्तिकै सान्दर्भिक छ । वर्तमान अध्ययनले सन् २०१४ को प्रतिवेदनको निष्कर्षलाई नजिकबाट अवलोकन गर्दछ जसअनुसार उत्तरजीवीहरूले “बहुआयामिक सहायता” वा “बृहत् परिपूरण” को आवश्यकता व्यक्त गरेका छन् ।[२०४] यसमा प्राथमिक रूपमा स्वास्थ्य उपचार र आर्थिक सहायता, र समूहमा केहीले “न्याय” भन्ने शब्द प्रयोग गरे तापनि गैर–भौतिक हानिलाई सत्य, अभियोजन र पुनः नदोहोरिने तथा सुरक्षा कायम रहने भन्ने प्रतिबद्धता पर्दछ ।

वर्तमान आवश्यकताहरूलाई श्रेणीकरण गर्दा स्वास्थ्य उपचारको आवश्यकता सबैभन्दा माथि रहन्छ भने सबैभन्दा धेरै उल्लेख गरिएका प्रमुख छ मध्ये तीनमा सामाजिक-आर्थिक आवश्यकताहरू पर्दछन् : आर्थिक सहायता (“नियमित आय”, “क्षतिपूर्ति”, “आर्थिक सहायता”, “आर्थिक समस्या” को रूपमा विभिन्न किसिमले उल्लेख गरिएको), शैक्षिक सहायता, र रोजगारी (“नियमित रोजगारी”, “आयमूलक कार्य”, “स्थिर आयसहितको रोजगारी” को रूपमा व्याख्या गरिएको) । “आधारभूत जीविकोपार्जनको आवश्यकता” (“गाँस, बास, कपास”) लाई बेग्लै उल्लेख गरिएको थियो र यसमा पनि उस्तै किसिमका तर अझ गम्भीर अवस्थाहरू समेटिएका छन् । सम्पूर्ण पीडितको लागि निःशुल्क स्वास्थ्य उपचार तथा हेरचाहको पहुँच आवश्यक भएको हुँदा स्वास्थ्य उपचारमा आर्थिक तत्त्व पनि समावेश छ ।

धेरै जसो पीडितहरू पिछडिएको समुदायअन्तर्गत पर्ने त्यसमा पनि धेरै जना गरिबीको रेखामुनि रहेकाले गर्दा यौन हिंसा पीडितको जनसांख्यिकीय परिचय हेर्ने हो भने यो आफैमा आश्चर्यजनक छैन ।

यसको साथै सन् २०१४ को अन्तर्वार्तामा धेरैजसो उत्तरजीवीलेसशक्त रूपमा “तत्कालीन तथा दीर्घकालीन आवश्यकताबीच फरक नगरी, सम्पूर्ण आवश्यकतालाई तत्कालको आवश्यकताको रूपमा सूची गरी दीर्घकालीन आवश्यकता बारे प्रश्न गर्दा फेरि दोहोऱ्याई”[२०५] व्यक्त गरेका थिए । यस अध्ययनको लागि अन्तर्वार्ता गर्दा पनि उस्तै ढाँचा देखियो जसमा केही उत्तरजीवीले मात्र भविष्यलाई हेरेर दीर्घकालीन आवश्यकता पहिचान गरे । फरक छुट्ट्याउने केही व्यक्तिले “दीर्घकालीन सहायता” वा “आजीवन क्षतिपूर्ति” को व्याख्या गरेका थिए । पीडितहरूका वर्तमान अवस्थामा जीविकोपार्जन र तत्कालको आवश्यकता पूरा गर्ने विषय नै केन्द्रित छ । जसका कारणले गर्दा भविष्यको बारेमा सोच्ने वास्तविक क्षमता कमजोर हुन जान्छ । आफ्नो आशाको बारेमा प्रश्न गर्दा सबिनाले भनिन्,

> *“मलाई थाहा छैन । म केही पनि सोच्न सक्दिन ।”*

[२०२] आइसीटीजे (नं८) ४७–४९ ।

[२०३] ऐ.ऐ. २ ।

[२०४] एनए, प्राप्नीसँगको अन्तर्वार्ता (नं ४५) ।

[२०५] आइसीटीजे (नं ८) ४७–४८ ।

पीडितहरूको बहुआयामिक आवश्यकताको कारणले गर्दा, यस खण्डमा सम्बन्धित आवश्यकताहरूलाई विभिन्न शीर्षकमा पीडितले उल्लेख गरेको संख्याअनुसार उल्लिखित वर्तमान आवश्यकता चार्टमा अधिकतम देखि न्यूनतमको क्रममा उल्लेख गरिएको छ । पीडितहरूको प्राथमिकताअनुसारको परिपूरणको प्रकार र ढाँचा खण्ड १३ (परिपूरणसम्बन्धी पीडितको विचार र प्राथमिकता) मा छलफल गरिएको छ ।

"मैले धेरै उपचार गरेँ, तर मेरो स्वास्थ्य सुध्रिएन । मेरा सन्तानले पढ्न पाएनन् । मैले पनि काम गर्न सकिन । हामीले सबैथोक औषधीमा नै खर्च गर्‍यौँ । मेरो कारणले गर्दा मेरा श्रीमान् पनि कतै काम गर्न जानसक्नु भएन । उनले मेरो हेरविचार गर्नुपर्थ्यो । सरकारले मेरो नाममा खाता खोलेर मलाई क्षतिपूर्ति दिएदेखि म सन्तुष्ट हुन्थेँ ।"[२०६]

## १. स्वास्थ्य उपचार र मनोवैज्ञानिक सहायता

द्वन्द्वकाकालमा महिलाले भोग्न परेको यातना र हिंसाले गर्दा, झण्डै सम्पूर्ण सहभागीहरूले अझै उपचार आवश्यक रहेको शारीरिक र/वा मानसिक अवस्थाको बारेमा बताए । तसर्थ उत्तरजीवीहरूले स्वास्थ्य सेवा, औषधी र/वा औषधी उपचारलाई प्राथमिकताको रूपमा प्रस्तुत गरे ।[२०७] यसका साथै, दुई जना उत्तरजीवीले आफूले औषधी र उपचारमा गरिसकेको खर्चको शोधभर्ना लगायत पुनरुद्धार हुनुपर्ने बताए ।

प्रेरणा जस्ता धेरैका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक उपचार अत्यावश्यक छ ।

> *"मेरो स्वास्थ्य स्थिति निकै खराब छ । अहिले पनि निरन्तर औषधी पाइन भने म राम्ररी हिँड्न सक्दिन । आफ्नो शारीरिक र आर्थिक अवस्था हेरेर मलाई धेरै पटक आत्महत्याको सोच आएको थियो । कोभिडको कारणले अझै पनि मेरो छाती धेरै दुख्छ । मेरा छोराछोरी ठूला हुँदै छन्, त्यसैले मेरो आवश्यकता पनि दिनदिनै बढ्दै छ र मेरो स्वास्थ्य अवस्था भने खस्कदै छ । मलाई पिसाब चुहिने (युरेथ्रल डिस्चार्ज) समस्या छ । कुनै गह्रौँ काम गर्‍यो भने मेरो ढाड दुख्न थाल्छ । मेरो खुट्टाले पनि राम्ररी काम गर्दैन । मेरो खुट्टामा एउटा सानो घाउ छ र त्यस भित्र पीप जम्छ ।"*[२०८]

महिलाहरूले अझै पनि जीवनको आधारभूत पक्षलाई प्रभाव पार्ने किसिमको शारीरिक अशक्तता भोग्न परिरहेको छ । प्रेमाको अनुभवमा :

> *"म धेरै लामो समय बिरामी भएँ । आज पनि मलाई बस्नको लागि गाह्रो भइरहेको छ । मलाई शौचालय प्रयोग गर्न समस्या हुन्छ । पश्चिमी शैलीको शौचालय मलाई सजिलो हुन्छ तर हाम्रो गाउँघरमा भएको शौचालय निकै अप्ठ्यारो हुन्छ । त्यस्तो शौचालयमा म राम्ररी बस्न सक्दिन...यो सबै त्यो घटनाले गर्दा भएको हो । म घरायसी काम पनि गर्न सक्दिन...पहिले म बाख्राको लागि घाँस काट्न सक्थेँ तर अहिले सक्दिन । म गह्रौँ भारी बोक्न सक्दिन ।"*

केही व्यक्तिले आफ्ना केही आवश्यकताको सम्बोधन हुने गरी नागरिक समाज संस्थाबाट सहयोग पाए तापनि ती कार्यक्रमहरू प्रायजसो छोटो अवधिको हुने गर्छ । यसले गर्दा उत्तरजीवीहरूले उपचार भइसकेको शारीरिक अवस्था फेरि दोहोरिएको गुनासो गर्छन् । धेरै उत्तरजीवीले देखाउने लक्षण (जस्तै, पूराना घटना सम्झने, नराम्रो सपना, र चिन्ता) जस्ता घटनापश्चात विकसित हुने तनावयुक्त खराब अवस्था (पोष्ट ट्रमाटिक स्ट्रेस डिस्अडर) अल्पकालीन उपचारबाट समाधान नभएको देखिन्छ, प्राप्ति भन्छिन् :

> *"पूराना घटनाको सम्झनाले मलाई अझै पनि डर लाग्छ । म मध्यरातमा पनि वीभत्स अनुभवले डराएर ब्युँझन्छु । एक स्थानीय संस्थासँग एउटा ट्रमो कार्यक्रममा संलग्न हुन थालेपछि र कसैलाई नभनी आफैसँग राखेका म आफूले*

[२०६] एनए, श्यामासँगको अन्तर्वार्ता (एल१२) (लुम्बिनी प्रदेश, नेपाल, ३० मे २०२१) ।

[२०७] औषधी उपचार उल्लेख गर्ने २६ र मनोवैज्ञानिक सहायता उल्लेख गर्ने २१ ।

[२०८] एनए, प्रेरणासँगको अन्तर्वार्ता (एल२८) (बागमती प्रदेश, नेपाल, २७ जुन २०२१) ।

### अध्ययनको लागि अन्तर्वार्ता गरिएका पीडितहरूको वर्तमान आवश्यकताहरू




*भोगेका विभिन्न वीभत्स घटना अरूलाई सुनाउन थालेपछि सहज भएको थियो...तर फेरि पनि त्यो घटनाको झलकहरू आउने जाने गर्छन् । त्यस्तो बेला म डराउँछु र ब्युँझन्छु ।"*

प्रेरणा र श्यामाका जस्ता आत्महत्या गर्ने सोच भएका व्यक्तिहरू तत्काल जोखिममा छन् र यिनलाई पहुँच तथा उपचार अत्यावश्यक छ । यी आवश्यकतालाई सम्बोधन गर्नको लागि पीडितहरूलाई निशुल्क औषधी उपचार र मनोवैज्ञानिक परामर्श प्रदान गर्नुपर्छ किनकि धेरै जनाले आफैले नियमित उपचार गराउन सक्दैनन् । भविष्यमा हुने कुनै परिपूरणसम्बन्धी पहलअन्तर्गत यौन हिंसा पीडितहरूको लागि स्वास्थ्यकर्मी र गैरसरकारी संस्थामार्फत आत्महत्या रोकथाम कार्यक्रम तथा पहुँच कार्यक्रम समावेश गर्नुपर्छ । यसले नेपालमा लामो समयदेखि आवश्यक रहेको मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम[२०९] र विशेष गरी महिला तथा यौनिक तथा लैंगिक अल्पसङ्ख्यकमा मनोवैज्ञानिक सहायताको विषय[२१०] लाई सम्बोधन गर्न सहयोग पुऱ्याउँछ ।

---

[२०९] 'विश्व स्वास्थ्य संगठन (ग्लोबल हेल्थ अब्जर्भेटरी), 'मृत्युदर र विश्वव्यापी स्वास्थ्य अनुमानः आत्महत्या दर' www.who.int/data/gho/data/themes/mental-health/suicide-rates, २७ जनवरी २०२२ मा लिइएको, 'नेपाल मुद्दा अध्ययनः एसियाको शैक्षिक क्षेत्रमा कोभिड-१९ को प्रभाव र प्रतिक्रियाको स्थितिबारे विश्लेषण' (अक्टोबर २०२०) १२ । २०१९ मा विश्व स्वास्थ्य संगठनले दक्षिण पूर्वी एसियामा नेपाल समग्र (पुरुष-महिला) उमेरमा आधारित आत्महत्या दरमा चौथो र महिला आत्महत्या दरमा पाँचौ स्थानमा रहेको जनायो । मार्च २०२० मा कोभिड-१९ को आगमनसँगै "१,३५० व्यक्ति (३११ बालबालिका र ८७६ महिला) को मृत्यु आत्महत्याबाट भएसँगै" आत्महत्या दरमा वृद्धि भएको पाइन्छ ।"

[२१०] सुरेश थपलिया, पवन शर्मा र कपिल उपाध्याय, नेपालमा आत्महत्या र स्वहानीः एक स्कोपिङ समिक्षा (२०१८) ३२ एसियन जर्नल अफ साइकेट्री २०–१६ । नेपालमा आत्महत्या तथा स्वहानी सम्बन्धी व्यवहारमा भएको प्रकाशित अध्ययनको २०१८ को स्कोपिङ समिक्षाले पारस्परिक सम्बन्धका समस्या, जीवनका घटनाहरू र साँस्कृतिक दबाब दिने कारकहरूले महिलाको मानसिक स्वास्थ्य र आत्महत्याको विचारमा पार्ने प्रभाव प्रस्तुत गरेको थियो । विवाहित महिलाका लागि यसमा "प्रेम सम्बन्धमा असफलता, जबर्जस्ती विवाह, अन्तरजातीय विवाह र श्रीमान्को दोस्रो विवाह वा दोस्रो विवाह सम्बन्धी अफवाहले हुने वैवाहिक तित्तता" र अविवाहित महिलामा "पुरानो रोग" पर्दछन् । लैङ्गिक अल्पसंख्यकका लागि उनीहरूको लैङ्गिकताको आधारमा देखिने भेदभावको भूमिका र आत्महत्याको विचारमा यसको भूमिका देखिन्छ । यी निष्कर्षले संरचनागत असमानता र महिला तथा लैङ्गिक अल्पसंख्यकलाई दमन गरी मानसिक स्वास्थ्य संकट निम्त्याउने अभ्यासमा थप अनुसन्धान र प्रयास खोजेको छ ।

## २. आर्थिक सहयोग र रोजगारी

यौन हिंसा पीडितले यौन हिंसाका साथै नेपाली समाजमा महिलाले भोग्ने विभिन्न संरचनागत असमानता तथा विभेदका कारण सिर्जना हुने गम्भीर आर्थिक अवस्थाको सामना गर्नुपर्छ जुन बिग्रिएको घर, गैरजिम्मेवारपूर्ण परिवार र सामुदायिक अवस्था, निम्न स्तरको शैक्षिक उपलब्धि, निरक्षरता र रोजगारीको अभाव आदिमा देख्न सकिन्छ। दुईजना पीडित आफ्नो घरमा कम्तीमा "घरमा कमाई गर्ने एकमात्र व्यक्ति" थिए भने यौन हिंसाका कारण घरबाट निकाला गरिएपछि आफ्नो छोराछोरीको हेरचाह एक्लै गर्न बाध्य भए।

निरन्तर हानिसम्बन्धी हाम्रो निष्कर्षसँग मेल खाने गरी पीडितले आर्थिक सहायता र रोजगारीको अवसरलाई व्यक्तिगत परिपूरणको रूपमा उच्च प्राथमिकतामा राखे। केहीले आर्थिक सहायतालाई अन्य कुरासँग जोडेका थिए। ३१ सहभागीले रोजगारीको अवसरँगै औषधी र शैक्षिक सहायता उल्लेख गरे, १२ ले औषधी सहायता र रोजगारको अवसर दुवै उल्लेख गरे र एकजनाले "आर्थिक स्वतन्त्रता"को इच्छा व्यक्त गरे। केही अवस्थामा (३१ मा पाँच), पीडितले आफ्नो तथा परिवारको सदस्यको लागि रोजगारीको अवसरका लागि अनुरोध गरे। यी पाँचमध्येकी अभिलाषा एक हुन् :

> *"हामी अब जवान छैनौँ। मेरा श्रीमान् पनि ४० वर्षका भइसके। हामी जति सक्छौ त्यति काम गर्ने प्रयास गर्छौं र गर्दै छौँ तर उनले मजदुरी काम गर्न सकुन्जेल सम्म मात्र। उनको उमेर ढल्कदै छ। मेरा श्रीमान्ले कुनै किसिमको काम पाउन सके हाम्रो लागि सहयोग हुने थियो।"*

पीडितका आवश्यकताहरूलाई दुई फराकिलो वर्गमा विभाजन गर्न सकिन्छ : १) आधारभूत जीविकोपार्जनका आवश्यकता, निशुल्क वा छुटसहितको सेवामा पहुँच, क्षतिपूर्ति, ऋण भुक्तानीमा सहयोग र बालबालिकाका लागि शैक्षिक छात्रवृत्ति जस्ता विभिन्न किसिमका प्रत्यक्ष आर्थिक सहायता र २) शारीरिक अवस्था तथा क्षमताअनुसारको व्यवसायको अवसर र रोजगारी लगायत रोजगारीको अवसर।

यस किसिमको कुनै एक वा अर्को वा दुवै किसिमको मागले यो स्पष्ट पार्छ कि केही उत्तरजीवीले शारीरिक चोटका कारण अब शारीरिक श्रम गर्न सक्दैनन् र अन्य कामको लागि आवश्यक शिक्षा तिनीहरूसँग छैन।

> *"म कुनै गह्रौँ काम गर्न सक्दिन। म सुँगुर र बाख्रा हेर्न मात्र सक्छु।"*[२११]

३१ जना सहभागीहरूमध्ये २५ जनाले शारीरिक अवस्थाको सीमितताका कारण आर्थिक सहायता र रोजगारीको अवसरको आवश्यकता भएको कुरा व्यक्त गरे।[२१२] एक चौथाइभन्दा बढी सहभागीले प्रस्ट रूपमा "गह्रौँ काम गर्न असमर्थ" भएको वा "धेरै लामो समय बस्न" नसक्ने बताए। दुवै अवस्थाले निरन्तर काम गर्न असहज बनाउँछ। यसले गर्दा, केहीका लागि सबैभन्दा उचित विकल्प भनेको दिलमायाले बताए जस्तै आफैले सानो व्यवसाय चलाएर बस्नु हो :

> *"हाल मेरो मुख्य आवश्यकता भनेको मेरो स्वास्थ्य र कठिन आर्थिक अवस्था हो। मलाई आयमूलक अवसर अत्यावश्यक छ। मलाई एउटा सानो मासु र तरकारीको पसल खोल्न मन छ। मैले सानो पसल बनाउनका लागि केही इँटा पनि ल्याएको थिएँ तर म बिरामी भएकाले आर्थिक सीमितताको कारण मैले त्यसो गर्न सकिन...मैले यसको लागि सहायता पाएँ भने मेरा धेरै आवश्यकता र समस्या समाधान हुने थिए। मैले ऋणको खोजी गरेँ र आफ्ना साथी तथा आफन्तलाई मागेँ तर हामीलाई कसैले विश्वास गर्दैनन्।"*

अरूले भने रोजगार तालिम रुचाएका छन्। जस्तै रिता :

> *"मैले हालसालै सिलाईसम्बन्धी तालिम लिएकी छु। यसलाई अगाडि बढाउन सक्छु भन्ने मलाई आशा छ ...म आधुनिक कपडा सिलाउन सक्दिन तर बिस्तारै सिक्नेछु ...यहाँ गाउँका मानिसहरूले कपडा सिलाउँछन्, त्यसैले मैले सिलाईबाट पैसा कमाउन सक्छु। मलाई थप तालिम पनि चाहिएको छ।"*

नेपालमा महिलाको लागि उपलब्ध अवसर हेर्ने हो भने, धेरैजसो आयमूलक कार्यक्रमले उत्तरजीवीले सामना गर्नु परेको चरम

---

[२११] एनए, शिरीषसँगको अन्तर्वार्ता (नं १९१)।

[२१२] छ जनाले अन्तर्वार्ताको क्रममा अन्य आवश्यकतामा ध्यान दिए पनि उनीहरू पनि ठूलो आर्थिक समस्या भोगिरहेका छन् र उनीहरूलाई पनि आर्थिक सहायताको खाँचो छ।

गरिबीको सम्बोधन नगर्ने देखिन्छ। अन्ततः अन्तरिम राहत कार्यक्रमअन्तर्गत ५१ प्रतिशत भन्दा बढी अपाङ्गता भएका पीडितका लागि भुक्तानी गरिने जीविकोपार्जन भत्ता[२१३] र एकल महिलालाई जोखिमका कारण प्रदान गरिने सरकारी सहायता जस्ता पेन्सन वा मासिक आर्थिक भत्ता वा ऋण भुक्तानीको रूपमा दिगो आर्थिक सहायता आवश्यक छ।

यसका साथै, यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका उत्तरजीवीहरूले सबैभन्दा धेरै उल्लेख गर्ने आर्थिक सहायता शैक्षिक सहायता हो। ३१ सहभागीहरूमध्ये १८ जनाले आफ्ना सन्तानका लागि र दुई जनाले आफ्नै लागि शैक्षिक सहायताको आवश्यकता भएको बताए। धेरै जना गरिबीको रेखा नजिक वा रेखामुनि रहेका कारण तिनीहरू शैक्षिक शुल्कलाई सधैँ प्राथमिकतामा राख्न सक्दैनन् जसले गर्दा तिनीहरूको सन्तानको भविष्य जोखिममा पर्दछ र अझै आश्रित सन्तानलाई घरमा सहायता दिने आधाभन्दा बढी तिनीहरूले यो कुरा राम्ररी बुझेका छन्।

"हामीलाई हाम्रो सन्तानको शिक्षाको लागि तत्काल सहायता आवश्यक छ। बालबालिकाहरू देशका भविष्य हुन्। हामी पछाडी पर्‍यौँ। त्यो समय, हामीलाई खानलाउन धौ धौ थियो, शिक्षा पाउनु त हाम्रो कल्पनाभन्दा बाहिरको कुरा भयो।"[२१४]

## ३. पीडकलाई सजाय

*"एक जना व्यक्तिलाई मात्र सजाय हुन सके पनि धेरै जना निको हुने थिए।"*

यी शब्दहरूबाट दिलमायाले नेपालका केही यौन हिंसाका उत्तरजीवीहरूको इच्छा र वास्तविकता व्यक्त गरिन्। अन्तर्वार्ता लिइएका आधाभन्दा बढी महिलाले (३१ मध्ये १६) कुनै निवारण कार्यक्रमको महत्त्वपूर्ण तत्त्व पीडकको सजाय हो भन्नेमा जोड दिए। यसलाई सार्थक तुल्याउनको लागि केहीले कदम चालिसकेका छन्, जस्तै प्राप्ति जसले "ट्रायल इन्टरनेसनलको सहायताले उच्च अदालतमा" मुद्दा दायर गरिन्। गंगाजस्ता अन्यले भने पीडकको नाम सार्वजनिक रूपमा विभिन्न स्थानमा भनेका छन् :

*"मैले संलग्न भएका प्रहरीको नाम खुला रूपमा उल्लेख गरेकी छु तर कसैले केही गर्दैनन्। तिनीहरूलाई सजाय हुनुपर्छ।"*

स्मृती संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलनमा सहभागी भइन्। अन्यले अपराधको विवरण सत्य निरूपण तथा मेलमिलाप आयोगलाई उपलब्ध गराए।

तर पनि यो प्रतिवेदन तयार गर्ने समय सम्म, कुनै अर्थपूर्ण फौजदारी अभियोजन भएको छैन, केवल सैनिक अदालत, कोर्ट मार्सल, वा माओवादीद्वारा स्थापना भएको "जन अदालत" समक्ष बन्द ढोकाभित्र केही संक्षिप्त प्रक्रिया मात्र भएको छ जुन उचित सजायबिना नै अन्त्य भयो।[२१५] एक जना उत्तरजीवीले बताए अनुसार केहीको पहिचान थाहा भएको भए तापनि अभियोजन भएको छैन,

[२१३] द्वन्द्व पीडित साझा चौतारी, 'नेपालमा सशस्त्र द्वन्द्व पीडितका लागि परिपूराणात्मक आवश्यकता, अधिकार र दावी' (मे २०१८) ११।

[२१४] एनए, प्राप्तीसँगको अन्तर्वार्ता (नं. ४५)।

[२१५] ह्युमन राइट्स वाच (HRW), 'मौन बनाइएका र बिर्सिएकाः नेपालको द्वन्द्वकालीन यौनजन्य हिंसाका उत्तरजीवीहरू' (२०१४), https://www.hrw.org/report/2014/09/23/silenced-and-forgotten/survivors-nepals-conflict-era-sexual-violence २७ जनवरी २०२२ मा लिइएको, ह्युमन राइट्स वाच (HRW), 'न्यायको प्रतीक्षामाः नेपालको सशस्त्र द्वन्द्वमा सजाय नदिइएका अपराधहरू', www.hrw.org/sites/default/files/reports/nepal0908web_0.pdf २७ जनवरी २०२२ मा लिइएको। ह्युमन राइट्स वाचले दुई वटा मुद्दाहरूको विवरण राखेको छ जसमा स्थानीय माओवादी नेताहरूले बलात्कारको आरोप स्वीकार गरेर पीडकलाई "उनीहरूलाई सार्वजनिक रूपमा पिटी गाउँबाट जबर्जस्ती निकाला" गरी सजाय दिएका थिए। तर यी प्रक्रियाले "त्यस्तो अपराधको लागि उचित वा पर्याप्त उपचार" भने दिएन।



पीपुल्स लिबरेशन आर्मी (पीएलए) लडाकु।
© विकीकमन

> *"यस्ता धेरै पीडकहरू छन् जसको पहिचान मजस्तै घटनाबाट गुज्रिएका अन्य दिदीबहिनीलाई थाहा छ।"*[२१६]

धेरै जस्तो अवस्थामा, यस अध्ययनको लागि अन्तर्वार्ता लिइएका उत्तरजीवीहरूले दोषी सावित गर्ने कठिनाई लगायत फौजदारी प्रक्रियामा हुने चुनौति बारे बुझेका थिए :

> *"पीडकलाई सजाय भएपछि मात्र म सन्तुष्ट हुन्छु। मलाई अर्को गाउँको एउटा अँध्यारो कोठामा सामूहिक बलात्कार गरिएको हुँदा म पीडकलाई चिन्दिन। धेरै समय पनि भइसकेको छ।"*[२१७]

यद्यपि तिनीहरूले पीडकलाई सार्वजनिक रूपमा जवाफदेही बनाउन महत्त्वपूर्ण रहेकोमा पनि जोड दिए ताकि अपराध गर्ने व्यक्ति र समाज अपराध र परिणामको सामना गर्न बाध्य होऊन्।

> *"जुन व्यक्तिले मलाई हानि पुऱ्यायो त्यही घटना उसकी छोरी र बहिनीलाई घटेको भए उसलाई कस्तो महसुस हुन्थ्यो भनी उसले मनन गर्न सक्यो भने मात्र मलाई सन्तुष्टि मिल्छ।"*[२१८]

धेरै उत्तरजीवीले फौजदारीरूपमा जवाफदेहीता खोजे तापनि, तिनीहरूले यो पनि बुझेका छन् कि दण्डात्मक न्याय मात्र पर्याप्त हुने सम्भावना छैन। तिनीहरूको सम्मान पुनर्स्थापना गर्ने थप परिपूराणात्मक उपाय पनि आवश्यक छ :

[२१६] एनए, दिलमायासँगको अन्तर्वार्ता (नं. १२५)।
[२१७] एनए, रसिलासँगको अन्तर्वार्ता (इ२५) (कर्णाली प्रदेश, नेपाल, ९ जुन २०२१)।
[२१८] ऐ.ऐ.।

> *"मलाई हानि गर्ने व्यक्तिलाई मेरो अगाडि ल्याएर, काटेर उनीहरूको हत्या गरे पनि म सन्तुष्ट हुने छैन। यति हुँदा हुँदै पनि यदि यी पीडितहरूलाई सजाय भयो भने मलाई केही हदसम्मको सन्तुष्टि मिल्न सक्छ। तर मैले मेरा धेरै साथीहरू आफ्नो स्वास्थ्य र आर्थिक अवस्थासँग संघर्ष गरिरहेको मैले देखेको छु, यसलाई सम्बोधन गरियो भने उनीहरू सन्तुष्ट हुनेछन्। उनीहरूले पनि पीडितलाई सजाय हुनुपर्छ भनेका छन्। धेरै जनाले कार्यक्रम मार्फत आफ्नो प्रतिष्ठा र सम्मान पुनस्थापित गर्न चाहन्छन्। म पनि त्यही चाहन्छु।"*[२१९]

सुनमायाले जवाफदेहीताको कमीलाई नेपालको विद्यमान यौन हिंसा सम्बन्धी भयावह अवस्थासँग जोडिन्:

> *"मलाई आशा छ सरकारले सबै बलात्कारीलाई सजाय गर्नेछ। आज पनि हरेक दिन बलात्कारको समाचार सुन्नुपर्दा समेत उनीहरूले केही गरेका छैनन्।"*

## ४. पहिचान र स्वीकारोक्ति (क्षमादान र पीडित परिचय पत्र)

करिब एक तिहाई पीडितहरूमा एउटा दृढ र स्थायी धारणा यो छ कि तिनीहरूलाई कुनै बेला "समाजमा सम्मानका साथ" पुनर्स्थापना गर्नु छ भने व्यक्तिगत रूपमा नभए पनि औपचारिक रूपमा पहिचान र स्वीकारोक्ति गरिनु आवश्यक छ। आर्थिक क्षतिपूर्ति र निशुल्क सेवामार्फत तिनीहरूले भोगेका आर्थिक हानिको सम्बोधन शुरू हुन सक्छ। फौजदारी जवाफदेहीताले जिम्मेवारी तथा तिनीहरूको अधिकार उल्लङ्घन गर्ने व्यक्तिको अपराध निर्धारण गर्न सक्छ। तर केहीका लागि अपराधको सार्वजनिक स्वीकारोक्ति र कुनै तरिकाले तिनीहरूको अवस्थालाई पीडितको रूपमा पहिचान गरिनुले तिनीहरूको जीवनमाथि लागेको लाञ्छना हटाउन सम्भव छ।

"हामीले भोगेका शारीरिक हानिका लागि हामीलाई सहायता चाहिन्छ, सन्तानको लागि शिक्षा र आर्थिक सहायता तथा मनोवैज्ञानिक सहायता आवश्यक छ।"[२२०]

उत्तरजीवीले उक्त प्रक्रियामा सहयोग पुऱ्याउने स्वीकारोक्तिका बारेमा धेरै किसिमको सुझाव दिए। सरकारले लाभको बृहत्तर प्याकेज स्वरूप सामूहिक परिपूरणको रूपमा औपचारिक क्षमादान जारी गर्न सक्छ:

एक औपचारिक क्षमायाचनाले पीडितको परिचयलाई गोप्य राखी समाजमा सचेतना फैलाउन सक्छ। राष्ट्रपति अर्नेस्ट बाइ कोरोमाले "आमा, दिदीबहिनी, सहकर्मी, र महिला देशभक्त" सँग क्षमादान माग्दा सिएरा लियोनमा यही पद्धति अपनाइएको थियो।[२२१]

श्यामाले "आफ्नो समुदायको अगाडि" पीडकले व्यक्तिगत क्षमायाचना गर्नु पर्ने कुरामा जोड दिइन्:

> *"मलाई यातना र हिंसा गर्ने व्यक्ति माओवादी कार्यकर्ता थियो...उसले अन्य मानिसलाई आफूबाट गल्ती भएको र मेरो सामु आएर क्षमायाचना माग्न चाहेको बताउन थाल्यो। मलाई धेरै मानिसले यो कुरा बताए। उनीहरूले मलाई क्षमादान दिन भने। तर म सक्दिन। उसले र उसका साथीहरूले ममाथि गरेको यातना, आरोप र हिंसा म मेरो जीवनकालमा पनि बिर्सन सक्दिन। ऊ मेरो समुदाय अगाडि आएर क्षमायाचना माग्छ भने हुनसक्छ म त्यो स्वीकार्न सकूँ। तर मसमक्ष मात्र आएर क्षमा माग्नु मेरो लागि स्वीकार्य छैन। उसले मेरो समुदाय अगाडि आएर क्षमा माग्नु पर्छ र मेरो समुदायले मैले केही गल्ती गरेको थिइन भन्ने बुझ्नु पर्छ।"*

महिलाले सार्वजनिक क्षमादानलाई सामाजिक धारणा परिवर्तन गर्ने र विश्वास निर्माण गर्ने तरिकाको रूपमा लिन्छन्। नोभेम्बर २०–२१, २०१८ को द्वन्द्व पीडितको संक्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनद्वारा स्वीकृत गरिएको द्वन्द्व पीडितको बडापत्रमा पहिलो माग क्षमादान वा अन्य किसिमको

---

२१९ एनए, श्यामासँगको अन्तर्वार्ता (नं. २०७)।

२२० एनए, प्राप्तीसँगको अन्तर्वार्ता (नं. ४५)।

२२१ अध्यक्ष अर्नेस्ट बाइ कोरोमा, 'अन्तर्राष्ट्रिय नारी दिवस' को विज्ञप्ति दि सिएरा लियोन वेब (२७ मार्च २०१०), www.sierra-leone.org/Speeches/koroma-030813.html २७ जनवरी २०२२।

सार्वजनिक स्वीकारोक्तिको बारेमा थियो : “विश्वासको जग निर्माण गर्नका लागि, राज्य, तत्कालीन विद्रोही र मुख्य राजनीतिक दलका शीर्ष नेतृत्वले एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका लागि सार्वजनिक स्वीकारोक्तिमार्फत पश्चाताप व्यक्त गरी माफी माग्नुपर्छ।”[२२२]

यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका पाँच उत्तरजीवीले क्षमादान सँगसँगै राज्यले तिनीहरूलाई औपचारिक रूपमा “सम्मानका साथ परिचय पत्र” प्रदान गरी द्वन्द्व पीडितको रूपमा स्वीकार गर्नुपर्ने बताए। तिनीहरूलाई औपचारिक पत्रले मान्यता दिनुका साथै सेवा पहुँचको लागि पनि सहज बनाउँछ।[२२३] यी पाँच जना पीडितका साथै अन्य सातजना पीडितले तिनीहरूलाई “बाहिर जाँदा कसैले घृणा गर्न नसक्ने वातावरण निर्माण गर्नका लागि महिला द्वन्द्व पीडित भनी श्रेणीकरण” गर्न आवश्यक भएको विश्वास गर्छन्।[२२४] तल उल्लेख गरिए झैँ यौन हिंसाका उत्तरजीवीलाई परिचय पत्र भएको वा केही सेवामा पहुँच भएको कारणले मात्र यौन हिंसा पीडित भनी पहिचान गरिएको होइन भनी सुनिश्चित गर्नका लागि औपचारिक पहिचानलाई ध्यानपूर्वक विचार गर्नुपर्छ, यसका लागि हुन सक्छ द्वन्द्वमा बेपत्ता पारिएका परिवारलाई बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोगले परिचय पत्र दिएझैं परिचय पत्र र सेवा सम्पूर्ण द्वन्द्वकालीन उल्लङ्घनका पीडितको लागि बृहत् परिपूरण कार्यक्रम बनाएर गर्न सकिन्छ।

त्यसैगरी आफूलाई द्वन्द्वको समयमा माओवादीसँग आबद्ध गराउनेहरूका लागि[२२५] तिनीहरू आफूले “आन्दोलन” मा खेलेको भूमिका तथा सामाजिक परिवर्तन र माओवादी दलको सफलताको लागि गरेको “योगदान” को निश्चित रूपको स्वीकारोक्ति चाहन्छन्।

> *“हाम्रो योगदानको कारणले गर्दा नै माओवादी दल आज यो स्थानसम्म आइपुगेको हो। हामी धेरै रात उनीहरूसँग खाना र पानीबिना हिँड्यौँ। तर हाम्रो पहिचान कहिल्यै पनि भएन। अहिले उनीहरू शक्तिमा छन्, तर उनीहरूले हाम्रो लागि केही पनि गरेनन्। उनीहरूले हामीलाई अन्याय गरे।”[२२६]*

गौरीले यहि भावना राखिन् :

> *“यो राजनीतिक अवस्थालाई हेर्ने हो भने मलाई लाग्छ हाम्रो संघर्षले कहिल्यै पनि स्वीकारोक्ति पाउने छैन। हामीलाई सरकारले व्यवस्था परिवर्तनका योद्धा भनी सम्मान गर्नुपर्छ। यसो गर्दा हामीलाई सम्मान महसुस हुन्छ र हाम्रो योगदान नेपालको ऐतिहासिक दस्तावेजमा सम्मानित रहन्छ। हामीलाई राज्यले सम्मान पत्र दिई औपचारिक रूपमा व्यवस्था परिवर्तनका योद्धा भनी सम्मान गर्नुपर्छ।”*

औपचारिक पहिचानले तिनीहरूलाई सम्मान दिन्छ भन्ने अपेक्षा छ। उच्च पहिचानलाई तिनीहरूको आत्मविश्वास सुधार्ने सम्भावित माध्यमको रूपमा पनि हेरिन्छ। देवकीको शब्दमा,

> “उनीहरूले त्यसो गरेमा यसले हाम्रो आत्मविश्वास बढाउँछ। हामी आफूले केही गलत नगरेको भनी राम्रो महसुस गर्न सक्छौँ। लामो समयदेखि हामीले बोकिरहेको र अझै पनि दुखिरहने घाउ निको हुन सक्छ।”

## ५. समुदायको बुझाइ र सचेतना अभिवृद्धि

यौन हिंसा तथा घटना हुनुमा उत्तरजीवीको दोष नरहेको सम्बन्धी हाम्रो सामाजिक बुझाई आवश्यक छ। ३१ सहभागीमध्ये १२ सहभागीले तिनीहरूको परिवार तथा समुदायले द्वन्द्वको समयमा जे भयो त्यसको लागि आफू जिम्मेवार नरहेको बुझ्नुपर्ने बताए।

---

[२२२] द्वन्द्व पीडित साझा चौतारी, ‘द्वन्द्व पीडितको बडापत्र’, संक्रमणकालीन न्याय सम्बन्धी द्वन्द्व पीडितको राष्ट्रिय सम्मेनल (२०–२१ नोभेम्बर २०१८, कमलादी, काठमाडौँ)।

[२२३] नीतासँगको अन्तर्वार्ता (एल ३१) (लुम्बीनी प्रदेश, नेपाल, २९ मे २०२१)।

[२२४] ऐ.ऐ.।

[२२५] त्यस परिचयको कम्तीमा आठजना पीडित थिए: एम ४, ए११, आर १५, ए५, आइ१८, आइ३३, आइ१, ए२। आठमध्ये पाँच जनाले विशेष गरी पार्टी नेतृत्वबाट पहिचान नभएको गुनासो राखे।

[२२६] एनए, देवकीसँगको अन्तर्वार्ता (नं ५)।

प्रेमाजस्ता उत्तरजीवी (घटनाका लागि आफू जिम्मेवार रहेको भन्ने) आरोपबाट आजित भइसकिन् :

> *"मानिसहरू यतिसम्म भन्छन् कि हामीले माओवादीलाई खाना खुवायौँ, त्यसैले सेनाले मेरो बलात्कार गऱ्यो। जब म यो कुरा सोच्छु, तब मेरो मन पोल्छ।"*

दुर्व्यवहार भएको थाहा पाएपछि ताराको श्रीमान्ले उनलाई घरबाट निकालिदिएका थिए र उनको समुदायमा "अपमान" गरिएको थियो। उनी चाहन्छिन् कि मानिसले बुझून्,

> *"मैले केही गल्ती गरेकी थिइन्। यो घटनाले गर्दा मेरो वैवाहिक जीवन नष्ट भयो। म एक असल श्रीमती, असल बुहारी र असल छोरी हुन सकिन।"*

त्यसैगरी दिलमाया अब "हाम्रो गल्ती र इच्छा नभएको घटनाको लागि चरित्रहीन भनी आरोप" खेप्न चाहँदिनन् र "आफ्नो जीवन सम्मानका साथ जीउन चाहन्छिन्।" यसको लागि उनले बताइन्,

"मानिसहरूलाई हाम्रो गल्ती थिएन भनी बुझाउन आवश्यक छ। त्यसैले राज्यले पनि हामीलाई समाजमा स्थापित गराउन सक्ने किसिमका पहल गर्नुपर्छ।"

सचेतना अभिवृद्धिको अर्थ यो होइन कि यस अध्ययनमा अन्तर्वार्ता लिइएका प्रत्येक उत्तरजीवीले भोगेका अपराधबारे सबैलाई थाहा दिनुपर्छ। सन् २०१४ मा झैँ अन्तर्वार्ता लिइएकाहरूको गोपनीयता कायम गर्नु मुख्य प्राथमिकतामा पर्छ, यद्यपि सन् २०१४ मा अन्तर्वार्ता लिइएका २२ जना महिलामध्ये धेरैले आफूमाथि भएको बलात्कार वा अन्य दुर्व्यवहार बारे आफ्नो श्रीमान्लाई पहिले नै बताइसकेका थिए। यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका महिलाहरूको अवस्था भने यस्तो छैन। अन्तर्वार्ता लिइएका ३१ मध्ये २१ जनाले आफ्नो श्रीमान्लाई अझै बताएका छैनन्।

बुझाईलाई रूपान्तरणकारी उद्देश्यको रूपमा प्रस्तुत गरिएको छ जसले पीडितलाई सम्भावित सामाजिक लाञ्छनाबाट बचाउन सहयोग गर्ने र तिनीहरूले चाहेमा आफ्नो कथा सार्वजनिक भन्न सक्ने गरी सामाजिक चेतना अभिवृद्धि गर्न सक्छ।[२२७]

"हामी साँस्कृतिक र सामाजिक रूपमा स्थापित हुनु आवश्यक छ। मानिसले यो बुझ्न आवश्यक छ कि हामीले कुनै पनि गल्ती गरेका छैनौँ। उनीहरूले बुझ्ने हो भने हामी हाम्रो घटना खुलेर राख्न सक्छौँ।"[२२८]

यौन हिंसाका पीडितले बयान दिन गोपनीयताका लागि सुरक्षात्मक उपाय कायम भएको बन्द सुनुवाइ आयोजना गरी यसको निष्कर्ष प्रतिवेदनमा समावेश गर्ने जस्ता सत्य निरूपण तथा मेलमिलाप आयोगले अपनाएको प्रक्रियाबाट चेतना अभिवृद्धि हुन सक्छ। वा एक वा बढी उत्तरजीवीले सार्वजनिक सुनुवाइमा बयान दिन सक्छन् जसरी ट्युनिसियाको राष्ट्रिय सत्य तथा सम्मान आयोगद्वारा आयोजना गरिएको सुनुवाइको पहिलो दिनमा भएको थियो। त्यहाँ यौन हिंसाका एक पुरुष उत्तरजीवीले सुनुवाइ कोठामा जम्मा भएका मानिस तथा प्रत्यक्ष टेलिभिजन र इन्टरनेटमार्फत बृहत् दर्शकहरूका सामु बयान दिएका थिए।[२२९] माथि उल्लेख भएझैं नेपालका केही यौन हिंसा पीडितले अन्य मञ्चमा बयान दिइसकेका छन् र तिनीहरूले चाहेमा साथै सुरक्षात्मक र मनोवैज्ञानिक सहायता प्रदान गर्न सकिएमा त्यस्तो अवसर दिन सकिन्छ।

[२२७] द्वन्द्व पीडित साझा चौतारी, 'नेपालको सशस्त्र द्वन्द्वका पीडितको परिपूरणात्मक आवश्यकता, अधिकार र दावी' (मे २०१८) २९। सीभीसीपीले आफ्नो प्रतिवेदनमा सीआरएसभी पीडितको "अनुकूल वातावरण" तथा गोपनीयताको आवश्यकताबारे जोड दिएको थियो: "बलात्कार तथा यौनजन्य हिंसाका पीडितले औषधी उपचार प्राप्त गर्न गोपनीयता कायम हुने अनुकूल वातावरण निर्माणलाई प्राथमिकतामा राखे। परामर्शको क्रममा बलात्कार र यौनजन्य हिंसाका विशेष गरी महिला पीडितले सामाजिक विभेद र लाञ्छना हटाउन, समाजमा मर्यादा र सम्मान सहित पुनर्स्थापना गराउन आवश्यक रहेकोमा जोड दिए। उनीहरूले भविष्यमा आफूलाई पुनःपीडित नबनाइने कुरा सुनिश्चत गर्न अझ आवश्यक रहेको बताए र नदोहोरिने ग्यारेन्टी गर्न माग राखे।"

[२२८] एनए, शारदासँगको अन्तर्वार्ता (नं. १०९)।

[२२९] सिब्ली हकिन्स र केल्ली मुड्डेल, 'पुरुष र बालकहरू यौनजन्य हिंसा पीडित हुन्' (आइसीटीजे, २७ मार्च २०१७) www.ictj.org/news/men-boys-victims-sexual-violence २६ जनवरी २०२२ मा लिइएको।

सत्य निरूपण तथा मेलमिलाप आयोगले राष्ट्रिय तथा स्थानीय तहमा यौन हिंसाको शीर्षकमा सूचनामूलक सुनुवाइ पनि गर्न सक्छ जसमा यौन हिंसा, अझ लैंगिक हिंसाको ज्ञान भएका विज्ञ तथा सरकारी अधिकारीहरूले अनुसन्धान र सूचना उल्लेख गर्न सक्छन् । यी सत्रहरूबीच द्वन्द्वको समयमा भएको हिंसा, त्यसबेला लैंगिक हिंसालाई सामान्यीकरण गर्न दिने अवस्थाहरू र यी अवस्थाहरूले आजसम्म कसरी निरन्तरता पाए भन्ने विषयबीच सम्बन्ध विश्लेषण सकिन्छ ।

यद्यपि यौन हिंसा पीडितले जोड दिएझैं, व्यक्तिगत यौन हिंसा पीडितका मुद्दामाथि सत्य निरूपण तथा मेलमिलाप आयोगले चाँडै नै कुनै कारबाही गर्ने सम्भावना वा "सत्य पत्ता लगाई अभिलेख तयार पारी सर्वसाधारण जनता समक्ष ल्याउने" कुरामा कोही आशावादी देखिँदैनन् ।[२३०] "हाम्रो संक्रमणकालीन न्याय प्रक्रिया निकै सुस्त छ । मैले सत्य निरूपण तथा मेलमिलाप आयोगमा आफ्नो उजुरी कहिले दर्ता गरेको हो भन्ने मलाई याद छैन । यो धेरै अगाडि हो तर अझै पनि केही भएको छैन । मैले आशा मारी सकेँ । मैले यी विषयमा छलफल गर्न पनि छोडिसकेँ ।"[२३१]

परिणाम स्वरूप, सचेतना अभिवृद्धि अभियान यौन हिंसा पीडितले खोजेको "समुदायको बुझाइको" प्रवर्धन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा राष्ट्रिय मानवअधिकार आयोगजस्ता राज्यका अन्य निकायले सञ्चालन गर्नुपर्छ । द्वन्द्वसम्बन्धी बुझाइलाई प्रवर्धन गर्ने यस्ता सचेतना अभिवृद्धि कार्यक्रम यौन हिंसाका उत्तरजीवीलाई मात्र नभई द्वन्द्वसँग सम्बन्ध नभएका लैंगिक हिंसाका पीडितलाई पनि लाभदायी हुन्छ र यसले महिला, बालिका तथा यौन अल्पसङ्ख्यकमाथि हुने विभिन्न किसिमका संस्थागत, संरचनागत र प्रणालीगत विभेदसम्बन्धी बुझाइलाई समेत सम्भवत अभिवृद्धि गर्छ ।

## ६. पीडितले आफ्नो कथा राख्न सक्ने सुरक्षित स्थानको सिर्जना

३१ जना सहभागीमध्ये सात जनाले महिलाहरू भेटेर आफ्नो कथा सुनाउन सक्ने र एक अर्कालाई सहायता दिनका लागि सुरक्षित स्थान आवश्यक भएको बताए ।

"म चाहन्छु मैले आफ्नो समस्या र अप्ठ्यारा राख्न सक्ने स्थान होस् ।"[२३२]

"सुरक्षित स्थान" को चाहना पीडितलाई बृहत्तर रूपमा समाजले मात्र नभई आफूजस्तै अन्य पीडितले पनि बुझून् र स्वीकारुन् भन्ने पीडितको आवश्यकताबाट आएको हो । दिलमायाले व्याख्या गरेझैँ,

> *"हामी विभिन्न संस्थाको कार्यक्रममा जान्छौँ जहाँ आफूले जस्तै पीडा भोगेका र आफ्नो व्यक्तिगत पीडा मेटाउनमा साथ दिने दिदीबहिनीहरूलाई भेट्दा हामीलाई निकै राम्रो लाग्छ ।"*[२३३]

यद्यपि यसले शसक्त गोपनीयताको निरन्तर आवश्यकता समेत प्रतिबिम्बित गराउँछ जुन अहिले केही विश्वासिलो नागरिक समाजका वार्ताकार, पीडित समूह र यौन हिंसा पीडितबीच रहेको देखिन्छ । देवकीले यसका चुनौतीलाई यसरी संक्षेपमा राखेकी छिन् :

> *"संस्थाले हाम्रो आवश्यकता गोप्य रूपमा पत्ता लगाउनका लागि हामीसँग बेग्लै बैठक सञ्चालन गरेर सहयोग गर्न सक्छ । यसो गर्दा हामीलाई कसैले हाम्रो कुरा सुनिरहेको भान हुन्छ र आफ्नो कथा सुनाउनको लागि प्रेरणा मिल्छ । यसका लागि हामीलाई सुरक्षित स्थान आवश्यक छ । त्यसपछि उनीहरूले हामीलाई गोप्य रूपमा परिपूर्ण सुविधा प्राप्त गर्न मद्दत गर्न सक्छन् ।"*

[२३०] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(क) ।

[२३१] एनए, गङ्गासँगको अन्तर्वार्ता (नं १४९) ।

[२३२] एनए, चन्दनीसँगको अन्तर्वार्ता (एल२२) (लुम्बीनी प्रदेश, नेपाल, २ जुन २०२१) ।

[२३३] नेपालमा एकले अर्कालाई सम्मानसाथ दिदीबहिनी भन्नु सामान्य हो ।

केही हानि नगर भन्ने सिद्धान्तअनुकूल "सुरक्षित स्थान" स्थापना गर्ने भविष्यको प्रयास संगठित हुनुपर्छ र/वा संस्था र मन्त्रालयहरूको सहायता बमोजिम महिलाको विश्वास नगुमाई तिनीहरूलाई सँगै लिई सफलता साथ सञ्चालन हुनुपर्छ । ओरेक नेपाल, युएनएफपीए र यस परियोजनाको एक कार्यान्वयन साझेदार, नागरिक आवाज जस्ता संस्थाले यौन हिंसा पीडित र अन्य लैंगिक हिंसा पीडितलाई औषधी र मनोवैज्ञानिक सहायता पूरा गर्न र पहुँचको लागि सुरक्षित स्थान प्रदान गर्दै आएका छन् । यसका साथै, राष्ट्रिय महिला आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयको लैंगिक सशक्तिकरण इकाइ तथा मन्त्रीपरिषद्ले संकट व्यवस्थापन केन्द्र सञ्चालन गर्दै आएका छन् ।[२३४] यी निकायहरूले हिंसा पीडित महिला र बालिकालाई निःशुल्क कानूनी तथा मनोवैज्ञानिक सेवा प्रदान गरे तापनि कुनै पनि यौन हिंसा पीडितले उक्त केन्द्रको बारेमा उल्लेख गरेनन् । सरकार वा गैरसरकारी संस्थाद्वारा सञ्चालन हुने यी सुविधाहरूमा काम गर्ने कर्मचारीहरूसँग केले काम गर्छ र केले काम गर्दैन भनी परामर्श गरिनुपर्छ । त्यसपछि सोही मार्गनिर्देशन बमोजिम भविष्यका कार्यक्रमहरू सरकार र अन्तर्राष्ट्रिय अनुदानबाट सञ्चालन हुन सक्छ ।

## ७. पुन नदोहरिने/पुनरावृत्ति नहुने प्रत्याभूति र सुरक्षा

कम्तीमा पाँच जना उत्तरजीवीले भविष्यप्रति आशावादी हुँदै "संक्रमणकालीन न्यायका चार खम्बा" जवाफदेहिता, सत्य, परिपूरण र पुन नदोहरिन प्रतिबद्धताका रूपमा भविष्यमा हिंसा दोहोरिन नदिनुको महत्त्व उल्लेख गरे । जस्तै, सुनमायाले हाल भइरहेको यौन हिंसाको घटनाहरूको बारेमा कुरा गर्दै आफूले द्वन्द्वको समयमा भोग्नु परेको हिंसासँग जोडिन् :

> *"मलाई आशा छ कि सरकारले सम्पूर्ण बलात्कारीलाई सजाय दिनेछ । आज दैनिक बलात्कारको समाचार आउँदा पनि उनीहरू केही गरिरहेका छैनन् । जब म बलात्कारको घटनाको बारे सुन्छु तब म आफ्नो घटना सम्झन्छु । म चाहन्छु कि यस्तो यातना कसैले भोग्न नपरोस् । तर म दैनिक यस्ता घटनाको बारे समाचार सुन्छु । साना नानीहरू बलात्कृत भएका छन् । मलाई थाहा छैन सरकार के गरिरहेको छ । सरकारले यस्ता बलात्कारीहरूलाई सजाय दिनुपर्छ । मैले सहयोगको लागि जतातते गुहार्न परेको थियो । त्यसैले मलाई लाग्छ कि यी बालिकाहरू पनि यहि अवस्थाबाट गुज्रिरहेका होलान् । मलाई निकै नराम्रो लागिरहेको छ ।"*

तिनीहरूको भनाइबाट महिलाका लागि द्वन्द्वको पीडादायी असर कति लामो समयसम्म रहन्छ र निको हुन कति समय लाग्छ भन्ने देखिन्छ । प्राप्तिले भनेझैँ,

> *"म चाहन्छु कि यस किसिमका घटनारहिंसा कहिल्यै कसैलाई नहोस्, विशेष गरी हाम्रा सन्तान वा अन्य कसैलाई नहोस् ।"*

रिताले यसलाई अझ सामान्य रूपमा राखिन्ः

> *"मलाई आशा छ कि यस्तो पीडा कसैले पनि भोग्नु नपरोस् ।"*

घरभित्र तथा बाहिर भइरहेको हिंसाको स्तरलाई हेरी हेमासहितका केही उत्तरजीवीले आफ्नो व्यक्तिगत सुरक्षासम्बन्धी भय व्यक्त गर्दै "आफूहरूलाई समग्र सुरक्षाको प्रत्याभूति (शारीरिक, सांस्कृतिक, सामाजिक, आर्थिक र मनोवैज्ञानिक)" आवश्यक रहेको बताए । यहाँ उल्लेख गरिएझैँ पाँच महिला अझै पनि आफ्नो श्रीमान्बाट हिंसा भोगिरहेका छन् । चार जनालाई घरबाट निकाला गरिएको थियो । बारम्बार हुने शारीरिक हिंसा र मनोवैज्ञानिक हिंसा तिनीहरूको जीवनको हिस्सा हो । अन्य पीडितको लागि पनि यो जीवनको हिस्सा नै हो ।

यौन हिंसालाई अर्थपूर्ण रूपमा सम्बोधन गर्न नेपाल असमर्थ भएकाले (न त फौजदारी जवाफदेहिता, सत्यको खोजी, परिपूरणबाट न हदम्यादसम्बन्धी कानून वा न्यायको पहुँचमा प्रतिबन्ध लगाउने अन्य कानूनबाट) महिला, बालिका र लैंगिक अल्पसङ्ख्यक विरुद्धको हिंसा सामान्यीकरण भएको छ । द्वन्द्वको समयमा कायम मौनताको संस्कृति आज पनि विद्यमान छ जसबाट यौन हिंसाका उत्तरजीवी मात्र नभई अन्यमा पनि हिंसाको जोखिम बढेको छ । यो मौनतालाई तोड्न तथा

[२३४] लैङ्गिक सहकाय तथा सशक्तिकरण समिति प्रधानमन्त्रीको कार्यालय र मन्त्रीपरिषद्मा (ओपीएमसीएम) २०१० मा स्थापना भएको थियो र यसले जीबीभी विरुद्धको राष्ट्रिय कार्य योजना कार्यान्यवनको नियमन गर्दछ ।

राज्यद्वारा मात्र नभइ अन्य व्यक्तिबाट हुने हिंसाको चक्र रोक्नका लागि संगठित प्रयास आवश्यक छ।

## ८. "सत्य" बारे ज्ञान

परिपूरण वा वर्तमान आवश्यकताको बारेमा प्रश्न गर्दा तीन जना सहभागीले तिनीहरूलाई द्वन्द्वको समयमा भएको हानिको बारेमा[२३५] "सत्य" जान्ने विशेष चाहना व्यक्त गरे।

> *"ममाथि भएको घटनाबारे म सत्य जान्न चाहन्छु।"*

ताराले भनिन्, दुई जना सहभागीहरूका लागि सत्य भन्नाले तिनीहरूमाथि भएको आक्रमण बारे थप जानकारी प्राप्त गर्नु थियो, ताराले भनेझैँ –"हामीमाथि भएको घटनाबारे सत्य", "हाम्रो मानवअधिकार किन उल्लङ्घन गरियो।" उनको लागि सत्य पत्ता लगाउने प्रयासले उनलाई कम एक्लो महसुस गराउँछ :

"पहिले मलाई सशस्त्र द्वन्द्व पीडित म मात्र हुँ भन्ने लाग्थ्यो। म दिनभर रोएर बस्ने गर्थेँ तर अहिले हामीमाथि भएको घटनाबारे सत्यको खोजी गर्दै छौँ। भित्र अझै पनि गहिरो पीडा छ तर हामी बाहिरबाट देखाउन सक्दैनौँ।"

निताको लागि "नयाँ पुस्ता" ले "विगतको द्वन्द्व" बारे थाहा पाई "इतिहासबारे सचेत हुनका लागि" पनि सत्य बताउन आवश्यक छ। द्वन्द्व समाप्त भएको झण्डै १५ वर्ष पछि अझै पनि परिवार र समुदायमा द्वन्द्वको समयमा के भएको थियो र त्यसका कारण अरूले के भोग्नु पऱ्यो भनी सत्य बुझाउन आवश्यक छ। एउटा नगरपालिकाको उपाध्यक्षको रूपमा रहेकी एकजना उत्तरजीवीले स्वीकार गरिन् कि "द्वन्द्वको समयमा यौन हिंसा भोगेका अन्य महिलाले हरेक दिन के महसुस गर्छन्" उनलाई थाहा छैन। उनले आशा व्यक्त गरिन् कि

> *"उनीहरूको कथा मात्र सुन्दा पनि उनीहरूलाई सहयोग हुन सक्छ"।*[२३६]

सत्य निरूपण तथा मेलमिलाप आयोगले आफ्नो उद्देश्यअनुसार "सत्य पत्ता लगाई अभिलेखिकरण गरी सर्वसाधारण जनतासमक्ष ल्याउँछ।"[२३७] आयोगमा ६३,००० उजुरीहरू परेको कुरालाई मध्यनजर गरी द्वन्द्वको समयमा के भएको थियो भन्नेसम्बन्धी सम्पूर्ण विवरण जम्मा गरेर पीडितलाई जानकारी दिने सबैभन्दा उत्कृष्ट निकाय सत्य निरूपण तथा मेलमिलाप आयोग नै हो। तर आजको दिनसम्म सत्य निरूपण तथा मेलमिलाप आयोग "सत्य पत्ता लगाई अभिलेखिकरण गरी सर्वसाधारण जनता समक्ष ल्याउने" र "परिपूरण लगायतका कार्यको सिफारिश" गर्ने आफ्नो जिम्मेवारीहरू पूरा गर्न भन्दा "गम्भीर मानवअधिकार उल्लङ्घनका घटना" अनुसन्धानमा ध्यान दिन बाध्य भएको देखिन्छ। के भएको थियो र किन भएको थियो भन्ने बारे गहिरो बुझाइ नभएसम्म अर्थपूर्ण परिवर्तनको सम्भावना टाढाको लक्ष्य देखिन्छ। यो पद्धतिले सम्पूर्ण पीडितलाई नै हानि हुने गरी सत्य आयोगको कार्यसम्बन्धी आधारभूत रूपमा गलत बुझाइ रहेको देखिन्छ। न त यस आयोगसँग यथेष्ट स्रोत छ वा/र यसलाई पर्याप्त सहायता नै दिइएको छ (राजनीतिक, न त प्राविधिक रूपमा)। यसको समाधान होस् र आयोगको उद्देश्य पनि पूरा होस् भन्ने सुनिश्चित गर्नका लागि थप स्रोत र सहायता प्रदान गर्नु पर्छ।

---

[२३५] सबैले "सत्य" शब्द प्रयोग गरेनन्। केहीले उनीहरूलाई किन आक्रमण गरिएको थियो भन्ने धेरै सामान्य रूपमा बुझ्नका लागि बोले।

[२३६] एनए, गङ्गासँगको अन्तर्वार्ता (नं. १४९)। ("मैले चुनाव जितेर अहिले उपाध्यक्षको रूपमा काम गर्दै भए तापनि मैले द्वन्द्वको समयमा यौनजन्य हिंसा भोगेका मजस्ता महिलाको लागि केही गर्न सकेकी छैन। यसले मलाई दुःखी बनाउँछ। म प्रत्येक दिन काम गर्न आउँछु र धेरै मानिसलाई भेट्छु जसले केही हदसम्म मलाई आफ्नो दुःख भुल्न मद्दत गर्छ। अरू महिलाहरूले हरेक दिन के महसुस गर्छन् म भन्न सक्दिन। हुन सक्छ उनीहरूको कथा सुन्दा पनि उनीहरूलाई मद्दत पुग्छ।")

[२३७] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(क)।



*बागमती नदी, काठमाडौं, नेपाल, सन् २०१७।*
*© एलेना नौघटन*

# ट. परिपूरणका मार्गहरू

## १. अन्तर्राष्ट्रिय र राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्था व्यवस्थाअन्तर्गत दायित्व र प्रतिबद्धताहरू

अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको उल्लङ्घनका पीडितका लागि प्रमुख मानवअधिकार महासन्धि, स्वेच्छिक आलेख र पक्ष राष्ट्र रहेका अन्य सन्धिबमोजिम उचित उपचार प्रदान गर्नु नेपालको अन्तर्राष्ट्रिय कानूनी दायित्व हो। यसमा मुख्यतः १९६४ को चारवटा जेनेभा महासन्धि र १९९१ मा हस्ताक्षर गरिएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र यातना विरुद्धको महासन्धि पर्दछ।[२३८] यातना विरुद्धको महासन्धि-अन्तर्गत नेपालले "यातना पीडितले उपचार प्राप्त गर्ने र यथासम्भव भएसम्म पूर्ण पुनर्स्थापना लगायत उचित र पर्याप्त क्षतिपूर्तिको बाध्यकारी अधिकार" र जेनेभा महासन्धिबमोजिम अन्तर्राष्ट्रिय मानवीय कानूनको "कुनै गम्भीर उल्लङ्घन गर्ने व्यक्ति, आदेश दिने व्यक्तिलाई उचित दण्ड सजाय दिनका लागि उचित कानून निर्माण गर्ने" भनी प्रतिबद्धता गरेको थियो।[२३९] नेपालले यी प्रतिबद्धता पूरा गरेको छैन। न त रोम विधान[२४०] मा हस्ताक्षर गरेको छ वा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि[२४१] नै अनुमोदन गरेको छ।

त्यसैगरी द्वन्द्वको समयमा महिला, बालिका र पिछडिएका जनताका विरुद्ध भएको धेरै गलत कार्यहरूलाई नेपालले सुधार्नको लागि शान्ति प्रक्रियाको अवधिमा धेरै प्रतिबद्धता गरेको भए पनि ती प्रतिबद्धताहरू पूरा भएका छैनन्। ८ नोभेम्बर २००६ मा हस्ताक्षर गरिएको सातवटा दलको गठबन्धन र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को शिखर बैठकमा भएको निर्णयमा, "द्वन्द्वको समयमा मारिएका व्यक्तिको परिवारका सदस्य तथा घाइते र अपाङ्ग भएका व्यक्तिका लागि उचित राहत, पहिचान र पुनर्स्थापना"[२४२] का लागि बृहत् प्रतिबद्धता गरिएको थियो। पछि सम्पन्न भएको "विस्तृत शान्ति सम्झौतामा दुवै पक्षले "दण्डहीनता नसहने" र "द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएका व्यक्तिको परिवारले राहत प्राप्त गर्ने अधिकार" दुवै पक्षले सुनिश्चित गरेका थिए।[२४३] तर नेपालले केही पीडितको लागि केही "राहत प्रदान गरे तापनि" उसले हानि र उक्त हानिको निरन्तर परिणामको लागि कुनै राहत नपाएका

[२३८] नेपालले १९४९ को चार जिनेभा महासन्धी, र ११ अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धी सहित अन्य आठ मानवीय महासन्धीहरूमा पनि हस्ताक्षर गरेको छ। महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी (सीईडिएओ), आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी (आईसीईएससीआर), जातिहत्याको रोकथाम र सजाय सम्बन्धी महासन्धी, बाल अधिकार सम्बन्धी महासन्धी (सीआरसी) अन्य मुख्य अनुमोदनहरूमध्ये पर्दछन्। (थप जानकारीका लागि अनुसूची १० हेर्नुहोस्)। नेपालको अन्तर्राष्ट्रिय सन्धीजनित दायित्वको पूर्ण सूचीका लागि, अनुसूची १० र यूएन ओएचसीएचआर, 'अनुमोदन अवस्था सम्बन्धी अन्तरक्रियात्मक ड्यासबोर्ड' हेर्नुहोस्, https://indicators.ohchr.org/ २६ जनवरी २०२२ मा लिइएको।

[२३९] युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षण सम्बन्धी महासन्धी (४), (१२ अगस्ट १९४९ मा जेनेभामा पारित गरिएको) धारा १४७।

[२४०] जुलाई २००६ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर हुनुभन्दा केही महिना अगाडि नेपालको प्रतिनिधि सभाले नेपाल सरकारलाई रोम विधान अनुमोदन गर्नको लागि एउटा प्रस्ताव जारी गरेको थियो। तर त्यो प्रस्ताव पालना गरिएन। यसका साथै २०११ मा नेपालले आफ्नो विश्वव्यापी आवधिक समिक्षाको पहिलो चरणमा युपीआर सिफारिस कार्यान्वयनको कार्य योजना अन्तर्गत रोम विधान अनुमोदन पनि समावेश गरेको थियो। तर त्यस समयदेखि नेपालले अनुमोदनको लागि कुनै पनि थप कार्य गरेको छैन।

[२४१] समावेश नभएकाहरूमध्ये जबजस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धी, युद्ध अपराध तथा मानवता विरुद्धको अपराध सम्बन्धी कानूनी हदम्याद कायम नहुने सम्बन्धी महासन्धी, यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धी र प्रवासी कामदार र उनीहरूका परिवारको अधिकार सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी पर्दछन्।

[२४२] सात पार्टी गठबन्धन तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको शिखर बैठकको निर्णय (८ नोभेम्बर २००६) धारा ४(१)।

[२४३] बृहत् शान्ति सम्झौता (नं १४) धारा ७.१.३।

यातना तथा यौन हिंसा पीडित प्रतिको जिम्मेवारी पूरा गरेको छैन।

सरकारले देशको संक्रमणकालीन न्याय प्रक्रियाको हिस्सा स्वरूप यौन हिंसा पीडितको अधिकार अगाडि बढाउनका लागि चालेको एक मात्र कदम भनेको "सशस्त्र द्वन्द्वको समयमा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधमा संलग्न हुनेहरूको तथ्य स्थापना गर्न" को लागि सत्य आयोगको स्थापना हो।[२४४] सन् २०१४ मा नेपालको संसद् (संविधान सभा) ले संक्रमणकालीन न्यायको कानूनी ढाँचाका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन पारित गऱ्यो। सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन अन्तर्गत सन् २०१५ मा दुईवटा आयोग – सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग स्थापना भए जसमध्ये सत्य निरूपण तथा मेलमिलाप आयोग यौन हिंसासम्बन्धी घटनाहरूका लागि जिम्मेवार थियो। तर तल उपखण्ड ३ मा पनि चर्चा गरिएअनुसार त्यो समयदेखि सत्य निरूपण तथा मेलमिलाप आयोगले यौन हिंसाका पीडितहरूबाट सानो संख्यामा उजुरीहरू प्राप्त गर्यो तर यसले न त द्वन्द्वकालीन यौन हिंसासम्बन्धी सत्यलाई बाहिर ल्याउनमा कुनै प्रगति गरेको छ न त यौन हिंसा पीडितको परिपूरणसम्बन्धी मागलाई सम्बोधन गरेको छ। नेपालका राजनीतिक नेताहरूको राजनीतिक प्रतिबद्धताको कमीले गर्दा यसको सञ्चालनमा असर पुग्न गएको छ। यसले आफ्नो कार्य अगाडि बढाउन वार्षिक बजेट र मानव स्रोत दुवै प्राप्त गरेको छैन। दुई वर्षपछि कार्यकालपश्चात प्रत्येक वर्षमा कार्यादेश थप्नु पर्ने कानूनी व्यवस्थाका कारण यसले निरन्तर अनिश्चितताका बीच काम गरिरहेको छ।

यो एउटा ठूलो संरचनात्मक ढाँचाको एक अंश हो। कागजी रूपमा नेपाल सरकार तथा राजनीतिक दलहरूले बारम्बार मानवअधिकार र बृहत् सुधारको विषयलाई अगाडि बढाउने प्रतिज्ञा गरेका छन्। यद्यपि व्यवहारमा यी प्रतिबद्धताहरू करिब करिब कि त पूरा भएका छैनन् वा पूर्ण असफल भएका छन्। आफ्नो स्वार्थ जोगाउन लागिरहने शक्तिशाली व्यक्तिहरूले यी प्रतिबद्धता पीडितलाई दुःख हुने गरी रोकेका वा मोडेका छन्। उदाहरणका लागि सर्वोच्च अदालतको फैसलाअनुसार संक्रमणकालीन न्याय कानूनमा आवश्यक संशोधन भएको छैन र राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा अनुसन्धानलाई अगाडि बढाउने अवसरलाई अवरोध गरेर यसो गरेका छन्। द्वन्द्वकालीन यौन हिंसाका घटनाहरूमा पनि यो कुरा लागू भएको छ।

जस्तै, बृहत् शान्ति सम्झौतामा दलहरूले "विद्यमान वर्ग, जात, क्षेत्र तथा लैंगिक समस्या समाधानका लागि प्रगतिशील पुनर्संरचना सञ्चालन गर्ने" र "विश्वव्यापी रूपमा आत्मसात गरिएको आधारभूत मानवअधिकारका सिद्धान्त" पालना गर्ने भनी बृहत्  सुधारको विषयमा बृहत् प्रतिबद्धता जनाएका थिए।[२४५]

द्वन्द्वपछि तत्कालीन नेपाल सरकारले तुरुन्तै अन्तरिम संविधान २००७ जारी गऱ्यो र नयाँ संविधान निर्माणको लागि दुई वटा संविधान सभा निर्वाचित गऱ्यो। नयाँ संविधानको मस्यौदा प्रक्रियाको लागि वर्षौं लाग्यो तर सन् २०१५ मा नयाँ संविधान पारित भएसँगै यसले सफलता पायो।[२४६]

सन् २०१५ को संविधानले मौलिक अधिकारको रूपमा धेरै प्रगतीशिल नागरिक अधिकारहरूको प्रत्याभूति गरेको छ जुन यौन हिंसा पीडितको हकमा पनि लागू हुन्छ। यी अधिकारमाः "सम्मानपूर्वक बाँच्न पाउने हक" (धारा १६), अपराध पीडित लगायतले सूचना प्राप्त गर्न पाउने हक (धारा २१ र २७), "राज्यबाट आधारभूत स्वास्थ्य सेवा पाउने हक" (धारा ३५), "खाद्य सम्बन्धी" र "खाद्य वस्तुको अभावबाट सुरक्षा" (धारा ३६), र "पर्याप्त आवाससम्बन्धी हक" (धारा ३७) पर्दछन्।

सन् २०१५ को संविधानले यातनाविरुद्धको हकलाई सबैभन्दा आधारभूर अधिकार र स्वतन्त्रताको रूपमा समावेश गरेको छ। धारा २२(१) मा, "पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय अपमानजनक व्यवहार गरिने छैन" भन्ने व्यवस्था

[२४४] सात पार्टी गठबन्धन तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीचको शिखर बैठकको निर्णय (नं २६७) धारा ४(४)। नेपालले द्वन्द्वको समयमा भएका जबर्जस्ती बेपत्ता सम्बन्धी प्रश्नहरूको समाधान गर्नको लागि आयोग पनि गठन गरेको छ।

[२४५] बृहत् शान्ति सम्झौता (नं १४) धारा ३.४–३.५।

[२४६] नेपालको इतिहासमा सात वटा रहेको छ। द्वन्द्वकालमा प्रचलनमा रहेको १९९० को संविधान बमोजिम नेपाल एक "हिन्दू र संवैधानिक राजतन्त्रात्मक राज्य" थियो र महिलाको लागि उच्च सदन, राष्ट्रिय सभाको जम्मा ३ सीट छुट्ट्याइएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७, १९९० मा जारी, धारा ४(१)–४६।

रहेको छ। यसले यातना पीडितलाई कानूनबमोजिम क्षतिपूर्तिको रूपमा परिपूरणको प्रत्याभूति पनि गरेको छ। सन् १९९० को संविधानमा पनि उस्तै व्यवस्था थियो जुन द्वन्द्वको समयमा प्रचलनमा थियो।[२४७]

बृहत् शान्ति सम्झौतामा महिला र बालबालिका विरुद्ध द्वन्द्व अगाडि र द्वन्द्वको क्रममा भएका हिंसाहरू दोहोरिने छैनन् भन्ने प्रतिबद्धता पनि समावेश भएको थियो।[२४८] अन्तरिम संविधानको धारा २० बमोजिम महिलालाई देहाय बमोजिमको अधिकार प्रत्याभूत गरिएको थियो :

*"(१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन। (२) प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ। (३) कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ। (४) पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ।"*

सन् २०१५ को संविधानमा महिला हिंसासम्बन्धी विशेष प्रावधान पनि रहेको छ। जस्तै धारा ३८(३) ले विशेष गरी महिला विरुद्धको हिंसालाई सम्बोधन गरेको छ जसअनुसार "महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।"

यसले "सामाजिक न्यायको हक" पनि स्थापित गरेको छ[२४९] जसले पहिचान गरिएको समूहलाई "शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्यान्न र समामाजिक सुरक्षामा कानूनबमोजिम न्याय तथा उचित सम्मानका साथ विशेष अवसर" प्रदान गर्छ। द्वन्द्व पीडितहरू देहायको समूहमा समेटिएका छन् :

*"नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडित।"*[२५०]

यसका साथै सन् २०१५ को संविधानले "सामाजिक न्याय र समावेशीकरण" लाई सम्बोधन गर्दै केही राज्यका नीतिगत उद्देश्य समावेश गरेको छ। यी नीतिले महिला द्वन्द्व पीडित लगायत केही जोखिमयुक्त जनसंख्यालाई समावेश गरेको छ। सन् २०१५ को संविधानको धारा ५१(ञ)(२) बमोजिम राज्यले "जोखिममा परेका, हिंसा पीडित, सामाजिक र पारिवारिक बहिष्करणमा परेका महिलालाई पुनर्स्थापना, संरक्षण र सशक्तिकरणको आवश्यक व्यवस्था" गर्नुपर्छ। धारा ३९(९) बमोजिम द्वन्द्व पीडित बालबालिकालाई "राज्यबाट विशेष सुरक्षा र सुविधा" को छुट्टै अधिकार हुन्छ। यसका साथै यौन हिंसा पीडितलाई अपराध पीडित, एकल महिला, पिछडिएका, बिपन्न वा आर्थिक रूपले गरिब र अपाङ्गता भएका व्यक्ति आदिलाई सन् २०१५ को संविधानले गरेको अन्य व्यवस्था बमोजिम अन्य किसिमको सहायताको अधिकार छ।[२५१]

यी प्रावधानले यौन हिंसा समेतका द्वन्द्व पीडितको लागि अधिकार र उपचारको व्यवस्था गरेको छ। यी प्रतिबद्धताका बाबजूद पनि आजको दिनसम्म सन् १९९६–२००६ को अवधिको यौन हिंसा पीडितलाई आवश्यक सेवा वा पुनर्स्थापना, सुरक्षा वा सशक्तिकरणको कार्यक्रममा प्राथमिकताका साथ पहुँच प्रदान गर्नका लागि संगठित प्रयास भएको छैन। न त यौन हिंसालाई न्यायमा पहुँच दिनको लागि यौन हिंसा तथा यातना जस्ता अपराधसम्बन्धी नेपाली कानूनमा नै आवश्यक परिवर्तन गरिएको छ।

[२४७] ऐ.ऐ. धारा १४।

[२४८] बृहत् शान्ति सम्झौता (नं १४) धारा ७.६.१ ("दुवै पक्षहरू महिला र बालबालिकाको अधिकार विशेष किसिमले सुरक्षा गर्न, श्रमिक बालबालिका लगायत महिला र बालबालिका विरुद्ध हुने सम्पूर्ण किसिमको हिंसा तथा यौन शोषण र दुर्व्यवहार अन्त्य गर्न सहमत छन्"।)

[२४९] नेपालको संविधान (२०७२) को धारा ४२।

[२५०] ऐ.ऐ. धारा ४२(५)।

[२५१] २०१५ को संविधान अन्तर्गत अधिकार र सुरक्षाको पूर्ण छलफलका लागि, हेर्नुहोस् एलेना नौटन र केलेन मेरगाली, "'यो नेतृत्व गर्ने समय होः" नेपालमा स्थानीय सरकारद्वारा संक्रमणकालीन न्यायको प्रयास अगाडि बढाउँदै' (आइसीटीजे, १३ जुलाई २०१८), www.ictj.org/publication/"now-time-lead"-advancing-transitional-justice-initiatives-through-local-governments २६ जनवरी २०२२ मा लिइएको।

यी सम्पूर्ण अधिकार र प्रत्याभूतिका बाबजूद द्वन्द्वको अवधिभर र आजको दिनसम्म आइपुग्दा पनि, नेपालको कानूनी व्यवस्था अन्तर्राष्ट्रिय मान्यता तथा नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता एक आपसमा बाझिएको छ । सन् १९९० को संविधान तथा २००७ को अन्तरिम संविधान दुवैमा "अनुसन्धान वा पुर्पक्षका क्रममा वा अन्य कारणले थुनामा राखिएको" व्यक्तिलाई यातना दिन निषेध गर्ने व्यवस्था थियो।[२५२] सन् १९९६ मा पीडितले नेपाली रु. १,००,०००।– (करिब ९०० अमेरिकी डलर) सम्मको क्षतिपूर्तिको अनुरोध गरी मुद्दा दायर गर्न सकिने गरी नेपालले यातनासम्बन्धी क्षतिपूर्ति ऐन पारित गऱ्यो तर फौजदारी जवाफदेहीता उल्लेख गरेन ।[२५३] यद्यपि उक्त दाबी गर्नको लागि दिइएको अवधि –यातनाको घटनाबाट वा थुना मुक्त भएको ३५ दिनको समयको कानूनी हदम्याद "अपराधको गाम्भीर्यताको स्पष्ट विपरीत" थियो र यसले अन्तर्राष्ट्रिय कानूनको समेत उल्लंघन गरेको पाइयो।[२५४] तर डिसेम्बर २०१७[२५५] मा नेपालको संसदले मुलुकी अपराध संहिता, २०७४[२५६] पारित नगर्दासम्म यातनालाई अपराध स्थापित गर्ने कानून पारित भएन र मुलुकी अपराध संहिता, २०७४ ले थुनाभित्र गरिने यातनामा प्रतिबन्ध लगाएको छ[२५७] र पाँच वर्षसम्म कैद, ५०,०००/- जरिवाना (करिब ४५० अमेरिकी डलर) वा अपराधको गम्भीरता हेरेर दुवै सजायको व्यवस्था गरेको छ ।[२५८] यद्यपि प्रहरीद्वारा हुने यातनाको उजुरी दिनको लागि हदम्याद निकै नै छोटो अवधि –छ महिनाको मात्र छ ।[२५९] यो कानूनले द्वन्द्वकालीन यातनाको मुद्दामा हदम्याद नलाग्ने व्यवस्था पनि गरेन ।।

कानूनलाई अर्थपूर्ण तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल बनाउनका लागि नेपालले द्वन्द्वको समयको मुद्दामा यातनाको हदम्याद हटाउनुपर्छ ।[२६०] बलात्कार तथा अन्य यौन हिंसा जस्ता उल्लङ्घनमा पनि यो लागू हुन्छ जसको अभियोजन हुनबाट रोक्न र यौन हिंसाको विषयमा सत्य निरूपण तथा मेलमिलाप आयोगलगायत क्षेत्राधिकार भएको राष्ट्रिय निकायहरूमा उजुरी दिन वा न्याय खोज्न रोक्नका लागि शक्तिमा रहेकाहरूले यसलाई हतियार बनाएका छन् ।

[२५२] १९९० को संविधानको धारा १४(४) र नेपालको अन्तरिम संविधान २०६३ (२००७) को धारा २६(२) को यातना सम्बन्धी भाषा निकै मिल्दो छः "अनुसन्धान, पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।" यसका साथै अन्तरिस संविधार २००७ ले यातनालाई कसुरको रूपमा परिभाषा गर्ने कानून निर्माण गर्ने र पीडितलाई क्षतिपूर्ति प्रदान गनुपर्ने व्यवस्था पनि गरेको थियोः " उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।"

[२५३] यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ (१९९६) को ऐन नं. १४ मा "अनुसन्धान, तहकिकात, पुर्पक्ष वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिएमा वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा प्रदान गनुपर्ने क्षतिपूर्ति" भन्ने व्यवस्था छ ।

[२५४] सीसीपीआर, 'कम्युनिकेशन नं. १८६३र२००९, समितिले आफ्नो १०५ औँ बैठकमा, ९ देखि २७ जुलाई २०१२ सम्म नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको स्वेच्छिक प्रोटोकलको धारा ४(४) बमोजिम व्यक्त गरेको धारणा' (२ अगस्ट २०१२) ग्ल् म्यअ। सीसीपीआर।सी।१०५।डी।१८६३।२००९ अनुच्छेद ७.६ ।

[२५५] "अनुसन्धान, पुर्पक्ष वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिइनेछ ।"

[२५६] मुलुकी अपराध संहिता, २०७४ को नं. ३६ ।

[२५७] ऐ.ऐ. दफा १६७(१) । "दफा १६७(१) १) प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन हुँदैन ।"

[२५८] यातना सम्बन्धी क्षतिपूर्ति ऐनको दफा १२ बमोजिम पीडितले मुलुकी अपराध संहिताको परिच्छेद १० बमोजिम गैरकानूनी थुना अन्तर्गत छुट्टै उजुरी गर्न सक्थ्यो ।

[२५९] मुलुकी अपराध संहिता, २०७४ को ऐन नं. ३६, दफा १७० (२) ।

[२६०] यसले बलपूर्वक बेपत्ताको कसुरको निरन्तरको प्रकृति र मानवता विरुद्धको कसुरको रूपमा पनि यसलाई पहिचान गर्नुपर्छ र यसले अन्तर्राष्ट्रिय कानून बमोजिमको कसुरको गम्भीरताको अनुपातमा सजायको व्यवस्था गर्नुपर्छ ।

## २. द्वन्द्वकालीन यौन हिंसाका लागि उचित उपचारमाथिको पहुँच

यौन हिंसा पीडितलाई राष्ट्रिय स्तरमा द्वन्द्वकालीन अपराधको लागि अर्थपूर्ण न्यायमाथिको पहुँच प्रदान गरिएको छैन । तिनीहरूको न्यायको बाटोमा धेरै बाधाहरू छन्, विशेषगरी द्वन्द्वको समयमा विद्यमान कानूनी हदम्याद र प्रमाणको भार सम्बन्धित अन्य व्यवस्था आदि ।[२६१]

द्वन्द्वको समयमा बलात्कारको मुद्दामा मुलुकी ऐन, २०२० (१९६३) को दफा ११ बमोजिम ३५ दिनको हदम्याद कायम थियो ।[२६२] तर सबैका लागि नभए पनि धेरै यौन हिंसा पीडितको लागि यो निकै छोटो अवधिमा उजुरी गर्न वास्तवमा नै असम्भव थियो ।[२६३] केही पूरै ३५ दिनभर स्वेच्छारी थुनामा थिए । अभिलाषालाई सैनिक

*“हिरासतमा हात खुट्टा बाँधेर झण्डै दुई वर्षको लागि”*

राखिएको थियो भने शक्तिलाई पाँच महिना सैनिक व्यारेकमा राखिएको थियो । अन्यलाई उस्तै समय अवधिसम्म थुनामा राखिएको थियो : ९० दिन, ३ महिना, र ४ महिना ।[२६४]

यो हदम्याद बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ पारित भइसके पछि परिवर्तन भएन । यसलाई नयाँ फौजदारी संहिता तथा अन्य पाँच ऐन पारित गर्ने समयमा सन् २०१७ मा एक वर्ष बनाइयो । तर यो परिवर्तनले द्वन्द्वकालीन पीडितको लागि उजुरी दिन मिल्ने वातावरण बनेन[२६५] किनकी न त उक्त प्रावधानले द्वन्द्वकालीन मुद्दामा पाश्चातदर्शी असर पर्ने व्यवस्था गर्न दियो न त “मानवअधिकारको गम्भीर उल्लंघनको मुद्दामा हदम्याद लागू नहुने”[२६६] भनी व्यवस्था नै गऱ्यो । महिला हिंसा विरुद्धको विशेष प्रतिवेदकले उल्लेख गरेका छन् कि “बदलाको डर” र उजुरी दिँदा पुनःपीडा भोग्नु पर्ने वास्तविक सम्भावनाको कारणले थपिएको हदम्याद “अझै पनि पीडितलाई अगाडि आउन पर्याप्त समय दिन असमर्थ” हुन सक्छ ।[२६७]

त्यसै गरी हदम्याद हटाउने हो भने सम्बन्धित कानूनमा पनि सुधार ल्याउन आवश्यक छ । जस्तै, २०१७ मा संशोधन भएको फौजदारी संहितामा “कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा र मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा” भनी जबर्जस्ती करणीको संकुचित परिभाषा गरिएको छ । जबर्जस्ती करणीको परिभाषा पहिले जसरी सामान्य करणी मात्र नराखी गुद्दद्वार वा मुखमा लिङ्ग पसाएमा, गुद्दद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि करणी हुने भनी फराकिलो बनाए तापनि यस अध्ययनमा सहभागी भएका कम्तीमा तीन जना (बढी पनि हुन सक्छन्) ले भोगेको हुनसक्ने यौन दासता, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण गराउने कार्य र जबर्जस्ती बन्ध्याकरण गराउने बारे सम्बोधन भएको छैन । बलात्कार र अन्य किसिमका यौन हिंसालाई अन्तर्राष्ट्रिय मान्यताअनुसार राष्ट्रिय कानूनअन्तर्गत आमसंहारको अपराध, मानवता विरुद्धको अपराध वा युद्ध अपराधको रूपमा लिन सकिने नसकिने समेत

[२६१] यो विषय बलपूर्वक बेपत्ता, हत्या र यातना लगायतका पीडितको लागि पनि लागू हुन्छ ।

[२६२] मुलुकी ऐन २०२० (१९६३), दफा १४, अनुच्छेद ११ (“जबर्जस्ती करणी सम्बन्धी कसुरमा घटना भएको ३५ दिन नाघेपछि उजुरी लाग्ने छैन”) । राष्ट्रिय संहिता एकीकृत कानून हो र यसमा फौजदारी, देवानी, कार्यविधि र दण्ड सम्बन्धी प्रावधान रहेको छ ।

[२६३] मानव अधिकार समितिले राष्ट्रिय कानून अनुसार बलात्कारको अपराधमा लागु हुने ३५ दिनको हदम्याद “बलात्कारको उजुरी ल्याउनका लागि अनुचित रूपमा निकै कम कानूनी अवधि” “कसुरको गम्भीरता र प्रकृतिसँग प्रस्ट रूपमा असंगत छ”, र “मुख्य रूपमा बलात्कारको शिकार हुने बालिका र महिलामा नकारात्मक असर राख्छ” । सीसीपीआर, कम्युनिकेशन नं. २५५६।२०१५ सम्बन्धी स्वेच्छिक प्रोटोकलको धारा ५(४) बमोजिम समितिद्वारा व्यक्त धारणा (११ जुन २०१९) ग्ल् म्यअ सीसीपीआर।सी। १२५।डी।२५५६।२०१५, https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G19/155/73/PDF/G1915573.pdf?OpenElement २६ जनवरी २०२२ मा लिइएको ।

[२६४] एनए, स्नेहासँगको अन्तर्वार्ता (ए५) (गण्डकी प्रदेश, नेपाल, ५ जुन २०२१)स एनए, देवकीसँगको अन्तर्वार्ता (नं ५)स एनए, मीनासँगको अन्तर्वार्ता (नं. ११३) ।

[२६५] अगस्ट २०१८ बाट लागू भएको फौजदारी संहिता (२०१७), भाग १८ दफा २२९(२) ।

[२६६] संयुक्त राष्ट्रसंघीय महासभा, अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको व्यापक र गम्भिर उल्लंघनका पीडितहरूको लागि उपचार तथा परिपूरणाको अधिकार सम्बन्धी आधारभुत सिद्दान्त र मार्गनिर्देशनहरू (१६ डिसेम्बर २००५), UN Doc. A/RES/६०।१४७ अनुच्छेद ६ ।

[२६७] युएनएचसीआर ‘महिला हिंसा, यसको कारण र परिणाम सम्बन्धी विशेष रिपोर्टर दुब्राभ्का सिमोनोभिचको प्रतिवेदन’ (नं १८) अनुच्छेद ५९ ।

प्रस्ट छैन।[२६८] नेपालको कानूनी व्यवस्था अझै पनि अन्तर्राष्ट्रिय दायित्व अनुरूप छैन र धेरै लैंगिक अल्पसंख्यक लगायतका द्वन्द्व पीडितलाई कानूनी उपचारबाट वञ्चित गरेको छ।

राष्ट्रिय स्तरमा प्राविधिक दृष्टिकोणबाट हेर्ने हो भने नेपालमा यौन हिंसा पीडितले लैंगिक हिंसासम्बन्धी उजुरी लिने जिम्मेवारी भएका नेपालको राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय महिला आयोग लगायत नेपालको संविधान २०७२ बमोजिम मानवअधिकार संरक्षण र अनुगमनको जिम्मेवारी रहेका अन्य निकायहरूमा उपचार खोजी गर्न सक्छन्।[२६९] तर यी निकायहरू यौन हिंसा पीडितका लागि धेरै प्रभावहीन र पहुँच नपुग्ने किसिमका छन्।

उदाहरणका लागि संविधानको धारा २५३ अन्तर्गत राष्ट्रिय महिला आयोगलाई "नीति तथा कार्यक्रम निर्माण गर्ने", अन्तर्राष्ट्रिय सन्धि बमोजिम नेपालको कानून र दायित्व नियमन गर्ने, "लैंगिक समानता, महिला सशक्तिकरण सम्बन्धी कानूनी प्रावधानमा अध्ययन र अनुसन्धान गरी सुधारको लागि सिफारिस गर्ने" अख्तियारी सहित नेपालका महिलाको अधिकार र हितको लागि कार्य गर्ने भूमिका दिइएको छ।[२७०] आयोगलाई महिला हिंसा, सामाजिक कुप्रथा र महिलालाई अधिकारबाट वञ्चित गरिएको विषय सम्बन्धमा कुनै व्यक्ति वा निकाय विरुद्ध उजुरी लिन सक्ने अधिकार छ।

तर जब राष्ट्रिय महिला आयोग संवैधानिक निकाय बन्यो, आफ्नो काम कारबाही गर्न, अध्यक्ष सहितको सम्पूर्ण पाँच पदाधिकारीहरूको नियुक्ति गर्न सुस्त भएको छ। हालसालै यस सम्बन्धमा काम अगाडि बढेको छ[२७१] र नयाँ नियमावली तथा कार्यविधि जारी भएका छन्।[२७२] आर्थिक वर्ष २०२०–२१ मा १५७० लैंगिक हिंसाका उजुरी दर्ता भएका थिए जसमध्ये १३५२ (८६ प्रतिशत) घरेलु हिंसासम्बन्धी थिए भने २१८ (१४ प्रतिशत) महिला हिंसासम्बन्धी थिए (जस्तै मानसिक यातना, शारीरिक दुर्व्यवहार र हातपात, आर्थिक यातना, र चरित्र हत्या)। ९०० उजुरीहरू "फछर्यौट" भए।[२७३] तर द्वन्द्वकालीन मुद्दामा कुनै कारबाही भएको छैन।

यसका साथै महिला विरुद्धको हिंसा, कारण र परिणामसम्बन्धी विशेष प्रतिवेदक दुब्राभ्कब सिमोनोभिचले सन् २०१८ को नेपाल भ्रमण पश्चात् आयोगले भविष्यमा चुनौतीको सामना गर्ने बताएकी थिइन्: "आयोगको बजेट र मानवीय तथा प्राविधिक स्रोत साधनमा सीमित वृद्धि मात्र भएको छ।"[२७४] यसका कारण आयोगकी प्रवक्ता मीरा शेरचनले बताएझैं बलात्कारको मुद्दा[२७५] लगायतमा यसले "फौजदारी मुद्दाहरूमा वर्षौंदेखि सिफारिस गर्न सकिरहेको छैन।" यस अध्ययनको लागि अन्तर्वार्ता लिएको एक पीडितले यसलाई पुष्टि गरिन्,

> *"एक पटक मेरो नयनकला थापासँग भेट भयो। उनी महिला आयोगकी अध्यक्ष थिइन् र माओवादी नेता। तर उनले कहिल्यै सुनिनन्। मलाई अपमान महसुस भयो र म फर्किएर कहिल्यै गइन।"*

---

[२६८] हालसालै जबर्जस्ती करणीको सजाय सात वर्षबाट बढाएर जन्म कैद पुऱ्याइएको छ। वैवाहिक बलात्कार लगायत मञ्जुरी नलिई राखिएको शारीरिक सम्पर्कलाई समेत अन्तर्राष्ट्रिय कानून बमोजिम फौजदारी संहिताद्वारा कसुरको रूपमा परिभाषा गरिएको थियो।

[२६९] उदाहरणका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र समाज विकास मन्त्रालयबाट पनि सामान्य रूपमा थप सहयोग हुन्छ।

[२७०] अघिल्लो राष्ट्रिय महिला आयोग ऐन २००७ मा पारित गरिएको थियो तर यसले २०१५ को संविधान पश्चात मात्र संवैधानिक मान्यता पाएको थियो।

[२७१] राष्ट्रिय समाचार समिति, 'नेसनल वोमन कमिसन गियर्स अप इट्स एक्टिभिटिज' दि हिमालयन टाइम्स (५ अक्टोबर २०२१) https://thehimalayantimes.com/kathmandu/national-women-commission-gears-up-its-activities ६ मे २०२२ मा लिइएको।

[२७२] उदाहरणका लागि, राष्ट्रिय महिला आयोग नियमावली २०२१, राष्ट्रिय महिला आयोग बैठक कार्य सञ्चालन कार्यविधि २०२१, र राष्ट्रिय महिला आयोग आन्तरिक व्यवस्थापन मागनिर्देशन २०२१ पारित भएको थियो।

[२७३] सामिती, 'नेसलन वोमन कमिसन गियर्स अप इट्स एक्टिभिटिज' (नं २७१)।

[२७४] युएनएचसीआर 'महिला हिंसा, यसको कारण र परिणाम सम्बन्धी विशेष रिपोर्टर दुब्राभ्का सिमोनोभिचको प्रतिवेदन' (नं १८) अनुच्छेद २२–२६।

[२७५] विनोद घिमिरे, 'नेसनल वोमन कमिसन रिमेन्स डिफन्क्ट एज दी केसेस अफ भायलेन्स अगेन्स्ट वोमन कन्टिन्युज' द *काठमाडौं पोष्ट* (१ डिसेम्बर २०२०) २६ जनवरी २०२२ मा लिइएको।

सन् २०१५ को संविधान अन्तर्गत बनेका स्थानीय न्यायिक समितिलाई द्वन्द्वकालीन उल्लङ्घनसम्बन्धी मुद्दामा क्षेत्राधिकार छैन । त्यस्तो क्षेत्राधिकार दिइएको भए वा क्षेत्राधिकार विस्तार गर्ने निर्णय नै भए पनि विशेष संवेदनशीलता आवश्यक हुने हुँदा यौन हिंसाका मुद्दामा न्याय प्रदान गर्नका लागि यी निकायलाई तयार गर्न सम्भव देखिँदैन । नेपाल कानून समाजले निकालेको निष्कर्षअनुसार, "लैंगिक हिंसा, घरेलु हिंसा वा सामाजिक न्यायसम्बन्धी विवादमा पीडित र विवादित पक्षको आवश्यकता पूर्ण रूपले सम्बोधन गर्नका लागि जटिल र विस्तृत समाधान आवश्यक पर्दछ जुन न्यायिक समितिको दक्षता भन्दा बाहिर पर्दछ । यी पीडित र विवादित पक्षहरू, जसमा धेरै जना महिला र पिछडिएका समूहअन्तर्गत पर्दछन्, तिनीहरूलाई कानूनी सहायता, स्वास्थ्य सेवा, मनोवैज्ञानिक परामर्श, आवास र जीवीकोपार्जन सहायता र मानवअधिकारसम्बन्धी वकालत अभियान र सुरक्षा जस्ता सामाजिक सहायता सेवाको पहुँचको आवश्यकता छ ।"[२७६]

नेपाल सरकारले लैंगिक हिंसा पीडितका धेरै आवश्यकता सम्बोधन गर्न र न्यायको पहुँचलाई सहजीकरण गर्न कानूनी दायित्व भएका यी निकायहरू तथा मन्त्रालयबीच समन्वय प्रोत्साहन गर्नको लागि केही प्रारम्भिक कदम चालिसकेको भए तापनि ती प्रयासहरूमार्फत यौन हिंसा पीडितको आवश्यकता सुनिश्चित गर्नको लागि केही गरिएको छैन । न त पर्याप्त स्रोत छुट्ट्याइएको न त आवश्यक क्षमता प्रदान गरिएको नै सुनिश्चित गरिएको छ । सरकारले तल छलफल गरिएका परिपूरणहरू अगाडि बढाउनको लागि कुन निकाय(हरू) रमन्त्रालय(हरू) उपयुक्त हुन्छ भन्ने (संयुक्त राष्ट्र संघ, राजदूतावास र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरू को सहयोग समेतबाट) मूल्यांकन गर्नुपर्छ । यी निकायहरूअन्तर्गत राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद्अन्तर्गत स्थापित लैंगिक समन्वय र सशक्तिकरण इकाइ पर्दछन् । यौन हिंसा पीडितका आवश्यकताहरूलाई संबोधन गर्ने प्रयासमा सहयोग पुऱ्याउनका लागि स्थानीय सरकारसँग भएको अधिकार[२७७] र सत्य निरूपण तथा मेलमिलाप आयोगको हुनसक्ने भूमिकालाई पनि ध्यान दिनुपर्छ ।

## ३. परिपूरण र सत्य निरूपण तथा मेलमिलाप आयोग

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले पीडित र पीडितका परिवारका कुनै सदस्यको अवस्थाअनुसार निजलाई परिपूरण स्वरूप क्षतिपूर्ति, पुनर्स्थापना र पुनरुद्धार गर्ने वा अन्य "उपयुक्त व्यवस्था" गरी "सुविधा र सहुलियत समेत उपलब्ध गराउने व्यवस्था गरेको छ ।"[२७८] सुविधा वा सहुलियत भित्र "निःशुल्क शिक्षा तथा स्वास्थ्य उपचार", "सीपमूलक तालिम", ब्याजसहित अथवा ब्याजरहित "ऋण सुविधा" र "रोजगार"को सुविधा रहने गरी सिफारिस गरिने भनिएको छ ।[२७९]

"छानबिन पुरा भएपछि" मात्र सत्य निरूपण तथा मेलमिलाप आयोगले परिपूरणसम्बन्धी सिफारिसहरू गर्न सक्दछ । उक्त छानबिन "मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूको सत्य अन्वेषण गरी अभिलेख समेत राखी त्यसलाई आम जनतामाझ ल्याउन" र "पीडित र पीडकको यकिन" गर्नका लागि हो ।

ऐनअन्तर्गत जारी भएका सिफारिसहरूको कार्यान्वयन गर्ने दायित्व शान्ति तथा पूनर्निर्माण मन्त्रालयलाई थियो ।[२८०] तर २०७१ सालदेखि ऐन प्रारम्भ भएपछि उक्त दायित्व र पीडतहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने कार्य समेत गृह मन्त्रालयमा सरेको छ ।

[२७६] तील प्रसाद श्रेष्ठ र नमित वाग्ले, 'जुडिसियल कमिटिज इन नेपालः ए क्लोजर लुक' (नेपाल कानून समाज र दी एसिया फाउन्डेसन) ४९ ५०, http://nepallawsociety.org/uploads/attachments/py45jbbei5e4whqp.pdf २६ जनवरी २०२२ मा लिइएको ।

[२७७] क्षेत्राधिकार तथा स्थानीय अधिकारको बारेमा पूर्ण छलफलको लागि, हेर्नुहोस् नौटन एण्ड मीरगाली (नं २५१) ।

[२७८] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (नं १८०) दफा २३(१) ।

[२७९] ऐ.ऐ. दफा २३(२) ।

[२८०] ऐ.ऐ. दफा २८ ।

### *३.१ उजुरी र सत्य निरूपण तथा मेलमिलाप आयोग अनुसन्धान*

अनुसन्धान शुरू गर्नका लागि ऐनबमोजिम पीडितले (वा पीडितको तर्फबाट अन्य व्यक्तिले) उजुरी बुझाउनु पर्ने व्यवस्था छ, यद्यपि ऐनले आयोगलाई "आफ्नो जानकारीमा आएको" सूचना अनुसन्धान गर्ने अधिकार दिन्छ जसअन्तर्गत "विभिन्न अदालत तथा निकायमा" विचाराधीन मुद्दा वा "आयोगलाई अनुसन्धान गर्न उपयुक्त लागेको विषय"[२८१] पर्न सक्छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनबमोजिम, "अनुसन्धान पश्चात् कारबाही गर्नको लागि पर्याप्त आधार नभएमा कारण" खुलाएर कुनै उजुरीको प्रक्रिया तामेलीमा राख्न सकिन्छ।[२८२] उदाहरणका लागि, सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावलीअन्तर्गत कुनै उजुरीमा "प्रथम दृष्टिमा तथ्य र प्रमाणको अभाव रहेको वा अस्पष्ट उजुरी रहेको" लगायत विभिन्न आधारहरूमा उजुरी तामेलीमा राख्न सहिन्छ। "तामेलीमा राखिएको उजुरी वा जानकारीको व्यहोरालाई पुष्टि गर्ने कुनै ठोस प्रमाण पेश गरेमा...वा आयोगले छानबिन गर्दा कुनै ठोस प्रमाण प्राप्त हुन आएमा" आयोगले तामेलीमा रहेको उजुरीलाई जगाउन सक्छ।

हालको दिनसम्म सत्य निरूपण तथा मेलमिलाप आयोगले यौन हिंसासम्बन्धी घटनामा कुनै पनि सिफारिस जारी गरेको छैन र अन्य अपराधसँग सम्बन्धित निर्णयको आधार पनि सार्वजनिक गरेको छैन, त्यसैले अहिल्यै कुन विषयलाई "कारबाही गर्नको लागि उपयुक्त आधार" मान्ने वा कस्तो तथ्य वा प्रमाण आवश्यक छ भन्न सकिन्न। यद्यपि उत्तरजीवीको हालसम्मको अनुभवको आधारमा उजुरी तथा प्रमाण बुझाउने प्रक्रिया र दावीहरूमाथि आयोगले अनुसन्धान गर्ने प्रक्रिया सन्तोष जनक छैन।

तथापि यो अध्ययनमा भाग लिने उत्तरजीवीमध्ये करिब आधा (३१ मध्ये १६) ले मात्र सत्य निरूपण तथा मेलमिलाप आयोगसमक्ष उजुरी दिएको बताए। उजुरी गर्नेमध्ये कम्तीमा तीन जनाले बलात्कार वा अन्य यौन हिंसाको उजुरी नलिने निर्णय गरे। "यौन हिंसा र लैंगिक हिंसासम्बन्धी मुद्दाको उजुरी गर्दा महिला र बालिकाले सामना गर्नुपर्ने लाञ्छना"का कारण केहीले यातना पीडित वा अपहरण पीडितका रूपमा उजुरी दिए। रसिलाको मुद्दामा एक आयुक्तले उजुरीमा सबै उल्लङ्घनहरू समावेश गरिएको सुनिश्चित गर्न हस्तक्षेप गरे।

"सत्य निरूपण तथा मेलमिलाप आयोगेले हामीलाई हाम्रो घटनाको प्रमाणको बारेमा सोधे तर हामीले कसरी देखाउने जबकि म सडकबाट अपहरणमा परेको थिएँ। त्यसबेलादेखि मैले धेरै कुरा बिर्सिसकेको छु किनकि यो घटना म युवा अवस्थामा भखरै विद्यार्थी हुँदा भएको थियो...उनीहरूले हामीलाई विश्वास गर्नुपर्छ र हाम्रो मौखिक बयानलाई पनि प्रमाणका रूपमा लिनुपर्छ। कुन चाहिँ महिलाले आफू बलात्कृत भएको भनेर आफ्नो जीवन नष्ट गर्न चाहन्छ ? त्यसैले हामीलाई विश्वास गर्नु आवश्यक छ।"

> *"मैले मेरो मुद्दा सुनाएँ। शुरूमा मैले आफूलाई यातनाको पीडितका रूपमा मात्र उल्लेख गरेँ, तर पूर्व आयुक्तले मलाई सम्पूर्ण र सत्य व्यहोरा संलग्न गर्न भने, अन्यथा मेरो लागि न्याय पाउन सम्भव हुँदैन भने।"*

तर आयुक्तको तर्फबाट त्यस्तो चासो अरू मुद्दामा भएको देखिँदैन।

विभिन्न अवसरमा, आयुक्तहरूले पीडितलाई प्रमाणको कमी देखाएर यौन हिंसा र लैंगिक हिंसासम्बन्धी मुद्दा गर्नबाट रोके।

> *"म संक्रमणकालीन न्याय संयन्त्रको बारेमा अवगत छु। मैले धेरै द्वन्द्व पीडितलाई यसको बारेमा जानकारी दिन पनि सहयोग गरेको छु। द्वन्द्वबाट प्रभावित धेरै मानिसहरू निकै विपन्न वर्गका छन्। उनीहरू यातायात खर्चका कारण स्थानीय शान्ति समितिमा जान असमर्थ थिए....र उनीहरूलाई यातायात खर्च पनि दिइएको थिएन। यस*

[२८१] ऐ.ऐ. दफा १३(२)।

[२८२] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (टीआरसी नियमावली) २०७२ (२०१६) नियम ८।

*कारणले धेरै महिला, पीडितहरू वर्तमान संक्रमणकालीन न्यायबाट वञ्चित भए । धेरै महिलाहरूले उनीहरूको पक्राउको समयमा पक्राउ पुर्जी समेत पाएनन् । यस्ता कागजातहरू प्रमाणको रूपमा नदेखाई उनीहरूको घटना अभिलेख भएको मानिएन । राज्य र आयोगले हामीलाई पक्राउ र यातनाको प्रमाण देखाउन भने । यस कारणले हामीले निकै अपमानित महसुस गर्छौं ।"*[२८३]

राधाजस्तै यौन हिंसा पीडितले समाना गर्नुपरेको साझा चुनौती भनेको प्रमाण उपलबध गराउनु पर्ने विषय थियो ।

शक्तिले साक्षीलाई बोलाएर प्रमाणको आवश्यकता पूरा गर्न सकिन् तर माथि उल्लेख भएझै, साक्षीहरू बिरलै उपलब्ध हुन्छन् ।

*"हो, म काठमाडौँ आएँ र आफैँ स्थान हटाइएको (स्थित) सत्य निरूपण तथा मेलमिलाप आयोग गएँ । मैले त्यहाँ सदस्यहरूलाई भेटेँ र मेरो उजुरीको बारेमा सोधेँ....छ वर्ष भइसक्यो तर अझै पनि केही भएको छैन...उनीहरूले मलाई काठमाडौँ बोलाए र कम्तीमा एउटा साक्षी ल्याउन भने । मैले आफूसँग एक जना साक्षी ल्याएँ । तर आजसम्म केही भएको छैन । उनीहरूले मलाई कागजमा पनि दस्तखत गर्न लगाए । तर त्यो के थियो, मलाई थाहा छैन ।"*

यही आवश्यकताले धेरै उत्तरजीवीलाई आक्रोशित बनाएको छ, प्राप्तिले प्रस्ट भनिन् :

"उजुरी संकलन गर्नेमध्ये एकजनाले मलाई घटनाको साक्षी वा प्रमाण ल्याउन भने । म आक्रोशित भएँ । मैले उनलाई भनेँ 'घटना बाजा बजाएर आउँदैन' । यदि मलाई आफूले यौन हिंसाको सामना गर्नुपर्ने थाहा पाएको भए, मैले मेरो साथीहरूलाई त्यो घटनाको साक्षी बनाउन बोलाउँथे होला । त्यसैले यो एकदम असंवेदनशील भयो ।"

यसको साथै उजुरी लिने अधिकारीहरूले यौन हिंसा र विशेष आवासको आवश्यकता रहेका अन्य पीडितहरूको सम्बन्धमा साधारण प्रोटोकल पनि पालना गर्दैन थिए । अन्तरिम राहत कार्यक्रममा निवेदन दिने प्रक्रिया राजनीतिक दलहरूको नियन्त्रणमा थियो र केही पीडितहरूले उचित सल्लाहका लागि वा आवासका लागि तिनीहरूमाथि "भर पर्न" असमर्थ थिए ।[२८४] सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम उक्त आयोगलाई यौन हिंसाका उत्तरजीवीका लागि उजुरी दर्ता गर्दा[२८५] बयान लिने व्यक्ति महिला उपलब्ध गराउने वा बेग्लै कोठाको व्यवस्था गर्ने[२८६] र यातायात शुल्क तथा अन्य शुल्क[२८७] पनि समावेश हुने जस्ता विशेष व्यवस्था बनाउन सक्ने अधिकार थियो । बयान लिने व्यक्तिले उत्तरजीवीलाई बयान दिन र गोप्य तरिकाले, जस्तै फरक नाममा उजुरी लेख्ने लगायत अन्य जानकारी उपलब्ध गराउन दिए पनि अन्तर्वार्ताहरू सधैँ संवेदनशील किसिमले हुँदैन थियो । शारदाले आफ्नो अनुभव व्याख्या गरिन् :

*"मैले सत्य निरूपण तथा मेलमिलाप आयोगमा यातना पीडितको रूपमा मात्रा दर्ता गरेँ...जब मैले स्थानीय शान्ति समितिमा निवेदन दिन गएँ, एउटा महिलाले मलाई मेरो घटनाको बारेमा सोध्दै गइन् र अर्को पुरुष टाइप गर्दै थिए । त्यसैले मैले पूरै घटना भनिन ।"*

राधाले पनि यस्तै स्थितिको बारेमा बताइन्, "मैले खाममाथि म अपहरणमात्र भएको भनेर लेखेँ तर भित्र पुरै घटनाको बारेमा उल्लेख गरेँ । मैले अर्को नाम राखेर निवेदन दिएँ तर पुरै घटना

[२८३] एनए, गौरीसँगको अन्तर्वार्ता (नं १०४) ।

[२८४] एनए, ममतासँगको अन्तर्वार्ता (नं २४) । "स्थानीय शान्ति समितिमा त्यस बेला विभिन्न राजनीतिक पार्टीका कर्मचारी थिए । म उनीहरूमाथि विश्वास गर्दिन ।"

[२८५] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (नं १८०) दफा १३.७ ("आयोगमा उजुरी दिने कार्यमा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।")

[२८६] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. २८२) दफा ५(ग) र (घ) ।

[२८७] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन (नं १८०) दफा १७(४) बमोजिम, "आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्नेछ ।" यो व्यवस्थाले उजुरी बुझाउन खोज्ने व्यक्तिलाई पनि समेट्छ वा समेट्दैन प्रस्ट छैन ।

बारे उल्लेख गरेँ । मलाई एक जना साक्षीसँग पनि बोलाउन लगाइएको थियो । एक जना महिला हाम्रो घटनाको अभिलेख तयार गर्दै हुनुहुन्थ्यो । केही प्रश्न सोधेपछि उनले एक पुरुषलाई त्यो थमाइदिइन् । त्यहाँ कुनै छुट्टै वा गोप्य कोठा थिएन । त्यसैले म सन्तुष्ट भइन ।" अझ, कहिलेकाहीँ अधिकारीहरू पीडितका गोप्यताको आवश्यकताप्रति असंवेदनशील पनि हुन्छन् ।

> *"मैले मेरो निवेदन काठमाडौंको आयोगमा बुझाएँ । शुरूमा मैले दाङको स्थानीय शान्ति समितिमा निवेदन दिने विचार गरेको थिएँ जहाँ उनीहरू उजुरी संकलन गर्दै थिए । त्यस पश्चात मलाई दाङको स्थानीय शान्ति समितिका एक प्रतिनिधिको फोन आयो जसमा उनले मलाई 'म कस्तो किसिमको पीडित हो भनी सोध्दै घटनाको प्रमाण ल्याउन' भने । उनले सो जानकारी तुरुन्तै फोनमा उपलब्ध गराउनको लागि जोड दिए । मैले उनलाई म बाहिर छु र खुलेर बताउन सक्दिन भनी बुझाउने कोसिस गरेँ । त्यसपछि उनले मलाई 'यदि तपाईंले आफ्नो घटना अहिले बताउनु भएन भने तपाईंको उजुरी दर्ता हुँदैन' भने....त्यसपछि मैले आफ्नो मुद्दा सिधै काठमाडौँमा सत्य निरूपण तथा मेलमिलाप आयोगमा बुझाएँ...र कर्मचारीको व्यवहार बारेमा एक जना आयुक्तलाई गुनासो गरेँ । पछि थाहा पाएँ जसले मसँग कुरा गरेका थिए उनी एक कम्प्युटर अपरेटर थिए र उनलाई हामीजस्तो महिलासँग कुरा गर्ने प्रशिक्षण दिइएको थिएन ।"*[२८८]

केहीले उजुरी प्रक्रिया त्रुटिपूर्ण पाए :

"जब हामी स्थानीय शान्ति समितिमार्फत सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी बुझाउदै थियौँ, उनीहरूले हामीलाई पहिले जुन प्रहरी चौकीमा राखिएको थियो त्यहीँबाट प्रमाण लिएर आउन भने । मलाई जुन प्रहरी चौकीमा त्यसरी अमानवीय रूपमा यातना दिइएको थियो सोही ठाउँमा म किन जाऊँ ? सरकारको यो कार्यले मलाई पुनः मानसिक पीडा दिएको छ ।"[२८९]

कम्तिमा एक जना उत्तरजीवीले उजुरी दिन जाने ठाउँसम्मको यातायातको खर्च नभएका कारण उजुरी बुझाइनन् । सत्य निरूपण तथा मेलमिलाप आयोगको उजुरी प्रक्रियामा सामेल नहुने मध्ये धेरैले (३१ मध्ये १४) आफूलाई संक्रमणकालीन न्यायको संयन्त्रबारे थाहा नभएको बताए भने एकजनाले

> *"मलाई लाग्छ हामी माग्ने होइनौँ"*

भन्दै उजुरी नदिएको बताइन ।[२९०]

उजुरी दर्ता गर्नेहरूको सन्दर्भमा केहीले आफ्नो निवेदन हराएको बताए । स्नेहाले भनिन्:

> *"मैले मेरो उजुरी आयोगमा बुझाएको छु । तर मेरो उजुरी हराएको भन्ने सुनेँ । मैले आफूलाई यातना पीडितका रूपमा पहिचान गराएको थिएँ ।"*

स्थानीय शान्ति समितिसँग काम गर्ने गौरीले फाइल हराएको पुष्टि गरिन् :

> *"स्थानीय शान्ति समितिद्वारा मन्त्रालयमा बुझाइएको फाइलहरू हराएको भन्ने सुनेको छु । सरकारद्वारा ती फाइलहरू खोज्नका निम्ति पहल हुनुपर्छ ।"*

तसर्थ सत्य निरूपण तथा मेलमिलाप आयोगमा बुझाइएको उजुरीको तथ्यांकमा ठूलो अन्तर छ जुन समाधान गर्न आवश्यक छ ।

### ३.१.१ परिपूरणको सिफारिस

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन र नियमावली अन्तर्गत स्थापित मापदण्डहरू संकीर्ण रूपमा परिभाषित गरिएको कारणले यौन हिंसा पीडितको लागि सत्य निरूपण तथा मेलमिलाप आयोगले सिफारिस दिनसमेत चुनौतीपूर्ण हुनेछ । सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनले निम्न श्रेणी निर्दिष्ट गरेको छः क्षतिपूर्ति, पुनर्स्थापना वा पुनरुद्धार वा "सुविधा र सहुलियत" समेतका अन्य उपयुक्त व्यवस्थाहरू ।

[२८८] एनए, तारासँगको अन्तर्वार्ता (नं ८७) ।

[२८९] एनए, ममतासँगको अन्तर्वार्ता (नं २४) ।

[२९०] एनए, गौरीसँगको अन्तर्वार्ता (नं १०४) ।




*सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यालय, हाँडिगाउँ, काठमाडौं, नेपाल, सन् २०१७।*
*© एलेना नौघटन*

सत्य निरूपण तथा मेलमिलाप आयोगको नियमावलीले फारम, अनुमानित शुल्क र योग्यताको आवश्यकता बारेमा निर्देशन प्रदान गर्दछ :

- "पीडितले भोग्नु परेको **नोक्सानी र क्षति**को गम्भीरतालाई दृष्टिगत गर्दै" "पीडितले सरकारबाट कुनै क्षतिपूर्ति पाइसकेको भएमा सोलाई समेत विचार गरेर" तीन लाख रूपैयाँ (करिब २,७०० अमेरिकी डलर) सम्मको **क्षतिपूर्ति**।[२९१]
- आयोगले "आधार, कारण र अवस्था समेत उल्लेख गरी" दिएको सिफारिसको आधारमा **शारीरिक वा मानसिक उपचार, पुनरुद्धार वा पनर्स्थापना वा मनोविमर्श**।[२९२]
- अध्ययन गर्न चाहनेका लागि डिप्लोमा तहसम्मको **निःशुल्क शिक्षा**।[२९३]
- अध्ययन गर्न नचाहने वा नसक्नेका लागि निजको योग्यता अनुसारको **सीपमूलक तालिम**।[२९४]
- "कुनै व्यापार वा व्यवसाय गर्न चाहने बेरोजगार पीडित" लाई पाँच लाख रूपैयाँसम्म (करिब ४,५०० अमेरिकी डलर) बिना व्याज वा सहुलियत (घटाएको दर) व्याजमा **ऋण** सुविधा।[२९५]
- नेपाल भित्र **बसोवासको व्यवस्था** नभएका पीडितको हकमा पाँच लाखसम्म रूपैयाँसम्म (करिब ४,५०० अमेरिकी डलर) को बसोवासको व्यवस्था।[२९६]

[२९१] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. २८२) दफा ३२(१) र (२)।
[२९२] ऐ.ऐ. दफा ३२(३)।
[२९३] ऐ.ऐ. दफा ३३(१)(क)।
[२९४] ऐ.ऐ. दफा ३३(१)(ख)।
[२९५] ऐ.ऐ. दफा ३३(१)(ग)।
[२९६] ऐ.ऐ. दफा ३३(१)(घ)।

- शारीरिक रूपमा कमजोर पीडितलाई एक लाख रूपैयाँ (करिब ९०० अमेरिकी डलर) सम्मको सरकारी स्वास्थ्य संस्थाबाट **स्वास्थ्य उपचार**।[२९७]

प्रत्येक अवस्थामा योग्य हुनको लागि रकम र/वा योग्यताले सीमित गरेको छ। साथै, नियमले सिफारिसको क्रममा "क्षतिपूर्ति, सुविधा र सहुलियतको लागि थप आधार र मापदण्ड" को व्यवस्था गरेको छ। यी मापदण्डहरूले अपाङ्गता भएका व्यक्तिसहित प्रत्येक पीडितको व्यक्तिगत मूल्यांकनको अनुमान गर्दछ। यसको साथै यी मापदण्डहरू सम्भावित रूपमा सीमित गर्ने खालको र द्वन्द्वसँग सम्बन्धित यौन हिंसा पीडितको क्षतिपूर्तिको परिणाम ल्याउन असम्भव बनाउन सक्छन्:

**क्षतिपूर्ति, सुविधा तथा सहुलियत निर्धारणका आधार र मापदण्ड :** आयोगले पीडितलाई क्षतिपूर्ति, सुविधा वा सहुलियतको लागि सिफारिस गर्दा देहायका आधार र मापदण्ड अवलम्वन गर्नेछ :

क. पीडितलाई पुग्न गएको वास्तविक क्षति, मानसिक पीडा वा यातना,

ख. पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,

ग. घटना हुँदाको समयमा पीडितको उमेर,

घ. पीडितसँग आश्रित परिवारको सङ्ख्या र निजहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

ङ. पीडितको नाबालक छोराछोरीको सङ्ख्या तथा निजहरू अध्ययन गर्नको लागि लाग्ने न्यूनतम खर्च,

च. पीडितको एकाघरको परिवारको शारीरिक अवस्था तथा जीविकोपार्जनको माध्यम,

छ. सम्पत्ति कब्जा, जफत, लुटपाट, आगजनी आदि जस्ता क्रियाकलापका कारण आर्थिक क्षति भएकोमा त्यस्तो क्षतिको परिमाण,

ज. अङ्गभङ्ग भएका पीडितको हकमा अपाङ्गताको अवस्था,

झ. पीडितको मृत्यु भएकोमा मृतकको आश्रित परिवारको अर्थोपार्जन गर्न सक्ने क्षमता र आर्थिक हैसियत,

ञ. विस्थापित भएको कारणले पीडितले भोग्नु परेको शैक्षिक, आर्थिक, शारीरिक वा मानसिक पीडा,

ट. आयोगले उपयुक्त ठानेका अन्य वस्तुगत कुराहरू।

यी मापदण्डहरू सीमित छन् र नेपालका यौन हिंसाका उत्तरजीवीहरूको लागि आवश्यक बृहत् परिपूरण कार्यक्रम बनाउन सक्ने सम्भावना कम छ।

सर्वप्रथम, आवश्यक परिपूरणको किसिम निर्धारण गर्नको लागि यौन हिंसाको कारण भएको अपांगताको मात्रा हेर्ने प्रयास सामान्यतया निरुत्साहित गरिन्छ।[२९८] अर्को दृष्टिकोणमा सम्पूर्ण पीडितहरूको लागि न्यूनतम प्याकेज प्रदान गर्न सकिन्छ जुन तिनीहरूको विशेष आवश्यकताअनुसार बढाउन सकिन्छ।

दोस्रो, यो मूल्यांकन प्रक्रियाले पिडितलाई पुनः आघात पुऱ्याउन सक्छ र यस प्रकारको उजुरी प्रक्रियाले आफ्नो परिवार, साथी र समाजमा आफ्नो उल्लंघनको बारेमा नबताएका उत्तरजीवीहरूलाई सहभागी हुनबाट निरुत्साहित गर्न सक्छन्। यसको लागि धेरै कर्मचारी र स्रोतको आवश्यकता पनि पर्छ।

[२९७] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. २८२) दफा ३३(१)(ङ)।

[२९८] नेपालको आइआरपीमा अपाङ्गताको प्रतिशतको आधारमा मूल्यांकन गरिने गरी द्वन्द्वका कारण अपाङ्गता भएका व्यक्तिको लागि आर्थिक सहयोगको व्यवस्था रहेको छ। यो कार्यक्रममा निवेदन प्रक्रियामा पारदर्शीताको कमी, समय बित्दै जाँदा अपाङ्गता पुनःमूल्यांकन गर्नमा हुने समस्या जस्ता चुनौति रहेका छन्। शर्मा एण्ड अदर्स (नं १५) ३०।

तेस्रो, धेरै जस्तो अवस्थामा परिभाषित गरिएका वर्गीकरणहरू आवश्यकता वा अवस्थाको आधारमा तयार गरिएका छन् जसले यौन हिंसा पीडित तथा अन्य पीडितले भोगेका वास्तविकतालाई विचार गरेको पाइदैन । जस्तै सीपमूलक तालिम "अध्ययन गर्न नचाहने वा नसक्नेका लागि" को लागि मात्र सीमित गरिनु हुँदैन । बरु ती पीडितको लागि उपलब्ध गराउनुपर्छ जो आफ्नो अध्ययन पनि अगाडि बढाउन चाहन्छन् र सीपमूलक तालिम पनि प्राप्त गर्न चाहन्छन् । यो विषय कि त यो रत्यो भन्ने हुनु हुँदैन । त्यसै गरी ऋण बेरोजगारका लागि मात्र उपलब्ध हुनु हुँदैन बरु हाल काम गर्दै गरेको र व्यवसाय शुरूवात लगायत आयमूलक कार्य गर्न चाहनेहरूलाई उपलब्ध हुनु पर्छ। हामीले देखेका छौँ धेरै महिलाले एकभन्दा धेरै थरी काम गर्छन् तर यतिले तिनीहरूलाई विरलै धान्ने गर्छ । तिनीहरूलाई धेरै परिश्रम गरेकोमा सजाय दिनु हुँदैन । स्वास्थ्य उपचार हालको व्यवस्थाझैँ एक लाख रूपैयाँ (करिब ९०० अमेरिकी डलर) सम्ममा मात्रमा सीमित गर्नु हुँदैन र शारीरिक कमजोरी भएकालाई मात्र सीमित गर्नु हुँदैन । धेरै पीडितलाई यो विवरणसँग मिल्दो नभएका कारण कमजोर अवस्था भए तापनि उपचार गर्न इन्कार गरिन सकिन्छ।

अन्त्यमा यौन हिंसा पीडितका छोराछोरीहरू पनि आफ्ना आमाबाबु विरुद्ध भएको अपराधका कारण नकरात्मक रूपमा प्रभाव पर्ने भएकोले तिनीहरू पनि ऐनअन्तर्गत (परिपूरण प्राप्त गर्न) योग्य छन् । माथि व्याख्या गरेअनुसार निषेधात्मक अवस्थाहरू विद्यमान भएको हुँदा तिनीहरू योग्य छन् वा छैनन् भन्ने विषय अस्पष्ट छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन र नियमावलीका विभिन्न सीमितता र मापदण्डहरू यौन हिंसा पीडितको वास्तविकता र आवश्यकतालाई हेरेर पुनरावोलकन गरिनु पर्छ। यो विश्लेषण र चुनौतीहरू परिपूरणसम्बन्धी खण्ड १३ मा अझ विस्तृत रूपमा छलफल गरिएको छ।

# ठ. पीडितको धारणा तथा कर्तव्य

यो अध्ययनले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको उल्लङ्घनका पीडितहरूको रूपमा आफ्नो अधिकारको बारेमा बुझाइ र चेतना अभिवृद्धि गर्दै क्षतिपूर्तिको सम्बन्धमा यौन हिंसा पीडितहरूको धारणा र अपेक्षाहरू बारे अन्तर्दृष्टि प्राप्त गर्ने लक्ष्य राखेको छ। यसकारण, अन्तर्वार्ता दिने सहभागीहरूलाई आफूले भोगेको हानिको सम्बोधन गर्न के गरिनुपर्दछ र सो हानिका लागि को जिम्मेवार हुनुपर्छ भनेर सोधिएको थियो।

अन्तर्वार्ता लिनुअघि, अन्तर्वार्ताकारले पहिले १) संक्रमण-कालीन न्याय र परिपूरणको बारेमा प्रत्येक उत्तरजीवीलाई के थाहा छ; २) हानि पूर्ति गर्नका लागि को जिम्मेवार हुनुपर्दछ; ३) परिपूरण र यसको महत्त्वको बारेमा तिनीहरूको धारणा समयसँगै परिवर्तन भएको छ कि छैन; र ४) सङ्क्रमणकालीन न्याय र पीडित संघसंस्थासँगको गतिविधिमा तिनीहरू कति संलग्न छन् भन्ने बारेमा बुझाई स्पष्ट पार्ने प्रयास गरे। यी प्रश्नहरूको जवाफले परिपूरण कार्यक्रम सञ्चालन गर्नुपूर्व गरिने कुनै पनि पहुँच प्रयासहरूको सामग्री र उत्तरजीवीहरूको अपेक्षाहरू व्यवस्थापन गर्न मद्दत गर्न चाल्नुपर्ने कदमहरूलाई सूचित गर्न सक्छ।

अन्तर्वार्ता गर्नुअघि, अन्तर्वार्ताकारले संक्रमणकालीन न्याय र परिपूरणसम्बन्धी अवधारणाहरू संक्षिप्त रूपमा व्याख्या गरे जसले गर्दा उत्तरजीवीहरूले अन्तर्वार्ताको क्रममा आफू तथा परिवारलाई परेको असरहरूको बारेमा भन्न सक्ने तथा तिनीहरूले सोधिएको प्रश्न बुझेका छन् भनी सुनिश्चित गर्न सकिन्छ।

## १. परिपूरणसम्बन्धी अवधारणाको ज्ञान/बुझाइ

झण्डै आधा पीडित (४५.६%) ले परिपूरण शब्दसँग आफू परिचित रहेको हुनाले सोको अवधारणाबारे छलफल गर्न सहज भएको बताए।[२९९] यद्यपि, आधाभन्दा अलि बढी (३१ मध्ये १७, वा ५४.८४%) लाई परिपूरणको बारेमा कुनै ज्ञान वा बुझाइ थिएन। ती व्यक्तिहरूमध्ये धेरैले कहिल्यै पनि कार्यशाला वा प्रशिक्षणमा भाग लिएका थिएनन्। यसमा "माओवादी विद्रोहको केन्द्रविन्दु"[३००] मानिने तथा धेरै द्वन्द्व-सम्बन्धित घटना भएको नेपालको मध्यपश्चिमको दुर्गम क्षेत्र रोल्पाका सात महिलाहरू पनि पर्छन्। द्वन्द्वसँगको सम्बन्धका बाबजूद पनि रोल्पाका महिलाले सङ्क्रमणकालीन न्याय र परिपूरणको बारेमा अन्य पीडितको तुलनामा कम जानकारी पाएका देखिन्छन्। यो सम्भवतः महिलाहरूलाई आफ्नो अधिकार र सङ्क्रमणकालीन न्याय प्रक्रियाको बारेमा जानकारी गराउन प्रतिबद्ध राष्ट्रिय वा स्थानीय स्तरको राज्य संरचनाको कमीको कारणले भएको हो।

> *"मैले कहिल्यै पनि संक्रमणकालीन न्याय, सत्यको खोजी वा परिपूरणसम्बन्धी कुनै कार्यशाला वा तालिममा सहभागी हुने अवसर पाएकी छैन। कसैले बोलाएनन्, कसैले सूचना पनि दिएनन्।"*[३०१]

हाम्रा अन्तर्वार्ताहरूले देशका दुर्गम क्षेत्रहरूमा यौन हिंसा पीडित महिलाहरूलाई परिपूरण र उपचारका अवसरहरूको बारेमा अवधारणासम्बन्धी सूचना रिक्तता रहेको देखाउँछ। महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिले सन् २०१८ मा यस्तै निष्कर्ष निकालेको थियो।[३०२] भविष्यमा कार्यशाला सञ्चालन

[२९९] यो मूल्याङ्कन गर्दा, अनुसन्धानकर्ताहरूले अन्तरवार्ता दिने व्यक्तिको ज्ञानको स्व-मूल्याङ्कन, कार्यशालाहरूमा विगतको उपस्थिति, र शब्दको परिभाषा गर्नसक्ने क्षमता तथा आत्मविश्वासलाई क्षमतालाई ध्यानमा राखे।

[३००] बब गेर्सोनी, 'वेस्टर्न नेपाल कन्फ्लिक्ट असेसमेन्ट' (मर्सी कोप्स, २८ डिसेम्बर २००३) <https://reliefweb.int/report/nepal/western-nepal-conflict-assessment > २४ जनावरी २०२२ मा हेरिएको।

[३०१] एनए, भूनीसँग गरिएको अन्तर्वार्ता (एन १६०)

[३०२] सिड, 'नेपालको छैठो आवधिक प्रतिवेदनमाथि निष्कर्ष (सीईडिएओ, 'नेपालको छैठौं आवधिक प्रतिवेदनमा समापन अवलोकन)' ( १४ नोभेम्वर २०१८) UN Doc CEDAW/C/NPL/CO/6, ३ (" महिला तथा बालिकाहरूमा आफ्नो अधिकार तथा न्यायमा पहुँच प्राप्त गर्न तथा उपचार खोज्ने संयन्त्रहरूको बारेमा कम सचेतना रहेको छ)

गर्दा रोल्पा जस्ता दुर्गम क्षेत्रलाई नछुटाउन सरकार लगायत नागरिक समाज संस्थाहरूले पुनः प्रतिबद्धता जनाउनुपर्छ।

क्षतिपूर्तिको बारेमा सचेत तथा जानकारहरूमध्ये, धेरैले सूक्ष्म बुझाइका साथै विस्तृत परिभाषाहरू बताएका थिए। कतिपयले पीडित समूहको सदस्यका रूपमा त्यो विशेषज्ञता हाँसिल गरेका छन्। उदाहरणका लागि, ताराले यसबारेमा उच्च स्तरीय ज्ञान प्रदर्शन गरेकी थिइन् :

> *"मलाई थाहा छ परिपूरण के हो। यो हाम्रो लागि धेरै महत्त्वपूर्ण छ र यसको आवश्यकता समयसँगै परिवर्तन भएको छैन किनकि हामीले सरकारबाट कुनै सहयोग प्राप्त गरेका छैनौं। म सँधै ममाथि भएको घटनाको सत्यता जान्न चाहन्छु। म कानूनी उपचार चाहन्छु अझै परिवर्तन भएको छैन; दोषीलाई कारबाही हुनुपर्छ। हाम्रो पीडा तथा हानि पूर्ति गर्ने राज्यको नैतिक दायित्व छ। हाम्रो निरन्तर मागको बाबजूद पनि हामीलाई राज्यले द्वन्द्व पीडितको रूपमा स्वीकार गरेको छैन। राज्यले कहिल्यै सार्वजनिक माफी मागेन र पुनः नदोहरिने प्रतिबद्धताका लागि कदम चालेको छैन। हाम्रो आर्थिक र स्वास्थ्य अवस्थालाई कहिल्यै ध्यान दिएन। हामी मरेका मानिसजस्तै बाँचिरहेका छौं।"*

अरू (सहभागी)हरू परिपूरणलाई परिभाषित गर्न कम विश्वस्त थिए तर अन्तर्वार्ताकारले स्पष्टसँग बुझाउनु अघि नै धेरै आधारभूत विषयहरूको बारेमा संक्षिप्त विवरणहरू दिएका थिए :

> *"मलाई लाग्छ कि मलाई केही हदसम्म थाहा छ। पीडकलाई सजाय दिने, द्वन्द्व पीडितको रूपमा मान्यता दिने (हामीलाई राज्यले कहिल्यै स्वीकार गरेको छैन), द्वन्द्व पीडितको रूपमा पहिचान प्राप्त गर्ने र गाँस, वास तथा कपास जस्ता हाम्रा आधारभूत आवश्यकताहरू पूरा गर्ने। सबै मेरो बुझाइमा परिपूरण हुन्।"*[३०३]

अरूले स्पष्टीकरणको लागि सोधे र तिनीहरूलाई भनिएको कुरामा चासो देखाए :

> *"तपाईंले भनेको सुनेपछि यो हाम्रो लागि महत्त्वपूर्ण छ भन्ने लाग्यो तर परिपूरण पाइन्छ भन्ने कुरामा खासै विश्वास छैन।"*[३०४]

समग्रमा, केहीलाई परिपूरणको अवधारणाको प्राविधिक बुझाइ नभए पनि, धेरै पीडितहरूले परिपूरणले आफ्नो वर्तमान आवश्यकतालाई कसरी सम्बोधन गर्न सक्छ भन्ने कुरा व्यक्त गर्न सकेका थिए। यद्यपि, केही उत्तरजीवीहरूले कसरी परिपूरणले "न्याय" प्रदान गर्न सक्छ भन्ने बारेमा कुरा गरे भने थोरैले मात्र न्याय शब्द उल्लेख गरे। उदाहरणका लागि, गंगाले आफू र आफ्नी छोरीलाई बलात्कार गर्ने पीडकलाई सजाय दिनु भनेको न्यायसँग तुलना गरिन् तर परिपूरणसँग जोडिनन् :

> *"हामीले जे भोग्यौं त्यसको लागि म न्याय चाहन्छु। मैले घटनामा संलग्न प्रहरीहरूको नाम सार्वजनिक गरेकी छु। तर कसैले केही गर्दैन। तिनीहरूलाई सजाय हुनुपर्छ।"*

अरू उत्तरजीवीहरूले अन्तरिम राहतको सन्दर्भमा न्यायको कुरा गरे र माथि छलफल गरिएअनुसार सरकारले यौन हिंसा पीडितहरूलाई अन्तरिम राहत कार्यक्रममा नसमेटिदा तिनीहरूले भोगेको अन्यायको पनि कुरा गरे।

न्याय (र अन्याय) को बारेमा सबैभन्दा धेरै भावनात्मक अनुभव गर्नेहरूमा माओवादीहरूसँग आबद्ध तथा माओवादीलाई सत्तामा ल्याउनमा गरेको आफ्नो योगदानको मूल्यांकन नभएको महसुस गर्ने व्यक्तिहरूको भनाइहरूमा पाउन सकिन्छ। तिनीहरू स्वीकारोक्ति चाहन्छन् तथा सरकारबाट तथा आफ्नो समुदायबाट समान र निष्पक्ष व्यवहार गरियोस् भन्ने चाहन्छ जसअन्तर्गत भविष्यमा हुने कुनै पनि परिपूरण कार्यक्रममा आफ्नो सहभागिता पर्दछ :

[३०३] एनए, दिलमायासँग अन्तर्वार्ता (एन१२५)

[३०४] एनए, प्रेरणासँग अन्तर्वार्ता (एन२०८)

“हामीले कहिल्यै न्याय पाउँदैनौं । केही राहत मात्र पाएको भएपनि हामी उपचारका लागि अस्पताल जान सक्थ्यौं । सरकार र हाम्रो दलले हामीलाई हामीले गरेको सहयोग तथा योगदानको कदर गरी स्वीकारोक्ति गरी दिएको भए केही सन्तुष्टि मिल्ने थियो । यसको साथै हाम्रो आर्थिक तथा स्वास्थ्य उपचारलाई मात्र सम्बोधन गरिदिएको भए हामी सन्तुष्ट हुने थियौं ।”[३०५]

## २. हानि परिपूर्ति गर्ने को जिम्मेवार छ?

धैरैजसो पीडितहरू (३१ मध्ये २७, वा ८७%) आफूले भोग्नुपरेको हानिको परिपूर्तिका लागि सरकार जिम्मेवार छ भनी विश्वास गर्छन्, यद्यपि तीमध्ये एक तिहाई (२४ मध्ये ८, वा ३३.३ %) ले नागरिक समाज र पीडितका संस्थाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको विश्वास गर्छन् । माओवादी दलका सदस्य भएका एक जना उत्तरजीवीले “सरकार र हाम्रो दल”[३०६] दुवै परिपूरणको लागि जिम्मेवार रहेको बताए । यद्यपि, बाँकीले अहिलेसम्मको सरकारले गरेको कामकारबाही हेरी सरकारले केही गर्ने आशा व्यक्त गरेनन् । प्राप्ति जस्ता कतिपयले विगतमा सहयोग गर्ने नागरिक समाज र पीडित संघसंस्थाले पुनः सहयोग गर्ने आशा व्यक्त गरेका छन् ।

> *“हामीलाई सरकारप्रति विश्वास छैन । हुनसक्छ संस्थाहरूले हामीलाई मद्दत गर्न सक्छन् । हामी तिनीहरूलाई विश्वास गर्छौं । हामी हाम्रो घटनालाई तपाईं जस्ता संस्था र हामीलाई नियमित रूपमा सहयोग गर्दै आएका अरू केही संस्थालाई भन्न सक्छौं । तपाईंले हामीलाई सशक्त बनाउनु भयो र हामीलाई वकालत गर्ने भाषा पनि सिकाउनुभयो ।”*

जिल्लास्तरीय समितिको सदस्य भएर राजनीतिमा लागेकी गौरीलाई पनि हानि परिपूर्ति गर्ने सरकारी प्रतिबद्धतामाथि कम अपेक्षा छ :

> *“राजनीतिमा संलग्न भएकोले यस्ता बैठकहरूमा जाँदा दुख लाग्छ । हामी धेरै वर्षदेखि पीडामा बाँचिरहेका छौं । हामीलाई समग्र सशक्तिकरणको वाचा गरी गणतन्त्रमा विश्वास दिन लगाउने तत्त्वहरू (दल वा व्यक्तिहरू) ले केही गरिरहेका छैनन् । तिनीहरू हाम्रो पीडा कम गर्न गराउन सक्ने अवस्थामा थिए, तर तिनीहरूले केही गरेनन् ।”*

यद्यपि, सरकारको वर्षौं वर्षको अकर्मण्यताले केहीलाई निराश बनाएको छ :

“मसँग अहिले कुनै आशा छैन । धेरै वर्ष बितिसक्यो तर केही भएको छैन । अहिले सत्तामा रहेका सबै बरिष्ठ नेताहरूलाई मेरो घटनाको बारेमा थाहा छ, तर कसैले केही गर्दैनन् ।”[३०७]

तैपनि, धेरैले अझै पनि परिपूरण महत्त्वपूर्ण र सान्दर्भिक भएको बताएका छन् किनभने तिनीहरू आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न संघर्ष गरिरहेका छन्, गम्भीर स्वास्थ्य समस्याहरू भोगिरहेका छन् र पीडितको रूपमा स्वीकारोक्ति नभएको महसुस गर्छन् ।

## ३. परिपूरणसम्बन्धी पीडितको धारणा तथा महत्त्व

धैरैजसो पीडित (३१ मध्ये १७) ले परिपूरण “महत्त्वपूर्ण” वा “धेरै महत्त्वपूर्ण” भएको महसुस गरे र तिनीहरूको महत्त्व परिवर्तन भएको छैन किनभने द्वन्द्वसँग सम्बन्धित उल्लंघनकाका परिणामहरू विद्यमान छन् भनी दिलमायाले बताइन् :

> *“यदि यो प्रदान गरिने हो भनेपरिपूरण हाम्रो लागि धेरै महत्त्वपूर्ण छ र यसको महत्त्व परिवर्तन भएको छैन । मेरो श्रीमान् र मैले द्वन्द्वको विभिन्न प्रभावहरूको सामना गरेको हुनाले, यो हाम्रो लागि धेरै आवश्यक छ । हामी दुवैलाई यातना दिइएको कारणले हामीले शारिरीक रूपमा भारी काम गर्न सक्दैनौं । यहाँ अरू महिलाहरू पनि छन् जसको*

[३०५] एनए, देवकीसँग अन्तर्वार्ता (एन५)

[३०६] ऐ.ऐ.।

[३०७] एनए, गंगासँग अन्तर्वार्ता (एन१४९)

*परिवारमा कमाउने सदस्यहरू छैनन् । तसर्थ, तिनीहरूको लागि यो धेरै आवश्यक छ । यौन हिंसा भोग्ने हामीजस्ता महिलाहरूलाई अझै पनि द्वन्द्व पीडितको रूपमा मान्यता दिइएको छैन । सायद परिपूरणले यो समस्या समाधान गर्न सक्छ ।"*

परिपूरणको बारेमा तिनीहरूको धारणा समयसँगै परिवर्तन भएको छ कि छैन वा कसरी परिवर्तन भएको छ भनेर छलफल गर्नुको सट्टा अधिकांश उत्तरजीवीहरूले आफूले भोगेको उल्लङ्घनहरू सम्बोधन गर्न सरकारी पहलको अभावमा केन्द्रित गरे । संक्षेपमा, केही पनि परिवर्तन भएको छैन, किनकि "केही (भनाइको अर्थ केही सरकारी कार्य) अझै भएको छैन।"[३०८] नीताले भने जस्तैः

"मलाई थाहा छ परिपूरण के हो । यसको लागि अवधारणा र महत्त्व, कहिल्यै परिवर्तन हुँदैन । हामीलाई अझै पनि स्वास्थ्य उपचार, क्षमता अनुसारको रोजगारी, बसमा यात्रा गर्दा देखाउनको लागि परिचयपत्र वा सरकारबाट उपलब्ध गराइने अन्य सुविधा चाहिन्छ । यो देखेर मानिसहरूले पनि हामीलाई सम्मान गर्न सक्छन्, र हामीले उनीहरूको आँखामा र उनीहरूको बोलीमा घृणा महसुस गर्नेछैनौं ।"

कतिपयले परिपूरणको बारेमा तिनीहरूको अवधारणा कसरी समयसँगै परिवर्तन भएको छ र भविष्यमा परिपूरण कार्यक्रमको लागि यसको अर्थ के हो भनेर व्याख्या गरेका थिए ।

*"अहिले मेरो अवधारणा र आवश्यकता परिवर्तन भएको छ । अब, राम्रो कमाई र सुस्वास्थ्यका साथ म कसरी बाँचु जस्तो लाग्छ । अहिले गरिरहेको मेरो सानो व्यवसायमा मलाई कसले सहयोग गर्न सक्छ? मलाई सहायता गर्न सक्ने मानिसहरूसम्म म कसरी पुग्न सक्छु? कम्तीमा मेरो अवस्थामा, अब यो लामो समय अनुसार फरक भएको छ ।"*

केही पीडितहरूका लागि, परिपूरणको महत्त्व बारेका प्रश्नहरूले फेरि सरकारप्रति क्रोध र स्वीकारोक्तिको मागलाई उत्प्रेरित गऱ्यो, विशेष गरी माओवादीहरूसँग आबद्धहरूलाई यस्तो भयो :

*"मलाई लाग्छ यो हाम्रो लागि धेरै महत्त्वपूर्ण छ । हामीलाई माओवादी पार्टीले आफ्नो स्वार्थका लागि प्रयोग गऱ्यो । हामीलाई मद्दत गर्न केही गरिएको छैन । अहिले उनीहरू सत्तामा छन् । तर हामीले भोगेको यातनालाई कहिल्यै सम्बोधन गरिएको छैन ।"*[३०९]

बाँकी जसमध्ये धेरै जसो परिपूरणको अवधारणासँग परिचित थिएनन्, उनीहरू धेरैले परिपूरणको महत्त्व र समयसँगै उनीहरूको परिपूरणसम्बन्धी धारणा परिवर्तन भएको छ कि छैन भन्ने बारेमा एक वा अर्को तरिकाबाट आफ्नो विचार व्यक्त गर्न मन गरेनन् ।

## ४. द्वन्द्वकालीन यौन हिंसाका पीडितलाई सशक्तिकरण गर्न योगदान दिने तत्त्वहरू

सशस्त्र द्वन्द्वको अन्त्य भएदेखि, नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालका द्वन्द्वकालीन यौन हिंसाका पीडित र अन्य सीमान्तकृत पीडित जनसंख्यालाई सरकारी पहलको अभावमा सहायताको प्रदान गर्न र तिनीहरूको प्राथमिकताहरूलाई अगाडि बढाउन पीडितका सञ्जालहरू बनाउन ती पीडितहरूसम्म पुग्न प्रयास गरेका छन् ।

यस अध्ययनको लागि अन्तर्वार्ता लिएका अधिकांश पीडितहरूले यी प्रयासहरूको स्वागत गरे । धेरैका लागि पहिलो व्यक्ति जसलाई तिनीहरूले घटनाको बारेमा खुलेर बताएका थिए, ति महिलासम्बन्धी काम गर्ने संस्थाका व्यक्ति थिए । अभिलाशाले वर्णन गरेझैं,

*"नेपाल महिला सामुदायिक सेवा केन्द्र पहिलो संस्था हो जसले हामीलाई खोजेर हाम्रा समस्याहरूका बारेमा सोध्यो । उहाँहरूकै कारणले गर्दा मैले सेवा प्राप्त गरी राम्रो महसुस गरिरहेको छु ।"*

[३०८] एनए, चाँदनीसँग अन्तर्वार्ता (एन२३२)

[३०९] एनए, देवकीसँग अन्तर्वार्ता (एन५) ।

वर्षौंको दौडान, धेरैले "दिदीबहिनीहरू" को समुदायको रूपमा आफ्ना अनुभवहरू बाँड्ने अन्य महिलाहरूलाई भेटेका छन् जससँग तिनीहरूले कुरा गर्न र आफ्नो पीडा बाँड्न सक्छन्, जसरी दिलमायाले वर्णन गरिन् :

"हामी विभिन्न संस्थाहरूद्वारा संचालित कार्यक्रमहरूमा जान्छौं र उस्तै पीडा भोग्नेहरूसंग भेट्दा राम्रो महसुस गर्छौं। यसले हामीलाई हाम्रो व्यक्तिगत पीडा कम गर्न सहयोग गर्छ र हामीलाई हाम्रो जीवनमा अघि बढ्न मद्दत गर्दछ।"

अरूको लागि, सहायता र वकालतको लागि अवसरको संयोजन धेरै महत्त्वपूर्ण छ। राधाले अन्य द्वन्द्व पीडितहरूसँग विभिन्न गतिविधिमा भाग लिएर आफूले कसरी सशक्त भएको महसुस गरिन् र आफू र अन्य उत्तरजीवीलाई के आवश्यक छ भनी वकालत गर्नु कत्तिको महत्त्वपूर्ण छ भनेर सिकेको कुरा बताइन् :

*"म द्वन्द्व पीडित समूहको कार्यक्रममा जान्थें। पहिले म मात्र भाग लिन्थें। तर अब मैले यो पनि बुझेको छु कि हामीले हाम्रो मुद्दाको लागि संस्थाहरूको सहयोगमा आफैंले वकालत गर्नुपर्छ। सशस्त्र द्वन्द्वका क्रममा पीडित म मात्र होइन, मेरो जस्तै पीडाबाट गुज्रिरहेका थुप्रै दिदीबहिनीहरू छन् भन्ने पनि मैले महसुस गरें। अब हामीले हाम्रो जीवनमा कसरी समाधान ल्याउने भनेर छलफल गर्न थालेका छौं। हामी बुझ्छौं कि हामीले हाम्रो अधिकारको लागि लड्नु पर्छ र बोल्न आवश्यक छ। हामी खुलेर बोल्न पनि सक्दैनौं। हामी मिडियामा खुलेर आउन सक्दैनौं।"*

अन्तर्वार्ताहरूले देखाउँदछ कि कसरी निरन्तर सहायता र संलग्नताले सहनशीलता बनाउछ र अन्ततः केही पीडितहरूलाई सशक्त बनाउन सक्छ। उदाहरणका लागि, सिरिशले पाएको मनोसामाजिक सहयोगले धेरै परिवर्तन गरेको छ : "मेरो सोचाइ र बानीहरूमा परिवर्तन ल्याउन मद्दत गरेको छ...त्यसले मलाई धेरै मद्दत गरेको छ। म आफ्नो जीवनप्रति सकारात्मक भएको छु।" अरूले नयाँ सीपहरू हासिल गरेका छन्। ज्योतिले "धूप बत्ती र मैनबत्ती बनाउन" सिकिन् र "प्रशिक्षक पनि बनाइए" र "त्यस कार्यक्रममा संलग्न भएपछि कमाउन थालिन्।" अहिले तिनी आफ्नो सीप अरू महिलाहरूलाई सिकाउँदै छिन्।

धेरैका लागि, वकालतका कार्यक्रमले बल, आशा र समुदायको भावना प्रदान गर्दछ। श्यामाले "आफूले नेपाल महिला सामुदायिक सेवा केन्द्र र नागरिक आवाजबाट प्राप्त गरेको ज्ञान अन्य द्वन्द्व प्रभावित महिलाहरूलाई सिकाउन मद्दत गर्छिन्।" तैपनि, अझै वकालतका गतिविधिहरूमा जोड्न नसकेका महिलाहरू छन् :

**अध्ययनको लागि अन्तर्वार्ता लिइएका पीडितहरूमा क्षतिपूर्तिको अवधारणासँग जानकारी**



*"धेरै दिदीबहिनीहरू संघसंस्थाहरूले आयोजना गर्ने कार्यक्रमहरूमा भाग लिन चाहँदैनन्। तिनीहरू भन्छन् कि केही उपलब्धी हुँदैन र कम्तीमा अहिलेको लागि तिनीहरू आफ्नै तरिकाले जीविकोपार्जन गरिरहेका छन्।"*[३१०]

थप सुरक्षित स्थानहरूको प्रावधानले त्यो हिचकिचाहटलाई तोड्न सकिन्छ र यी व्यक्तिहरू गोप्यता भंग हुने डरले नभई आफ्नो व्यवस्थापन आफैं गरिरहेका छन् भनी सुनिश्चित गर्न मद्दत गर्न सक्छ।




*नेपालस्थित संयुक्त राष्ट्र संघको आवासीय प्रतिनिधिको कार्यालय, संयुक्त राष्ट्र संघ, पुल्चोक, ललितपुर, काठमाडौं, नेपाल, सन् २०१७।*
© एलेना नौघटन

[३१०] एनए, शारदासँग अन्तर्वार्ता (एन१०९)।

# ङ. पीडितको धारणा र परिपूरणको प्राथमिकता

परिपूरणसम्बन्धी पीडितको धारणा र प्राथमिकता मूल्यांकन गर्नका निमित्त हानिको कसरी उपयुक्त तरिकाले पूर्ति गर्न सकिन्छ भनी विचार जान्नका लागि अन्तर्वार्तामा धेरै प्रश्नहरू समावेश गरिएका थिए। हानि सम्बोधन गर्न र "केही किसिमको सन्तुष्टि दिन" का लागि के कस्ता कार्य गरिनु पर्छ र आफ्ना बालबालिका तथा परिवारका लागि कस्ता सेवा वा कार्यक्रम सबैभन्दा उपयोगी हुन्छ भनी तिनीहरूलाई सोधिएको थियो। यसका साथै, सुविधाहरूमा पहुँचको क्रममा तिनीहरूले सामना गर्न सक्ने चुनौती तथा जोखिम पहिचान गर्न र तिनलाई निर्मूल गर्नको लागि के गर्न सकिन्छ भनी सोधिएको थियो।

## १. द्वन्द्वकालीन यौनजन्य हिंसा पीडितले पहिचान गरेका परिपूरणका विशेषता तथा ढाँचा

नेपाल सरकारबाट आफूले भोगेको पीडाको स्वीकारोक्ति गरी परिपूरण प्राप्त गर्नका लागि वर्षौंदेखि प्रतीक्षा गरिरहेका यौन हिंसा पीडितहरू आशाविहीन छन् र भविष्यको कल्पना गर्नु पनि गाहारो छ, जसरी रिताले भनिन्, "मलाई के कुराले सन्तुष्टि दिन्छ पनि थाहा छैन।" केहीले गम्भीर रूपमा राखे कि तिनीहरूले भोगेको दुःख र पीडा कहिल्यै पनि निको हुन सक्दैन।

सेनाको हिरासतमा हुँदा करिब दुई वर्षसम्म दुर्व्यवहारमा परेकी अभिलाषाले के गर्न सकिन्छ भन्दा पनि के गर्न सकिँदैन भन्नेमा जोड दिइन्, "मलाई सरकारसँग केही पनि अपेक्षा छैन। यदि उनीहरूले पीडितको लागि केही गर्न खोजेका थिए भने उनीहरूले गरिसक्थे।"

यद्यपि अधिकांशले तत्काल के कुरा आवश्यक छ भन्ने पहिचान गरी सुझाव दिए। आफ्नो जवाफमा पीडितहरूले आफूले भोगेको हानिको परिणाम सम्बोधन गर्ने परिपूरण (जस्तै "छूट सेवा", "सहुलियत", "क्षतिपूर्ति") को विभिन्न विशेषता वा प्रकारको बारेमा जोड दिए जसमध्ये केही २०१४ को सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा उल्लेख भएका छन् भने अरू उल्लेख भएका छैनन्।

तिनीहरूको प्राथमिकता र विचार गर्नुपर्ने विषयको सारांश तल दिइएको छ। हामीले परिपूरणको कार्यान्वयन गर्न सहयोग पुऱ्याउन सक्ने केही सम्भावित राष्ट्रिय स्तरका मन्त्रालय वा निकायहरूको पनि पहिचान गरेका छौँ। केही अवस्थामा स्थानीय तथा प्रदेश स्तरीय संस्थाका दायित्वहरू खप्टिएका छन् एकै किसिमका हुन्छन् तर त्यस्तो संख्या धेरै हुन सक्ने हुँदा यहाँ सूचीमा छुट्टै उल्लेख गरिएको छैन।[३११]

[३११] नौटन र मेरगाली (नं २५१)।

**तालिका १: परिपूरणका विशेषता तथा ढाँचाहरू**

| परिपूरणका तत्त्वहरू | विचार गर्नुपर्ने विवरण तथा विषय |
|---|---|
| **पुनर्स्थापकीय स्वास्थ्य र मनोवैज्ञानिक सेवामा शीघ्र पहुँच** | कारण/आधार : द्वन्द्व समाप्त भएको धेरै समय व्यतीत भइसके तापनि, धेरै पीडितले स्त्री रोगसम्बन्धी निरन्तर र गम्भीर लक्षण, ढाड दुखाइ, निरन्तर आघात र आत्महत्याको सोच लगायत यौन हिंसाका कारण भएका पीडाको विद्यमान शारीरिक र मनोवैज्ञानिक अवस्था तथा "तत्काल" र "निरन्तर" उपचारको आवश्यकताको बारेमा बताए। |
| | ढाँचा : पीडितलाई स्वास्थ्य चिकित्सक लगायत विशेषज्ञद्वारा अत्यन्त जरुरी विस्तृत स्वास्थ्य जाँचको निःशुल्क पहुँच, डायग्नोस्टिक परीक्षण, मनोवैज्ञानिक परामर्श र अन्य मानसिक स्वास्थ सेवा, तथा निःशुल्क औषधी र सिफारिसको आधारमा वा विशेष अस्पतालमा आवधिक उपचार प्रदान गर्नुपर्छ। सम्पूर्ण आवश्यक उपचारहरू उपलब्ध गराइएको सुनिश्चित गर्नका लागि निःशुल्क स्वास्थ्य उपचार प्रदान गरिने स्थानीय तथा जिल्ला तहमा सामाजिक सेवा इकाइलाई मात्र नभइ क्षेत्रीय अस्पताल, काठमाडौँमा वा विदेशमा निःशुल्क परामर्श सेवा तथा उपचारको समेत पहुँच दिनुपर्छ। यी सेवाको पहुँचको लागि पीडितको उपचार, त्यसका कारण र अवस्थाबारे गोपनीयता कायम गर्न आवश्यक कदम चाली यौन हिंसा पीडितको निमित्त परिचय पत्र जारी गर्न सकिन्छ। यात्रा गर्न आवश्यक भएमा यातायात तथा आवास खर्च लगायत स्वास्थ्य सेवासँग सम्बन्धित सम्पूर्ण खर्च समावेश हुनुपर्छ। नेपालमा बलात्कारबाट जन्मिएका बालबालिकाको धेरै अवस्थामा पहिचान नहुने कारणले गर्दा स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक मूल्यांकनको क्रममा यी जोखिमपूर्ण अवस्थाका बालबालिकाको पहिचान गरी तिनीहरूको आघात र मानसिक स्वास्थ्यको आवश्यकतालाई समेत संबोधन गर्न सकिन्छ। |
| | जिम्मेवार निकायअन्तर्गत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पारलैंगिक व्यक्तिसँग काम गर्ने जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय पर्दछन्। मनोवैज्ञानिक सहायता प्रदान गर्नका लागि द्वन्द्वकालीन यौन हिंसा पीडितसँग काम गर्ने नागरिक समाज संस्था र पीडितको समूहको पनि भूमिका हुनेछ। |

| | |
|---|---|
| **तत्काल (अल्पकालीन) तथा दीर्घकालीन आर्थिक सहायता** | कारण/आधार : हानिको प्रकृति हेर्ने हो भने अल्पकालीन र दीर्घकालीन (वा "आजीवन") आर्थिक सहायत दुवै आवश्यक छ । अन्तरिम राहत कार्यक्रम अन्तर्गत प्रदान गरिएको अल्पकालीन राहत पर्याप्त हुने देखिँदैन । धेरै जनाले गम्भीर आर्थिक समस्याको सामना गरिरहेका छन् भने केहीलाई खाद्यान्न जस्तो आधारभूत जीवीकोपार्जनको आवश्यकता पूरा गर्न पनि अफठ्यारो भइरहेको छ । पीडितले तत्काल सामना गर्ने आर्थिक समस्यालाई सम्बोधन गर्नका लागि हुन सक्छ एकमुष्ठ रकम र/वा मासिक सहायता भुक्तानीको रूपमा शीघ्र आर्थिक सहायता प्रदान गर्न सकिन्छ । यो कदमले पीडितहरूमा पुनः विश्वास निर्माण गर्न र सुविधाको लागि आवेदन नदिएका पीडितलाई आवेदन दिनका लागि प्रोत्साहित गर्न सक्छ । अत्यन्त जरुरी सहायता पश्चात पीडितको दिगो र दीर्घकालीन जीवनलाई सहायता दिन तथा तिनीहरूले गुमाएका अवसर बापत क्षतिपूर्तिको रूपमा परिपूरणको विस्तृत प्याकेज प्रदान गरिनेछ । यस प्याकेजमा यौन हिंसा पीडित तथा तिनीहरूका सन्तानले भोगेका हानिलाई सम्बोधन गर्न (तल छलफल गरिएको) र पारिवारीक सहिष्णुता वृद्धि गर्नका लागि सीपमूलक तालिम, रोजगार अवसर र शिक्षा (व्यावसायिक तालिम समेत) जस्ता कार्यक्रम समावेश हुनेछन् । |
| | ढाँचाः पीडितहरूले सेवामा "स्वास्थ्य सुविधा", "छुट", वा "सहुलियत" विभिन्न कुरा राखे । अल्पकालीत तथा दीर्घकालीन जीविकोपार्जन सहायता, एकल महिला र अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिने मासिक भत्ता, वा सामाजिक सुरक्षा भुक्तानी, वा पेन्सन, कर छूट, ऋण वा भाडा भुक्तानी, र निःशुल्क वा छूट दिइएको सेवा (जस्तै अग्रिम भुक्तानी गरिएको यातायात सेवा) को रूपमा हुन सक्दछ । यसका साथै पीडित र बालबालिकाका लागि सीपमूलक तथा रोजगारीको तालिम र स्वरोजगारीको अवसर निर्माण गर्ने उपाय (व्यवसाय शुरू कर्जा, लघु कर्जा) निर्माण गर्नु पर्छ । |
| | धेरै जसो यी राहत कार्यक्रम सन् २०१४ को सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐनमा समावेश गरिएकाहरूमध्ये पर्दछन् जस अन्तर्गत "पीडित वा अवस्थाअनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियतको रूपमा परिपूरण उपलब्ध हुनेछः क) निःशुल्क शिक्षा तथा स्वास्थ्य उपचार, ख) सीपमूलक तालिम, ग) विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा, घ) बसोबासको व्यवस्था, ङ) रोजगारको सुविधा, र च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत" पर्दछ (सन् २०१४ को सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐन, दफा २३) । तर, उल्लेख गरिएझैँ, योग्यता तथा अन्य अवस्था बाध्यकारी तुल्याउनु हुँदैन । |
| | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय जिम्मेवार निकायमा पर्दछन् । स्थानीय वडा तथा जिल्ला स्तरीय कर्मचारीलाई पनि सुविधा प्रदान गर्ने अधिकार हुन्छ । |

| | |
|---|---|
| **शैक्षिक सहायता र पाठ्यक्रम सुधार** | कारण/आधार : अन्तर्वार्ता लिइएकाहरू (३१ मध्ये २०) ले बारम्बार उल्लेख गर्ने परिपूरणको ढाँचामा शैक्षिक सुविधा पर्दछ । धेरै जसो अवस्थामा, पीडितहरूले आफ्नो अध्ययनलाई अगाडि बढाउनको लागि आफै विद्यालय फर्कने प्रस्ताव राखेका होइनन् (यद्यपि दुई जनाले सो कुरा व्यक्त गरेका थिए) तर आफ्ना सन्तान वा एकजना महिलाको हकमा आफ्ना नातिनातिनीले उल्लंघनको परिणाम समाधान गर्ने र तिनीहरूले सामना गरेको दैनिक बोझलाई सहज तुल्याउन निःशुल्क अध्ययनको लागि योग्य छन् भनेका हुन् । छोरा हुने केहीका लागि, नेपालको आश्रित संस्कृति अनुसार यो पद्धतिबाट उनीहरूलाई अप्रत्यक्ष रूपमा लाभ पनि हुन सक्छ । |
| | ढाँचा : नेपाल अन्तरिम राहत कार्यक्रमले द्वन्द्वको समयमा हत्या गरिएका, बेपत्ता पारिएका र ५० प्रतिशतभन्दा बढी अपाङ्गता भएका व्यक्तिका लागि छात्रवृत्ति कार्यक्रम समावेश गरेको थियो । यद्यपि उक्त कार्यक्रमले यौन हिंसा पीडितलाई समावेश गरेको थिएन र शुरूमा कम्तीमा तीन जनासम्म बालबालिकाको लागि छात्रवृत्ति प्रदान गरेको थियो । यौन हिंसा पीडित र तिनीहरूका सन्तानका लागि शैक्षिक सुविधाअन्तर्गत पीडित, तिनीहरूका छोराछोरी र नातिनातिनी मात्र नभई व्यवसायमूलक तालिम र प्रौढ शैक्षिक कार्यक्रम समेत समावेश गर्नुपर्छ । हालसम्म, सत्य निरूपण तथा मेलमिलाप आयोगको नियमावलीले "स्नातक तहसम्म निःशुल्क शिक्षा" र "सीपमूलक तालिम"मा मात्र सीमित गरेको छ जसले गर्दा को यी कार्यक्रममा सहभागी हुने र कस्तो विषय अध्ययन गर्ने भन्ने सीमित हुन सक्दछ । व्यवसायिक तथा स्नातकोत्तर तहको कार्यक्रम समावेश गर्नुपर्छ । यसका साथै द्वन्द्वकालीन यौन हिंसा र लैंगिक हिंसा सम्बन्धी चेतना अभिवृद्धि गर्नको लागि, उदाहरणका लागि राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस अनुसार तथा १३२५ र १८२० को राष्ट्रिय कार्ययोजनाको मस्यौदामा समेत समावेश गरिएको मानवअधिकार, लगायत लैंगिक विभेदका विषयलाई पाठ्यक्रममा संलग्न गरी नेपालको शैक्षिक क्षेत्रमा सुधार ल्याउन आवश्यक छ । |
| | मानवअधिकार प्रवर्धन गर्ने भूमिकाबमोजिम जिम्मेवार निकायअन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र गृह मन्त्रालय पर्दछन् । |

| | |
|---|---|
| **पीडितलाई स्वीकार गर्ने र समुदायको बुझाइलाई प्रवर्धन गर्ने उपायहरू** | कारण/आधार : धेरै पीडितले नैतिक क्षति तथा लाञ्छना जस्तो यौन हिंसाका कारण सहनु परेको परिणामलाई सम्बोधन गर्नको लागि विभिन्न किसिमको परिपूरणको आवश्यकता भएको बारे बताए । यसअन्तर्गत द्वन्द्वमा के भएको हो भन्ने बुझाई अभिवृद्धि गर्न र पीडितलाई दोषीको रूपमा लिन हुँदैन भनी मानिसहरूलाई महसुस गराउनको लागि सार्वजनिक माफी, सामुदायिक सचेतना अभिवृद्धि र सत्य उजागर गर्ने प्रयास पर्दछन् । नीताले व्याख्या गरेझैँ, "मानिसहरू विगतको बारेमा सचेत हुन निकै आवश्यक छ र हामी यो प्रक्रियामा संलग्न हुनु पर्छ । आफ्नो प्रत्यक्ष अनुभवको आधारमा विगतको पीडाबारे सचेत मानिस अहिले निकै कम छन् ।" |
| | प्रधानमन्त्री र अन्य सरकार तथा राजनीतिक दलका नेताहरूले द्वन्द्व पीडितसँग औपचारिक रूपमा सार्वजनिक क्षमा याचना गर्नुपर्छ र उल्लङ्घनहरू सार्वजनिक गरिसकेका द्वन्द्वकालीन यौन हिंसा पीडित समक्ष क्षमादानको लागि व्यक्तिगत पत्र पठाउनु पर्छ । द्वन्द्वकालीन यौन हिंसा पीडित, अन्य लैंगिक हिंसा पीडित र तिनका परिवार लगायत बलात्कारबाट जन्मिएका बालबालिका विरुद्ध समाजमा लाग्ने लाञ्छना कम गर्न र तिनीहरूलाई समाजमा पुनर्स्थापना गर्नका लागि सामुदायिक सचेतना अभिवृद्धि कार्यक्रम मार्फत अन्य सामुहिक वा प्रतीकात्मक उपायहरू मार्फत पनि कार्यान्वयन गर्न सकिन्छ । यी कार्यक्रमहरू, स्थानीय, प्रादेशिक वा राष्ट्रिय जुनसुकै तहबाट कार्यान्वयन गरिए पनि तिनले समाजमा महिला, बालिका र लैंगिक अल्पसङ्ख्यक विरुद्ध हुने संस्थागत, संरचनागत र प्रणालीगत विभेद विरुद्ध लड्नु पर्ने बृहत् सामाजिक आवश्यकतालाई पनि सम्बोधन गर्दछ । |
| | जिम्मेवार निकाय अन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग, महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र क्षमादानका लागि प्रधानमन्त्रीको कार्यालय, सशस्त्र बल, माओवादी पार्टीका सदस्यहरू र प्रहरीका प्रतिनिधिहरू पर्दछन् । |
| **सामुदायिक पुनर्स्थापना** | कारण/आधार : शारीरिक र मनोवैज्ञानिक पुनर्स्थापनाका साथै पीडितले सँगै "हाम्रो समस्या राख्नको लागि" सुरक्षित स्थानको रूपमा पुनर्स्थापनाको सामुदायिक ढाँचाको आवश्यकताबारे उल्लेख गरे । यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका पीडितले सामुदायिक परिपूरणको ढाँचाको रूपमा सार्वजनिकसंस्मरणका प्रयासबारे उल्लेख गरेनन् जसले हाल विद्यमान लाञ्छना बारे बताउँछ । |
| | ढाँचाः माथि उल्लेख गरिएझैँ पीडित समूह र नागरिक समाज तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्को लैंगिक इकाईद्वारा सुरक्षित स्थानहरू सञ्चालनमा आइसकेका छन् । यी सुविधा आवश्यक भएका धेरै पीडितसम्म यी प्रयासहरू विस्तार गर्नुपर्छ । |
| | जिम्मेवार निकायअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग, महिला, बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय पर्दछन् । |

## २. परिपूरण कार्यान्वयनका चुनौती र जोखिमहरू

नेपालका द्वन्द्वकालीन यौन हिंसा पीडितले परिपूरणको लागि उल्लेखनीय समर्थन गरेका भए तापनि यस अध्ययनका लागि अन्तर्वार्ता लिइएका महिलाहरू यस विषयमा सचेत छन् कि अर्थपूर्ण परिपूरणलाई नेपालमा वास्तविकता बनाउनका लागि महत्त्वपूर्ण गृहकार्य अझै आवश्यक छ र तिनले यस क्रममा धेरै व्यवधान तथा जोखिमको पनि सामना गर्नुपर्नेछ ।

परिपूरणको बारेमा छलफल गर्दै गर्दा धेरै उत्तरजीवीले द्वन्द्वकालीन यौन हिंसा तथा यातना पीडितको लागि परिपूरण नीति अगाडि बढाउन देशको नेतृत्वमा लामो समयदेखि भएको राजनीतिक इच्छाशक्तिको अभाव, बजेट प्रक्रिया बारे रुची तथा कोषको अभाव लगायत नेपालको राजनीतिक अवस्थासँग सम्बन्धित केही साझा विषयबारे उल्लेख गरे ।[३१२] राजनीतिक रूपमा सक्रिय गौरी जस्ता केही व्यक्ति निकै निराश भएका थिए :

"राज्यले इच्छायो भने हामीलाई जीविकोपार्जन सहायता, स्वास्थ्य र शिक्षाको लागि सहयोग गर्न सक्छ । मैले व्यक्तिगत रूपमा नै धेरै पटक यो विषयमा स्थानीय, प्रादेशिक र केन्द्रिय तहको सरकारसँग छलफल गरिसकेको छु । तर उनीहरूले अर्कै कारणले यो विषयलाई बेवास्ता गरिरहेका छन् । त्यसैले अझै पनि यो ठूलो समस्याको रूपमा रहेको छ ।"

यद्यपि धेरै जनाको लागि तिनीहरूको चासोको विषय कम राजनीतिक, धेरै व्यवहारिक छ । पीडितको सुरक्षा सुनिश्चित गर्ने र समुदायमा तिनीहरूको अवस्था तथा प्रतिष्ठा जोखिममा नपार्ने किसिमले भविष्यमा परिपूरण कार्यक्रम सञ्चालन गर्ने सरकारको क्षमतामा धेरै पीडितको विश्वास छैन । हेमाले व्याख्या गरेझैँ

"मलाई सबैभन्दा चुनौतीपूर्ण विषय सुरक्षा लाग्छ । सरकारले हाम्रो सुरक्षा सुनिश्चित गर्न सके मात्र हामीले सुविधा पहुँच गर्न सक्छौँ । यसका लागि गोपनीयता आवश्यक छ । अन्यथा हामी फेरि गहिरो पीडा र आघातमा जान्छौँ ।"

एक जना सहभागीले राष्ट्रिय निकाय भन्दा पनि "गाउँपालिका जस्ता" स्थानीय निकायले आवश्यक कायक्रम सञ्चालन गर्न सक्ने बताए । तर श्यामाको विचारमा यस्तो कार्यक्रम अवलम्वन गर्ने हो भने स्थानीय सरकारसँग परिपूरण सञ्चालन गर्न पर्याप्त स्रोत हुँदैन ।

> *"यदि यो जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गर्ने हो भने मेरो विचारमा हाम्रो जीवन तहसनहस हुनेछ र हामीले फेरि गहिरो पीडाको सामना गर्नेछौँ । उनीहरूले हाम्रो पहिचान गर्नेछन् र हाम्रो बारेमा कुरा गर्न थाल्नेछन् । यस्तो अवस्थामा हामीले केही पनि नपाएको नै राम्रो हुन्छ ।"*

माथि छलफल गरिएझैँ, धेरै द्वन्द्वकालीन यौन हिंसा पीडितका "घटना" बारे खुलासा गरिनेछ र यसका कारण तिनीहरूको जीवन सधैँभरको लागि परिवर्तन हुनेछ भन्ने भयमा बाँचेका छन् ।[३१३] यस्ता कतिपय चासो माथि व्याख्या गरेझैँ सत्य निरूपण तथा मेलमिलाप आयोगसँगको उत्तरजीवीको पहिलेको अनुभवका आधारमा आएका हुन् जस अन्तर्गत गोपनीयता भङ्ग गर्ने, प्रमाणको माग गर्ने, असंवेदनशील बयान लिने र केही अवस्थामा मिसिल हराएको आदि पर्दछन्,

> *"मैले मेरो उजुरी बुझाउँदै गर्दा धेरै पुरुष आउने जाने गर्दै थिए । कुनै संवेदनशीलता थिएन । मैले कसैसँग बोल्न सकिन ।"*[३१४]

यी चासोहरू भविष्यमा गरिने प्रक्रियामा पनि उठ्न सक्छ र यसको उचित रूपमा व्यवस्थापन हुन आवश्यक छ । भविष्यको परिपूरण कार्यक्रम जसले सञ्चालन गर्ने भए तापनि आफ्नो जीवन नै गोपनीयता कायम गर्नुमा आधारित भएका द्वन्द्वकालीन

[३१२] पाँच पीडितले उल्लेख गरे कि उनीहरूले के भएको हो भनी घटना बारे बताए पनि सरकारको तर्फबाट राजनीतिक इच्छाशक्तिको अभावको कारण न्याय प्राप्त गरेका छैनन् ।

[३१३] उदाहरणको लागि परिपूरणको प्राप्त गर्दाको जोखिम बारे सोध्दा, ३१ जना सहभागीमध्ये सातले भने कि तिनीहरूले आफ्नो घटना खुला रूपमा साझा गर्न सक्दैनन्, पाँच जनाले आफ्नो परिवारिक जीवन बिग्रने डर भएको बताए । पाँचले भने कि तिनीहरूलाई आफ्नो समुदायले बुझ्ने छैन भन्ने डर छ । नौ जनाले प्रमाण वा हालको प्रमाणीकरण प्रोटोकलहरू चुनौती भएको बताए र एक जनाले भने कि उनी आफ्नो सुरक्षाको बारेमा चिन्तित छिन् ।

[३१४] एनए, श्यामासँग अन्तर्वार्ता (एन२०७)

यौन हिंसा पीडितको लागि आफूलाई दर्ता गर्नु र सेवा लिनुको यर्थाथ डरलाग्दो छ ।

यी जोखिमलाई न्यूनीकरण गर्न भविष्यका परिपूरण कार्यक्रम सञ्चालन गर्नको लागि लामो समयदेखि गोपनीयताको आधारमा महिलालाई सहायता प्रदान गरिरहेका संस्थाहरू नागरिक समाज र पीडित समूहको संलग्नतालाई पीडितले प्रस्ट रूपमा प्राथमिकतामा राखे । उदाहरणका लागि, नागरिक आवाज सन् २००१ देखि सक्रिय रहेको छ र द स्टोरी किचेन सन् २०११ देखि र सहभागीले यी दुवै संस्थाहरूका बारेमा बारम्बार उल्लेख गरेका छन् । पीडितसँग परिचित हुनुका साथै लेखपढ गर्न समस्या भएका वा सूचना प्रविधिको पहुँच नभएका उत्तरजीवी लगायतसँग नागरिक समाज र पीडित संस्थाहरूले सञ्जाल बनाई सकेका छन् ।

यसको साथै धेरै उत्तरजीवीले माथि खण्ड ११ (ख) मा छलफल गरिएअनुसार विगतमा प्रहरी र सत्य निरूपण तथा मेलमिलाप आयोगका कर्मचारीले मागेझैँ तिनीहरूले भोगेको हानिको "प्रमाण" उपलब्ध गराउन लगाउनेछन् कि भन्ने चासो व्यक्त गरे । यो दृष्टिकोणले उल्लंघन कति समय अगाडि भएको हो वा त्यो समयको उल्लंघनको प्रमाण पीडितसँग हुनु कति असामान्य हुन सक्छ भन्ने विचार गर्दैन । निताले व्याख्या गरेझैँ,

> *"मैले हिंसा भोग्दै गर्दा म सानै थिएँ । उनीहरूले मागेको प्रमाण म कसरी बुझाउन सक्छु ?"*

साथै धेरै पीडितको आँखामा पट्टी बाँधिएको थियो वा तिनीहरूलाई बेहोस बनाइएको थियो,

> *"म पीडिकहरूको पहिचान गर्न सक्दिन किनकि मलाई अर्को गाउँको अँध्यारो कोठामा सामूहिक बलात्कार गरिएको थियो । धेरै लामो समय पनि भइसकेको छ ।"*[३१५]

विद्यमान प्रमाणको मापदण्डले दण्डहीनतालाई बढावा दिने गरी महिलाले गलत उजुरी दायर गर्न सक्छन् भन्ने धारणालाई प्रश्रय दिन्छ जुन महिलालाई जीवन नै परिवर्तन हुने गरी लाग्न सक्ने लाञ्छनाको जोखिम हेर्ने हो भने आफैमा असंगत देखिन्छ ।

तर प्राप्तिले व्याख्या गरिन् कि सरकारलाई के भएको हो भन्ने पहिल्यै थाहा छ र यी अनुरोधहरू पीडितलाई मौन राख्ने प्रयासबाट मात्र भएका हुन्,

> "उनीहरूलाई सबै थोक थाहा भए तापनि उनीहरू हामीलाई प्रमाण र साक्षीहरू मागेर मौन राख्न चाहन्छन् ।"

गोपनीयता तथा प्रमाणसम्बन्धी यी चुनौतीहरूका साथै, पीडितले द्वन्द्वकालीन यौन हिंसा पीडितलाई अगाडि आउन र भविष्यको कुनै कार्यक्रमको प्रभावकारीतामा बाधा पुऱ्याउन सक्ने कार्यविधिगत तथा पहुँचसम्बन्धी समस्यालाई संबोधन गर्नका लागि विश्वासको वातावरण निर्माण गर्न आवश्यक कदम पहिचान गरे । यी निम्न छन् :

**विद्यमान तथ्यांक (डेटाबेस) लाई सच्याउने**

सत्य निरूपण तथा मेलमिलाप आयोगले संकलन गरेको तथ्यांकले नेपालमा भएमा द्वन्द्वकालीन यौन हिंसा पीडितको सम्पूर्ण संख्याको प्रतिनिधित्व गर्दैन । माथि उल्लेख गरिएझैँ, संख्या यकिन नभएपनि केही उजुरीहरू हराएका छन् । धेरै पीडितले द्वन्द्वकालीन यौन हिंसा पीडितको रूपमा नभई यातना पीडितको रूपमा उजुरी दर्ता गरेका छन् र यस अध्ययनमा सहभागी भएका चौध उत्तरजीवी लगायत सत्य निरूपण तथा मेलमिलाप आयोगमा कहिल्यै उजुरी दर्ता नगरेका धेरै पीडित छन् ।

**केही स्थानमा स्थास्थ्य सेवाको अभाव**

स्वास्थ्य सुविधा बारे सिफारिस गर्ने क्रममा सविनाले देशका कतिपय स्थानमा स्वास्थ्य सेवा उपलब्ध नभएकोमा जोड दिइन् र स्थानीय स्तरमा स्वास्थ्य सेवा विस्तार गर्नुपर्ने वा स्वास्थ्य उपचार प्राप्त गर्नको लागि यात्रा गर्दा उत्तरजीवीलाई लागेको खर्च कट्टी गर्न यातायात को लागि सुविधा समावेश गर्नुपर्ने सुझाव दिइन् । "आर्थिक समस्याले गर्दा म स्वास्थ्य जाँचको लागि जान पाउँदिन । रोल्पामा राम्रो सुविधा छैन, त्यसैले हामी दाङ जानुपर्छ जसको लागि धेरै खर्च लाग्छ । म स्वास्थ्य जाँचको लागि एक पटक ऋण लिएर दाङ गएको छु ।"

[३१५] एनए, राधासँग अन्तर्वार्ता (एन१८९)

**पहुँच वृद्धि गर्ने**
विगतका प्रयासहरूमा पहुँचको कमी थियो र परिपूरण कार्यक्रमको लागि निवेदन दिएका र सहभागी भएका "पढ्न नजान्ने" वा अन्य समस्या भएकाहरू यस प्रक्रियाबाट नछुटून् भनी सुनिश्चित गर्न अन्य व्यवस्था आवश्यक छ।

**यातायात सहायता प्रदान गर्ने**
भविष्यको कुनै उजुरी प्रक्रिया वा परिपूरण कार्यक्रममा सहभागी हुने क्रममा आउने केही व्यवस्थापकीय समस्या समेत पीडितले इङ्गित गरे। भूमीले बताइन् की उनले विगतमा संक्रमणकालीन न्यायसम्बन्धी कार्यशालामा सहभागी हुन पाइनन् किनकी उनी "आफ्नो बच्चा हुर्काउन व्यस्त" थिइन्। र गौरीले बताइन् कि केही महिला " यातायात खर्चका कारण [सत्य निरूपण तथा मेलमिलाप आयोगले उजुरी दिन भनेको बेला] स्थानीय शान्ति समितिमा जान सकेनन् किनकी त्यो सदरमुकाममा थियो र तिनीहरूलाई यातायात खर्च दिइएको थिएन।"

## ३. चुनौती र जोखिमलाई कम गर्नेबारेमा

पीडितले यी चुनौतीहरूलाई कसरी न्यूनीकरण गर्ने वा पार लगाउने भन्ने बारेमा धेरै विकल्पहरू प्रदान गरे।[३१६]

### गोपनीयताको उल्लंघन रोक्ने

माथि नै उल्लेख गरिएझैं, अधिकांश पीडितहरूले परिपूरणको लागि सरकार जिम्मेवार रहेको बताए तर पीडितहरूको सरकारमाथि विश्वास कम भएको कारणले गर्दा नागरिक समाज र पीडित संघसंस्थाहरू परिपूरणको कार्यक्रम कार्यान्वयनमा संलग्न हुनुपर्ने सुझाव दिए। यद्यपि, एकजना सहभागीले भने, "संस्थाहरू केवल सेतु हुन्।"[३१७] अन्ततः सरकारले मात्र केही प्रकारको मान्यता प्रदान गर्न सक्छ जसले नेपालमा यौन हिंसालाई हेर्ने तरिकालाई परिवर्तन गर्न सक्ने सम्भावना हुन्छ।

तसर्थ, गोपनीयता सुनिश्चित गर्न, कुन निकाय वा निकायहरूले राहत वा परिपूरण कार्यक्रम कार्यान्वयन गर्ने हो र नागरिक समाज र पीडितका संस्थाहरूले के भूमिका खेल्न सक्छन् त्यस बारेमा विचार गरिनुपर्दछ। धेरै महिलाहरू दुर्व्यवहार हुने पारिवारीक सम्बन्धमा छन् र यौन हिंसाको पीडित भएको खुलासा भएमा परिवार नै बिग्रने चिन्ता गर्छन् जुन कुरा जसरी राधाले निम्नअनुसार वर्णन गरिन्:

> *"हाम्रो घटनाको बारेमा सार्वजनिक रूपमा कुरा गर्न धेरै गाह्रो छ। कहिलेकाहीँ मलाई लाग्छ कि मैले मेरो घटना खुलेर साझा गर्नुपर्छ तर मेरो परिवार टुट्ने डर लाग्छ। मेरो बच्चाहरू छन् र उनीहरूको पढाइ धेरै राम्रो छ। मेरो श्रीमान्बाट मलाई कुनै अपेक्षा छैन। मलाई लाग्छ कि यदि मेरो वास्तविक घटनाको बारेमा मेरो श्रीमानलाई थाहा भयो भने, उहाँले मलाई घरबाट निकालिदिनु हुनेछ। यदि मैले उहाँलाई छोड्नु पर्‍यो भने, म त्यो सहन सक्छु तर मेरा बच्चाहरूलाई छोड्न पर्‍यो मलाई असहनीय हुनेछ।"*

यसअन्तर्गत स्वास्थ्य उपचारमा गोपनीयता पर्दछ। प्राप्तिले बताइन्:

> *"हामीले भोगेको हानिलाई गोप्य रूपमा सम्बोधन गर्नुपर्छ। द्वन्द्वका क्रममा बलात्कृत भएकी मेरो एक साथी पाठेघरको समस्याका लागि अस्पताल गइन्। अस्पतालका डाक्टरले उनलाई यो कसरी भयो भनेर सोध्न थाले। उनी डराई किनभने घटनाबारे परिवारलाई भनेकी थिइनन्। त्यसैले मेरो साथी उपचारका लागि त्यहाँ जान छाडेकी छिन्। मलाई थाहा छैन हामीले कसरी गोप्य रूपमा उपचार प्राप्त गर्न सक्छौं। म आफ्नो घटनाको बारेमा खुलेर कुरा गर्न सक्छु*

[३१६] कार्यान्वयनका जोखिम र चुनौतिहरूलाई कम गर्न के गर्न सकिन्छ भनेर सोध्दा : आठले गोपनीयता कायम राख्न जोड दिए; आठ जनाले उचित अभिलेखिकरण र तथ्याङ्क सङ्कलन गरेर सरकारले त्यसो गर्न सके बताए। घटनाको लागि तिनीहरू दोषी थिएनन् भनेर तिनीहरूको समुदायलाई बुझाउन चार जनाले पहल गर्न जोड दिए, नागरिक समाजका संस्थाहरूले सरकारलाई सुविधामा (पीडितको) पहुँच सहज बनाउन मद्दत गर्न सक्ने नौ जनाले बताए। र कसलाई के चाहिन्छ र कसरी गर्न सकिन्छ भनेर बुझ्न महिलाहरूसँग छुट्टाछुट्टै भेटघाट गर्ने भनी दुई जनाले भने।

[३१७] एनए, चाँदनीसँगको अन्तर्वार्ता (एन२३२)।

*किनकि मसँग गुमाउन केही बाँकी छैन । तर अरूको कुरा गर्ने हो भने उनीहरूको पारिवारिक जीवन बर्बाद हुन सक्छ । त्यसैले, यहाँ संवेदनशीलता आवश्यक छ ।"*

गोपनीयता सुनिश्चित गर्न र विद्यमान तथ्यांकको विश्वसनीयतामा सुधार गर्न, एक पीडितले एउटा प्रारम्भिक चरणको सिफारिस गरिन् जसअनुसार पहिले नागरिक समाज वा पीडित संस्थाहरूले सुरक्षित स्थानमा पीडितहरूसँग छुट्टै बैठकहरू गर्नु पर्छ :

*"सरकार वा संस्थासँग तथ्यांक छैन । संस्थाले गोप्य रूपमा हाम्रा आवश्यकताहरू पत्ता लगाउन हामीसँग छुट्टै बैठक गरी मद्दत गर्न सक्छ । यसो गर्दा, हामीले महसुस गर्न सक्छौं कि हामीलाई सुन्ने कोही छ जसले हामीलाई हाम्रा सत्य कथाहरू बताउन उत्प्रेरित गर्दछ । यसका लागि हामीलाई सुरक्षित स्थान चाहिन्छ । त्यसपछि उनीहरूले हामीलाई गोप्य रूपमा लाभहरू प्राप्त गर्न मद्दत गर्न सक्छन् । हाम्रा पीडा र आवश्यकताहरू अन्य द्वन्द्व पीडित महिलाहरूसँग भन्न पनि हामीलाई गाह्रो छ ।"*[३१८]

यसको साथै, गोपनीयताको उल्लङ्घनहरूको जोखिमलाई कम गर्न मद्दत गर्न, कुनै पनि दर्ता प्रक्रिया/प्रयासमा भाग लिनेहरूको छटनी र प्रशिक्षणको लागि, अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको उल्लङ्घन र अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घनका पीडितहरूको उपचार तथा परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय आधारभूत सिद्धान्त तथा मापदण्डहरूसँग मेल खाने गरी एउटा कार्यक्रम आवश्यक छ जसले तथ्यहरूको प्रमाणीकरणले "पीडित, पीडितका आफन्त, साक्षी, वा पीडितलाई सहयोग गर्न वा थप उल्लंघन हुनबाट रोक्न हस्तक्षेप गर्ने व्यक्तिहरूको सुरक्षा र हितलाई हानि वा खतरामा पार्नु हुँदैन भनी सुझाव दिएको छ ।[३१९]

### आघातको सम्बोधन र बुझाइको कमी

गोपनीयता सुनिश्चित गर्न पर्याप्त संयन्त्रहरू स्थापित भए तापनि पीडितहरू संलग्न हुन तयार छन् भनी सुनिश्चित गर्नका लागि पीडितहरू संलग्न कदमहरू चाल्नुपर्छ । प्राप्तिले उत्तरजीवीहरूलाई आफ्नो आघातलाई संबोधन गर्न, विश्वास निर्माण गर्न र त्यसपछि गोप्य रूपमा परिपूरण कार्यक्रममा संलग्न हुन मद्दत गर्न सक्ने गरी कसरी काम गर्ने भन्ने नीतिका लागि बहु-चरण प्रक्रिया प्रस्ताव गरिन् । उनले परिपूरणका लागि नाम दर्ता गर्ने र पहुँच बढाउने प्रक्रिया शुरू गर्नु अघि उत्तरजीवीहरू बीच विश्वास निर्माण गर्न मनोसामाजिक परामर्शको कार्यक्रम कार्यान्वयन गर्न सुझाव दिइन् ।

"परामर्श आवश्यक छ, एक सुरक्षित स्थान सिर्जना गरेर पहिले उनीहरूको बहुस्तरीय आघात घटाउन र त्यसपछि उनीहरूलाई गोप्य रूपमा परिपूरणमा पहुँच गर्न मद्दत गर्नका लागि । हुनसक्छ संस्थाहरूले यसका लागि मद्दत गर्न सक्छन् ।"

लैंगिक हिंसा र द्वन्द्वको समयमा के भयो भन्ने बारे बुझाउनको लागि परिवारका सदस्यहरू र समुदायहरू, विशेष गरी पुरुष र केटाहरूका लागि समानान्तर प्रयास पनि हुनु आवश्यक हुन सक्छ । ज्योतिले सिफारिस गरेझैं परिवारसँगको हस्तक्षेपलाई पनि विचार गर्न सकिन्छ :

*"हाम्रो परिवार र समुदायलाई हामीले भोग्नुपरेको पीडा बुझाउन मद्दत गर्नको लागि त्यहाँ हस्तक्षेप हुनुपर्छ ।"*

### सरकार, पीडित समूह, नागरिक समाज र समुदायबीच सहकार्य गर्ने गराउने

यस प्रयासमा सहयोग गर्नका लागि सरकार, पीडित समूहहरू, नागरिक समाजका संस्थाहरू (विशेष गरी महिला र पीडितको नेतृत्वमा रहेका संस्थाहरू), र सत्य निरूपण तथा मेलमिलाप आयोग जस्ता विद्यमान संक्रमणकालीन न्याय संयन्त्रहरू र स्थानीय समुदायहरूबीच सुदृढ सहकार्य हुनुपर्छ । आजका मितिसम्म कुनै अर्थपूर्ण सहयोग प्रयासहरू गरिएको छैन र सत्य निरूपण तथा मेलमिलाप आयोग, सरकार र पीडित समुदायहरू बीच विश्वासको कमी छ । संक्रमणकालीन न्याय नीति निर्माणमा सरकारको माथिबाट तल (टप-डाउन) र बहिष्करणको तरिकाबाट उत्पन्न भएको यो लामो समयदेखिको समस्या हो जसले परामर्शहरूमा पीडितको सहभागितालाई प्रभावकारी रूपमा कम गर्छ जसमा पीडित, सरकार र नागरिक समाज

[३१८] एनए, देवकीसँगको अन्तर्वार्ता (एन५) ।

[३१९] संयुक्त राष्ट्रसंघीय महासभा, अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको व्यापक र गम्भिर उल्लंघनका पीडितहरूको लागि उपचार तथा परिपूरणाको अधिकार सम्बन्धी आधारभुत सिद्दान्त र मार्गनिर्देशनहरू, २००५, सिद्दान्त २२(ख) ।

सम्मिलित हुन्छन् तर थोरै -जानकारी मात्र आदानप्रदान गरिन्छ र कुनै अर्थपूर्ण स्वीकारोक्ति प्रदान गरिएको हुँदैन।[३२०]

डिसेम्बर २०२१ मा २९ वटा द्वन्द्वकालीन मुद्दाहरूमा सिफारिस र निर्णयहरू हुनु यो माथिबाट तल (टप-डाउन) तरिकाको एउटा उदाहरण थियो। वर्षौंको निष्क्रियता पछि अर्थपूर्ण स्पष्टीकरण बिना सारांश निर्णयहरू सरकारबाट गरिनुलाई द्वन्द्वकालीन अपराधहरूको लागि कुनै पनि प्रकारको जवाफदेहिता र पीडितहरूलाई अपर्याप्त, अनुपयुक्त र प्रभावहीन परिपूरण लिन बाध्य पार्ने प्रयासको रूपमा व्याख्या गरिएको छ। त्यस्ता कार्यहरूले नेपालमा द्वन्द्वकालीन यौन हिंसा पीडितहरूका लागि परिपूरण कार्यान्वयन गर्न धेरै चुनौतीहरूलाई पार लगाउन आवश्यक सहकार्य हुनेछ भन्ने आशालाई कमजोर बनाउँछ।

परिणाम स्वरूप, के गर्न र कसरी गर्न आवश्यक छ भन्ने बारेमा सहकार्य गर्न नागरिक समाज संस्था, पीडित समूहहरू, र सत्य निरूपण तथा मेलमिलाप आयोगका आयुक्तहरू लगायत सरकारी समन्वय आवश्यक छ। नागरिक समाज संस्था र पीडित समूहहरू संवादका आवश्यक पक्षहरू हुन् र यो तथ्य सरकारलाई स्मरण गराइनुपर्छ। यी प्रयासहरू अन्तर्राष्ट्रिय समुदायका असल कार्यालय (मध्यस्थता) र राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक निकायहरूको कार्यादेश अन्तर्गत गर्न सकिन्छ। सार्वजनिक भनाइ/बयान परिपूरण र द्वन्द्वकालीन यौन हिंसासम्बन्धी कुनै पनि निकायद्वारा लिन सकिन्छ।[३२१] यसको अलावा, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोगले विदेशी विशेषज्ञहरू लगायत विशेषज्ञहरूको गतिविधि र सेवा सञ्चालन गर्न "विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित" उपसमिति गठन गर्न सक्छ।[३२२] जसले यौन हिंसा पीडितहरूको लागि परिपूरणको बारेमा छलफल गर्न र प्रमुख सरोकारवालाहरूसँग परामर्श गर्न समन्वय गर्न नेतृत्व लिन सक्छ।

यस बीचमा, नागरिक समाज र पीडित समूहहरूले द्वन्द्वमा यौन हिंसाको सामना गर्ने महिलाहरूलाई आवश्यक पर्ने समग्र सहायता प्राप्त गर्न सुनिश्चित गर्न आफ्नो वकालतलाई निरन्तरता दिन र बढाउन आवश्यक छ। द्वन्द्वकालीन यौन हिंसा पीडितहरूलाई भविष्यमा हुने परिपूरण निर्णयहरूमा बिर्सिएको छैन तथा तिनीहरू भविष्यको परिपूरण कार्यक्रमहरू तर्जुमा र परिभाषित गर्ने प्रयासको एक अभिन्न अंग हो भनी सुनिश्चित गर्न पीडितको नेतृत्वमा रहेको संस्था र महिला संस्थाहरूले यी प्रयासहरूमा नेतृत्व लिन सक्छन्।

यौन हिंसा र शारीरिक हिंसामा परेका महिलालाई सहयोग पुऱ्याउने गरी अधिकतम सहयोग पुऱ्याउने प्रयासको दोहोरोपन रोक्न नागरिक समाजका संस्थाहरूले पनि सहकार्य गर्न आवश्यक छ।

### प्रमाणसम्बन्धी प्रश्न

माथि उल्लेख गरिसकिएको परिपूरण कार्यान्वयन गर्ने प्रयोजनसँग सम्बन्धित प्रमाणसम्बन्धी चुनौतीहरू पार गर्न, धेरै पीडितहरूले सरकारलाई उत्तरजीवी वा साक्षीको लिखित वा मौखिक भनाइलाई प्रमाण मान्न सिफारिस गरे।

### पीडित परिचयपत्रको व्यवस्था

धेरै पीडितहरूले पीडित परिचय पत्रलाई स्वीकारोक्तिको रूपमा तथा द्वन्द्व पीडितको रूपमा आफ्नो स्थितिको पहिचान प्रदान गर्ने तरिकाको रूपमा उल्लेख गरेका छन्। यो प्रस्तावले सेवाहरूमा पहुँच सहज बनाउन मद्दत गर्न सक्छ र यो एक प्रकारको स्वीकृति हो तर यो कर्मचारीतन्त्रसँग जोडिएको रामवाण जस्तो समाधान होइन। नागरिक समाजले औंल्याएझैं, भूकम्प पीडितहरूलाई राहतमा पहुँच गर्न आवश्यक पर्ने पीडित परिचयपत्र जारी गर्दा पुरुषहरूलाई प्राथमिकता दिइएको थियो। महिलाहरूलाई "पुरुषहरू अनुपस्थित भएका घरहरूमा" मात्र परिचयपत्र प्रदान गरिएको थियो।[३२३] यसको साथै, द्वन्द्वकालीन यौन हिंसाको पीडित भनी पहिचान नहुने गरी परिचयपत्र प्रदान गरिएको सुनिश्चित गर्न विशेष रणनीति आवश्यक छ।

[३२०] सत्य निरूपण तथा मेलमिलाप आयोगका आयुक्तहरूको छनोट प्रक्रिया एउटा उदाहरण मात्र हो। फेब्रुअरी २०१९ मा सरकारले उम्मेदवारको नाम सिफारिस गर्न पाँच सदस्यीय समिति गठन गरेको थियो। यसले सीमित छटनी प्रक्रिया सञ्चालन गऱ्यो जसले उदाहरणका लागि पूर्व आयुक्तहरूलाई पुनः नियुक्ति नगर्ने निर्णय गऱ्यो र टिप्पणीको लागि ६१ जना व्यक्तिहरूको नामहरूको सूची प्रकाशित गऱ्यो। तथापि, अन्ततः, नियुक्ति हेर्दा दलका नेताहरूको "राजनीतिक सहमति" भएको प्रतिबिम्बित हुन्छ र अनिवार्य रूपमा शक्ति भागवण्डाको व्यवस्थामा परिणत भयो।

[३२१] राष्ट्रिय महिला आयोग ऐन २००७, दफा ११(१)(ञ)।

[३२२] सत्य निरूपण तथा मेलमिलाप आयोग (एन १८०) दफा ३१–३२।

[३२३] नागरिक समाजको छाँया प्रतिवेदन (एन५३), प्रकरण १५।

# ढ. परिपूरणसम्बन्धी विषय अगाडि बढाउने बारेमा

नेपालमा धेरैजसो यौन हिंसा पीडितहरूका लागि "घटना"को बारे सार्वजनिक गर्नु विकल्प होइन। साक्षीहरूको अगाडि सार्वजनिक स्थानमा अपराध भएको हुनाले केहीसँग कुनै विकल्प थिएन। कतिपय अवस्थामा, परिवारका सदस्यहरू वा छिमेकीहरूले शारीरिक चोटहरू देखेपछि के भयो भनेर थाहा पाए। धेरैले प्रहरीमा औपचारिक उजुरी दर्ता गर्ने प्रयास गरे तर त्यो उजुरी अस्वीकार गरियो र नाम परिवर्तन गरी संयुक्त राष्ट्र संघीय मानवअधिकार समितिमा उपचार खोजे।

तर धेरैजसो पीडितहरूका लागि, अपराध पछि तिनीहरूको जीवन धेरै हदसम्म बाँच्ने तथा उल्लंघनका कारण हुने हानी र पीडाहरूको व्यवस्थापन गर्ने विषयमा केन्द्रित रह्यो, जसअन्तर्गत यौन हिंसा पीडितहरूमाथि लाग्ने लाञ्छाना र भेदभावबाट बच्न सत्य लुकाउनु पर्ने कुरा पनि समावेश छ। फलस्वरूप, नेपालमा केही यौन हिंसा पीडितहरू यौन हिंसा पीडितहरूको रूपमा संगठित भएका छन् वा वकालत गर्ने गर्छन् वा यौन हिंसा पीडितहरूको रूपमा आफूलाई पहिचान गर्छन्। धेरैजसोले यातना, अपहरण, बलपूर्वक बेपत्ता र हत्या लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनको अन्य उल्लंघनका पीडितको रूपमा आफूलाई चिनाउँछन्।

यसको साथै, धेरैले अन्य द्वन्द्वकालीन उल्लंघनका पीडितहरूको रूपमा आफूलाई पहिचान गरी, विभिन्न पीडित संघसंस्थाहरूको सदस्यको रूपमा परिपूरण र अन्य संक्रमणकालीन न्यायका पहलहरूको समर्थनमा व्यापक पहलहरू अघि बढाउन अन्य द्वन्द्व पीडितहरूसँग मिलेर काम गरेका छन्। सबैभन्दा ठूला राष्ट्रिय सञ्जालहरूमध्ये संक्रमणकालीन न्यायसम्बन्धी द्वन्द्व पीडित साझा चौतारी नेपाल (साझा चौतारी, सन् २०१४), द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल (राष्ट्रिय संजाल, २०१९), द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल (सिभिडब्लुएन, २०२०), बेपत्ता परिवारको राष्ट्रिय संजाल नेपाल (नेफाड २००९), अपाङ्गता भएका द्वन्द्व पीडितको राष्ट्रिय सञ्जाल (एनएनडिसिभि), र न्यायका लागि द्वन्द्व पीडित समाज (सिभिएसजे २००८) छन्। थप पीडित समूहहरूको सूचीको लागि अनुसूची ४ हेर्नुहोस्।

वर्षौंदेखि, यी संस्थाहरूसँग सरकारले सधैं परामर्श नगरेपनि यी संस्थाहरूले यौन हिंसा पीडितहरू लगायत द्वन्द्व पीडितहरूको तर्फबाट वकालत गर्न तल्लो तहमा काम गरेका छन् र नेपालको द्वन्द्व प्रभावित जिल्लाहरूमा परिपूरण लगायत संक्रमणकालीन न्यायलाई अगाडि बढाउने प्रयासहरूको नेतृत्व गरेका छन् केही पहलहरूको उदाहरण निम्न छन् :




*नेपाल सर्वोच्च अदालत, काठमाडौं सन् २०२०।*
*© सन्दीप राउत / विकिमीडिया कमन्स*

*अन्तर्राष्ट्रिय संलग्नता :* सन् २०२० मा नेपालको विश्वव्यापी अवाधिक संमिक्षा हुँदा द्वन्द्व पीडित संस्थाहरूले संयुक्तरूपमा विभिन्न प्रतिवेदनहरू प्रस्तुत गरे ।

*राष्ट्रिय स्तरमा मुद्दा मामिला :* द्वन्द्वकालीन उल्लंघनसम्बन्धी दण्डहीनता र नेपालको बेपत्ता पारिएको व्यक्ति छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संवैधानिकतालाई चुनौती दिन र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायहरूको अधिकारको संरक्षणका लागि कानूनको आवश्यकता र लैंगिक वा यौनिक अभिमुखिकरणको आधारमा भेदभाव गर्ने विद्यमान कानूनहरू परिवर्तन गर्न मानवअधिकार संस्थाहरूको सहयोगमा पीडित तथा पीडित समूहहरूले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए ।

*अनुसन्धान :* पीडितहरू स्वयं र नागरिक समाजसँगको साझेदारीमा अनुसन्धान पहलहरूलाई अगाडि बढाउन सक्रिय छन् । परिपूरणसम्बन्धी एउटा उल्लेखनीय उदाहरण साझा चौतारी द्वारा मे २०१८ मा प्रकाशित गरिएको थियोः "सशस्त्र द्वन्द्वको क्रममा भएको मानवअधिकार उल्लङ्घनका पीडितहरूको परिपूरणीय आवश्यकता, अधिकार र माग" । यो प्रतिवेदनले सन् २०१५–२०१६ मा गरिएको छलफल तथा परामर्शहरूको आधारमा बृहत् परिपूरणसम्बन्धी सिफारिसहरू प्रस्तुत गर्दछ ।

*क्षमता अभिवृद्धि :* अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दातृ निकायहरूको आर्थिक सहयोगमा, गैरसरकारी संस्थाहरूले यौन हिंसा पीडितहरूलाई जवाफदेहिता, सत्यको खोजी, परिपूरण र सुधारका उपायहरू लगायत संक्रमणकालीन न्याय संयन्त्रहरूसँग परिचित गराउन धेरै तालिम र कार्यशालाहरू सञ्चालन गरेका छन् । यी कार्यक्रमहरू शान्ति सम्झौतामा हस्ताक्षर गरे लगत्तै शुरू भए र हालसम्म जारी छन्, यद्यपि कोभिड-१९ महामारीको कारणले कार्यक्रमहरू धेरै कम सञ्चालन भएका छन् ।

*वकालत :* द्वन्द्व समाप्त भएदेखि नै पीडितले पीडितको मुद्दालाई राष्ट्रिय एजेण्डामा राख्नका लागि काठमाडौं र अन्य ठाउँमा शान्तिपूर्ण विरोध प्रदर्शन गरेका छन् । उदाहरणका लागि, जुन २०१९ मा, यौन हिंसा र लैंगिक हिंसाबाट पीडित महिला र बेपत्ता पारिएका महिलाका आफन्तहरूले नेपालका दुई संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्रहरूका आयुक्तहरूलाई "द्वन्द्व पीडित महिला न्याय घोषणापत्र" एकसाथ प्रस्तुत गरे । त्यसैगरी, नोभेम्बर २०१८ मा, साझा चौतारीले नेपाल सरकारलाई दशक लामो सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनका घटना सार्वजनिक रूपमा स्वीकारोक्ति गर्न, संक्रमणकालीन न्याय प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन प्रतिबद्धता जनाउन, प्रक्रियामा द्वन्द्व पीडितहरूको संलग्नता सुनिश्चित गर्न, र विद्यमान सत्य निरूपण तथा मेलमिलाप आयोगलाई द्वन्द्व पीडितहरूले विश्वास गर्ने विश्वसनीय उच्च-स्तरीय संयन्त्रले प्रतिस्थापन गर्न माग गर्दै द्वन्द्व पीडितको बडापत्र जारी गऱ्यो । बडापत्रले "तत्काल अन्तरिम कानूनी, चिकित्सा र क्षतिपूर्ति सहयोग", मनोसामाजिक परामर्श, द्वन्द्वको समयमा कब्जा गरिएको सम्पत्ति फिर्ता, द्वन्द्वबाट पीडित वा अन्यथा प्रभावित बालबालिकाको लागि उच्च शिक्षामा पहुँच, र " जीविकोपार्जन सुनिश्चित गर्दै सशस्त्र द्वन्द्वका क्रममा अपांगता भएका वा घाइते भएकाहरूको स्वास्थ्य उपचारको व्यवस्था"को माग पनि गरेको छ ।

*द्वन्द्वका क्रममा महिलामाथि हुने यौन हिंसासम्बन्धी महिला न्यायधिकरण :* सन् २०१४ मा, काठमाडौंमा एक अनौपचारिक न्यायाधिकरण बोलाइयो र "यौन हिंसाका विशिष्ट उल्लंघन, र नेपालको सशस्त्र द्वन्द्वको समयमा निरन्तर यौन धम्की" भोगेका "महिला साक्षीहरू"बाट भनाइहरू प्रस्तुत गरियो ।[३२४] त्यो न्यायाधिकरणले यौन उल्लंघनको प्रकृति, आधिकारिक उजुरीहरूको कमी, र पछि लाग्ने लाञ्छनाहरूको बारेमा निष्कर्षहरू निकाल्यो । न्यायाधिकरणले सिफारिस गऱ्यो कि यौन हिंसा पीडितहरूलाई अन्तरिम राहत कार्यक्रममा समावेश गरिनुपर्छ र राष्ट्रिय मानवअधिकार आयोगद्वारा छानबिन गरिनुपर्छ ।

*स्मृति र संस्मरण :* स्थानीय तहमा पीडित समुहले मारिएका र बलपूर्वक बेपत्ता पारिएकाहरूको स्मरण र परिवारमाथि भइरहेको निरन्तर अन्यायका बारेमा आवाज उठाउन विभिन्न संस्मरणका पहलहरू गरेका छन् । द्वन्द्वको क्रममा घाइते अपाङ्ग भएका हजारौंले सामना गर्नुपरेको अवस्थालाई उजागर गर्दै "१४ कथाः द्वन्द्वका जीवित संस्मरण (१४ स्टोरीज्ः लिभिङ मेमोरिज अफ वार)" जस्ता पीडितहरूले शुरू गरेको तस्बिर प्रदर्शनी देशभर भएको छ ।[३२५]

[३२४] द्वन्द्वका क्रममा महिलामाथि हुने यौन हिंसासम्वन्धी महिला न्यायधिकरण, निर्णय (काठमाण्डौ, नेपाल, ८ डिसेम्बर २०१४) <https://apwld.org/wp-content/uploads/2014/12/Final-Verdict-14-12-14.pdf> २१ जनावरी २०२२ मा हेरिएको ।

[३२५] संगिता श्रेष्ठ, ' अध्यारो सुरुंगबाट उज्यालो तर्फ हिड्ने जीवनका कथाहरू (Stories of lives walking through the dark tunnel toward the light)' माइरिपब्लिका (२० फेब्रुअरी २०१९) <https://myrepublica.nagariknetwork.com/mycity/news/stories-of-lives-walking-through-the-dark-tunnel-toward-the-light> २१ जनावरी २०२२ मा हेरिएको ।

# ण. परिपूरणसम्बन्धी सिफारिसहरू

नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको संख्या तुलनात्मक रूपमा सानो छ। लगभग ३०० देखि २,००० यस्ता पीडितहरू रहेको बताइन्छ। त्यसैले उनीहरूलाई पर्याप्त र प्रभावकारी परिपूरण दिन सहज हुनुपर्ने हो। तर वर्षौंदेखि नेपाल सरकार र राजनीतिक दलहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको परिपूरणको विषय उठाउन अस्वीकार गरेका छन्। उनीहरूले संसद्मा यससम्बन्धी नीति पेश र छलफल गर्न कुनै पहल गरेका छैनन् अनि द्वन्द्व पीडितलाई क्षतिपूर्ति दिलाउने सत्य निरूपण तथा मेलमिलाप आयोगको दायित्व पूरा गराउनका लागि त्यसको सञ्चालनलाई सुधार समेत गरेका छैनन्।

नेपाल सरकारले द्वन्द्वका अन्य घटनामा सीमित अन्तरिम राहत दिलाउनका लागि के गर्न सक्छ र गरेको छ भन्ने कुरा थाहा पाएपछि एउटा निष्कर्ष निकाल्न सकिन्छ। त्यो के भने द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको परिपूरणात्मक आवश्यकतालाई सम्बोधन गर्नका लागि सरकारले लगातार अनिच्छा देखाउनु भनेको युद्धको समयमा दुवै पक्षले गरेका ज्यादतीको कठोर सत्यको सामना गर्न सरकारले अस्वीकार गरेको हो।[३२६] त्यस्ता ज्यादतीमा बलात्कार, सामूहिक बलात्कार, अन्य किसिमका यौन हिंसा र यातना पर्छन्। यसका साथै नेपाली समाजको चरम पितृसत्तात्मक सोच तथा यही सोचका कारण लिंगका आधारमा गरिने यौन हिंसालाई पनि सरकारले स्वीकार्न नचाहेको देखिन्छ। द्वन्द्वकालमा ज्यादतीहरू व्यापक र सुनियोजित थिए अनि तिनले महिला, निकै साना उमेरका बालिका, पुरुष र सम्भवतः सबै उमेर समूहका पारलिंगीहरूलाई असर पारेका थिए। तर पीडितहरूले उजुरी गरेको तथा बयान दिएको भए पनि सरकारी अधिकारीहरू त्यसलाई बेवास्ता गरिरहेका छन्, पीडालाई स्वीकारसम्म पनि गरिरहेका छैनन् अनि पीडितका लागि केही गर्न पनि मानिरहेका छैनन् भने दोषीलाई आरामले जिउनका लागि खुला छोडिदिएका छन्।[३२७]

पुस २०७८ मा २९ वटा मुद्दामा गरिएका निर्णयले त्यसलाई पुष्टि गरेका छन्। ती मुद्दामा द्वन्द्वसँग सम्बन्धित यौन हिंसा परेका थिएनन्। सरकारले पीडित तथा पीडितहरूको समूहसँग परामर्श वा समन्वय नगरिकन काम गर्ने गरेको छ जबकि यस प्रक्रियामा उनीहरूको अत्यावश्यक भूमिका रहन्छ अनि परिपूरणसम्बन्धी निर्णयले उनीहरूको जीवनमा महत्त्वपूर्ण असर पार्छ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित तथा युद्धको समयमा भएका मानवअधिकार तथा मानवीय कानूनका अन्य उल्लंघनका पीडितलाई सूचना मात्र नभई न्यायमा समान र प्रभावकारी पहुँच दिलाउनका लागि नेपाल सरकारले तत्कालै कदमहरू चाल्नुपर्छ। "उल्लंघनका लागि अन्ततोगत्वा जोसुकै जिम्मेवार भए पनि" पीडितलाई न्यायमा पहुँच दिनुपर्छ र परिपूरण सहितको "प्रभावकारी उपचार" उपलब्ध गराउनु पर्छ।[३२८] यस अध्यायले के गर्नुपर्छ भनी वर्णन गरेको छ र परिपूरणलाई कसरी वास्तविकतामा परिणत गर्न सकिन्छ भन्ने विषयमा दृष्टिकोण प्रस्तुत गरेको छ। यसक्रममा अन्तर्राष्ट्रिय मापदण्ड तथा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको गोपनीयतालाई ध्यानमा राखिएको छ। यी सिफारिस कार्यान्वयन गर्नका लागि सरकारले बजेट छुट्याउने तथा जनशक्ति उपलब्ध गराउने दुवै सवालमा पर्याप्त स्रोत दिने

[३२६] तर नेपालका राजनीतिक नेताहरूले चुनावको बेलामा पीडितहरूलाई क्षतिपूर्तिको प्रतिज्ञा गर्ने अनि पछि बिर्सने गरेका छन्। चितवनको माडीमा २०६१ सालमा माओवादी विद्रोहीहरूले बसमा बम विस्फोट गराई ३८ जनाको हत्या र ७२जनालाई घाइते बनाएको घटनामा यही भयो। २०७४ सालमा पुष्पकमल दाहालले चुनाव प्रचारका क्रममा यो घटना 'जनयुद्धको सबभन्दा ठूलो भूल भएको' बताए र आफन्त गुमाएका परिवारलाई ६० लाख रुपैयाँ बराबरको क्षतिपूर्ति दिलाउने अनि घाइतेको निःशुल्क उपचार गराउने बताएका थिए। तर पीडितहरू अहिलेसम्म पनि त्यस क्षतिपूर्तिको प्रतीक्षा गरिरहेका छन्। दीपेन्द्र अधिकारी, इन्सेक अनलाइन (२०७९ जेठ २४)।

[३२७] २०७७ सालमा राष्ट्रिय मानवअधिकार आयोगले २८४ जना मावअधिकार उल्लंघनकर्ताहरूको सूची जारी गरेको थियो। त्यसमा बहालवाला र पूर्व उच्च ओहदाका अधिकारीहरू थिए। तर द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडकहरूको नाम त्यसमा थिएन। देवान राई, द रेकर्ड (२०७७ असोज ३०)।

[३२८] संयुक्त राष्ट्रसंघीय महासभा, अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनको व्यापक र गम्भिर उल्लंघनका पीडितहरूको लागि उपचार तथा परिपूरणाको अधिकार सम्बन्धी आधारभुत सिद्दान्त र मार्गनिर्देशनहरू, २००५, सिद्दान्त ३(ग) र (घ)।

प्रतिबद्धता व्यक्त गर्नुपर्छ । परिपूरण कार्यक्रम कार्यान्वयनको जिम्मेवारी लिने मन्त्रालयमा पनि त्यसको उपलब्धता हुनुपर्छ ।[३२९]

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका लागि क्षतिपूर्तिको बृहत् नीतिले नेपालमा लैंगिक समानता तथा महिला सशक्तीकरणसँग सम्बन्धित अन्य लक्ष्य प्राप्तिका लागि सहयोग गर्न सक्छ भन्ने कुरालाई पनि सरकारले विचार गर्नुपर्छ । यूएनएससीआर १३२५ र १८२० को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनामा ग्रहण गरिएका लक्ष्य पनि यसैमा पर्छन् । यीमध्ये कैयौं सिफारिसले सामूहिक रूपमा महिलाका लागि परिवर्तनका ढोका खोल्नेछन् । द्वन्द्वसँग सम्बन्धित यौन हिंसा मात्र नभई यौन आक्रमण, घरेलु हिंसा, बलात्कार, निकट व्यक्तिले गर्ने हिंसा, यौन दुर्व्यवहार र अन्य सबै किसिमका यौन हिंसाका विषयमा समुदायको बुझाइलाई प्रवर्धन गरेर यस्तो परिवर्तनको ढोका खुल्नेछ ।

यसअघि नै वर्णन गरिसकिएको छ, नेपालमा परिपूरण कार्यान्वयन गर्नका लागि धेरै चुनौतीहरू छन् । गोपनीयता भङ्ग हुने सम्भावना तथा आघातबाट पीडितलाई जोगाउने संयन्त्रको चुनौतीका बारेमा माथि सम्बोधन गरिएको थियो । त्यससँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन तथा नियमावली बमोजिम परिपूरण कार्यान्वयनका क्रममा धेरैथरी प्रशासनिक चुनौतीहरू आइलाग्ने सम्भावना छ । यसमा अनुसन्धान किनारा लगाउने मात्र नभई सिफारिस गर्ने, योग्यता निर्धारण गर्ने र समान ढंगले लाभ वितरण गर्ने चुनौती पनि पर्छन् ।

यी चुनौतीहरूलाई संबोधन गर्नका लागि परिपूरण कार्यान्वयनको सवालमा देहायका उपायमा विचार गर्नका लागि सिफारिस गरिन्छ । यी सुझावहरूले चरणबद्ध उपायको चिन्तन गर्दछन् । पीडितले छिट्टै लाभ पाउने गरी विद्यमान संरचना तथा कानूनभित्र रही काम गरेर त्यसको आरम्भ गर्न सकिन्छ । त्यसपछि अतिरिक्त उपाय अपनाउन सकिन्छ । उदाहरणका लागि, बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा अन्य कानून र प्रक्रियामा आवश्यक संशोधनपछि फौजदारी प्रक्रियाका रूपमा जवाफदेहिता निधारण गर्न सकिन्छ । यसले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका सबै पीडितहरूलाई लाभको साझा प्याकेज उपलब्ध गराएर सिफारिसहरूलाई कार्यान्वयन गर्न समेत सिफारिस गर्छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा निर्धारण गरिएजस्तो प्रत्येक पीडितको बेग्लाबेग्लै मूल्यांकनलाई यसले अनावश्यक बनाउँछ । त्यस्तो बेग्लाबेग्लै मूल्यांकनले पीडितहरूलाई पुनर्घात गराउने र अपराधको प्रकृति तथा बदनामीलाई अनायासै उजागर गर्ने सम्भावना बढाउँछ । आवश्यक परेको खण्डमा प्रत्येक पीडितको बेग्लाबेग्लै मूल्यांकन गर्न पनि सकिन्छ । (उदाहरणका लागि, प्रसूति तथा अन्य स्वास्थ्य उपचार जस्ता) पीडितको विशेष आवश्यकतालाई सम्बोधन गर्नका लागि बेग्लाबेग्लै मूल्यांकन गर्न सकिन्छ ।

## परिपूरण कार्यान्वयनका उपाय

### *गोपनीयता जरुरी छ*

नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका लागि परिपूरण कार्यक्रम बनाउन तथा कार्यान्वयन गर्नमा धेरै संवेदनशीलता रहेकाले यस प्रक्रियाको प्रत्येक चरणमा पीडितहरूको पहिचान संरक्षण गर्ने सुनिश्चिततामा धेरै ध्यान दिनुपर्छ । उनीहरूले लाभ खोज्ने र पाउने चरणमा समेत यसलाई सुनिश्चित गर्नुपर्छ । पीडितहरूको पहिचान नखुलोस् भन्नका लागि अपराधको प्रकृतिलाई लुकाउने कुरामा विचार गर्नुपर्छ । त्यसबाहेक कार्यक्रम कार्यान्वयन गर्ने व्यक्तिहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित वा अन्य सीमान्तीकृत जनतासँग काम गरिसकेको वा सम्भव भएमा उनीहरूसँग विश्वासमा आधारित सम्बन्ध स्थापित गरिसकेको हुनुपर्ने वा आघातप्रति संवेदनशील कार्यान्वयन रणनीतिको तालिम लिएको हुनुपर्नेछ ।

[३२९] यो प्रतिवेदन तयार पार्दाको समयमा सरकारका मन्त्रालयहरूमा सबै कर्मचारी थिएनन् किनकि राजनीतिक अभिजातहरूबीच लडाइँ चलिरहेको थियो ।

### द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितसँग काम गरेको अनुभव भएको नागरिक समाज तथा पीडितहरूको संघसंस्था र परिपूरण कार्यान्वयनको जिम्मेवारी पाएको निकायबीच गोप्य समन्वय एवं सहकार्य आवश्यक छ ।

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूमा सरकारप्रति गहिरो अविश्वासको स्थिति छ । वर्षौंसम्म पीडितहरूको अवस्थाप्रति सरकारको उदासीनता, जवाफदेहिता निर्धारणमा उसको असफलता र विगतमा प्रशासनतन्त्रसँग पीडितहरूले सम्पर्क गर्दा केही अधिकारीहरूले देखाएको असंवेदनशील व्यवहारका कारण पीडितमा सरकारप्रति अविश्वास रहेको हो । पीडितहरूलाई अगाडि आउन र सरकारले कार्यान्वयन तथा लगानी गरेको परिपूरण कार्यक्रममा सहभागी हुनका लागि सुरक्षित अनुभव गर्ने विश्वासिलो वातावरण बनाउनका लागि धेरै काम गर्नुपर्नेछ । त्यस्तो वातावरण निर्माण तथा भविष्यमा कार्यान्वयन गरिने परिपूरण कार्यक्रममा नागरिक समाज र पीडितका संस्थाहरूले भूमिका खेल्नुपर्ने सुझाव धेरै पीडितहरूले दिए । ती संस्थाहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूसँग काम गरेको लामो इतिहास छ र उनीहरू मानवअधिकारका मूल्यमान्यता तथा उत्तरजीवीहरूका आवश्यकता र प्राथमिकतालाई गहिरो गरी बुझ्छन् । समय बित्दै जाँदा धेरै पीडितहरूले नागरिक समाज तथा पीडितहरूको समूह विश्वासिलो भएको अनुभव गरेका छन् । उनीहरूले उत्तरजीवीहरूलाई गोप्यताका साथ कार्यक्रममा सहभागी गराउन तथा पुनर्घातका जोखिमहरूलाई न्यून गर्नका लागि वातावरण बनाउन सहयोग गर्नुपर्छ । पीडितहरूका विभिन्न संस्थासँग मनोपरामर्श सहयोगको प्रविधिसम्बन्धी तालिमप्राप्त कर्मचारीहरू छन् । उनीहरू पीडितहरूका लागि अवसर तथा उपाय पहिचान गर्न र प्रक्रियाका साथै लाभहरू परिपूरणात्मक भएको सुनिश्चित गर्न योग्य छन् ।[३३०]

### गोप्य रूपमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको पहिचान गर्न विद्यमान तथ्याङ्क उपयोगमा विचार गर्ने

पीडितहरूको तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न तथा लाभ वितरणको आरम्भ गराउन यसअघि नै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित भनी पहिचान वा दर्ता गरिएका पीडितहरूलाई तत्कालै परिपूरण उपायहरू उपलब्ध गराउनुपर्छ । यस अध्ययनमा सहभागी द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित र सत्य निरूपण तथा मेलमिलाप आयोग, सुरक्षाबल वा राष्ट्रिय मानवअधिकार आयोगसमक्ष उजुरी दायर गराएका पीडितलाई यस चरणले समेट्न सक्छ । साथै, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका लागि विगतमा नागरिक समाज र पीडित संगठनले राखेका कार्यक्रममा सहभागी पीडितहरू पनि यस चरणमासमेटिन सक्छन् । गोपनीयतालाई विचार गर्दै कुनै सूचना साझा गर्नुअघि तथा विद्यमान सूचनालाई एकीकृत परिपूरण बहीखातामा चढाउनुअघि पीडित र संस्था दुवैबाट सहमति लिनु आवश्यक छ । यस प्रक्रियामा गोपनीयताको प्रत्याभूति तथा दोहोरो गणनाको अभावलाई विचार गर्नुपर्छ ।[३३१]

पीडकहरूको दोष ठहर गर्ने तथा सत्य स्थापित गर्ने उद्देश्यका साथ अपराधहरूको अनुसन्धान जारी रहनुपर्छ । सशस्त्र द्वन्द्वको समयमा यौन हिंसा सामान्यीकृत तथा सुनियोजित अभ्यासका रूपमा विद्यमान रहेको र त्यसले पीडितलाई निश्चित असर पारेको देखाउने उद्देश्यका लागि पनि अनुसन्धान गर्नु जरुरी छ । तर अपराध पुष्टि गर्ने प्रमाणमा पीडितहरूको परिपूरणलाई आधार बनाउनुहुँदैन किनकि यस अपराधको प्रकृति नै विशिष्ट किसिमको छ र धेरै उत्तरजीवीहरूले प्रमाण उपलब्ध गराउन असम्भव छ । सत्य निरूपण तथा मेलमिलाप आयोग, नागरिक समाज वा पीडित संस्था वा अन्य सहयोगी निकायसमक्ष पहिले नै बयान दिइसकेका पीडितले "कारबाही चलाउनका लागि पर्याप्त आधार बनाइसकेको" पूर्वानुमान गर्नुपर्छ र उनीहरूलाई फेरि त्यही काम गर्न लगाउनुहुँदैन । द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा पीडितको बदनामीको सम्भावना उच्च भएकाले

[३३०] लाभ र प्रक्रिया सार्थक बनाउनका लागि थप आइडियाका लागि हेर्नुहोस् रुबेन कारान्जा, क्रिस्टियन कोरीया र इलेना नटन (आईसीटीजे, मंसिर २०७४) ।

[३३१] विद्यमान डेटाबेसहरूलाई पीडितहरूको एकीकृत दर्ता पुस्तिकामा राख्नका लागि पहिले गरिएका प्रयासलाई ध्यान दिनुपर्छ । उदाहरणका लागि, क्रिस्टियन कोरीया (आईसीटीजे, जेठ २०७०) ।

पीडितका बयानहरू विश्वसनीय रहेको अनुमान गर्नुपर्छ र कारबाही चलाउनका लागि पर्याप्त प्रमाण रहेको मान्नुपर्छ । अतिरिक्त प्रमाणको खोजी गरिनुहुँदैन ।

यस उपायले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका सबै पीडितलाई नसमेट्ने भए पनि सबै द्वन्द्व पीडितलाई मूल उजुरीको पूरक उजुरी दिने अनुमतिका लागि वा पीडितले सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी दर्ता नगरेको भए दर्ता गर्नका लागि उजुरी प्रक्रिया पुनः आरम्भ गरेर यसको समाधान गर्न सकिन्छ ।[३३२] सत्य निरूपण तथा मेलमिलाप आयोगमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका रूपमा नभई यातना वा जबर्जस्ती बेपत्ताका पीडितका रूपमा उजुरी दर्ता गरेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको सहभागिता पनि यसले सुनिश्चित गर्छ । उजुरी दर्ता प्रक्रियालाई सरकारको कुन निकायले कार्यान्वयन गर्ने भनी निकै ध्यान दिनुपर्छ किनकि सत्य निरूपण तथा मेलमिलाप आयोग र गृह मन्त्रालय लगायतका सरकारी मन्त्रालयहरूप्रति अहिले विश्वासको अभाव छ ।[३३३] नयाँ स्वतन्त्र निकाय बनाउने विषयमा समेत विचार गर्नुपर्छ । राष्ट्रिय मानवअधिकार आयोग, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय महिला आयोगको सम्भावनालाई पनि विचार गर्नुपर्छ ।

सहभागितालाई सहज बनाउनका लागि पीडित समुदायको बेग्लै नक्सांकन गर्न सकिन्छ । सत्य निरूपण तथा मेलमिलाप आयोग वा अन्य निकायमा उजुरी दर्ता नगरेका वा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको उजुरी लिएका वा उनीहरूसँग विगतमा काम गरेका संस्थामा रहेका पीडितहरूको अभिलेखका आधारमा पीडितहरूलाई पहिचान र दर्ता गर्नका लागि त्यस्तो नक्सांकन आवश्यक हुन्छ । नक्सांकनमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका लैंगिक तथा यौनिक अल्पसंख्यक पीडितहरूलाई समावेश गर्नुपर्छ किनकि उनीहरू पीडितमध्ये सबभन्दा कम प्रतिनिधित्व पाएका समूह हुन् । लैंगिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सीमान्तीकृत समुदायका पीडितको बेग्लै अनुसन्धानमूलक अध्ययनका लागि पनि विचार गर्नुपर्छ । रोल्पा जस्ता दुर्गम क्षेत्रमा रहेका पीडितहरूलाई पनि यसमा समावेश गर्नुपर्छ ।

पीडितलाई प्रक्रियामा ल्याउने अवधिमा दर्ताभन्दा पहिले नै वा समानान्तर रूपमा अतिरिक्त क्षमताविकास कार्यक्रम राख्न सम्भव हुनुपर्ने हो । यसले सरकार र नागरिक समाजका अभियन्ताहरूलाई परिपूरण तथा संक्रमणकालीन न्यायको अवधारणाका बारेमा पूर्ण ज्ञान नभएका पीडितलाई सचेत बनाउने सुनिश्चितता प्रदान गर्छ । पीडितले परिपूरणको कार्यान्वयन र दर्ता प्रक्रियाका बारेमा जानकारी पाउँछन् अनि सरकारलाई पीडितको पीडा स्वीकार गर्न तथा उल्लंघनको जिम्मेवारी लिन अवसर प्राप्त हुन्छ ।

यस प्रक्रियालाई थप विशाल प्रयासको एक अंगका रूपमा कार्यान्वयन गर्न सकिन्छ । त्यस प्रक्रियामा परिपूरणका व्यक्तिगत तथा सामूहिक दुवै प्रकारलाई समेटिन्छ । यस प्रयासले यातनापीडितहरूको ठूलो संख्यासहितका अन्य द्वन्द्व पीडितलाई लाभ दिनेछ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूको गोपनीयताको प्रत्याभूतिका लागि यो जरुरी छ । सत्य निरूपण तथा मेलमिलाप आयोगले २०७८ सालमा २९ वटा घटनामा गरेको तदर्थवादी निर्णय पीडितहरूको आवश्यकताको ठीक विपरीत छ । भिन्नभिन्न तथा प्रत्येक घटनाको आधारमा निर्णय लिनुभन्दा सरकारले परिपूरण कार्यान्वयनका लागि कार्यसञ्चालन योजना बनाउनुपर्छ । उक्त योजनाले कार्यान्वयनको जिम्मेवारी पाएका मन्त्रालय, नागरिक समाज तथा पीडित समूहबीच समन्वयको अवसर दिन्छ । अन्य कुराको अतिरिक्त प्रभावकारितामा सुधार तथा विश्वासमा आधारित कार्यसम्बन्ध निर्माणका लागि यसले अवसर दिन्छ ।

## *परिपूरणका प्रकार र किसिमको निर्णय*

माथि चर्चा गरिएझैं परिपूरण स्थायी र बृहत् हुनुपर्छ । तर केही लाभहरू द्रुत तथा गोप्य आधारमा उपलब्ध गराउन सकिन्छ (उदाहरणका लागि, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा समुदायको चेतना जगाउने प्रयास) भने अन्य लाभ पीडितलाई

[३३२] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. २८२) एस ३.३ । “उपनियम (२) मा उल्लिखित समय-सीमा अपर्याप्त देखेमा आयोगले उजुरी दर्ता गर्न समय-सीमा बढाउन सक्छ। तर, यस उपनियम बमोजिम उजुरी दर्ता गर्ने म्याद थप गर्दा उजुरी दर्ताको समयावधि म्याद सकिनुभन्दा कम्तिमा छ महिनाभन्दा कम भएको अवधिसम्म आयोगको कार्यकाल बढाउन पाइने छैन ।”

[३३३] माओवादीका शीर्ष नेताहरूका विरुद्ध उजुरी दर्ता गर्दा सुरक्षाकर्मीहरूले उजुरीकर्ता तथा आयुक्तलाई गृह मन्त्रालयबाट सूचना लिनका लागि दबाब दिएको खबर सार्वजनिक भएका छन् । यिभेट सेलिम, नेपालमा संक्रमणकालीन न्याय : चासो, पीडित र कर्तृत्व (रुलेज २०१८) ।

दिलाउन समय लाग्न सक्छ (उदाहरणका लागि, अनुसन्धान तथा पीडकहरूको अभियोजन)।

यस्तो स्थितिमा प्रत्येक पीडितको आवश्यकयतालाई सम्बोधन गर्ने र तत्कालै सम्भव हुने परिपूरणलाई प्राथमिकता दिनु महत्त्वपूर्ण छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूमध्ये अधिकांशको आर्थिक स्थिति नाजुक रहेकाले उनीहरूलाई निःशुल्क स्वास्थ्य सेवा सहित वित्तीय सहयोग, आर्थिक सहयोग तथा शैक्षिक सहयोग (उत्तरजीवी र/वा उनीहरूका सन्तान वा नातिनातिना), छुटमा उपलब्ध सुविधा (उदाहरणका लागि, बस भाडा) र आयआर्जनका अवसर कुनै पनि परिपूरण कार्यक्रमका महत्त्वपूर्ण अवयव हुन् । परिणामस्वरूप, तत्काल दिइने सहयोगमा भौतिक परिपूरणलाई प्राथमिकतामा राख्नुपर्छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको गोपनीयता संरक्षणका लागि यी प्राथमिक वित्तीय भुक्तानी तथा सेवालाई अन्तरिम राहत कार्यक्रमको नयाँ संस्करणको एक हिस्सा बनाउनुपर्छ । यस कार्यक्रमले पहिला छुटाएका यातना तथा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई अन्तरिम राहत सुविधा उपलब्ध गराउँछ । योग्य भए पनि अन्तरिम राहत कार्यक्रमअन्तर्गत लाभ प्राप्त नगरेका हत्या गरिएका वा बेपत्ता पारिएका पीडितहरूको परिवारलाई पनि यसले समेट्नेछ । यसो गर्दा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको पहिचान लुकाउन थप सहज हुनेछ ।

परिपूरण कार्यक्रमको एक हिस्साका रूपमा सरकारले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूलाई आवश्यक तथा पर्याप्त मनोवैज्ञानिक पुनर्स्थापना सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि, उत्तरजीवीहरू एक ठाउँमा भेला भएर एकअर्कालाई सहयोग गर्ने, आफ्ना पीरव्यथा साझा गर्ने, मनोपरामर्श सहयोग तथा रोजगारी वा सीप प्रशिक्षण लिने "सुरक्षित स्थान" सरकारले उपलब्ध गराउनुपर्छ । पीडितहरूलाई उपलब्ध गराइने प्रारम्भिक लाभमध्ये यो उपाय शुरूमै दिनुपर्छ किनकि त्यसबाट पीडितहरूले विद्यमान कार्यक्रमको लाभ लिन पाउँछन् । यस्ता भेलालाई सरकारी निकाय, नागरिक समाज र पीडितहरूको संघसंस्थाले नेतृत्व गर्न सक्छन् किनकि उनीहरू पहिलेदेखि नै यस क्षेत्रमा सक्रिय छन् र पीडितहरूले के चाहन्छन् भन्ने ज्ञान उनीहरूलाई छ । त्यसका साथै उनीहरूले पहिचान नखुल्ने सुनिश्चितता गर्दै प्रत्येक पीडितलाई निमन्त्रणा गर्न सक्छन् र यस्ता कार्यक्रम विशिष्ट रूपमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा जोडिएको नभई द्वन्द्व पीडितको कार्यक्रमका रूपमा हेरिने सुनिश्चित गर्न सक्छन् । यी बैठकहरूले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित सहितका द्वन्द्व पीडितलाई यौन हिंसाका सबभन्दा खतरनाक परिणाम मानिने आघात र एक्लोपनको पीडा कम गराउन पनि सहयोग गर्न सक्छन् । यी बैठकहरूमा आयआर्जनका सीप सिकाउने सत्रहरू पनि समावेश गर्न सकिन्छ ।

पीडितहरूसँग आधिकारिक क्षमायाचना गर्नु छोटो समयावधिमा उपलब्ध गराइन सक्ने सामूहिक परिपूरणको एक उपाय हुन सक्छ । प्रधानमन्त्री र/वा अन्य अधिकारी, जसमा सुरक्षाफौज तथा माओवादी दलका प्रमुख पनि पर्छन्, ले आधिकारिक सार्वजनिक समारोहमा पीडितसँग औपचारिक तथा स्पष्ट क्षमाप्रार्थना गर्नुपर्छ । उक्त समारोहलाई व्यापक दर्शकसामु पुऱ्याउनका लागि रेडियो, टीभी वा सामाजिक सञ्जालमार्फत प्रसारण गर्न सकिन्छ । क्षमायाचनाको बयानलाई छापेर छापा माध्यमहरूमार्फत प्रकाशन गर्न सकिन्छ । सबै द्वन्द्व पीडितहरूविरुद्ध गरिएका ज्यादतीलाई स्वीकार गर्न, पीडितहरूको गरिमालाई पहिचान गर्न तथा नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा "समुदायको बुझाइ"लाई प्रवर्धन गर्न सरकारले गर्ने दीर्घकालीन प्रयासतर्फको पहिलो पाइला क्षमायाचना हुन सक्छ ।[३३४] संयुक्त राष्ट्रसंघका महासचिवको निर्देशिका नोट : द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा परिपूरण अनुकूल हुने गरी क्षमाप्रार्थना जस्ता "सामूहिक चरित्र भएका" कार्यले पीडितसँग छुट्टै क्षमा माग्नुहुँदैन किनकि त्यसो गर्दा पहिचान खुलेर पीडित समाजबाट एक्लिने जोखिम रहन्छ ।[३३५]

### *सत्य निरूपण तथा मेलमिलाप आयोगमा सत्य बयान दिने काम थाल्ने*

द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले प्रभावकारी संक्रमणकालीन न्याय संयन्त्रहरू स्थापित गर्नुपर्ने इच्छा व्यक्त गरेका छन् । उक्त संयन्त्रले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयलाई संवेदनशील रूपमा लैंगिक नजरले हेर्नुपर्छ । पीडितहरूमाथि किन द्वन्द्वसँग सम्बन्धित यौन हिंसा गरियो

[३३४] रुबेन कारान्जा, क्रिस्टियन कोरीया र इलेना नटन, 'शब्दभन्दा बढी : परिपूरणको एक प्रकारका रूपमा क्षमाप्रार्थना' (आईसीटीजे, डिसेम्बर २०१५)।

[३३५] संयुक्त राष्ट्रसंघका महासचिव, 'निर्देशन टिपोट : द्वन्द्वसँग सम्बन्धित यौन हिंसामा परिपूरण' (जुन २०१४) ८ राष्ट्रसंघ दस्तावेज ।

त्यसको सत्य स्थापित गर्ने, उनीहरूमाथि दुर्व्यवहार गर्ने व्यक्तिको अभियोजन गर्ने, सरकारले पीडितमाथि ज्यादती भएको भनी स्वीकार गर्ने तथा यस्ता घटना नदोहोरिने प्रत्याभूति दिने कदम यसअन्तर्गत पर्नुपर्छ। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको कार्यावधि हालै बढाइएको सन्दर्भमा यी आयोगहरूले माथि बताइएको विषयलाई सम्बोधन गर्नुपर्छ। सर्वोच्च अदालतले २०७२ सालमा जारी गरेको आदेशले ती आयोगहरूको कार्यादेशका कतिपय प्रावधानलाई असर गरेको छैन र त्यसैलाई शुरूमा सम्बोधन गर्न सकिन्छ। त्यसमा सत्य अन्वेषण ("सत्य पत्ता लगाएर अभिलेखीकरण गर्ने तथा सर्वसाधारणका लागि त्यसलाई सार्वजनिक गर्ने"[३३६]), जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिको भौतिक अवशेष प्राप्त गर्नका लागि उत्खनन गर्ने[३३७] र युद्धको समयमा भएका ज्यादतीका विषयमा समुदायको बुझाइ प्रवर्धनका लागि सार्वजनिक सुनुवाइ गर्ने काम यसअन्तर्गत पर्छन्।

सत्य निरूपण तथा मेलमिलाप आयोगले अहिलेसम्म देखाएको कमजोर प्रदर्शनलाई हेर्दा आयोगले आफ्नो कार्यादेशअन्तर्गत सत्य अन्वेषणको काम शुरू गर्ने सम्भावना पनि न्यून छ। तर पीडितहरूको उजुरी र त्यससँग सम्बन्धित अनुसन्धान फाइलहरू उसैले राखेकाले सत्य निरूपण तथा मेलमिलाप आयोग नै उक्त प्रक्रिया आरम्भ गर्ने निकायमध्ये अग्रणी स्थानमा छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोगले विदेशी विज्ञसहितका विशेषज्ञको सहयोग प्राप्त एक उपसमिति गठन गर्न सक्छ र त्यसैमार्फत प्रक्रिया शुरू गर्न सक्छ।

यसका अतिरिक्त, सत्य निरूपण तथा मेलमिलाप आयोगमा रहेका फाइलहरू सुरक्षित रहने सुनिश्चितताका लागि तत्काल कदमहरू चाल्नुपर्छ। आयोगको कार्यावधि समाप्त भएपछिका लागि योजना पनि बनाउनुपर्छ। पीडितहरूको उजुरी, आयोगका अन्तरिम प्रतिवेदन तथा उत्तरजीवीले पेश गरेको कुनै प्रमाण वा निलम्बन गरिएको उत्तरजीवीहरूको उजुरी सहितका अन्य दस्तावेजको गोपनीयता सुनिश्चित गर्न यस्तो योजना आवश्यक रहन्छ।[३३८]

## थप सिफारिस

### *नेपाल सरकारलाई*

#### १) द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित अगाडि आउनका लागि अनुकूल वातावरण बनाऊ

परिस्थितिको आकस्मिकतालाई विचार गर्दै नेपाल सरकारले भविष्यमा बनाइने परिपूर्ण नीतिका लागि तत्काल आधारहरू बनाउनुपर्छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरू अगाडि आउनका लागि आवश्यक अनुकूल वातावरण तयारीका लागि कदमहरू चाल्नुपर्छ। यसमा देहायका कुराहरू समावेश हुन्छन् :

- पीडित समूह तथा नागरिक समाजसँग समन्वय गरेर द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा समुदायको बुझाइलाई प्रवर्धन गर्ने। यौन आक्रमण, घरेलु हिंसा, बलात्कार, निकटवर्ती सहवासीले गर्ने हिंसा, यौन दुर्व्यवहार तथा अन्य सबै किसिमका यौन हिंसा अन्त्यका लागि सार्वजनिक सचेतना अभियान सञ्चालन गरेर बुझाइ प्रवर्धन गर्न सकिन्छ। यसक्रममा युद्धमा भएका यौन हिंसाका घटना पीडितको कारण भएको हैन, त्यो त अपराध हो भनी बताउनुपर्छ। त्यही प्रयासको एक हिस्साका रूपमा सरकारले पीडितहरूको समूह तथा नागरिक समाजसँग समन्वय गरी यौन हिंसाको विषयमा राष्ट्रिय संवाद गराउनुपर्छ। नेपाली समाजमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित तथा द्वन्द्वोत्तर पीडितको हैसियत सुधार्नका लागि यस्तो संवाद आवश्यक छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसा सहित महिलाविरुद्धको यौन हिंसाका विषयमा सचेतना जगाउनका लागि पुरुष र किशोरहरूलाई सामुदायिक स्तरको शिक्षा कार्यक्रम पनि आयोजना गरेर

[३३६] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. १८०) एस १३।

[३३७] उही एस १४.६।

[३३८] सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली (नं. २८२) ७ (४), पीडितको उजुरी निलम्बन गरिएमा मूल दस्तावेज पीडितलाई नै फर्काउनुपर्छ। तर त्यसो गर्नुअघि दस्तावेज फर्काउँदा पीडितको गोपनीयता भंग नहुने कुराको सुनिश्चितता गर्नु जरुरी छ।

सहभागी गराउनुपर्छ । त्यसका साथै उत्तरजीवीहरूलाई परिवार तथा समुदायमा समायोजनका लागि पनि सरकारले भूमिका खेल्नुपर्छ ।

- बदनामीलाई सम्बोधन गर्ने । बदनामी, लैंगिक समानता तथा विभेदरहितको विषय समावेश गर्नका लागि विद्यालयको पाठ्यक्रममा परिवर्तन गर्ने ।[३३९]

- पीडित परिचयपत्र जारी गर्ने । पीडित परिचयपत्रले निःशुल्क सेवासहित परिपूरण लाभहरूमा पहुँच दिलाउन सहयोग गर्ने तथा द्वन्द्व पीडितका रूपमा उनीहरूको हैसियतलाई स्वीकार गर्ने विश्वास द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूले लिएका छन् । तर पीडित परिचयपत्र द्वन्द्वसँग सम्बन्धित यौन हिंसासित नजोडिने र त्यसले अपराधको प्रकृति उजागर नगर्ने सुनिश्चितताका लागि निकै ध्यान दिनुपर्छ ।

- अधिकारी तथा कर्मचारीका लागि प्रशिक्षण कार्यक्रम आरम्भ गर्ने । स्थानीय सरकारसहित सबै कार्यान्वयन निकायमा यस्तो कार्यक्रम आवश्यक छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित, तिनका परिवार, प्रत्यक्षदर्शी तथा स्रोतहरूबाट प्राप्त व्यक्तिगत पहिचान खुल्ने सूचना गोप्य रहने र त्यसले पीडितहरूलाई पुनराघात नगराउने कुरालाई सुनिश्चित गर्न प्रशिक्षण जरुरी छ । स्वास्थ्य कर्मीहरूलाई प्रशिक्षण दिन पनि सिफारिस गरिन्छ । उनीहरूले आघात संवेदनशील उपचार दिलाउने सुनिश्चितताका लागि यो आवश्यक भएको हो ।

### २) द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको विद्यमान सूची तथा डेटाबेस एकत्रित गर्ने

- पीडित समूह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज र संयुक्त राष्ट्रसंघका निकायसँग गोलमेच सम्मेलन आयोजना गरी छलफल गर्ने । द्रुत गतिमा परिपूरण कार्यान्वयनका लागि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको विद्यमान डेटाबेस र सूचीलाई एकत्रित गर्ने सम्भाव्यताका बारेमा छलफल गर्न तथा पीडितहरूको व्यक्तिगत गोपनीयताको प्रत्याभूतिका लागि उपाय निर्धारण गर्न यस्तो सम्मेलन आवश्यक हुन्छ ।

- पीडित समूह र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाज संगठनसँग परामर्श गर्ने । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका क्षेत्रमा काम गर्ने संगठनसँग उत्तरजीवीहरूलाई परिपूरण कार्यक्रममा गोप्य रूपमा समावेश गर्न, उनीहरूमाथि भएको ज्यादती स्वीकार गर्न तथा यो प्रक्रिया स्वयंमा परिपूरणात्मक तथा अन्तर्राष्ट्रिय मानवअधिकारका मूल्यमान्यता र "हानि नगर्ने (डु नो हार्म)" सिद्धान्त अनुकूल हुने सुनिश्चितताका लागि प्रोटोकल तयार पार्न यस्तो परामर्श जरुरी हुन्छ ।

### ३) उजुरी दर्ता नगरेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई दर्ता गर्ने र परिपूरण कार्यान्वयन गर्ने

- आवश्यक स्रोत छुट्ट्याउने । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई दर्ता गर्ने तथा परिपूरण कार्यान्वयन जिम्मेवारी पाएका निकायलाई भौतिक तथा जनशक्ति दुवै किसिमका स्रोत उपलब्ध गराउने । स्थानीय तहमा रहेका स्वास्थ्य केन्द्रलाई पीडितको उपचारका लागि आह्वान गर्ने काम पनि यसैअन्तर्गत पर्छ ।

- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितले पेश गरेको बयान नै उजुरी दर्ताका लागि पर्याप्त हुने नीति बनाउने । सत्य निरूपण तथा मेलमिलाप आयोग जस्ता परिपूरणका लागि योग्यता निर्धारण गर्ने कार्यादेश पाएका निकायले पीडितको बयानलाई नै आधारमानी उजुरी दर्ता गर्न सक्छ । बलात्कार र यौन हिंसाका पीडितलाई परिपुरण तथा अन्य लाभहरूमा पहुँचका लागि भौतिक प्रमाण उपलब्ध गराउन बाध्य पार्नुहुँदैन ।

- विद्यमान कानूनी सहायता संयन्त्रलाई बलियो बनाउने । गरीब तथा जोखिममा परेका उत्तरजीवीहरूलाई परिपूरणसहित न्यायमा पहुँचका लागि आवश्यक कानूनी सहायता सेवा सुनिश्चित गर्न यस्ता संयन्त्र बलियो हुनु जरुरी छ ।

- यातायात, बास तथा खाना खर्च लगायत उजुरी गर्दा आवश्यक पर्ने कागज प्रमाणहरू बनाउदा लागेको शुल्क तथा प्रिन्ट एवं फोटोकपी खर्च समेत उल्लेख गर्नु पर्छ होला ।

---

[३३९] साथी, 'संक्षिप्त प्रतिवेदन, द्वन्द्वसँग सम्बन्धित यौन हिंसामाथिको कार्यशाला' (काठमाडौं, नेपाल, २०७४ भदौ ५ ।

### ४) अन्तर्राष्ट्रिय मादण्डअनुकूल हुने गरी कानून, नियमावली र अभ्यासलाई संशोधन गर्ने

- सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने। सर्वोच्च अदालतको आदेशबमोजिम यस्तो संशोधन गर्नुपर्छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको शीघ्र, स्वच्छ तथा पर्याप्त परिपूरणको अधिकार सुनिश्चित गर्न अन्य कुराका अतिरिक्त देहायका कुरा गर्ने,
  - सत्य निरूपण नियम ३३(१) अन्तर्गत नगदी क्षतिपूर्ति, ऋण, स्वास्थ्य उपचारमा हाल कायम सीमालाई बढाउने,
  - द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीलाई मेलमिलाप वा फौजदारी प्रक्रियामा सहभागी हुनका लागि बाध्य नबनाउने र उनीहरूको पहिचान संरक्षण गर्ने। साथै पीडितको परिवार, कानूनी प्रतिनिधित्व गर्ने व्यक्ति तथा साक्षीहरूको सुरक्षाको सुनिश्चतता गर्ने।
- द्वन्द्वको समयमा गरिएका यौन हिंसाका घटनामा मुद्दा दर्ता गर्नका लागि हदम्याद हटाउने र बलात्कार तथा अन्य किसिमका यौन हिंसाको नयाँ परिभाषा ग्रहण गर्ने। अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने गरी परिभाषा बनाउने र बलात्कारलाई मानवताविरुद्धको अपराधका रूपमा कानूनी परिभाषा दिने।
- दोस्रो राष्ट्रिय कार्ययोजना शीघ्र ग्रहण गर्ने। महिला, शान्ति तथा सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् प्रस्ताव १३२५ (२०५७) को कार्यान्वयनका लागि उक्त कार्ययोजना ल्याइएको हो। यसका साथै द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित तथा यौनिक अल्पसंख्यक सहित अन्य सीमान्तीकृत र कमजोर समुदाय सहितका द्वन्द्व पीडितको सहभागिता वृद्धि गर्ने काम पनि गर्नुपर्छ।

### ५) पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्ने र दोषीलाई अभियोजन गर्ने

- जाहेरी दर्ता प्रक्रियालाई सुधार्ने। द्वन्द्वसँग सम्बन्धित यौन हिंसा तथा अन्य अपराधमा अहिले र भविष्यमा अनुसन्धान गर्दा पर्याप्त सुरक्षा उपाय सुनिश्चित गर्नका लागि यस्तो सुधार आवश्यक छ। जाहेरी दर्ता, अनुसन्धान, अदालती प्रक्रिया, परिपूरण दर्ता प्रक्रिया तथा परिपूरण कार्यान्वयनको समयमा सरकारले पीडितहरूको गोपनीयता तथा सुरक्षाको प्रत्याभूति गर्नुपर्छ।
- बलात्कार तथा यौन हिंसाका अन्य घटनाको अनुसन्धान र विधिविज्ञान विश्लेषणका लागि सुधार कार्यान्वयन गर्ने। अन्तर्राष्ट्रिय मापदण्ड, विशेषगरी यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान तथा अभिलेखनसम्बन्धी निर्देशिका (इस्तानबुल आलेख) र विश्व स्वास्थ्य संगठनले जारी गरेको यौन हिंसाका पीडितहरूका लागि स्वास्थ्य-कानूनी सेवासम्बन्धी निर्देशिका, अनुकूल हुने गरी सुधार गर्नुपर्छ।
- नेपालमा द्वन्द्वसँग सम्बन्धित यौन हिंसाको व्यापकता, प्रवृत्ति तथा असर अनि यसका कारणका विषयमा बुझाइ सुधार्न द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका घटनाका तथ्यको पूर्ण तथा प्रभावकारी अनुसन्धान गर्ने। त्यो जानकारी पीडित तथा सर्वसाधारणलाई उपलब्ध गराउनुपर्छ। यस्तो जानकारी सार्वजनिक गर्दा पीडित, पीडितका नातेदार, प्रत्यक्षदर्शी वा पीडित सहायताका लागि वा थप ज्यादती हुनबाट रोक्नका लागि हस्तक्षेप गर्ने व्यक्तिको सुरक्षा तथा चासोलाई थप हानि गर्ने वा जोखिममा नपार्ने कुराको हेक्का राख्नुपर्छ।[३४०] यी अनुसन्धानका आधारमा दोषीहरूको फौजदारी अपराध ठहर गर्नुपर्छ, सार्वजनिक पुर्पक्ष गर्नुपर्छ र नतिजा सार्वजनिक गर्नुपर्छ।

### *अन्तर्राष्ट्रिय सरोकारवालाका लागि*

- नेपालका दुई संक्रमणकालीन न्याय निकायहरू बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको सञ्चालनलाई सुदृढ र सुधार गर्न अनि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधनका लागि सहयोग गर्न तत्कालै कदम चाल्ने। सत्य निरूपण तथा मेलमिलाप आयोगले काम गरिरहेको सन्दर्भमा आयुक्त तथा कर्मचारीका लागि प्रशिक्षण आयोजना गर्नका लागि विचार गर्नुपर्छ। उदाहरणका लागि, गोपनीयता तथा अभिलेख दस्तावेजीकरण, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीलाई उपलब्ध गराउने प्रशासनिक परिपूरण कार्यक्रममा योग्यता निर्धारण,

[३४०] संयुक्त राष्ट्रसंघ साधारणसभा, 'उपचार तथा परिपूरणसम्बन्धी आधारभूत सिद्धान्त र निर्देशिका' (एन२६६) २२ (ख)।

सत्य अन्वेषणका उपाय, सत्य आयोगको अन्तिम प्रतिवेदन लेखन तथा वितरणसम्बन्धी प्रशिक्षण दिनुपर्छ।

- पीडित समूह तथा नागरिक समाजलाई अतिरिक्त सहयोग गर्नुपर्छ। परिपूरणका विषयमा पैरवी गर्न तथा पीडितहरूको संस्थामा बृहत्तर सदस्यतालाई प्रोत्साहन गर्न अनि प्रक्रियामा सहभागी नरहेका पीडितहरूमाझ परामर्श प्रक्रियालाई गति दिन यस्तो सहयोग आवश्यक छ। यस सहयोगअन्तर्गत द्वन्द्व पीडितका लागि तालिम र कार्यशाला गोष्ठी आयोजना गर्नुपर्छ। उनीहरूलाई परिपूरण र संक्रमणकालीन न्यायका अवधारणाका बारेमा यी कार्यशालामा अवगत गराउनुपर्छ।
- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूसँग काम गरिरहेका वा भविष्यमा काम गर्ने पीडित समूह तथा नागरिक समाज संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सहयोग गर्नुपर्छ। प्रत्येक स्थानीय समुदायको सामाजिक संवेदनशीलता अनुकूल हुने गरी गोप्य रूपमा उत्तरजीवीहरूलाई उपचार गर्न सक्ने संघसंस्थाको क्षमता बढाउन आवश्यक छ।
- सरकारसँग मिलेर वा एक्लै भए पनि नेपालमा लैंगिक हिंसाका पीडितहरूका लागि सञ्चालित कार्यक्रमको दायरा र भौगोलिक पहुँचको नक्सांकन गर्ने। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितले सेवाहरूमा स्थानीय स्तरमा पहुँच पाउने सुनिश्चितताका लागि यो कदम आवश्यक छ।
- लैंगिक तथा यौनिक अल्पसंख्यक पीडितविरुद्ध गरिएका ज्यादतीको श्रेणी तथा प्रकृतिका साथसाथै उनीहरूको वर्तमान आवश्कयता र प्राथमिकताका विषयमा पनि अनुसन्धान गर्नुपर्छ।
- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका विषयमा अध्ययन गर्ने अनुसन्धाता तथा परामर्शदातालाई लैंगिक संवेदनशील र आघातको जानकारी सहितका अभ्यासमा प्रशिक्षित गर्नका लागि सुनिश्चित गर्ने। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूसँग अन्तर्वार्ता लिँदा वा अन्य अन्तर्क्रिया गर्दा यस्तो संवेदनशीलता आवश्यक हुने भएकाले प्रशिक्षण जरुरी छ।
- पीडितलाई भविष्यमा दर्ता गर्ने प्रक्रियामा सहभागी हुन सक्ने सरकारी तथा अन्य निकायका लागि पीडक परीक्षण तथा प्रशिक्षण कार्यक्रम प्रारम्भ गर्ने।

### *नागरिक समाज संगठन तथा पीडित समूहका लागि*

- गोपनीयतासम्बन्धी प्रोटोकलको समीक्षा गर्नुपर्छ। द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको पहिचान खोल्न सक्ने गरी अनायास सूचना सार्वजनिक हुनबाट रोक्नका लागि परिस्थिति निर्माण गर्ने सुनिश्चितता यस्तो समीक्षाले दिलाउनेछ। द्वन्द्वमा भएका यौन हिंसाको अभिलेखीकरण तथा अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय आलेखमा सिफारिस गरिएका परिस्थिति पनि यसमा समावेश गर्नुपर्छ। सबै कर्मचारीलाई यी तथा अन्य गोपनीयता प्रोटोकलमा प्रशिक्षित गर्नुपर्छ।
- शीघ्र परिपूरण दिलाउनका लागि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको विद्यमान डेटाबेस तथा सूची एकीकृत गर्ने उपाय र सम्भाव्यताका विषय छलफल आयोजना गर्ने। यस प्रयासअन्तर्गत सेवामा दोहोरो काम हुनबाट कसरी रोक्ने वा पीडितहरूसँग सूचनाका लागि बारम्बार अनुरोध गर्ने स्थिति कसरी आउन नदिने विषयमा विचार गर्नुपर्छ।
- पीडित सहायता गतिविधि, प्रशिक्षण, कार्यशाला तथा सञ्जालमा सहभागी नरहेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितसँग सम्पर्क गर्ने र उनीहरूको पहिचानको प्रयास गर्ने। सीमान्तीकृत पीडितहरू रोल्पा जस्ता ठाउँमा बस्ने पीडित हुन सक्छन्। दलित समुदायका, जनजाति महिला, एकल महिला, द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितका पुरुष पीडित र लैंगिक तथा यौनिक अल्पसंख्यक पीडित कम प्रतिनिधित्व पाएका समूह हुन्।
- द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित लगायत यौन हिंसाका पीडितहरूका लागि सुरक्षित आवास वा संकट व्यवस्थापन केन्द्र सञ्चालन गर्नेहरूले सिकेको पाठका विषयमा अध्ययनको संयोजन गर्ने। यौन तथा लैंगिक हिंसाका पीडित र द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित लगायतका कम प्रतिनिधित्व पाएका समुदायलाई नागरिक समाज संगठन र पीडित समूहमा कर्मचारीका रूपमा काम गर्नका लागि तालिम दिने कार्यक्रमलाई जारी राख्ने। विभिन्न जातीय तथा यौनिक/लैंगिक पृष्ठभूमि भएका विविध दक्ष जनशक्ति सुनिश्चित गर्नका लागि उक्त प्रयासलाई विस्तार गर्नुपर्छ।



*प्रार्थना झण्डा।*
*© लिङ्ग चेन / शट्टरस्टक*

# त. निष्कर्ष

नेपालमा शान्ति सम्झौतामा हस्ताक्षर गरिएको १६ वर्षभन्दा बढी समय भइसकेको छ । तर द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडित महिलाले त्यस ज्यादतीको असर अहिलेसम्म बेहोर्नुपरेको छ । नेपालको शान्ति प्रक्रियामा महिलाहरूको विशेष आवश्यकतालाई जहिले पनि किनारामा पारियो । शान्ति प्रक्रियाले कहिले पनि लैंगिक संवेदनशील दृष्टिकोण अपनाएन । २०७२ सालको भूकम्प र अहिले कोभिड-१९ जस्ता अनपेक्षित घटनाले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका उत्तरजीवीहरूको पीडालाई तत्कालै सम्बोधन गर्नुपर्ने आवश्यकता अनुभव गराएका छन् ।

सबै पीडित महिलाको आर्थिक अवस्था नाजुक भएकाले सहयोग आवश्यक छ । द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई प्रतीकात्मक सहयोग मात्र पर्याप्त छैन यद्यपि बृहत्तर पीडित समुदायमाझ यस्ता पहलको प्रयास र यसमा सहयोग कुनै पनि पहलको महत्त्वपूर्ण हिस्सा हो । तर यौन हिंसाका पीडितहरूलाई सार्वजनिकीकरणबाट कुनै लाभ प्राप्त हुँदैन । यौन हिंसा अहिले पनि जटिल र जीवनपर्यन्त असर गर्ने विषय हो । भविष्यमा पनि यो यस्तै रहन सक्छ । बरु आर्थिक र मनोपरामर्श सहायताका साथ पीडितहरूको दैनिक जीवनमा सुधार ल्याइएमा उनीहरूको अपूरणीय क्षति तथा पीडालाई सम्बोधन गर्नका लागि सार्थक पाइला चाल्न सकिन्छ ।

द्वन्द्व पीडितहरूमध्ये द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितको संख्या सानो भएकाले लक्षित प्रयासका रूपमा वा अन्य द्वन्द्व पीडितका आवश्यकताकै वरिपरि रहेर गतिविधिलाई उत्प्रेरित गर्ने सम्भाव्यता सरकारले चाल्ने कदममा निहित रहन्छ । सरकारले यसअघि द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितलाई औपचारिक रूपमा स्वीकारै नगरेको अनि उनीहरूलाई उत्तरजीवीका रूपमा कुनै भौतिक लाभ नदिइएको अवस्था रहेकाले उनीहरूको आवश्यकतामा केन्द्रित कार्यक्रम ल्याउँदा अन्य पीडित समूहमा आक्रोशको भावना जागृत हुँदैन ।

यत्तिका वर्षसम्म एक्लोपन र पीडामा बाँचेका द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितले न्याय पाउन तथा मागलाई सम्बोधन गर्न निकै ढिलो भइसकेको छ । नेपालले सुधारका लागि गरेको प्रयास देखावटी हुनुहुँदैन । उनीहरू अन्यायमा परेका पीडित हुन् र सम्मानका हकदार छन् भन्ने कुरा समाजले बुझेको छ भन्ने कुराको सन्देश दिनु जरुरी छ ।

# अनुसूचीहरू

## अनसूची १ : अन्तर्वार्तामा सहभागीहरूको जनसाङ्ख्यिक विवरण

| जनसाङ्ख्यिक विवरण | | सहभागीहरूको संख्या | सहभागीहरूको प्रतिशत |
|---|---|---|---|
| **घटना भएको समयमा निजको उमेर** | १९ वर्ष सम्म | २० | ६४.५२ |
| | २०–२९ | ७ | २२.५८ |
| | ३०–३९ | २ | ६.४५ |
| | ४०+ | २ | ६.४५ |
| **हालको उमेर** | २५–२९ | १ | ३.२ |
| | ३०–३४ | ५ | १६.१ |
| | ३५–३९ | १० | ३२.२५ |
| | ४०–४४ | ६ | १९.१४ |
| | ४५–४९ | ६ | १९.४ |
| | ५०–५४ | १ | ३.२ |
| | ५०–५९ | ० | ० |
| | ६०+ | १ | ६.४५ |
| **शिक्षा**<br>प्राथमिक :१–८ कक्षाहरू, लगभग ५–१२ वर्ष उमेरका<br>माध्यमिकः ९–१२ कक्षाहरू, लगभग १३–१६ वर्ष उमेरका | उल्लेख नभएको | ३ | ९.७ |
| | नभएको | १० | ३२.२५ |
| | प्राथमिक (१–५) | २ | ६.४५ |
